फौजदारी मुद्दाको कार्यविधि सम्बन्धी कानूनलाई संशोधन र एकीकरण गर्न बनेको विधेयक

प्रस्तावना : फौजदारी मुद्दाको अनुसन्धान, अभियोजन, दायरी, कारबाही, सुनुवाई र किनारा तथा सो सँग सम्बन्धित अन्य कार्यविधि र त्यस्ता मुद्दामा भएको फैसला कार्यान्वयन सम्बन्धी प्रचलित कानूनलाई संशोधन र एकीकरण गरी कार्यविधि कानूनलाई सरलीकृत र समयानुकूल बनाउन वाञ्छनीय भएकोले,

नेपालको अन्तरिम संविधान, २०६३ को धारा ८३ बमोजिम व्यवस्थापिका-संसदको हैसियतमा संविधानसभाले यो ऐन बनाएको छ ।

परिच्छेद - १

प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भ** : (१) यस ऐनको नाम "फौजदारी कार्यविधि संहिता, २०७१" रहेको छ ।

(२) यो संहिता प्रमाणीकरण भएको एकबर्ष पूरा भएको भोलिपल्ट देखि प्रारम्भ हुनेछ ।

२. **परिभाषा** : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस संहितामा,-

(क) "अदालत" भन्नाले सर्वोच्च अदालत, पुनरावेदन अदालत वा जिल्ला अदालत सम्झनु पर्छ र सो शब्दले कुनै खास किसिमका फौजदारी मुद्दाको कारबाही, सुनुवाई र किनारा गर्न कानून बमोजिम अधिकार प्राप्त अन्य अदालत, न्यायिक निकाय वा अधिकारी समेतलाई जनाउँछ ।

(ख) "अनुसन्धान अधिकारी" भन्नाले यस संहिता बमोजिम कुनै कसूरको सम्बन्धमा अनुसन्धान गर्न तोकिएको वा कानून बमोजिम अधिकार प्राप्त अधिकारी सम्झनु पर्छ र सो शब्दले कुनै खास कसूरको सम्बन्धमा अनुसन्धान गर्न गठित अनुसन्धान टोली समेतलाई जनाउँछ ।

(ग) "अपराध संहिता" भन्नाले अपराध संहिता, २०७१ सम्झनु पर्छ ।

(घ) "उजुरी" भन्नाले अदालतमा दायर हुने फिरादपत्र सम्झनु पर्छ र सो शब्दले अनुसूची-१ वा अनुसूची-२ अर्न्तगतका कसूरका सम्बन्धमा अभियोगपत्र र अन्य मुद्दाका सम्बन्धमा सो सम्बन्धी प्रतिवेदन समेतलाई जनाउँछ ।

(ङ) "कसूर" भन्नाले अपराध संहिता वा अन्य ऐन बमोजिम सजाय हुने काम सम्झनु पर्छ ।

(च) "कानून" भन्नाले तत्काल प्रचलित कानून सम्झनु पर्छ ।

(छ) "ठाउँ" भन्नाले घर, टहरा, गोठ, मचान वा पाल सम्झनु पर्छ र सो शब्दले सवारी साधन, डुङ्गा, विमान तथा त्यस्तै प्रकृतिका अन्य स्थान वा साधन समेत लाई जनाउँछ ।

(ज) "न्यायाधीश" भन्नाले मुद्दाको कारबाही, सुनुवाई र किनारा गर्ने अदालतको अधिकारी सम्झनु पर्छ र सो शब्दले फौजदारी मुद्दाको कारबाही, सुनुवाइ र किनारा गर्न अधिकार प्राप्त अधिकारी समेतलाई जनाउँछ ।

(झ) "प्रहरी कार्यालय" भन्नाले अनुसूची-१ मा उल्लिखित कसूरको सम्बन्धमा अनुसन्धान गर्न अधिकार प्राप्त प्रहरी कार्यालय सम्झनु पर्छ ।

(ञ) "फौजदारी मुद्दा" भन्नाले अनुसूची १, २, ३ वा ४ अन्तर्गतका कसूर सम्बन्धी मुद्दा सम्झनु पर्छ र सो शब्दले देहायको विषय बाहेक अन्य मुद्दा समेतलाई जनाउँछ :-

(१) कानूनी हक, हैसियत, पद, पारिवारिक सम्बन्ध वा सम्पत्ति सम्बन्धी मुद्दा,

(२) नाता कायम वा सम्बन्ध विच्छेद,

(३) दस्तुर, पारिश्रमिक, तलब, भत्ता वा ज्याला,

(४) अंश, अपुताली, दान बकस, इच्छापत्र, संरक्षक, माथवर, मात्रिक, पैत्रिक, अख्तियारी, धर्मपुत्र वा धर्मपुत्री,

(५) कुनै करार, अर्द्ध-करार वा अनुचित सम्बृद्धि अन्तर्गतको कुनै हक दावी,

(६) दुष्कृति, अर्द्ध-दुष्कृति वा त्रुटीपूर्ण उत्पादन सम्बन्धी हक वा दावी,

(७) सुविधाभार,

(८) क्षतिपूर्ती, वा

(९) देवानी प्रकृतिको अन्य कुनै हक वा दायित्व ।

(ट) "मुद्दा" भन्नाले फौजदारी मुद्दा सम्झनु पर्छ ।

(ठ) "मुद्दा हेर्ने अधिकारी" भन्नाले मुद्दाको कारवाही, सुनुवाई र किनारा गर्न कानून बमोजिम अधिकार प्राप्त अधिकारी सम्झनु पर्छ र सो शब्दले हिरासतमा लिएको व्यक्तिको हकमा निजलाई हिरासतमा लिएको ठाउँको नजिकको अदालतलाई समेत जनाउँछ ।

(ड) "स्थानीय निकाय" भन्नाले गाउँ विकास समिति वा नगरपालिका सम्झनु पर्छ ।

(ढ) "सरकारी वकील" भन्नाले महान्यायाधिवक्ता, नायव महान्यायाधिवक्ता, सह न्यायाधिवक्ता, उपन्यायाधिवक्ता, जिल्ला न्यायाधिवक्ता वा सहायक जिल्ला न्यायाधिवक्ता सम्झनु पर्छ र सो शब्दले महान्यायाधिवक्ताबाट सरकारी वकीलको हैसियतमा काम गर्न तोकिएको अधिकृतलाई समेत जनाउँछ ।

३. **विशेष कानूनी व्यवस्था भएकोमा असर नपर्ने** : (१) कुनै खास कसूरको अभियोजन, अनुसन्धान, पुर्पक्ष, सुनुवाई, फैसला कार्यान्वयन वा अन्य कुनै कारबाही वा मुद्दा हेर्ने अधिकार क्षेत्रको सम्बन्धमा छुट्टै ऐनद्वारा विशेष व्यवस्था भएको रहेछ भने त्यस्तो विषयमा सोही ऐनमा व्यवस्था बमोजिम हुनेछ र त्यस्तो विषयमा यस संहिताको व्यवस्थाले असर पार्ने छैन ।

(२) उपदफा (१) बमोजिम विशेष कानूनी व्यवस्था नभएको कार्यविधिको विषयमा यस संहितामा लेखिए बमोजिम हुनेछ ।

परिच्छेद - २

कसूरको सूचना तथा अनुसन्धान सम्बन्धी व्यवस्था

४. **कसूरको दरखास्त वा सूचना दिनु पर्ने** : (१) अनुसूची-१ मा उल्लिखित कुनै कसूर भएको, भईरहेको वा हुन लागेको छ भन्ने कुरा थाहा पाउने व्यक्तिले त्यस्तो कसूरका सम्बन्धमा आफूसँग भएको वा आफूले देखे जाने सम्मको सवुद प्रमाण खुलाई सो कुराको लिखित जाहेरी दरखास्त वा मौखिक सूचना वा

विद्युतीय माध्यमको सूचना अनुसूची-५ बमोजिमको ढाँचामा नजिकको प्रहरी कार्यालयमा यथाशिघ्र दिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको दरखास्त सूचना दिने व्यक्तिले त्यस्तो सूचना लिखित रुपमा नदिएमा निजले दिएको सूचनाका सवै कुराहरु सम्बन्धित प्रहरी कर्मचारीले अनुसूची -५ बमोजिमको ढाँचामा खुलाई निजलाई सो पढी वाँची सुनाई निजको सहिछाप समेत गराई राख्नु पर्नेछ ।

(३) उपदफा (१) बमोजिमको दरखास्त वा सूचना कुनै व्यक्तिले सम्बन्धित प्रहरी कार्यालयमा आफै उपस्थित भई दिएमा वा कुनै व्यक्ति मार्फत पठाएमा त्यस्तो प्रहरी कार्यालयले त्यस्तो दरखास्त वा सूचना दर्ता गरी निजलाई अनुसूची-६ बमोजिमको ढाँचामा भरपाइ दिनु पर्नेछ ।

(४) उपदफा (१), (२) वा (३) मा जुनसुकै कुरा लेखिएको भए तापनि अनुसूची -१ मा उल्लिखित कुनै कसूर भएको कुराको सूचना वा जानकारी प्रहरीले अन्य कुनै स्रोतबाट वा आफैले प्राप्त गरेमा सो सम्बन्धमा अनुसूची-५ मा उल्लिखित विवरण सहितको प्रतिवेदन खडा गर्नु पर्नेछ ।

(५) यस दफा बमोजिमको जाहेरी दरखास्त, सूचना वा उपदफा (४) को प्रतिवेदनलाई प्रहरी कार्यालयले अनुसूची-७ बमोजिमको ढाँचाको दर्ता कितावमा दर्ता गरी राख्नु पर्नेछ ।

(६) उपदफा (१) बमोजिम प्राप्त जाहेरी दरखास्त वा सूचनाको सम्बन्धमा कानूनद्वारा छुट्टै अनुसन्धान गर्ने अधिकारी तोकिएकोमा त्यस्तो अधिकारी समक्ष र छुट्टै अनुसन्धान गर्ने अधिकारी नभएकोमा सम्बन्धित जिल्ला प्रहरी कार्यालय समक्ष पठाउनु पर्नेछ ।

(७) अनुसूची-२ मा उल्लिखित कुनै कसूर सम्बन्धी सूचना दिन चाहने व्यक्तिले अनुसन्धान गर्न अधिकार प्राप्त कार्यालय वा अधिकारी समक्ष अनुसूची -५ बमोजिमको ढाँचामा सूचना दिनु पर्नेछ ।

(८) उपदफा (७) बमोजिम प्राप्त सूचना सम्बन्धित कार्यालय वा अधिकारीले दर्ता गरी त्यस्तो सूचना दिने व्यक्तिलाई अनुसूची-६ बमोजिमको ढाँचामा भरपाइ दिनु पर्नेछ ।

(९) उपदफा (७) बमोजिमको सूचना सम्बन्धित कार्यालय वा अधिकारी समक्ष दर्ता गर्न तत्काल सम्भव नभएमा त्यस्तो सूचना नजिकको प्रहरी कार्यालयमा पनि दिन सकिनेछ ।

(१०) उपदफा (९) बमोजिम कुनै सूचना प्राप्त हुन आएमा सम्बन्धित प्रहरी कार्यालयले पनि त्यस्तो सूचना उपदफा (३) बमोजिम दर्ता गरी तीन दिनभित्र कारवाहीका लागि सम्बन्धित कार्यालय वा अधिकारी समक्ष पठाउनु पर्नेछ ।

५. **जाहेरी दरखास्त वा सूचना दर्ता नगरेमा उजुर गर्न सक्ने** : (१) दफा ४ को उपदफा (१) बमोजिम दिइएको जाहेरी दरखास्त वा सूचना सम्बन्धित प्रहरी कार्यालयले दर्ता गर्न ईन्कार गरेमा त्यस्तो जाहेरी दरखास्त वा सूचना गर्ने व्यक्तिले सो व्यहोरा खुलाई सम्बन्धित जिल्ला सरकारी वकील कार्यालय वा त्यस्तो जाहेरी दरखास्त वा सूचना दर्ता गर्नुपर्ने प्रहरी कार्यालयभन्दा माथिल्लो तहको प्रहरी कार्यालयमा कसूरको जाहेरी दरखास्त वा सूचना सहित उजुर गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिमको उजुर प्राप्त भएमा सम्बन्धित जिल्ला सरकारी वकील कार्यालय वा प्रहरी कार्यालयले सो कुराको अभिलेख राखी त्यस्तो जाहेरी दरखास्त वा सूचना आवश्यक कारवाहीको लागि सम्बन्धित प्रहरी कार्यालयमा पठाउनु पर्नेछ ।

(३) उपदफा (२) बमोजिम प्राप्त हुन आएको जाहेरी दरखास्त वा सूचनालाई सम्बन्धित प्रहरी कार्यालयले दफा ४ को उपदफा (३) बमोजिम दर्ता गरी कारबाही गर्नु पर्नेछ ।

(४) दफा ४ को उपदफा (७) बमोजिमको सूचना दर्ता गर्न सो उपदफामा उल्लिखित कार्यालय वा अधिकारीले इन्कार गरेमा त्यस्तो सूचना दिने व्यक्तिले सोही व्यहोरा खुलाई कसूरको सूचना सहित सम्बन्धित जिल्लाका प्रमुख जिल्ला अधिकारी समक्ष उजुर दिन सक्नेछ ।

तर प्रमुख जिल्ला अधिकारी नै अनुसन्धान अधिकारी तोकिएको रहेछ र निजले त्यस्तो सूचना दर्ता गर्न इन्कार गरेमा सम्बन्धित क्षेत्रीय प्रशासक वा गृह मन्त्रालयमा त्यस्तो उजुर दिन सकिनेछ ।

(५) उपदफा (४) बमोजिम उजुर प्राप्त भएमा सम्बन्धित प्रमुख जिल्ला अधिकारी वा क्षेत्रीय प्रशासक वा गृह मन्त्रालयले तीन दिनभित्र सूचना दर्ता गर्ने नगर्ने निर्णय गरी सम्बन्धित कार्यालयलाई सो बमोजिम गर्न वा गराउन निर्देशन दिनु पर्नेछ ।

(६) उपदफा (५) बमोजिमको निर्देशन प्राप्त भएपछि सम्बन्धित कार्यालय वा अधिकारीले सो निर्देशन अनुसारको कारबाही गर्नुपर्नेछ ।

६. **प्रमाण लोप वा नास हुन नदिन र कसूर गर्ने व्यक्ति उम्कन नपाउने व्यवस्था गर्ने** : (१) कुनै प्रहरी कार्यालय वा प्रहरी कर्मचारीले अनुसूची -१ मा उल्लिखित कुनै कसूर भएको वा भई रहेको वा हुन लागेको जानकारी पाएमा कसूरदारलाई कसूर गर्नबाट रोक्ने वा कसूरसँग सम्बन्धित कुनै प्रमाण लोप वा नास हुन नदिने र कसूर गर्ने व्यक्ति भाग्न उम्कन नपाउने आवश्यक र प्रभावकारी व्यवस्था निजले यथाशिघ्र गर्नुपर्नेछ ।

(२) उपदफा (१) बमोजिम तत्कालै कारबाही नगरेमा कसूरसँग सम्बन्धित कुनै प्रमाण लोप वा नास हुने वा कसूर गर्ने व्यक्ति भाग्ने, उम्कने सम्भावना भएमा त्यस्तो प्रहरी कार्यालय वा कर्मचारीले आवश्यकता अनुसार अर्को प्रहरी कार्यालयको क्षेत्रमा समेत गई आवश्यक कारबाही गर्न सक्नेछ ।

(३) उपदफा (२) बमोजिम अर्को प्रहरी कार्यालयको क्षेत्रमा गई कुनै कारवाही गर्नु पर्ने भएमा त्यस्तो कार्यालय वा कर्मचारीले सोको जानकारी सम्बन्धित प्रहरी कार्यालय वा निकाय तथा आफू भन्दा माथिल्लो प्रहरी कार्यालयलाई दिनु पर्नेछ ।

(४) अनुसूची-२ मा उल्लिखित कुनै कसूर भएको वा भइरहेको वा हुन लागेको जानकारी कसैको सूचना वा सम्बन्धित अधिकारीले आफैले कुनै स्रोतबाट पाएमा त्यस्तो अधिकारीले उपदफा (१) वा (२) बमोजिमको कारवाही गर्नु पर्नेछ ।

तर त्यस्तो कसूरको सूचना सम्बन्धित प्रहरी कर्मचारीले थाहा पाएको र सम्बन्धित अनुसन्धान अधिकारी तत्काल उपलब्ध नभएमा निजले त्यस्तो कसूरको सम्बन्धमा उपदफा (१) मा उल्लिखित कारवाही गरी त्यस्तो कसूर गर्ने व्यक्ति पक्राउ भएको भए त्यस्तो व्यक्ति सहित कारवाहीको विवरण त्यस्तो अधिकारी समक्ष पठाउनु पर्नेछ ।

(५) प्रहरी कर्मचारी वा अनुसन्धान अधिकारीले कसूरसँग सम्बन्धित कुनै प्रमाण लोप वा नास हुन नदिन वा कसूरदारलाई पक्राउ गर्न कुनै निकाय, अधिकारी वा व्यक्तिसँग मद्दत माग्न सक्नेछ र त्यस्तो मद्दत मागेमा आवश्यक मद्दत दिनु त्यस्तो निकाय, अधिकारी वा व्यक्तिको कर्तव्य हुनेछ ।

(६) प्रहरी कर्मचारीले कुनै कसूर भएको वा भइरहेको वा हुन लागेको छ भन्ने जानकारी वा सूचना वा सुराक पाई सुराक लिन गएका वखत वा आफ्नो उपस्थितिमा त्यस्तो कसूर भएमा त्यस्तो कसूर गर्ने व्यक्तिलाई तुरुन्त पक्राउ गरी वा पक्राउ हुन नसक्ने अवस्थामा कसूरसँग सम्बन्धित दसीको मालसामान र अन्य कुनै प्रमाण वा वस्तु फेला परेमा त्यस्तो प्रमाण वा वस्तु समेत घटनास्थलमा उपलब्ध कसूर भएको देख्ने व्यक्तिहरु कोही भए निजहरुको रोहवरमा आफ्नो कब्जामा लिई आवश्यकता अनुसार मुचुल्का खडा गर्नु पर्नेछ ।

(७) उपदफा (६) बमोजिम मुचुल्का खडा गर्ने कार्य सम्पन्न नभएसम्म त्यस्तो वस्तु, स्थान वा घटना स्थलको अवस्थालाई यथास्थितिमा सुरक्षित राख्नु पर्नेछ ।

(८) उपदफा (६) बमोजिम प्राप्त भएको दसीको मालसामान र कसूरसँग सम्बन्धित प्रमाण वा वस्तु तत्काल आफ्नो जिम्मा वा कब्जामा लिन नसकिने अवस्था रहेछ भने त्यस्तो चीज वा वस्तुलाई सुरक्षित साथ राख्नको निमित्त सम्बन्धित प्रहरी कर्मचारीले स्थानीय निकाय वा कार्यालयलाई अनुरोध गर्न सक्नेछ र त्यसरी अनुरोध गरिएमा सम्बन्धित स्थानीय निकाय वा कार्यालयले पनि त्यस्तो मालसामान वा प्रमाण जिम्मा लिई सोको भरपाइ दिनु पर्नेछ ।

तर कसूरसँग सम्बन्धित नभएको वस्तु सम्बन्धित व्यक्तिलाई तत्काल फिर्ता गर्नु पर्नेछ ।

७. **सम्बन्धित प्रहरी कार्यालयलाई सूचना दिनु पर्ने** : अनुसूची -१ मा उल्लिखित कुनै कसूरको सम्वन्धमा कुनै प्रहरी कार्यालयमा प्राप्त भएको सूचनाको व्यहोराबाट वा प्रहरी कार्यालय आफैले सो कसूर अन्य प्रहरी कार्यालयको क्षेत्रभित्र भएको वा भई रहेको वा हुन लागेको थाहा पाएमा त्यस्तो प्रहरी कार्यालयले त्यस्तो सूचना यथाशिघ्र सम्बन्धित प्रहरी कार्यालयमा पठाई दिनु पर्नेछ र आवश्यकता अनुसार सूचना दिने व्यक्तिलाई पनि सो प्रहरी कार्यालयमा उपस्थित हुन जानकारी दिनु पर्नेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि भौगोलिक विकटताको कारणले अनुसन्धान अधिकारी तत्काल उपलब्ध हुन नसक्ने भई कसूर गर्ने व्यक्ति उम्कने तथा कसूरसँग सम्बन्धित दसी, प्रमाण लोप हुन सक्ने भएमा त्यस्तो क्षेत्र भित्रको वारदातका हकमा पनि त्यस्तो सूचना प्राप्त गर्ने सम्बन्धित प्रहरी कार्यालयका अधिकार प्राप्त अनुसन्धान अधिकारीले प्रारम्भिक अनुसन्धान गरी सम्बन्धित प्रहरी कार्यालयमा पठाउनु पर्नेछ ।

(३) उपदफा (२) बमोजिम प्रारम्भिक अनुसन्धान गर्नु अघि त्यस्तो अधिकारीले सम्बन्धित प्रहरी कार्यालय र एक तह माथिको प्रहरी कार्यालयलाई जानकारी दिनु पर्नेछ ।

८. **अनुसन्धान गरी सवुद प्रमाण सङ्कलन गर्ने** : (१) अनुसूची -१ मा उल्लिखित कुनै कसूर भएको वा भईरहेको वा हुन लागेको जानकारी प्राप्त भएमा सम्बन्धित प्रहरी कार्यालयले यथाशिघ्र कम्तीमा प्रहरी नायब निरीक्षक दर्जाको प्रहरी कर्मचारीलाई अनुसन्धान अधिकारी तोकी सोको जानकारी सम्बन्धित सरकारी वकील कार्यालय र आफू भन्दा माथिल्लो प्रहरी कार्यालयलाई दिनु पर्नेछ र त्यसरी तोकिएको अधिकारीले त्यस्तो कसूरको अनुसन्धान गर्नु पर्नेछ ।

तर देहायका कसूरको अनुसन्धान गर्न कम्तीमा प्रहरी निरीक्षक दर्जाको अधिकृतलाई तोक्नु पर्नेछ :-

(क) अपराध संहिताको भाग २ को परिच्छेद १ ,१२, १७, परिच्छेद १८ को दफा २१६, परिच्छेद १९ को दफा २२६, २२७, २२८, २२९ को उपदफा (४), दफा २३१, २३४ को उपदफा (४), परिच्छेद २० को दफा २४०, परिच्छेद २२ को दफा २५२, २५३ र २५४ का कसूर,

(ख) लागू औषध, मानव बेचबिखन तथा ओसार पसार र विदेशी विनिमय सम्बन्धी कसूर,

(ग) नेपाल सरकारले कसूरको गम्भीरता हेरी नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोकेको अन्य कसूर ।

(२) अनुसन्धान अधिकारीले यस दफा बमोजिम अनुसन्धान गर्दा कसूर तथा कसूर भएको ठाउँको यथार्थ चित्रण हुने गरी यथासम्भव निम्न लिखित कुराहरु खुलाई घटनास्थल मुचुल्का तयार गर्नु पर्नेछ :-

(क) कसूर भएको ठाउँको ठेगाना, विवरण र रेखाचित्र,

(ख) सो ठाउँको वस्तुस्थिति तथा कसूर वा कसूरदारसँग त्यसको सम्वन्ध,

(ग) कसूर भएको ठाउँ वा त्यसको वरपर देखिएको वा पाईएको दसी प्रमाण र कसूरसँग सम्बन्धित अन्य कुनै उल्लेखनीय कुरा ।

(३) अनुसन्धान अधिकारीले उपदफा (२) बमोजिम घटनास्थल मुचुल्का तयार गरेपछि सो ठाउँलाई अरु मानिस प्रवेश गर्न नपाउने गरी घेरा हाली यथासम्भव सो ठाउँको र सो ठाउँमा देखिएको वा पाईएको हत्केला र औंला वा पाईलाको चिन्ह, निशाना वा अन्य दसी वा कसूर ठहर गर्न मद्दत पुऱ्याउने अन्य कुनै महत्वपूर्ण कुराको फोटो समेत लिन सक्नेछ ।

(४) उपदफा (२) बमोजिम घटनास्थल मुचुल्का तयार गर्दा कसूर गर्ने व्यक्ति वा आरोपित व्यक्ति उपस्थित भए निजको औंलाको छाप लगायत पहिचान खुल्ने विवरण समेत लिनु पर्नेछ ।

(५) अनुसन्धान अधिकारीले कसूरसँग सम्बन्धित कुनै कागजात, दसी प्रमाण, सामान वा वस्तु फेला पारेमा त्यसलाई आफ्नो कब्जामा लिनु पर्नेछ ।

(६) उपदफा (५) बमोजिम कागजात, दसी प्रमाण सामान वा वस्तु कब्जामा लिने अधिकारीले सोको भरपाई सम्बन्धित व्यक्तिलाई दिनु पर्नेछ ।

(७) अनुसूची-२ मा उल्लिखित कसूरको अनुसन्धान गर्न वा मुद्दा दायर गर्न कानूनमा कुनै अधिकारी तोकिएकोमा सोही अधिकारीबाट र त्यस्तो अधिकारी नतोकिएकोमा सम्बन्धित प्रमुख जिल्ला अधिकारी वा निजले तोकेको सोही कार्यालयको अधिकृतबाट अनुसन्धान वा मुद्दा दायर हुनेछ ।

(८) उपदफा (७) बमोजिम तोकिएको अधिकारीले त्यस्तो कसूरको अनुसन्धान गर्दा उपदफा (२), (३), (४), (५) र (६) मा उल्लिखित कार्यविधि पूरा गर्नु पर्नेछ ।

(९) यस परिच्छेद बमोजिम एकै वारदातको अनुसन्धान गर्दा त्यस्तो वारदातबाट चल्न सक्ने सबै मुद्दाको एकै पटक अनुसन्धान गर्नु पर्नेछ ।

९. **कसूरसँग सम्बन्धित व्यक्ति पक्राउ गर्न सकिने** : (१) कसूरसँग सम्बन्धित कुनै व्यक्ति फेला परेमा वा कसूर गर्दा गर्दैको अवस्थामा रहेमा वा अनुसन्धान अधिकारीको सामुन्नेमा रहेमा निजलाई पक्राउ गर्न सकिनेछ ।

(२) कुनै व्यक्तिलाई कसूरको अनुसन्धानको सिलसिलामा यस परिच्छेद बमोजिम तत्कालै पक्राउ गर्नु पर्ने भएमा त्यसको कारण खुलाई सम्भव भएसम्म पक्राउ गर्नु पर्ने व्यक्तिको पहिचान खुल्ने विवरण सहित पक्राउ पूर्जी जारी गर्ने अनुमतिको लागि मुद्दा हेर्ने अधिकारी समक्ष निवेदन दिनु पर्नेछ ।

(३) उपदफा (२) बमोजिम निवेदन परेमा र पक्राउ गर्नु पर्ने कारण मनासिब देखिएमा मुद्दा हेर्ने अधिकारीले सोही निवेदनमा पक्राउ पूर्जी जारी गर्ने अनुमति दिन सक्नेछ ।

(४) पक्राउ पूर्जीको ढाँचा अनुसूची-८ मा उल्लेख भए बमोजिम हुनेछ ।

(५) उपदफा (३) बमोजिमको आदेश पक्राउ गर्नु पर्ने व्यक्ति पक्राउ नपरेसम्म सार्वजनिक गरिने छैन ।

(६) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि कसूर गर्ने व्यक्ति तत्काल पक्राउ नभएमा वा त्यस्तो व्यक्ति भाग्ने उम्कने वा निजले प्रमाण, दसी वा सबूद नष्ट गर्ने मनासिब कारण भएमा त्यस्तो व्यक्तिलाई अनुसूची-९ बमोजिमको ढाँचामा तत्कालै जरुरी पक्राउ पूर्जी जारी गरी पक्राउ गरी स्वीकृतिको लागि पक्राउ परेको व्यक्ति सहित मुद्दा हेर्ने अधिकारी समक्ष पेश गर्नु पर्नेछ ।

(७) उपदफा (६) बमोजिम जरुरी पक्राउ पूर्जी जारी गरी कुनै व्यक्ति पक्राउ भएकोमा मुद्दा हेर्ने अधिकारीबाट स्वीकृति प्राप्त नगरी सो कसूरसँग सम्बन्धित अन्य अनुसन्धान सम्बन्धी कारबाई गर्न सकिने छैन ।

(८) कुनै कसूर भएको वखत तत्काल प्रहरी उपलब्ध नभएमा कसूर गर्दाका बखत उपस्थित भएको वा कसूर भएको देख्ने व्यक्तिले त्यस्तो कसूर गर्ने व्यक्तिलाई भाग्न वा उम्कन नदिई निजलाई नजिकको प्रहरी कार्यालयमा वुझाउन सक्नेछ ।

(९) उपदफा (१) वा (६) बमोजिम कुनै व्यक्तिलाई पक्राउ गर्नुपर्दा निजलाई पक्राउ गर्नु अघि पक्राउ गर्नु पर्ने कारण खुलाई सम्झाई वुझाई आत्मसमर्पण गर्ने आदेश दिनु पर्नेछ ।

(१०) उपदफा (९) बमोजिम सम्झाउदा, बुझाउदा वा आदेश दिंदा पनि कुनै व्यक्तिले आत्मसमर्पण नगरी पक्राउबाट बच्ने वा भाग्ने वा उम्कने प्रयत्न गरेमा वा वल प्रयोग गरी वा नगरी कुनै किसिमले जोर जुलुम गरेमा वा गर्न प्रयत्न गरेमा निजलाई पक्राउ गर्न प्रहरी कर्मचारीले आवश्यक बल प्रयोग गर्न सक्नेछ ।

(११) यस दफा बमोजिम कुनै महिलालाई पक्राउ गर्नु परेमा यथासम्भव महिला प्रहरीद्वारा पक्रन लगाउनु पर्नेछ ।

तर पक्राउ गर्नु पर्ने अवस्थामा तत्काल महिला प्रहरी उपलव्ध नभएमा निजको इज्जत वा प्रतिष्ठामा आँच नआउने गरी महिलाको शारीरिक संवेदनशिलताको सम्मान गर्दै पुरुष प्रहरी कर्मचारीले पक्राउ गर्न वाधा पर्ने छैन ।

(१२) यस दफा बमोजिम पक्रिएको व्यक्तिको खानतलासी वा शरीर तलासी लिन सकिनेछ ।

(१३) यस दफा बमोजिम पक्राउ गर्नु पर्ने व्यक्ति कुनै घर वा ठाउँमा वसेको छ भन्ने शंका गर्नु पर्ने मनासिब कारण भएमा त्यस्तो घर वा ठाउँको खानतलासी लिई पक्राउ गर्न सकिनेछ ।

(१४) उपदफा (१३) बमोजिम खानतलासी लिंदा कुनै व्यक्ति पक्राउ परेमा सो व्यक्तिको शरीरको तलासी पनि लिन सकिनेछ ।

(१५) उपदफा (१२) वा (१३) बमोजिम तलासी लिंदा फेला परेका प्रमाण सम्बन्धी लिखत वा दसी प्रमाण वा अन्य कुनै वस्तु त्यस्तो व्यक्तिलाई पक्राउ गर्ने व्यक्ति वा अनुसन्धान अधिकारीले आफ्नो कब्जामा लिई त्यसको भरपाइ दिनु पर्नेछ

(१६) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि अनुसूची-१ वा अनुसूची-२ अर्न्तगतका कुनै कसूर कुनै व्यक्तिले कुनै प्रहरी कर्मचारी वा अधिकारीको उपस्थितिमा वा कुनै सरकारी कार्यालयमा गरेमा आवश्यकता अनुसार त्यस्तो व्यक्तिलाई सम्बन्धित प्रहरी कर्मचारी, अधिकारी वा कार्यालय प्रमुखले पक्राउ गर्न सक्नेछ ।

१०. **प्रारम्भिक अनुसन्धान प्रतिवेदन पठाउने** : (१) अनुसूची-१ वा अनुसूची-२ मा उल्लिखित कुनै कसूरको जाहेरी दरखास्त वा सूचना दफा ४ बमोजिम दर्ता हुनासाथ त्यस्तो कसूरको अनुसन्धान गर्न तोकिएका प्रहरी कर्मचारी वा अधिकारीले तुरुन्त प्रारम्भिक अनुसन्धान गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम प्रारम्भिक अनुसन्धान शुरु गरेपछि त्यस्तो प्रहरी कर्मचारी वा अधिकारीले सोको प्रतिवेदन जिल्ला सरकारी वकील कार्यालयमा तीन दिन भित्र पठाउनु पर्नेछ ।

स्पष्टीकरण : यस परिच्छेदको प्रयोजनको लागि "प्रारम्भिक अनुसन्धान" भन्नाले घटनास्थल विवरण, कसूर भएको स्थानको वस्तुस्थिति मुचुल्का, खानतलासी वा वरामदी मुचुल्का वा ज्यान मरेको कसूर भए लास जाँच मुचुल्का तथा अन्य कसूर भए सो कसूरको प्रकृति अनुसार तयार गर्नु पर्ने प्रतिवेदन, मुचुल्का वा अन्य आवश्यक विवरणलाई सम्झनु पर्छ ।

(३) उपदफा (१) बमोजिम प्रारम्भिक प्रतिवेदन प्राप्त भएपछि सरकारी वकीलले सोको अध्ययन गरी कसूरसँग सम्बन्धित कुनै विषयमा थप अनुसन्धान गर्न अनुसन्धान अधिकारीलाई आवश्यक निर्देशन दिनु पर्ने देखिएमा सोको कारण खुलाई आवश्यक निर्देशन दिन सक्नेछ ।

(४) उपदफा (३) बमोजिम दिएको निर्देशनको पालना गर्नु सम्बन्धित अनुसन्धान अधिकारीको कर्तव्य हुनेछ ।

११. **भ्रमपूर्ण, झुठ्ठा वा काल्पनिक सूचनालाई तामेलीमा राख्न सकिने** : (१) अनुसूची-१ वा अनुसूची-२ मा उल्लिखित कुनै कसूरको सम्बन्धमा प्राप्त जाहेरी दरखास्त वा सूचनाका सम्बन्धमा सम्बन्धित व्यक्ति वा जाहेरवाला समेतलाई वुझ्दा त्यस्तो दरखास्त वा सूचना भ्रमपूर्ण, झुठ्ठा वा काल्पनिक भई अनुसन्धान गर्न आवश्यक नभएमा वा निरर्थक देखिएमा सम्बन्धित प्रहरी कार्यालयले सोही कुरा खुलाई सामान्यतया तीन दिन भित्र सम्बन्धित सरकारी वकील कार्यालयमा प्रतिवेदन पठाउनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम प्रतिवेदन प्राप्त भएपछि सम्बन्धित सरकारी वकील कार्यालयले त्यस्तो कसूरको सम्बन्धमा तत्काल अनुसन्धान गर्न मनासिब आधार नदेखिएमा सोको कारण खुलाई थप प्रमाण प्राप्त हुन आएका वखत अनुसन्धान गर्न सकिने गरी तत्काल तामेलीमा राख्ने वा वारदातको प्रकृति अध्ययन गर्दा तत्काल अनुसन्धान गर्न उपयुक्त हुने देखेमा कारण खुलाई थप अनुसन्धान गर्न अनुसन्धान अधिकारीलाई निर्देशन दिन सक्नेछ ।

(३) उपदफा (२) बमोजिम सरकारी वकील कार्यालले अनुसन्धान गर्न निर्देशन दिएमा सम्बन्धित अनुसन्धान अधिकारीले त्यस्तो कसूरका सम्बन्धमा अनुसन्धान गर्नु पर्नेछ ।

१२. **अनुसन्धान गर्न विशेष टोली गठन गर्न सकिने** : (१) यस परिच्छेदमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि यस संहिताको अनुसूची-१ वा अनुसूची-२ मा उल्लिखित कुनै कसूरको सम्बन्धमा कसूरको गम्भीरता हेरी सम्बन्धित अनुसन्धान अधिकारीबाट मात्र अनुसन्धान हुन नसक्ने भई छुट्टै अनुसन्धान टोली गठन गर्न उपयुक्त हुने कुरा अनुसन्धान अधिकारीको तालुकवाला अधिकारी वा प्रहरी महानिरीक्षकलाई लागेमा निजले आफू मातहतका कर्मचारीहरु संलग्न रहने गरी अनुसन्धान टोली गठन गर्न सक्नेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि आफू मातहतका कर्मचारी बाहेकका अन्य व्यक्ति समेत संलग्न रहेको अनुसन्धान टोली गठन गर्नु परेमा त्यस्तो अनुसन्धान अधिकारीको तालुकवाला अधिकारी वा प्रहरी महानिरीक्षकले सो सम्बन्धमा महान्यायाधिवक्ताको परामर्श लिई विशेषज्ञ समेत रहेको अनुसन्धान टोली गठन गरी अनुसन्धान गराउन सक्नेछ ।

(३) उपदफा (१) वा (२) बमोजिम अनुसन्धान टोली गठन भएमा त्यस्तो टोलीले यस परिच्छेद बमोजिम अनुसन्धान अधिकारीलाई भएको अधिकार प्रयोग गरी अनुसन्धान गर्नेछ ।

(४) उपदफा (१) वा (२) बमोजिम अनुसन्धान टोली गठन भएकोमा सम्बन्धित अनुसन्धान अधिकारीले गरेको अनुसन्धान सम्बन्धी विवरण त्यस्तो टोलीलाई हस्तान्तरण गर्नु पर्नेछ ।

(५) उपदफा (१) वा (२) बमोजिम गठन भएको अनुसन्धान टोलीले अनुसन्धान गरी आफ्नो प्रतिवेदन सम्बन्धित सरकारी वकील समक्ष पेश गरी सोको जानकारी सम्बन्धित प्रहरी कार्यालयलाई समेत दिनु पर्नेछ ।

(६) उपदफा (५) बमोजिम प्रतिवेदन प्राप्त भए पछि सरकारी वकीलले कसूरसँग सम्बन्धित कुनै विषयमा थप अनुसन्धान गर्न आवश्यक निर्देशन दिनु पर्ने देखिएमा सोको कारण खुलाई अनुसन्धान टोलीलाई आवश्यक निर्देशन दिन सक्नेछ ।

(७) उपदफा (६) बमोजिम सरकारी वकीलले दिएको निर्देशन पालना गर्नु सम्बन्धित अनुसन्धान टोलीको कर्तव्य हुनेछ ।

१३. **हिरासतमा राख्ने** : (१) यस परिच्छेद बमोजिम पक्राउ भएको व्यक्तिलाई हिरासतमा राख्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम हिरासतमा राख्दा त्यस्तो व्यक्तिलाई पक्राउ गरिएको ठाउँ उल्लेख गरी हिरासतमा राख्नु पर्ने कारण सहितको अनुसूची-१० बमोजिमको ढाँचामा थुनुवा पूर्जी दिएर मात्र हिरासतमा राख्नु पर्नेछ ।

(३) उपदफा (१) बमोजिम कुनै व्यक्तिलाई हिरासतमा राखिएकोमा निजको नाम, थर, उमेर, टोल सहितको ठेगाना, बाबु, आमाको नाम, निजको नागरिकताको प्रमाणपत्र वा निजको पहिचान खुल्ने अन्य परिचयपत्र भए त्यस्तो पत्र र नभए सवारी चालक इजाजतपत्र, राहदानी, निजको टेलिफोन भए सोको नम्बर लगायत निजको वास्तविक परिचय खुल्ने यस्तै कागजातको प्रतिलिपि समेत लिई निजको अभिलेख तयार गर्नु पर्नेछ ।

(४) उपदफा (३) को प्रयोजनको लागि अनुसन्धान अधिकारीले आवश्यकता अनुसार निजको तस्वीर र दुवै हातको हत्केला सहितको औंठा छाप समेत लिन सक्नेछ ।

(५) उपदफा (३) बमोजिम अभिलेख तयार भएपछि सम्बन्धित प्रहरी कार्यालय वा अनुसन्धान अधिकारीले त्यस्तो अभिलेखको आधारमा हिरासतमा रहेको व्यक्तिले जानकारी दिन अनुरोध गरेको व्यक्तिलाई निज हिरासतमा रहेको जानकारी दिनु पर्नेछ ।

(६) यस दफा बमोजिम पक्राउ गरिएको व्यक्तिले कानून व्यवसायीसँग सल्लाह लिन चाहेमा अनुसन्धान अधिकारीले निजलाई त्यस्तो कानून व्यवसायीसँग सल्लाह लिन दिनु पर्नेछ ।

१४. **अनुसन्धानको लागि हिरासतमा राख्न सकिने अवधि र तत्सम्बन्धी कार्यविधि** : (१) कुनै व्यक्तिलाई कसूरको अनुसन्धानको लागि यस परिच्छेद बमोजिम पक्राउ गरेपछि चौबीस घण्टाभित्र जतिसक्दो चाँडो मुद्दा हेर्ने अधिकारी समक्ष उपस्थित गराउनु पर्नेछ ।

(२) उपदफा (१) विपरीत हुने गरी कसैलाई हिरासतमा राख्न सकिने छैन ।

(३) कुनै व्यक्तिलाई उपदफा (१) मा लेखिएको म्याद भन्दा बढी हिरासतमा राख्नु परेमा अनुसन्धान अधिकारीले सोको आधार र कारण खुलाई सरकारी वकील कार्यालय मार्फत मुद्दा हेर्ने अधिकारी समक्ष अनुमतिको लागि निवेदन दिनु पर्नेछ ।

स्पष्टीकरण : यस दफाको प्रयोजनको लागि चौबीस घण्टाको अवधि भित्र पक्राउ परेको व्यक्तिलाई मुद्दा हेर्ने अधिकारी समक्ष उपस्थित गराउनको लागि पक्राउ गरिएको ठाउँबाट प्रहरी कार्यालयमा ल्याउन वा प्रहरी कार्यालयबाट अदालतमा पुऱ्याउन बाटोमा लाग्ने अवधिलाई गणना गरिने छैन ।

(४) अनुसन्धान अधिकारीले मुद्दा हेर्ने अधिकारी समक्ष उपदफा (३) बमोजिम निवेदन दिंदा हिरासतमा रहेको व्यक्ति उपर लागेको अभियोग, त्यसको आधार, निजलाई हिरासतमा राखी अनुसन्धान

गर्नु पर्ने कारण र निजको बयान भइसकेको भए बयान कागज अनुसारको व्यहोरा स्पष्ट रुपमा उल्लेख गर्नु पर्नेछ ।

(५) उपदफा (३) बमोजिम हिरासतमा राख्ने अनुमतिको लागि उपस्थित गराईएको व्यक्तिले चाहेमा आफ्नो शारीरिक जाँच गरी पाउनका लागि मुद्दा हेर्ने अधिकारी समक्ष निवेदन दिन सक्नेछ ।

(६) अनुसन्धान अधिकारीले कुनै व्यक्तिलाई उपदफा (३) बमोजिम हिरासतमा राख्ने अनुमति माग गरेकोमा मुद्दा हेर्ने अधिकारीले सम्बन्धित कागजातहरु हेरी अनुसन्धान सन्तोषजनक रुपमा भएको वा नभएको विचार गरी, आवश्यक देखिए सम्बन्धित कानून व्यवसायीको वहस समेत सुनी अनुसन्धानको लागि हिरासतमा राखी राख्न आवश्यक भएको देखिएमा एकै पटक वा पटक पटक गरी बढीमा पच्चीस दिनसम्म हिरासतमा राख्ने आदेश दिन सक्नेछ ।

(७) उपदफा (६) मा जुनसुकै कुरा लेखिएको भए तापनि अनुसूची-१ अन्तर्गतको कसूर मध्ये राष्ट्रपति उपरको आक्रमण, जासूसी, सैनिक भडकाउने, नेपाल राज्य बिरुद्ध युद्ध गर्ने वा नेपालसंग युद्धमा संलग्न राज्यका सेनालाई सहयोग गर्ने वा विस्फोटक पदार्थ, ज्यान, अपहरण वा शरीर बन्धक, जवर्जस्ती करणी, इलाज, ठगी र लिखत सम्बन्धी कसूरको अनुसन्धान उपदफा (६) बमोजिम दिएको समयावधि भित्र पूरा हुन नसक्ने भन्ने कारण सहितको प्रतिवेदन अनुसन्धान गर्ने अधिकारी तथा सरकारी वकील दुवैले मुद्दा हेर्ने अधिकारी समक्ष पेश गर्न सक्ने छन् ।

(८) उपदफा (७) बमोजिमको प्रतिवेदन पेश हुन आएमा अनुसन्धानको स्थिति हेरी मुद्दा हेर्ने अधिकारीले एकै पटक वा पटक पटक गरी बढीमा थप पैंतीस दिनसम्म हिरासतमा राख्ने आदेश दिन सक्नेछ ।

तर कुनै पनि अभियोग लागेको व्यक्तिलाई सो अभियोग ठहर भएमा निजलाई हुन सक्ने कैदको अवधि भन्दा बढी हिरासतमा राख्न सकिने छैन ।

(९) उपदफा (६) वा (८) बमोजिम मुद्दा हेर्ने अधिकारीले हिरासतमा राख्ने आदेश दिंदा कारण सहितको पर्चा खडा गर्नु पर्नेछ ।

(१०) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि सात महिना भन्दा बढी अवधिको गर्भवती महिला, बालबालिका र पचहत्तर वर्ष नाघेको व्यक्तिलाई कसूरको प्रकृति हेरी अनुसन्धान अधिकारीले थुनामा नराखी अनुसन्धान गर्न मनासिब देखेमा सोको कारण खुलाई पर्चा खडा गरी तारिखमा राखी अनुसन्धान गर्न सक्नेछ ।

१५. **<u>हिरासतमा रहेको व्यक्तिलाई अनुसन्धान अधिकारीले छाड्न सक्ने</u>** : (१) यस संहिता बमोजिम अनुसन्धानको सिलसिलामा हिरासतमा रहेको कुनै व्यक्तिलाई हिरासतमा राखिरहनु आवश्यक वा उपयुक्त नदेखिएमा अनुसन्धान अधिकारीले सरकारी वकीलको सहमति लिई वा तत्काल त्यस्तो सहमति लिन सकिने अवस्था नभएमा कारण सहितको पर्चा खडा गरी त्यस्तो व्यक्तिबाट धरौट वा जमानत लिई वा निजलाई कुनै माथवर व्यक्तिको जिम्मामा हाजिर जमानीमा छाड्न वा तारिखमा राख्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम धरौट वा जमानीमा छाडदा वा तारिखमा राख्दा त्यसरी छोडिएको वा तारिखमा राखिएको व्यक्ति उपर मुद्दा चलाउने भएमा सो अवस्थामा निज उपस्थित हुने गरी निजको कागज गराउनु पर्नेछ ।

(३) उपदफा (१) बमोजिम हाजिर जमानी दिने व्यक्तिले हाजिर जमानीमा छोडिएको व्यक्तिलाई अनुसन्धान अधिकारी वा सरकारी वकील कार्यालयले तोकेको समयमा उपस्थित गराउनु पर्नेछ ।

(४) उपदफा (३) बमोजिम तोकेको समयमा त्यस्तो मानिस उपस्थित नगराएमा हाजिर जमानी दिने व्यक्तिलाई पाँच हजार रुपैंया जरिबाना हुनेछ ।

(५) उपदफा (१) बमोजिम तारिखमा राखी अनुसन्धान गरेकोमा अनुसन्धान अधिकारीले सोको जानकारी सरकारी वकील र माथिल्लो प्रहरी कार्यालयलाई दिनु पर्नेछ ।

१६. **वयान लिने र सोधपूछ गर्ने** : (१) अनुसूची-१ वा अनुसूची-२ अन्तर्गतका कसूरको सम्वन्धमा अनुसन्धान अधिकारीले सरकारी वकील समक्ष अभियुक्तको बयान लिनेछ ।

(२) उपदफा (१) बमोजिम वयान लिदा कसूरको सम्बन्धमा खुलाउनु पर्ने कुराका सम्बन्धमा आवश्यक कुरा सोध्ने अधिकार सरकारी वकीललाई हुनेछ ।

(३) अनुसूची-१ वा अनुसूची-२ अन्तर्गतका कुनै कसूरको सम्बन्धमा कुनै महत्वपूर्ण कुरा थाहा छ भन्ने विश्वास गर्नु पर्ने मनासिब कारण भएको व्यक्तिसँग अनुसन्धान अधिकारीले आवश्यक सोधपुछ गर्न सक्नेछ ।

तर बालबालिका वा हिंडडुल गर्न असमर्थ भएको व्यक्तिसँग सोधपुछ गर्नु परेमा निज रहे वसेकै ठाउँमा नै गई सोधपुछ गर्न सकिनेछ ।

(४) उपदफा (३) बमोजिम सोधपुछ गरेकोमा अनुसन्धान अधिकारीले त्यसरी सोधपुछ गरेको कुरा अनुसूची-११ बमोजिमको ढाँचामा लेखबद्ध गरी सम्बन्धित मिसिलमा राख्नु पर्नेछ ।

(५) यस दफा बमोजिम बालबालिका वा हिडडुल गर्न असमर्थ व्यक्तिबाट कुनै कागज गराउनु पर्ने भएमा निजको संरक्षक वा उपलब्ध अन्य व्यक्तिको रोहवरमा गराउनु पर्नेछ ।

(६) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि कुनै व्यक्ति शारीरिक अस्वस्थताको कारणले अनुसन्धान अधिकारी समक्ष उपस्थित हुन नसक्ने भएमा वा त्यस्तो व्यक्तिको सुरक्षाको कारणले निजलाई त्यस्तो अधिकारी समक्ष उपस्थित गराउन उपयुक्त नदेखिएमा अनुसन्धान अधिकारीले श्रव्य दृष्य सम्वाद (भिडियो कन्फरेन्स) को माध्यमबाट त्यस्तो व्यक्तिसँग बयान लिन वा सोधपुछ गर्न सक्नेछ ।

(७) उपदफा (६) बमोजिम बयान लिएकोमा अनुसन्धान अधिकारीले सोको अभिलेख राख्ने व्यवस्था गर्नु पर्नेछ ।

१७. **सोधिएको प्रश्नको जवाफ दिनु पर्ने** : अनुसन्धान अधिकारीले यस परिच्छेद बमोजिम कुनै कसूरको सम्वन्धमा अनुसन्धान गर्दा सोधेको प्रश्नको जाने सम्मको जवाफ दिनु सम्बन्धित व्यक्तिको कर्तव्य हुनेछ ।

तर आफू उपर कुनै कसूरको अभियोग लाग्न सक्ने किसिमको जवाफ दिन कुनै व्यक्तिलाई कर लाग्ने छैन ।

१८. **खानतलासी गर्न सकिने** : (१) अनुसूची-१ वा अनुसूची-२ अन्तर्गतको कुनै कसूरको अनुसन्धान गर्दा त्यस्तो कसूरसँग सम्बन्धित कुनै लिखत, दसी प्रमाण, अभियुक्त वा अन्य कुनै व्यक्ति कुनै ठाउँमा छ भन्ने कुरा शंका गर्नु पर्ने मनासिब कारण भएमा अनुसन्धान अधिकारीले त्यस्तो व्यक्ति वा ठाउँको खानतलासी लिन र त्यस्तो लिखत वा दसी प्रमाण वरामद गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम खानतलासी लिनु अघि खानतलासी गर्ने घरमा तत्काल वसोवास गरिरहेको व्यक्तिलाई खानतलासी लिनु पर्नाको कारण सहितको लिखित सूचना अनुसूची-१२ बमोजिमको ढाँचामा दिनु पर्नेछ ।

(३) उपदफा (१) बमोजिम खानतलासी लिंदा अनुसूची-१३ बमोजिमको ढाँचामा मुचुल्का खडा गरी खानतलासी लिनु पर्नेछ ।

(४) उपदफा (१) बमोजिम खानतलासी गर्न त्यस्तो ठाउँमा प्रवेश गर्नु अघि अनुसन्धान अधिकारीले सम्बन्धित घर धनी वा व्यक्तिलाई आफ्नो समेत तलासी दिनु पर्नेछ ।

(५) उपदफा (१) बमोजिम खानतलासी गर्दा महिला मात्र रहने वा वस्ने गरेको घर कोठाको खानतलासी लिनु परेमा सम्भव भएसम्म महिलालाई समेत साथमा लिई घर भित्र प्रवेश गरी खानतलासी लिनु पर्नेछ ।

तर कुनै महिलाको शरीरको तलासी लिनु पर्दा महिला प्रहरी वा त्यस्तो महिला प्रहरी तत्काल उपलब्ध नभएमा अन्य कुनै महिलाद्वारा तलासी लिन लगाउन सकिनेछ ।

(६) खानतलासी लिंदा प्राप्त भएको कसूरसँग सम्बन्धित वस्तुको विवरण, त्यस्ता वस्तु पाइएको ठाउँ र अवस्था खुलाई खानतलासी लिने कर्मचारीले दुई प्रति मुचुल्का तयार गरी एक प्रति सम्बन्धित व्यक्तिलाई दिई एक प्रति मिसिलमा सामेल राख्नु पर्नेछ ।

(७) खानतलासी लिनुपर्ने व्यक्ति वा ठाउँ अन्य प्रहरी कार्यालयको क्षेत्रभित्र पर्ने भएमा अनुसन्धान अधिकारीले सो प्रहरी कार्यालयसमक्ष त्यस्तो व्यक्ति वा ठाउँको खानतलासी लिन लिखित अनुरोध गर्न सक्नेछ ।

(८) उपदफा (७) बमोजिम अनुरोध भएकोमा सो प्रहरी कार्यालयको कम्तीमा प्रहरी नायब निरीक्षकले त्यस्तो व्यक्ति वा ठाउँको खानतलासी लिई उपदफा (१) बमोजिमको मुचुल्का तयार गरी त्यसरी अनुरोध गर्ने अधिकारी समक्षं पठाउनु पर्नेछ ।

(९) उपदफा (७) मा जुनसुकै कुरा लेखिएको भएतापनि त्यस्तो प्रहरी कार्यालयमा लिखित अनुरोध गर्दा कुनै प्रमाण लोप वा नास हुने सम्भावना छ भन्ने लागेमा अनुसन्धान अधिकारी आफै खानतलासी लिनु पर्ने व्यक्ति भएको ठाउँ वा स्थानमा गई यस दफा बमोजिम खानतलासी लिन सक्नेछ र सोको सूचना सम्बन्धित कार्यालय वा प्रहरी कार्यालयलाई दिनु पर्नेछ ।

(१०) यस दफा बमोजिम खानतलासी लिने अधिकारीले खानतलासीबाट प्राप्त कसूरसँग सम्बन्धित कुनै वस्तु आफ्नो साथमा लैजान चाहेमा सम्बन्धित व्यक्तिलाई त्यसको भरपाइ दिएर मात्र लैजानु पर्नेछ ।

(११) कुनै ठाउँको तत्काल खानतलासी नलिएमा कसूरसँग सम्बन्धित दसी प्रमाण लोप वा नास हुन सक्ने वा शंकास्पद व्यक्ति भाग्न वा उम्कन सक्ने विश्वास गर्नु पर्ने मनासिब कारण भएकोमा बाहेक कसैको घरको तलासी लिनु परेमा सूर्योदय देखि सूर्यास्त हुनु अघिसम्मको समय भित्र लिनु पर्नेछ ।

(१२) यस दफा बमोजिम खानतलासी लिने अधिकारी खानतलासी लिन कुनै घर वा कुनै ठाउँमा प्रवेश गर्दा सो घर वा ठाउँको स्वामित्व भएको वा सो घर वा ठाउँको हेरविचार गर्ने जिम्मा लिएको वा तत्काल बसोवास गरिरहेको व्यक्तिले निजलाई त्यस्तो घर वा ठाउँमा प्रवेश गर्न दिनु पर्नेछ र त्यसरी प्रवेश गर्न नदिएमा खानतलासी लिने अधिकारीले सो घर वा ठाउँको झ्याल, ढोका, छाना, भित्ता इत्यादि मध्ये प्रवेश गर्न आवश्यक हुने सम्म भत्काई वा फुटाई वा ताल्चा लगाएकोमा ताल्चा समेत फोडी सकेसम्म कम हानि नोक्सानी हुने गरी भित्र प्रवेश गर्न सक्नेछ

(१३) कुनै घर वा ठाउँको यस दफा बमोजिम खानतलासी लिई सकेपछि खानतलासी लिन भित्र गएको व्यक्ति बाहिर निस्कन खोज्दा कुनै कारणवश साधारण रुपमा बाहिर निस्कन नसकेमा निजले सो घर वा ठाउँको झ्याल, ढोका, छाना, भित्ता इत्यादि मध्ये बाहिर निस्कन आवश्यक पर्ने कुनै ठाउँ सकेसम्म कम हानी नोक्सानी हुने गरी भत्काई वा फुटाई बाहिर निस्कन सक्नेछ ।

(१४) खानतलासी गर्ने अधिकारी र खानतलासीको काममा निजलाई मद्दत गर्न खटिएका अन्य कर्मचारी तथा दफा १६ को उपदफा (५) बमोजिम रोहवरमा रहेका व्यक्तिहरुले आफूले लगाएको लुगा र खानतलासीको काममा उपयोग गरिने वस्तु बाहेक अरु कुनै वस्तु साथमा राख्न पाईने छैन र सम्बन्धित व्यक्तिले चाहेमा खानतलासीको काम शुरु हुनु भन्दा पहिले नै त्यस्तो कुनै अधिकारी, कर्मचारी वा रोहबरमा रहने व्यक्तिको शरीरको तलासी लिन सक्नेछ ।

(१५) यस दफा बमोजिम कुनै व्यक्ति, घर वा ठाउँको खानतलासी लिन पाउने अधिकारीले खानतलासी लिनु अघि सम्बन्धित घर धनी, ठाँउ धनी वा व्यक्तिलाई निज खानतलासी लिन पाउने अधिकार प्राप्त अधिकारी भएको परिचय पत्र देखाउनु पर्नेछ ।

१९. **मुचुल्का खडा गर्दा रोहवरमा राख्नु पर्ने** : (१) कुनै कसूर भएकोमा अनुसन्धान अधिकारीले त्यस्तो कसूरको वारदातको वास्तविक र यथार्थ तथ्य चित्रण हुने गरी घटनास्थल मुचुल्का तयार गर्दा दफा ८ को उपदफा (२), (३) र (४) बमोजिम गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम घटनास्थल मुचुल्का तयार गर्दा वा कुनै व्यक्ति वा वस्तु वा ठाउँको खानतलासी लिंदा वा ज्यान मरेको कसूर भएकोमा लाश जाँच गर्दा वा अन्य कुनै कसूर भएकोमा त्यस्तो कसूरको प्रकृति अनुसार आवश्यक मुचुल्का खडा गर्दा त्यस्तो ठाउँमा तत्काल उपलब्ध कम्तीमा दुईजना स्थानीय व्यक्ति र स्थानीय निकायका एकजना सदस्य वा त्यस्तो सदस्य उपलब्ध नभए कुनै सरकारी कार्यालयको एकजना कर्मचारी भए निजलाई र फेला परेसम्मका अभियुक्त र कसूरको सूचना दिने व्यक्तिलाई समेत रोहवरमा राख्नु पर्नेछ ।

तर अभियुक्त वा कसूरको सूचना दिने व्यक्ति रोहवरमा नराखेको कारणले मात्र त्यस्तो घटनास्थल मुचुल्का वेरितको भएको मानिने छैन ।

(३) कुनै व्यक्तिको स्वामित्व वा जिम्मामा रहेको कुनै ठाउँको खानतलासी लिंदा त्यस्तो व्यक्तिले रोहवरमा वस्न चाहेमा निजलाई पनि रोहवरमा राख्नु पर्नेछ ।

२०. **लाश जाँच गर्नु पर्ने** : (१) कुनै व्यक्ति कसैको कर्तव्यबाट वा कुनै दुर्घटना भई वा आत्महत्या गरी वा अस्वभाविक रुपमा वा अन्य कुनै शंकास्पद स्थितिमा मरेको जानकारी प्राप्त भएमा अनुसन्धान अधिकारीले तुरुन्त लाश रहेको ठाउँमा गई लांश जाँच गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम लाश जाँच गर्दा यथासम्भव निम्नलिखित कुराहरु समेत खुलाई अनुसूची-१४ बमोजिमको ढाँचामा मुचुल्का तयार गर्नुपर्नेछ र लाशको वास्तविक यथार्थ चित्रण हुने गरी लाश र सम्बन्धित ठाउँको तस्बिर समेत खिच्नु पर्नेछ :-

(क) लाशको परिचयात्मक विवरण,

(ख) लाश रहेको ठाउँ र लाशको अवस्था,

(ग) लाशमा कुनै घाउं, चोट, नील वा डाम देखिएमा त्यस्तो घाउ, चोट, नील वा डाम देखिएको ठाउँ, सोको संख्या, लम्वाई, चौडाई, गहिराई सहितको प्रत्येक घाउ, चोट, नील वा डामको विवरण,

(घ) खण्ड (ग) मा उल्लेख भएको बाहेक मृत्युसँग सम्बन्धित साधन र लाशमा देखा परेको तत्सम्बन्धी विवरण,

(ङ) मृत्युको कारण थाहा पाउन सहायता हुने लाशमा देखिएको अन्य कुनै लक्षण,

(च) अन्य उल्लेखनीय कुनै कुरा भए सोको विवरण ।

(३) उपदफा (१) बमोजिम लाश जाँच गर्दा मृतकको मृत्यु कुनै कसूरको परिणामस्वरुप वा अस्वभाविक रुपमा वा शंकास्पद स्थितिमा भएको देखिन आएमा सम्बन्धित अनुसन्धान अधिकारीले सो लाशलाई शव परीक्षणको निमित्त सरकारी चिकित्सक वा नेपाल सरकारले तोकेका विशेषज्ञ वा इजाजत प्राप्त चिकित्सक समक्ष सरकारी खर्चमा पठाउनु पर्नेछ ।

(४) उपदफा (३) बमोजिम शव परीक्षण गर्दा लाग्ने आवश्यक खर्च नेपाल सरकारले सम्बन्धित प्रहरी कार्यालयलाई उपलब्ध गराउनु पर्नेछ ।

(५) उपदफा (३) बमोजिम गरिएको शव परीक्षण प्रतिवेदन अनुसूची-१५ बमोजिमको ढाँचामा तयार गर्नु पर्नेछ ।

(६) उपदफा (२) बमोजिम लांश जाँच मुचुल्का भई सकेपछि त्यस्तो लाश जाँचबाट कुनै कसूरको परिणामस्वरुप वा शंकास्पद स्थितिमा मृत्यु भएको देखिन नआई त्यस्तो लाशको शव परीक्षण गराउन आवश्यक नपर्ने ठहऱ्याएमा अनुसन्धान अधिकारीले त्यसको कारण खुलाई स्थानीय भद्र भलादमीको रोहवरमा पर्चा खडा गरी मिसिल संलग्न राख्नु पर्नेछ ।

(७) लाश सडी गली परीक्षण गर्न नसकिने अवस्थाको भएमा वा देखिएमा सम्बन्धित अनुसन्धान अधिकारीले सो कुरा खुलाई स्थानीय भद्र भलाद्मीको रोहवरमा मुचुल्का खडा गरी राख्नु पर्नेछ ।

तर लाश सडे गले वा शव परीक्षण हुन नसक्ने भए तापनि लाश वा त्यसको कुनै अंशको अन्य परीक्षणबाट मृत्युको कारण पत्ता लगाउन सकिने अवस्था भएमा अन्य वैज्ञानिक परीक्षण गराउन सकिनेछ ।

(८) लाशको शव परीक्षण भई सकेपछि वा उपदफा (६) बमोजिम पर्चा खडा भएपछि सम्बन्धित प्रहरी कर्मचारीले सम्बन्धित मृतकको हकवालालाई भरपाइ गराई लाश बुझाउनु पर्नेछ ।

(९) उपदफा (८) बमोजिम हकवालाले लाश बुझि नलिएमा वा कुनै हकवाला उपस्थित नभएमा वा हकवाला नै यकिन नभएमा सम्बन्धित प्रहरी कर्मचारीले सरकारी खर्चमा लाशको सदगत गराउनु पर्नेछ ।

(१०) शव परीक्षण वा लाश जाँच गर्दा वा अन्य कुनै सवुद प्रमाण सङ्कलन गर्दा अनुसन्धान अधिकारीले कसूरको गम्भीरता हेरी सम्बन्धित विशेषज्ञ साथमा लैजान उपयुक्त ठहऱ्याएमा त्यस्तो विशेषज्ञलाई साथमा लिई जान सक्नेछ ।

(११) यस दफा बमोजिम शव परीक्षण गर्ने विशेषज्ञ वा चिकित्सकलाई कुनै व्यक्तिको मृत्युको वास्तविक कारण पत्ता लगाउन वा कसूरको अन्य कुनै कुरा अनुसन्धान गर्न एक भन्दा बढी विशेषज्ञहरुको टोलीबाट शव परीक्षण गराउन पर्ने भन्ने लागेमा वा अनुसन्धान अधिकारीलाई कुनै व्यक्तिको मृत्युको कारणका सम्वन्धमा विशेषज्ञहरुको टोलीबाट शव परीक्षण गराउन उपयुक्त हुन्छ भन्ने लागेमा त्यस्तो टोलीबाट शव परीक्षण गराउन सकिनेछ ।

२१. **भौतिक प्रमाण परीक्षण गर्नु पर्ने** : (१) कुनै कसूरको प्रकृतिबाट सम्बन्धित व्यक्तिको रगत, वीर्य, रौ वा शरीरको अन्य कुनै अङ्ग, हात हतियार वा चिज वस्तु वा डि.एन.ए. वा अन्य कुनै कुरा परीक्षण गर्दा कसूरदार पत्ता लगाउन कसूर सम्बन्धी प्रमाण उपलव्ध हुन सक्दछ भन्ने लागेमा अनुसन्धान अधिकारीले सरकारी चिकित्सक वा मान्यता प्राप्त प्रयोगशालामा त्यस्तो रगत, वीर्य, रौं वा शरिरको कुनै अङ्ग, हात हतियार वा चिज वस्तु वा डि.एन.ए. वा अन्य कुनै भौतिक प्रमाण परीक्षण गराउन सक्नेछ ।

तर कुनै महिलाको शारीरिक अङ्ग जाँच गर्नु परेमा पाएसम्म महिला चिकित्सकद्वारा र त्यस्तो चिकित्सक उपलव्ध नभएमा महिलाको रोहवरमा पुरुष चिकित्सकबाट गराउनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम परीक्षण गर्न आवश्यक पर्ने रगत, वीर्य, रौं वा अङ्ग हातहतियार वा वस्तुको नमूना (स्याम्पल) उपलब्ध गराउन अनुसन्धान अधिकारीलाई सम्बन्धित व्यक्तिले सहयोग गर्नु पर्नेछ ।

(३) उपदफा (१) बमोजिम भएको परीक्षणको प्रतिवेदन सम्बन्धित चिकित्सक वा प्रयोगशालाले तयार गर्नु पर्नेछ ।

२२. **घां जाँच गराउनु पर्ने** : (१) कुटपिटको कारणबाट कुनै वारदात भई घां, चोट, नील वा डाम, इत्यादि भएकोमा सो जाँची पाउँ भनि अनुसन्धान अधिकारीबाट लेखी आएमा सरकारी चिकित्सक वा स्वास्थ्यकर्मीले निजको घाउ, चोटपटक, नील वा डाम जाँची अनुसूची-१६ बमोजिमको ढाँचामा घाँ जाँच केश गरी दिनु पर्नेछ ।

(२) उपदफा (१) मा लेखिए बाहेक अनुसन्धानको सिलसिलामा हिरासतमा राखिएको व्यक्तिलाई कुटपिट गरिएको, यातना दिएको वा निजको विरुद्ध अरु कुनै कसूर भएको प्रमाण निजको शारीरिक जाँचबाट उपलव्ध हुन सक्छ भन्ने कुरा मनासिब आधार देखाई निज वा निजको तर्फबाट अरु कसैले निवेदन दिएमा अदालतले सरकारी चिकित्सक वा नेपाल सरकारले तोकेको चित्किसक वा स्वास्थ्यकर्मीबाट त्यस्तो व्यक्तिको शारीरिक जाँच गराउन आदेश दिन सक्नेछ ।

(३) उपदफा (२) बमोजिम शारीरिक जाँच गर्दा पनि उपदफा (१) मा उल्लेखित घाँ जाँच गरी दिनु पर्नेछ ।

(४) दफा २०, २१ र यस दफा बमोजिम भएको परीक्षण प्रतिवेदन सो परीक्षण भएको मितिले वाटोको म्याद बाहेक बढीमा तीन दिन भित्र सम्बन्धित चिकित्सक, विशेषज्ञ वा प्रयोगशालाले सम्बन्धित कार्यालय वा अनुसन्धान अधिकारीलाई उपलव्ध गराउनु पर्नेछ ।

(५) उपदफा (२) बमोजिम हिरासतमा लिएको व्यक्तिलाई कुटपिट गरेको वा निजलाई यातना दिएको देखिएमा त्यसरी कुटपिट गरिएको वा यातना पाएको व्यक्तिको उपचार गराई निजलाई अन्तरिम राहत उपलब्ध गराउन र त्यसरी कुटपिट गर्ने वा यातना दिने व्यक्तिलाई कानून बमोजिम विभागीय कारबाई गर्न अदालतले सम्बन्धित प्रहरी कार्यालयलाई आदेश दिनु पर्नेछ ।

(६) उपदफा (१) बमोजिम अनुसन्धान अधिकारीले घां जाँच गर्न सरकारी चिकित्सक वा स्वास्थकर्मीलाई लेखी नपठाएमा सोको व्यहोरा उल्लेख गरी सरोकारवाला व्यक्तिले अदालतमा निवेदन सक्नेछ र त्यसरी निवेदन परेमा अदालतले घां जाँचको लागि सरकारी चिकित्सक वा स्वास्थ्यकर्मीलाई लेखी पठाउन सक्नेछ ।

२३. **विशेषज्ञको राय लिन सकिने** : (१) अनुसन्धान अधिकारीले अनुसन्धानको सन्दर्भमा आवश्यक ठानेमा कुनै विशेषज्ञलाई साथमा लैजान वा अपराधसँग सम्बन्धित कुनै कुराको सम्बन्धमा विशेषज्ञको राय लिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम राय माग भएमा त्यस्तो राय उपलव्ध गराउनु सम्बन्धित विशेषज्ञको कर्तव्य हुनेछ ।

(३) उपदफा (२) बमोजिम उपलव्ध भएको विशेषज्ञको राय मिसिल साथ राख्नु पर्नेछ ।

(४) यस दफा बमोजिमको विशेषज्ञ व्यक्ति गैर सरकारी व्यक्ति भए निजको सेवा लिंदा लाग्ने रकम नेपाल सरकारले उपलब्ध गराउनु पर्नेछ ।

(५) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि कुनै मुद्दाको सम्वेदनशिलता वा जटिलताको कारणबाट त्यस्तो मुद्दामा मेडिकल बोर्ड वा अन्य कुनै विशेषज्ञहरुको बोर्डबाट राय लिन उपयुक्त ठानेमा नेपाल सरकारले त्यस्तो बोर्ड गठन गर्न सक्नेछ ।

(६) उपदफा (५) बमोजिम बोर्ड गठन भएकोमा त्यस्तो बोर्डले सो सम्बन्धमा राय दिनु पर्नेछ ।

२४. **सनाखत गराउनु पर्ने** : (१) कुनै मुद्दामा कुनै व्यक्तिको सनाखत गराउनु पर्ने भएमा कम्तीमा प्रहरी नायब निरीक्षक दर्जाको प्रहरी कर्मचारीले सनाखत गराउनु पर्नेछ ।

तर सनाखत नगराएकै कारणबाट मात्र मुद्दाको काम कारबाहीमा कुनै तात्विक असर पर्ने छैन ।

(२) उपदफा (१) बमोजिम सनाखत गराउंदा सनाखत गर्नु पर्ने व्यक्तिलाई देख्न र हेर्न नपाउने ठाँउमा राख्नु पर्नेछ र त्यस्तो व्यक्तिसँग मिल्दाजुल्दो उमेर, वर्ण वा शारीरिक स्वरुप भएको कम्तीमा चारजना व्यक्तिलाई सम्भव भएसम्म एकै किसिमको पहिरन गराई निजहरुसँग सनाखत गर्नु पर्ने व्यक्तिलाई राखी सनाखत गर्ने प्रत्येक व्यक्तिलाई छुट्टाछुट्टै सनाखत गराउनु पर्नेछ ।

(३) सनाखतको ढाँचा अनुसूची-१७ मा उल्लेख भए बमोजिम हुनेछ ।

(४) उपदफा (२) बमोजिम सनाखत गराउंदा सनाखत गर्ने व्यक्तिले पहिचान गर्न सके वा नसकेको व्यहोरा लेखी मिसिल सामेल राख्नु पर्नेछ ।

(५) मुद्दासँग सम्बन्धित दसी वा चीज वस्तुलाई प्रहरी नायब निरीक्षक दर्जाको प्रहरी कर्मचारीले सनाखत मुचुल्का खडा गरी सनाखत गराउन सक्नेछ ।

२५. **प्रहरी डायरी राख्नु पर्ने** : (१) यस परिच्छेद अन्तर्गत अनुसन्धान गर्ने प्रहरी अधिकृतले अनुसन्धानको सम्बन्धमा आफूले गरेको प्रत्येक काम कारबाही तत्कालै अभिलेख गर्नको लागि अनुसूची-१८ बमोजिमको ढाँचामा प्रहरी डायरी खडा गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम खडा गरेको डायरीमा त्यस्तो प्रहरी अधिकृतले देहायका कुराको अभिलेख राख्नु पर्नेछ :-

(क) कसूरको सूचना पाएको मिति, समय र सोको संक्षिप्त विवरण,

(ख) अनुसन्धानको सिलसिलामा निजले गरेको काम, कारवाही,

(ग) अनुसन्धानको सिलसिलामा निजले भ्रमण गरेको ठाउँ,

(घ) अनुसन्धानको सिलसिलामा प्राप्त दसी, प्रमाण र अन्य आवश्यक कुरा,

(ङ) अनुसन्धानको सिलसिलामा कसैलाई पक्राउ गरिएको भए सोको विवरण,

(च) अनुसन्धानको सिलसिलामा आफूले सोधपुछ गरेका मानिसको नाम, ठेगाना र निजले कसूरको सम्बन्धमा वताएको कुरा,

(छ) पक्राउ परेका वा वुझिएका मानिसको स्वभाव ।

(३) उपदफा (१) बमोजिम प्रहरीले खडा गरेको डायरी आवश्यकता अनुसार सरकारी वकील वा अदालतले झिकाई हेर्न सक्नेछ ।

(४) उपदफा (१) बमोजिम खडा गरेको डायरीमा उल्लिखित विषय वस्तुका सम्वन्धमा सम्बन्धित अनुसन्धान अधिकारी भन्दा माथिल्लो तहको अधिकारीले चाहेमा निरीक्षण गरी अनुसन्धानका सन्दर्भमा आवश्यक निर्देशन समेत दिन सक्नेछ ।

२६. **अनुसन्धान सम्बन्धमा राय, सल्लाह वा निर्देशन माग गर्न सक्ने** : (१) यस परिच्छेद बमोजिम अनुसन्धान गर्दा सम्बन्धित अनुसन्धान अधिकारीले कुनै विषयमा सरकारी वकीलको राय, सल्लाह माग गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम राय, सल्लाह माग भएकोमा सम्बन्धित सरकारी वकीलले आफ्नो राय वा सल्लाह दिनु पर्नेछ ।

(३) उपदफा (२) बमोजिम राय, सल्लाह दिंदा अनुसन्धानको समयमा कुनै विषयमा थप अनुसन्धान गर्न वा थप प्रमाण सङ्कलन गर्न वा कुनै दसी प्रमाण वरामद गर्न वा कसैसँग केही कुरा वुझ्नु आवश्यक छ भन्ने लागेमा सरकारी वकीलले सो बमोजिम गर्न वा गराउन सम्बन्धित अनुसन्धान अधिकारीलाई निर्देशन दिन सक्नेछ ।

२७. **अनुसन्धानको सन्दर्भमा महान्यायाधिवक्ताले आवश्यक निर्देशन दिन सक्ने** : (१) नेपाल सरकारबाट दायर हुने कुनै फौजदारी मुद्दामा भई रहेको अनुसन्धानको वारेमा महान्यायाधिवक्ताले आवश्यक जानकारी लिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम जानकारी लिंदा नेपाल सरकारवादी हुने कुनै कसूरको अनुसन्धान अपर्याप्त भएको वा त्यस्तो कसूरमा कुनै विशेष उपाय, तरिका वा विधि अपनाउनु पर्नेमा सो नअपनाइएको वा थप अनुसन्धान गर्नु पर्ने भन्ने लागेमा महान्यायाधिवक्ताले अनुसन्धान सम्बन्धमा अनुसन्धान अधिकारी वा निजको विभागीय प्रमुखलाई जुनसुकै समयमा निर्देशन दिन सक्नेछ ।

(३) उपदफा (२) बमोजिम दिएको निर्देशनको पालना गर्नु सम्बन्धित अनुसन्धान अधिकारीको कर्तव्य हुनेछ ।

२८. **जाहेरी दरखास्तको अभिलेख राख्नु पर्ने** : (१) पक्राउ परेको व्यक्तिलाई दफा १४ को उपदफा (३) बमोजिम हिरासतमा राख्ने अनुमतिको लागि अदालत समक्ष निवेदन दिंदा प्रहरी कार्यालय वा अनुसन्धान अधिकारी समक्ष परेको जाहेरी दरखास्त वा दिएको सूचनाको एक प्रति अनुसन्धान अधिकारीले सरकारी वकील मार्फत मुद्दा हेर्ने अधिकारी समक्ष पेश गर्नु पर्नेछ ।

(२) मुद्दा हेर्ने अधिकारीले उपदफा (१) बमोजिमको दरखास्त वा सूचनाको छुट्टै अभिलेख राख्नु पर्नेछ ।

२९. **सम्बन्धित निकायमा पठाउन सकिने** : यस संहितामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि अनुसूची-१ वा अनुसूची-२ अन्तर्गतको कसूर अनुसन्धान गर्दै जाँदा अन्य कानून अन्तर्गत अनुसन्धान गर्नु पर्ने देखिएमा अनुसन्धानको प्रगति विवरण सहित सो कसूरको अनुसन्धान गर्ने सम्बन्धित निकाय वा अधिकारी समक्ष पठाउन सकिनेछ ।

३०. **नेपाल बाहिर भए गरेको कसूरको अनुसन्धान** : (१) नेपाल बाहिर भए गरेको कसूरको सम्बन्धमा नेपालको अदालतमा मुद्दा चल्ने कानूनी व्यवस्था भएमा यस संहितामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि देहाय बमोजिमको रीत पुऱ्याई भएको त्यस्तो कसूरको अनुसन्धान यसै संहिता बमोजिम रीतपूर्वक भए गरेको मानिनेछ :-

(क) नेपालका अदालतमा मुद्दा चल्न सक्ने फौजदारी कसूरको अनुसन्धान एक अर्का मुलुकका अधिकार प्राप्त अनुसन्धान अधिकारीबाट हुन सक्ने गरी कुनै मुलुकसँग कुनै सन्धि भएको रहेछ भने त्यस्तो सन्धिको व्यवस्था बमोजिम भएको अनुसन्धान,

(ख) खण्ड (क) बमोजिमको सन्धि भएको रहेनछ भने कूटनैतिक माध्यम मार्फत कसूर भएको मुलुकको अनुमति प्राप्त गरी त्यस्तो मुलुकको अधिकार प्राप्त अधिकारीको सहयोगमा नेपाल सरकारले तोकेको अनुसन्धान अधिकारीले गरेको अनुसन्धान,

(ग) खण्ड (क) वा (ख) बमोजिम अनुसन्धान हुन सक्ने अवस्था रहेनछ भने जुन मुलुकमा कसूर भएको हो सोही मुलुकको अधिकार प्राप्त अनुसन्धान अधिकारीले गरेको अनुसन्धान,

(घ) खण्ड (ग) बमोजिम पनि संभव नभएको अवस्थामा जुन इलाकामा अभियुक्त फेला परेको छ सोही इलाकामा वा अभियुक्त फेला नपरेकोमा निजको स्थायी बसोबास भएको इलाकाको अधिकार प्राप्त अनुसन्धान अधिकारीले गरेको अनुसन्धान ।

(२) उपदफा (१) बमोजिम भएको अनुसन्धानको प्रतिवेदन वा सोसँग सम्बन्धित लिखतहरु नेपाली भाषा बाहेकको अन्य भाषामा भएका रहेछन् भने त्यस्ता लिखतको नेपाली भाषामा प्रामाणिक अनुवाद गरी अदालतमा पेश गर्नु पर्नेछ ।

(३) उपदफा (१) बमोजिम भएको अनुसन्धानबाट कुनै व्यक्ति उपर मुद्दा दायर गर्नु पर्ने देखिएमा सम्बन्धित सरकारी वकीलले यस परिच्छेद बमोजिम अभियोग पत्र तयार गरी अदालतमा मुद्दा दायर गर्नेछ ।

३१. **अनुसन्धान प्रतिवेदन पठाउनु पर्ने** : (१) अनुसूची-१ वा अनुसूची-२ अन्तर्गतको कुनै कसूरको सम्बन्धमा अनुसन्धान पूरा भएपछि अनुसन्धान अधिकारीले कसूर गरेको शंका गरिएका सबै वा कुनै व्यक्ति उपर मुद्दा चलाउन पर्याप्त प्रमाण पुग्ने देखिएमा निजलाई कुन कानून अन्तर्गत सजाय हुनु पर्ने हो सो कुरा खुलाई तथा कसूर नभएको देखिएको वा कसूर भएको भए पनि सो कसूर गर्ने व्यक्ति यही हो भन्ने यकिन हुन नसकेको वा कुनै व्यक्ति उपर मुद्दा चलाउन पर्याप्त प्रमाण नपुग्ने देखिएकोमा सोही व्यहोरा खुलाई मिसिल कागजको सक्कल तथा नक्कल प्रति र दसी प्रमाण सहितको अनुसन्धान प्रतिवेदन अनुसूची-१९ बमोजिमको ढाँचामा तयार गरी सम्बन्धित सरकारी वकील कार्यालयमा पठाउनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम प्रतिवेदन पठाउँदा थुनुवा नभएको मुद्दा भए सम्बन्धित कानूनको हदम्याद पुग्ने कम्तीमा पन्ध्र दिन अगावै र थुनुवा भएको मुद्दा भए मुद्दा चलाउने वा नचलाउने निर्णय गर्ने र अभियोगपत्र तयार गरी अदालतमा दायर गर्न लाग्ने समयलाई समेत ध्यानमा राखी मुद्दा दायर गर्ने दिन भन्दा सामान्यतया कम्तीमा तीन दिन अगाडि नै पठाउनु पर्नेछ ।

(३) उपदफा (१) बमोजिम अनुसन्धान प्रतिवेदन सहितको मिसिल प्राप्त भएपछि सम्बन्धित सरकारी वकीलले मिसिल अध्ययन गरी अनुसन्धानको सिलसिलामा सङ्कलित सबुद प्रमाणको मूल्यांकन गरी मुद्दा चलाउने वा नचलाउने सम्बन्धमा निर्णयको लागि महान्यायाधिवक्ता समक्ष मिसिल पठाउनु पर्नेछ ।

तर महान्यायाधिवक्ताले मुद्दा चलाउने वा नचलाउने निर्णय गर्ने आफ्नो अधिकार मातहतको अधिकृतलाई सुम्पिएकोमा त्यस्तो मिसिल सम्बन्धित अधिकृत समक्ष पठाउनु पर्नेछ ।

स्पष्टीकरण : यस दफाको प्रयोजनका लागि "मातहतको अधिकृत" भन्नाले महान्यायाधिवक्ता अन्तर्गतका सरकारी वकील सम्झनु पर्छ र सो शब्दले संविधानमा अन्यथा व्यवस्था भएकोमा बाहेक नेपाल सरकार बादी हुने अन्य कुनै मुद्दा चलाउन महान्यायाधिवक्ताले अख्तियारी दिएको नेपाल सरकारको कुनै अधिकृत वा कर्मचारीलाई समेत जनाउँछ ।

(४) उपदफा (३) बमोजिम मुद्दा चलाउने वा नचलाउने निर्णय गर्ने सिलसिलामा मिसिल अध्ययन गर्दा सरकारी वकीलले थप सवुद प्रमाण सङ्कलन गर्न वा कुनै व्यक्तिसँग थप सोधपुछ गर्न आवश्यक देखेमा त्यस्तो सवुद प्रमाण सङ्कलन गरी पठाउन वा त्यस्तो व्यक्तिसँग सोधपूछ गरी पठाउन अनुसन्धान अधिकारीलाई निर्देशन दिन सक्नेछ ।

(५) सरकारी वकीलले कसूरको थप अनुसन्धान गर्न उपदफा (४) बमोजिम निर्देशन दिएमा अनुसन्धान अधिकारीले त्यस्तो निर्देशन प्राप्त भएको मितिले पन्ध्र दिनभित्र थप अनुसन्धान पूरा गरिसक्नु पर्नेछ ।

(६) उपदफा (५) बमोजिमको थप अनुसन्धान सोही उपदफामा उल्लिखित अवधि भित्र पूरा हुन नसक्ने भन्ने अनुसन्धान अधिकारीलाई लागेमा र कुनै व्यक्ति हिरासतमा रहेको भएमा अनुसन्धान अधिकारीले त्यस्तो व्यक्तिलाई माथवर व्यक्तिको जमानी लिई वा नलिई तारिखमा राख्न सक्नेछ ।

(७) अनुसन्धान अधिकारीले यस दफा बमोजिम कुनै व्यक्ति उपर मुद्दा चलाउन नसकिने कारण सहितको प्रतिवेदन सरकारी वकील समक्ष पेश गरेकोमा अनुसन्धानको सिलसिलामा कुनै व्यक्ति हिरासतमा रहेको भए अनुसन्धान अधिकारीले त्यस्तो व्यक्तिलाई सरकारी वकीलले मुद्दा चल्ने वा नचल्ने निर्णय नगरेसम्म हिरासतमा राखी राख्नु पर्नेछ ।

(८) यस परिच्छेदमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि अनुसूची - १ मा उल्लिखित कुनै कसूरमा प्रमाणको अभावमा मुद्दा नचलाउने गरी निर्णय भएकोमा पछि कुनै महत्वपूर्ण प्रमाण प्राप्त भएमा त्यस्तो कसूरका सम्बन्धमा पुनः अनुसन्धान गरी अभियोगपत्र दायर गर्न सकिनेछ ।

परिच्छेद-३

अभियोजन तथा मुद्दाको दायरी

३२. **अभियोग पत्र दायर गर्ने** : (१) दफा ३१ को उपदफा (३) बमोजिम मुद्दा चल्ने वा नचल्ने निर्णय गर्न मिसिल अध्ययन गर्दा सङ्कलित सवुद प्रमाणबाट मुद्दा चल्ने पर्याप्त प्रमाण देखिएमा अनुसूची-१ वा अनुसूची-२ अन्तर्गतको मुद्दा भए सम्बन्धित सरकारी वकीलले देहायका विवरणहरु उल्लेख गरी अनुसूची-२० बमोजिमको ढाँचामा अभियोगपत्र तयार गरी म्याद भित्रै सम्बन्धित अदालतमा पेश गर्नु पर्नेछ :-

(क) अभियुक्तको पूरा नाम, थर, वतन, हुलिया, उमेर, पेशा वा व्यवसाय,

(ख) अभियुक्तको वावु, आमा वा पति, पत्नीको नाम,

(ग) अभियुक्त बसोबास गरेको गाउँ विकास समिति वा नगरपालिका, वडा नं., गाउँ, टोल, भएसम्म ब्लक नं.,

(घ) अभियुक्तको वास्तविक पहिचान हुने विवरण, निजको फोटो, नागरिकता वा राहदानी, सवारी चालक इजाजतपत्र वा निजको वास्तविक परिचय खुल्ने अन्य कागजातको प्रतिलिपि,

(ङ) अभियुक्तको भएसम्मको दुवै हातको चोरी औंलाहरुको छाप,

(च) अरुको घरमा डेरा गरी वसेको भए घरधनीको नाम, थर र ठेगाना सहितको विवरण,

(छ) कसूरसँग सम्बन्धित सूचनाको व्यहोरा,

(ज) कसूर सम्बन्धी विवरण,

(झ) अभियुक्तले कसूर गरेको कुरा प्रमाणित गर्ने दसी, प्रमाणको विवरण,

(ञ) अभियुक्त उपर लगाईएको अभियोग र सोको आधार र कारणहरु,

(ट) प्रयोग हुनु पर्ने सम्बन्धित कानून र सोको कारण,

(ठ) अभियुक्तलाई हुनु पर्ने सजायको माग दावी र सोको कारण,

(ड)) कसूरबाट क्षति पुगेको व्यक्तिलाई क्षतिपूर्ति भराई दिनु पर्ने भए सो क्षतिपूर्तिको रकम,

(ढ) कसूरको प्रकृतिसँग सम्बन्धित अन्य आवश्यक कुनै कुरा भए सोको विवरण ।

(२) उपदफा (१) बमोजिम अभियोगपत्र पेश गर्दा कसूरका सम्बन्धमा सङ्कलित सवुद प्रमाण, दसी तथा वस्तु र अभियुक्त हिरासतमा रहेको भए निज सहित पेश गर्नु पर्नेछ ।

(३) उपदफा (१) बमोजिम पेश गरिने अभियोगपत्रमा अभियुक्त उपर अभियोग लगाउन प्रस्ताव गरिएको कसूरको कुनै खास नामाकरण कानूनमा गरिएको रहेछ भने सो कसूरको सम्वन्धमा सोही नामको उल्लेख गर्नु पर्नेछ ।

(४) उपदफा (३) बमोजिम प्रचलित कानूनमा कसूरको कुनै नामाकरण नगरिएको भए त्यस्तो कसूरको प्रकृति अनुसार अभियुक्त उपर लगाईएको अभियोग निजले स्पष्ट रुपमा वुझन सक्ने गरी कसूरका तत्वहरु समेत विचार गरी नामाकरण गर्नु पर्नेछ ।.

(५) अभियुक्तले पहिले कुनै कसूरमा सजाय पाईसकेको जानकारी हुन आएमा वा निज उपर अन्य कुनै मुद्दा चलाइएको रहेछ भने र सो कारणले बढी सजाय हुनु पर्ने अवस्था रहेछ भने निजले पहिले सजाय पाएको मिति र सजाय गर्ने अदालतको नाम तथा मुद्दा समेत उपदफा (१) बमोजिम दायर गरिएको अभियोगपत्रमा वा पछि खुल्न आएमा खुल्न आएको बखत उल्लेख गर्नु पर्नेछ ।

(६) कुनै कसूरका सम्बन्धमा कुनै व्यक्तिका बिरुद्ध मुद्दा चलाउन तत्काल सङ्कलित सवुद प्रमाण पर्याप्त नभई सरकारी वकीलले दफा ३१ को उपदफा (३) बमोजिम मुद्दा नचल्ने निर्णय गरेकोमा त्यस्तो कसूरमा कुनै व्यक्तिको निजी सम्पत्ति वा बिगो हानी नोक्सानी सम्बन्धी देवानी दायित्वका विषय समेत समावेश भएको रहेछ भने सरकारी वकीलले सोको सूचना जाहेरवाला वा त्यस्तो कसूरबाट पीडित व्यक्तिलाई सम्बन्धित अनुसन्धान अधिकारी मार्फत दिनु पर्नेछ ।

(७) उपदफा (६) बमोजिमको सूचना प्राप्त भएकोमा प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि त्यस्तो सूचना प्राप्त भएको मितिले साठी दिन भित्र सम्बन्धित व्यक्तिले मुद्दा दायर गर्न चाहेमा अनुसूची-४ अन्तर्गतको कसूर सरह मुद्दा दायर गर्न सक्नेछ ।

(८) यस संहिता बमोजिम अनुसन्धान गर्दा एक भन्दा बढी व्यक्ति उपर अनुसन्धान भएको तर त्यस्ता व्यक्ति मध्ये कुनै व्यक्तिको हकमा मात्र मुद्दा चलाइएको अवस्थामा र नेपाल सरकार वादी हुने भई अनुसन्धान भएको तर अनुसन्धानबाट सो मुद्दा नेपाल सरकार वादी भई चल्न सक्ने अवस्था नभई अन्य कानून अन्तर्गत मुद्दा चल्न सक्ने निर्णय भएमा सम्बन्धित सरकारी वकीलले सोको जानकारी सम्बन्धित पुनरावेदन सरकारी वकील कार्यालय र महान्यायाधिवक्ताको कार्यालयमा तुरुन्त पठाउनु पर्नेछ ।

(९) उपदफा (८) बमोजिम जानकारी प्राप्त भएपछि पुनरावेदन सरकारी वकील कार्यालयले सो विषय अध्ययन गरी मुद्दा चलाउनु पर्ने वा नचलाउनु पर्ने निर्णय गर्नु पर्नेछ र मुद्दा चलाउनु पर्ने मनासिब कारण देखिएमा सोको कारण खुलाई सम्बन्धित सरकारी वकीललाई मुद्दा चलाउने निर्देशन दिनेछ र त्यस्तो निर्देशन प्राप्त भएमा त्यस्तो सरकारी वकीलले पूरक अभियोग पत्र दायर गरी मुद्दा नचलाइएका व्यक्ति उपर मुद्दा चलाउनु पर्नेछ ।

(१०) उपदफा (९) बमोजिम पुनरावेदन सरकारी वकीलले मुद्दा नचलाउने निर्णय गरेकोमा सोको जानकारी महान्यायाधिवक्ताको कार्यालयलाई दिनु पर्नेछ ।

(११) उपदफा (१०) बमोजिमको जानकारी प्राप्त भएपछि महान्यायाधिवक्ताको कार्यालयले सम्बन्धित सरकारी वकीललाई मुद्दा चलाउने वा नचलाउने सम्बन्धमा आवश्यक निर्देशन दिन सक्नेछ ।

(१२) उपदफा (८) बमोजिम अन्य कानून अन्तर्गत मुद्दा चल्ने जानकारी प्राप्त भएकोमा त्यस्तो व्यहोरा मनासिब देखिएमा पुनरावेदन सरकारी वकील कार्यालयले सो कुराको जानकारी सम्बन्धित व्यक्तिलाई दिनु पर्नेछ ।

(१३) यस परिच्छेदमा अन्यथा व्यवस्था भएकोमा वाहेक अनुसन्धानको सिलसिलामा कुनै व्यक्तिबाट धरौट वा जमानत लिएको भए अनुसन्धानबाट निज उपर मुद्दा नचल्ने निर्णय भएमा त्यसरी राखेको धरौटी वा जमानत त्यस्तो व्यक्तिलाई फिर्ता गरिदिनु पर्नेछ ।

३३. **सजाय कम गर्ने माग दावी लिई अभियोग पत्र दायर गर्न सकिने** : (१) यस परिच्छेदमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि कुनै कसूरको अभियुक्तले अनुसन्धान अधिकारीलाई त्यस्तो कसूरको अनुसन्धान गर्न सहयोग पुऱ्याएमा सो वापत त्यस्तो अभियुक्तलाई कानून बमोजिम हुने सजायमा छुट हुन अनुसन्धान अधिकारीले सरकारी वकील समक्ष सिफारिस गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम सिफारिस भई आएमा सरकारी वकीलले सो सिफारिसलाई समेत विचार गरी त्यस्तो अभियुक्तलाई हुने सजायमा छुट दिन प्रस्ताव गरी शर्त सहितको माग दावी लिई अभियोगपत्र दायर गर्न सक्नेछ ।

(३) उपदफा (२) बमोजिम अभियोगपत्र दायर गर्दा सरकारी वकीलले देहाय बमोजिमको सजाय छुटको प्रस्ताव गरी अभियोगपत्र दायर गर्न सक्नेछ :-

(क) अभियुक्तले आफूले गरेको कसूर अनुसन्धान अधिकारी वा सरकारी वकील समक्ष पूर्ण रुपमा स्वीकार गरी साविति भएमा निजलाई हुने सजायमा पच्चीस प्रतिशत सम्म छुट,

(ख) अभियुक्तले आफू समेत संलग्न भएको कसूरमा सावित भई सो कसूरमा संलग्न अन्य कसूरदार वा गिरोह वा कसूर गराउन निर्देशन दिने मुख्य व्यक्ति वा कसूरको सम्बन्धमा विस्तृत तथ्य बताउन वा कसूरमा संलग्न व्यक्तिलाई पक्राउ गर्न वा कुनै संगठित वा समूहगत रुपमा भएको कसूर भए सो कसूरमा संलग्न अन्य व्यक्तिहरु वा त्यस्तो कसूरको आपराधिक षडयन्त्र हुने स्थान देखाउन, कसूर गर्न प्रयोग हुने सवारी साधन, यन्त्र, उपकरण वा अन्य वस्तु वा हातहतियार वरामद गर्न वा जफत गर्न सघाउ पुऱ्याएको भए निजलाई हुने सजायमा पचास प्रतिशतसम्म छुट ।

(४) उपदफा (२) बमोजिम सजाय छुटको माग दावी गर्नको लागि सम्बन्धित मुद्दाको मिसिल संलग्न कागजातबाट त्यस्तो अभियुक्तले त्यस्तो सहयोग गरेको कुरा स्पष्ट रुपमा देखिनु पर्नेछ ।

(५) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि देहायका कसूरका सम्बन्धमा वा अवस्थामा सजायमा छुट हुने माग दावी गर्न सकिने छैन :-

(क) एकपटक यस दफा अन्तर्गतको सुविधा पाइसकेको,

(ख) कैद सजाय पाएकोमा त्यस्तो कैद भुक्तान गरेको अवधि तीन वर्ष पूरा नगरेको,

(ग) जुन कसूरमा अभियोग लगाइने हो त्यस्तै कसूरमा एक पटक सजाय पाइसकेको ।

(६) उपदफा (२) बमोजिम सजायमा छुट पाउने गरी अभियोगपत्र दायर भई सकेपछि त्यस्तो अभियुक्तले अदालतमा अनुसन्धान अधिकारी वा सरकारी वकील समक्ष दिएको भन्दा फरक वयान दिएमा वा प्रतिकूल प्रमाण दिएमा वा आफ्नो कसूर इन्कार गरेमा वा न्यायिक कारवाहीमा सहयोग नपुऱ्याएमा निजले यस दफा बमोजिमको सुविधा पाउन सक्ने छैन ।

(७) उपदफा (६) बमोजिमको अवस्थामा सरकारी वकीलले उपदफा (१) वा (२) बमोजिम प्रस्ताव गरिएको छुट सजाय रद्द गरी थप सजायको माग गरी अदालतमा निवेदन दिनु पर्नेछ र त्यस्तो निवेदन सोही अभियोग पत्रको अभिन्न अंग हुनेछ ।

३४. **खास किसिमका सानातिना कसूरमा मुद्दा दायर गर्न आवश्यक नहुने** : (१) कुनै खास किसिमको सानातिना कसूरमा मुद्दा दायर गर्नु व्यावहारिक नभएको वा सार्वजनिक हितलाई खास असर नपर्ने देखिएको लागेमा सरकारी वकीलले महान्यायाधिवक्ताको स्वीकृति लिई त्यस्तो व्यक्ति बिरुद्ध मुद्दा दायर नगर्ने निर्णय गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम निर्णय गर्नु अघि सरकारी वकीलले त्यस्तो अभियुक्तलाई भविष्यमा त्यस्तो कसूर नगर्ने कबुलियत गराउनु पर्नेछ ।

(३) यस दफाको प्रयोजनको लागि "खास किसिमका सानातिना कसूर" भन्नाले देहायका कसूर सम्झनु पर्छ :-

(क) एक हजार रुपैयाँसम्मको बिगो भएको वा पहिलो पटक गरेको बगलीमारा सम्बन्धी कसूर

(ख) भिक्षा माग्ने कसूर,

(ग) तीन हजार रुपैयाँसम्म जरिबाना वा एक महिनासम्म कैद वा दुवै सजाय हुने पहिलो पटक गरेको अन्य कुनै कसूर ।

(४) यस दफा बमोजिम मुद्दा नचलाउने निर्णय गर्नु अघि सरकारी वकीलले कसूरको बिगो जफत गर्नु पर्नेछ ।

(५) उपदफा (१) बमोजिम जफत गरिएको बिगो कसूरबाट पीडित व्यक्ति रहेछ भने निजलाई र नभएमा कानून बमोजिम स्थापित पीडित राहत कोषमा दाखिला गर्नु पर्नेछ ।

(६) उपदफा (१) बमोजिम मुद्दा दायर नगरिएकोमा त्यस्तो व्यक्तिले सो मितिबाट तीन वर्षभित्र यस संहिता अन्तर्गतको कुनै कसूर गरेमा निजलाई पहिले गरेको कसूरको सजाय समेत थप हुनेछ ।

(७) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि सरकारी वकीलले मुद्दा नचलाउने निर्णय गरेकोमा त्यस्तो निर्णय उपर चित्त नवुझने पीडित पक्षले आफ्नो तर्फबाट मुद्दा दायर गर्न सक्नेछ ।

(८) उपदफा (७) को प्रयोजनको लागि त्यस्तो निर्णय भएको मितिले कानून बमोजिमको हदम्याद प्रारम्भ भएको मानिनेछ ।

(९) उपदफा (७) बमोजिम मुद्दा दायर गर्ने व्यक्तिलाई सम्बन्धित सरकारी वकीलले यस परिच्छेद बमोजिम भएको अनुसन्धानको कागजातका प्रतिलिपि उपलब्ध गराउनु पर्नेछ ।

३५. **थप दावी लिन सकिने** : कुनै मुद्दा अदालतमा दायर भैसकेपछि सो मुद्दामा अन्य सम्वद्ध थप प्रमाणहरुबाट मुद्दा दायर भैसकेका अभियुक्त बाहेक अन्य अभियुक्तहरु उपर समेत दावी लिन पर्ने भएमा वा मुद्दा दायर भई अभियुक्त कायम भई सकेका व्यक्ति उपर थप अभियोग लगाउनु पर्ने देखिएमा सोको

कारण खुलाई थप अनुसन्धान गर्न लगाई अन्य थप अभियुक्तको हकमा समेत थप दावी लिई सरकारी वकीलले मुद्दा दायर गर्न सक्नेछ ।

३६. **अभियोगपत्र संशोधन गर्न सक्ने** : (१) अदालतमा एकपटक दायर भैसकेको मुद्दामा थप प्रमाण फेला परी पहिले लिएको माग दावी संशोधन गर्नु पर्ने देखिएमा महान्यायाधिवक्ताको स्वीकृति लिई सम्बन्धित सरकारी वकीलले अभियोगपत्रमा संशोधन गर्न सम्बन्धित अदालतमा कारण खुलाई निवेदन दिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम निवेदन पर्न आएमा र सोको व्यहोरा मनासिब देखिए निवेदन बमोजिम अभियोगपत्रमा माग दावी संशोधन गर्ने आदेश सम्बन्धित अदालतले दिन सक्नेछ ।

तर त्यस्तो संशोधन गर्ने आदेश सम्बन्धित अदालतले फैसला गर्नु अघि नै दिइ सकेको हुनु पर्नेछ ।

३७. **सानातिना त्रुटी सच्याउन आदेश दिन सक्ने :** (१) अदालतमा दायर भएको मुद्दाको अभियोगपत्रमा सानातिना त्रुटी भई सच्याउन परेमा सम्बन्धित सरकारी वकीलले सम्बन्धित जिल्ला अदालत समक्ष सोको कारण खुलाई निवेदन दिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम निवेदन पर्न आएमा अदालतले निवेदन जाँचबुझ गर्दा त्यस्तो त्रुटी सच्याउन मनासिब ठहराएमा त्यस्तो त्रुटी सच्याउन आदेश दिन सक्नेछ ।

स्पष्टीकरण : यस दफाको प्रयोजनको लागि "सानातिना त्रुटी" भन्नाले अभियुक्तको नाम, थर, उमेर वा ठेगानाको हिज्जे वा टाइपिंग वा कम्प्यूटर सम्बन्धी त्रुटीलाई सम्झनु पर्छ ।

३८. **दसी, प्रमाण र अभियुक्त राख्ने** : (१) अनुसन्धान अधिकारीले अभियोजनका लागि अनुसन्धान प्रतिवेदन साथ मिसिल सरकारी वकील समक्ष पेश गर्दा कसूरसँग सम्बन्धित दसी, प्रमाण र अभियुक्तलाई आफ्नो नियन्त्रणमा राख्नु पर्नेछ र सम्बन्धित सरकारी वकीलले आदेश दिएमा सोही बखत सम्बन्धित अदालतमा पेश गर्नु पर्नेछ ।

(२) उपदफा (१) मा लेखिए देखि बाहेक यस परिच्छेद बमोजिम अदालतमा दायर भएको मुद्दाका सम्वन्धमा मुद्दा दायर भएपछि थप कुनै सवुद, प्रमाण वा कुनै वस्तु, लिखत वा दसी फेला परेमा सम्बन्धित प्रहरी कार्यालयले सम्बन्धित सरकारी वकील कार्यालयमा दाखिल गर्नु पर्नेछ र त्यस्तो सरकारी वकील कार्यालयले आवश्यक जाँचबुझ गरी त्यस्ता लिखत, दसी, प्रमाण अदालतमा पेश गर्नु पर्नेछ ।

३९. **सुरक्षित राख्नु पर्ने** : (१) सरकारी वकीलले दफा ३१ को उपदफा (३) बमोजिम मुद्दा नचल्ने निर्णय गरेकोमा मिसिल लगायतका दसी, प्रमाणका वस्तु सम्बन्धित प्रहरी कार्यालयमा अविलम्ब फिर्ता पठाउनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम प्राप्त मिसिल, दसी प्रमाण, वस्तु सम्बन्धित प्रहरी कार्यालयले त्यस्तो कसूरको मुद्दा चलाउन सकिने हदम्यादको अवधिसम्म सुरक्षित राख्नु पर्नेछ ।

(३) उपदफा (१) बमोजिम फिर्ता पठाउनु पर्ने दसी, प्रमाण, वस्तु कसैको सम्पत्ति रहेछ भने त्यस्तो सम्पत्ति धनीलाई आवश्यक परेको बखत त्यस्तो सम्पत्ति अनुसन्धान अधिकारी वा अदालतमा दाखिला गर्ने शर्त सहितको कागज गराई त्यस्तो सम्पत्ति फिर्ता दिन सकिनेछ ।

४०. **अभियोगपत्रको प्रतिलिपि दिनु पर्ने** : (१) सरकारी वकीलले दफा ३१ को उपदफा (३) बमोजिम मुद्दा नचल्ने गरी निर्णय गरेकोमा सो निर्णयको प्रतिलिपी र मुद्दा चल्ने निर्णय भएकोमा अभियोगपत्रको प्रतिलिपी सम्बन्धित अनुसन्धान अधिकारी र अभियुक्तलाई उपलव्ध गराउनु पर्नेछ ।

(२) अनुसूची-१ वा अनुसूची-२ अन्तर्गतका कुनै मुद्दामा मुद्दा चलाउन पर्याप्त प्रमाण नभएको भनी सम्बन्धित सरकारी वकीलले निर्णय गरेमा निजले त्यस्तो निर्णयको जानकारी सम्बन्धित अनुसन्धान अधिकारी र सो भन्दा माथिल्लो तहको प्रहरी कार्यालयलाई दिन सक्नेछ ।

४१. **जाहेरवाला वा पीडितलाई सूचना दिनु पर्ने** : कुनै कसूरको सम्बन्धमा दफा ३१ को उपदफा (३) बमोजिम मुद्दा नचलाउने निर्णय भएमा अनुसन्धान अधिकारीले त्यसको कारण सहितको सूचना जाहेरवाला वा पीडितलाई यथाशिघ्र दिनु पर्नेछ ।

४२. **सरोकारवाला व्यक्तिलाई पक्ष कायम गर्ने :** (१) यस संहिता बमोजिम नेपाल सरकार वादी भई दायर भएको कुनै मुद्दा कारवाही हुँदा अनुसूची-१ वा अनुसूची-२ भित्र नपर्ने देखिएको तर कानून बमोजिम अन्य कुनै मुद्दा चल्न सक्ने देखिएमा अदालतले सोही आदेश गरी सरोकारवाला व्यक्तिलाई सोको सूचना दिनु पर्नेछ ।

(२) सरोकारवालाले उपदफा (१) बमोजिम सूचना पाएको मितिले दुई महिना भित्र सो मुद्दा सकार गरेमा निजलाई वादी पक्ष कायम गरी सोही मुद्दाको मिसिलबाट कानून बमोजिम कारवाही र किनारा गर्नु पर्नेछ ।

४३. **मुद्दाको दायरी** : (१) यस संहिता बमोजिम दायर गर्नु पर्ने देहायको मुद्दा देहायको अधिकारी वा व्यक्तिले सम्बन्धित अदालतमा दायर गर्न सक्नेछ :-

(क) अनुसूची-१ र अनुसूची-२ अन्तर्गतका कसूर सम्बन्धी मुद्दा अनुसन्धान भई अभियोगपत्रका रुपमा सम्बन्धित सरकारी वकीलले,

(ख) अनुसूची-३ अन्तर्गतका कसूर सम्बन्धी मुद्दा उजुरी वा प्रतिवेदनको रुपमा नेपाल सरकार, संवैधानिक निकाय, अदालत वा कुनै सार्वजनिक अधिकारीले,

(ग) अनुसूची-४ अन्तर्गतका कसूर सम्बन्धी मुद्दा त्यस्तो मुद्दा दायर गर्न सक्ने हकदैया भएको वा सरोकारवाला व्यक्तिले,

(२) उपदफा (१) बमोजिम मुद्दा दायर गरेमा त्यस्तो मुद्दा यस संहिता बमोजिम दायर भएको मानिनेछ ।

४४. **पोल उजुर गरे वापत सजाय नहुने** : (१) अनुसूची-१, अनुसूची-२ र अनुसुची-३ अन्तर्गतका कसूर सम्बन्धी मुद्दामा पोल वा उजुर गरे वापत कुनै सजाय हुने छैन ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि आफू गवाह भई नेपाल सरकार, प्रहरी कर्मचारी वा अन्य अधिकारीलाई विश्वास पर्ने किसिमको कुनै कुरा वा सवूद प्रमाण देखाई पोल उजुर गरेकोमा सोही आधारबाट अनुसन्धान भई अदालतमा मुद्दा चलिसकेपछि सो कुरा वा सवूद वा प्रमाण झुट्ठा वा वनावटी भएको कुरा उल्लेख गरी कसैको प्रतिवेदन, उजुरी परेमा वा वयान भएमा वा कुनै साक्षी वा जाहेरवालाको वकपत्र वा अन्य कुनै किसिमबाट देखिएमा अदालतले सोही मिसिलबाट प्रमाण बुझी देहाय बमोजिम गर्न सक्नेछ :-

(क) झुट्ठा कुरा लेखी दिने वा बनावटी व्यहोराको वकपत्र गर्ने साक्षीलाई तीन महिनासम्म कैद वा पाँच हजार रुपैंयाँसम्म जरिबाना वा दुवै सजाय गर्न,

तर त्यसरी सजाय गर्दा कसूरदारलाई हुने सजायको आधा भन्दा बढी कैद वा जरिबाना गर्न सकिने छैन ।

(ख) झुट्ठो कुरा लेखि दिने वा बनावटी प्रमाण पेश गर्ने काम वा पोल उजुर गर्नु पर्ने मनासिब माफिकको कारण नभई साक्षीले व्यक्तिगत रिसइविले गरेको

भन्ने अदालतलाई लागेमा सफाई पाउने प्रतिवादीलाई मुद्दाको प्रकृति र अवस्था विचार गरी त्यस्तो साक्षीबाट मनासिब क्षतिपूर्ति त्यसै मुद्दाबाट भराई दिन ।

तर निजले दिएको जाहेरी वा साक्षी प्रतिकूल हुनाको मनासिब कारण दिएमा क्षतिपूर्ति भराइने छैन ।

परिच्छेद - ४
अदालतको अधिकारक्षेत्र

४५. **कसूर भएको क्षेत्रको अदालतले मुद्दा हेर्ने** : कुनै कसूर सम्बन्धी मुद्दाको कारबाई र किनारा गर्ने अधिकार सामान्यतः त्यस्तो कसूर भएको क्षेत्रको अदालतलाई हुनेछ ।

तर नेपाल सरकारले कानून बमोजिम कुनै जिल्लामा छुट्टै फौजदारी अदालत वा फौजदारी इजलास गठन गरी त्यस्ता कसूरको कारवाही र किनारा गर्न वा गराउन सक्नेछ ।

४६. **विभिन्न क्षेत्रसँग सम्बन्धित कसूर भएमा त्यस्ता क्षेत्र मध्ये कुनै क्षेत्रको अदालतले मुद्दा हेर्न सक्ने** : देहायको अवस्थामा कुनै क्षेत्रको अदालतले मुद्दाको कारवाही र किनारा गर्न सक्नेछ :-

(क) कसूर ठहरिने कुनै काम आंशिक रुपमा एउटा इलाका र आंशिक रुपमा अर्को इलाकामा भएकोमा सो क्षेत्रहरु मध्ये कुनै क्षेत्रको अदालतले,

(ख) कुनै काम एउटा इलाकामा भएको र त्यसको परिणाम कसूरको रुपमा अर्को क्षेत्रमा प्रकट भएकोमा सो मध्ये कुनै क्षेत्रको अदालतले,

(ग) एकै घटनाको सिलसिलामा विभिन्न कसूरहरु विभिन्न क्षेत्रमा भएकोमा त्यस्तो कसूरहरु मध्ये कुनै कसूर भएको क्षेत्रको अदालतले,

(घ) कुनै कसूर विभिन्न क्षेत्रहरुमा भई कुन क्षेत्रमा कसूर हुने काम पूरा भएको हो भन्ने यकीन हुन नसकेमा त्यस्ता क्षेत्रहरु मध्ये कुनै क्षेत्रको अदालतले,

(ङ) मानिसको अपहरण वा शरीर वन्धक सम्बन्धी कसूर भएकोमा सो कसूर जुन क्षेत्रमा भएको छ वा जुन क्षेत्रमा अपहरण वा वन्धक वनाइएको व्यक्ति राखिएको वा लुकाइएको वा थुनिएको छ सो मध्ये कुनै क्षेत्रको अदालतले,

(च) यात्रा गरिरहेको कुनै व्यक्तिले गरेको वा यात्रा गरिरहेको कुनै व्यक्तिको विरुद्ध वा एक क्षेत्रबाट अर्को क्षेत्रमा लैजान लागेको मालसामानको सम्बन्धमा गरिएको कसूर भए कसूर प्रारम्भ भएको वा त्यस्तो व्यक्ति यात्राकालमा जुन जुन क्षेत्रमा गएको छ वा त्यस्तो मालसामान वरामद भएको वा जुन जुन क्षेत्र भएर लगिएको छ सो मध्ये कुनै क्षेत्रको अदालतले

(छ) कुनै कसूरको तयारी वा आपराधिक षडयन्त्र एक क्षेत्रमा भई कसूर हुने काम अर्को क्षेत्रमा पूरा भएकोमा तयारी वा षडयन्त्र भएको क्षेत्र वा कसूर हुने काम पुरा भएको क्षेत्रको अदालत मध्ये कुनै अदालतले,

(ज) कुनै कसूर चिट्ठी वा अन्य कुनै सञ्चार वा सूचना प्रविधिको माध्यमबाट भएकोमा सो चिट्ठी वा खवर जुन क्षेत्रबाट संम्प्रेषण भएको वा जुन क्षेत्रमा प्राप्त गरिएको छ सो मध्ये कुनै क्षेत्रको अदालतले,

(झ) कुनै कसूर दुई मुलुकको दश गजा क्षेत्र भित्र भएकोमा त्यस्तो कसूर भएको क्षेत्रसँग जोडिएको अदालतले,

(ञ) सम्पत्ति सम्बन्धी कसूरको हकमा त्यस्तो कसूर भएको क्षेत्र वा कसूरबाट प्राप्त सम्पत्ति लुकाएको, किनेको, वेचेको वा अन्य कुनै प्रकारले लिए दिएको क्षेत्रको अदालतले,

(ट) नेपाल वा नेपाल सरकार पक्ष भएको कुनै सन्धि वा कानून बमोजिम विश्वव्यापी क्षेत्राधिकार (युनिभर्सल जुरिस्डिक्शन) कायम हुने कसूर सम्बन्धी मुद्दाको हकमा नेपाल सरकारले तोकेको अदालतले ।

४७. **नेपाल बाहिर भएको कसूर सम्बन्धी मुद्दा हेर्ने अधिकार क्षेत्र** : नेपालमा दर्ता भएको वायुयान वा पानी जहाजमा भएको वा नेपाल बाहिर भएको कुनै कसूरको सम्बन्धमा प्रचलित कानूनले सजाय हुने व्यवस्था भएकोमा त्यस्तो कसूरको अभियुक्त नेपाल भित्रको जुन जिल्लामा फेला परेको छ सोही जिल्लाको अदालतमा र फेला नपरेकोमा निजको स्थायी वासस्थान भएको इलाकाको जिल्ला अदालतमा त्यस्तो कसूर सम्बन्धी मुद्दाको कारवाही र किनारा गरिनेछ ।

४८. **दुई अदालतमा मुद्दा परेमा पहिले मुद्दा परेको अदालतले हेर्नु पर्ने** : कुनै एक कसूरको सम्वन्धमा एक भन्दा बढी अदालतमा मुद्दा दायर भएको रहेछ भने जुन अदालतमा पहिले मुद्दा दायर भएको हो सोही अदालतले र एकै दिन दायर भएकोमा एकै पुनरावेदन सुन्ने अदालतको क्षेत्राधिकार भित्र पर्ने अदालतमा भए त्यस्तो अदालतको पुनरावेदन सुन्ने अदालतले र भिन्न भिन्न पुनरावेदन सुन्ने अदालतको क्षेत्राधिकार भित्र पर्ने भए सर्वोच्च अदालतले तोकेको अदालतले त्यस्तो कसूर सम्बन्धी मुद्दाको कारबाही र किनारा गर्नु पर्नेछ ।

४९. **तल्लो र माथिल्लो अदालतको अधिकारक्षेत्र भित्र पर्ने मुद्दा माथिल्लो अदालतले हेर्नु पर्ने** : (१) प्रचलित कानून बमोजिम कुनै कसूर सम्बन्धी मुद्दा तल्लो र माथिल्लो तहको अदालत दुवैको अधिकारक्षेत्र भित्र पर्ने वा दफा ५४ को उपदफा (१) र उपदफा (२) को खण्ड (क) वा (ग) अन्तर्गत संयुक्त रुपमा कारबाही हुन सक्ने व्यक्ति वा कसूर सम्बन्धी मुद्दा तल्लो तह र माथिल्लो तहको दुवै अदालतको अधिकार क्षेत्रभित्र परी दायर हुन सक्ने भएमा वा दायर भएकोमा त्यस्तो मुद्दा हेर्ने अधिकार माथिल्लो तहको अदालतलाई हुनेछ ।

तर कुनै कसूर सम्बन्धी मुद्दा अदालत र अर्ध न्यायिक निकाय दुबैबाट कारवाही र किनारा हुन सक्ने अवस्था रहेछ भने त्यस्तो मुद्दा अदालतबाटै कारबाई र किनारा गर्नुपर्नेछ ।

(२) दफा ५४ को उपदफा (१) र उपदफा (२) को खण्ड (क) वा (ग) अन्तर्गत संयुक्त रुपमा कारबाही हुन सक्ने अवस्था भए तापनि भिन्न भिन्न प्रकारका अदालत वा न्यायिक निकायको अधिकारक्षेत्र अन्तर्गत पर्ने मुद्दा रहेछ भने कानून बमोजिम अधिकार प्राप्त तत् तत् अदालत वा निकायबाट कारवाही र किनारा गर्नु पर्नेछ ।

५०. **अधिकार क्षेत्र नभएको वा वेरितको भएमा दरपीठ गर्नु पर्ने** : (१) कुनै अभियोगपत्र वा उजुरीको व्यहोराबाट त्यस्तो उजुरी सम्बन्धी मुद्दाको कारबाही र किनारा गर्ने आफ्नो अधिकार क्षेत्र नभएको वा रीत नपुऱ्याई दर्ता गर्न ल्याएको देखिएमा अदालतले सोही कुरा उल्लेख गरी सो अभियोगपत्र वा उजुरी दरपीठ गरी दिनु पर्नेछ ।

(२) अधिकार क्षेत्र नभएको कारणले उपदफा (१) बमोजिम दरपीठ भएको उजुरीको विषयमा मुद्दा गर्नु पर्ने अन्तिम हदम्याद दरपीठ भएको दिनसम्म रहेछ भने प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि त्यस्तो उजुरी गर्ने व्यक्तिले सो दिनबाट बाटोको म्याद बाहेक सात दिन भित्र दर्ता गर्न ल्याएमा अधिकारक्षेत्र भएको अदालतले कानून बमोजिम दर्ता गरिदिनु पर्नेछ ।

५१. **क्षेत्राधिकार र हदम्याद सम्बन्धमा निर्णय गर्नु पर्ने :** (१) यस संहितामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि कुनै मुद्दाका सम्बन्धमा अभियुक्तले बयान गर्दा वा प्रतिवादीले प्रतिउत्तर पत्र पेश गर्दा

अदालतको क्षेत्राधिकार नभएको वा हदम्याद नभएको भन्ने प्रश्न उठाएमा अदालतले पहिले त्यस्तो प्रश्नका सम्बन्धमा निर्णय गरेर मात्र त्यस्तो मुद्दाको अन्य कारवाही अगाडि बढाउनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम भएको निर्णय उपर त्यस्तो निर्णय भएको मितिले पैंतीस दिनभित्र पुनरावेदन सुन्ने अदालतमा उजुर गर्न सकिनेछ ।

(३) उपदफा (१) वा (२) बमोजिम निरुपण भएको प्रश्न पुनरावेदन सुन्ने अदालतमा पुनः उठाउन सकिने छैन ।

तर मुद्दाको रोहमा हुने अन्तरकालिन आदेशका हकमा यो व्यवस्था लागू हुने छैन ।

परिच्छेद - ५

मुद्दाको प्रारम्भिक कारवाही सम्बन्धी व्यवस्था

५२. **मुद्दा दायर भएपछि अदालतले कारबाही प्रारम्भ गर्नुपर्ने** : (१) यस संहितामा अन्यथा व्यवस्था भएकोमा बाहेक कुनै कसूरका सम्बन्धमा यस परिच्छेद बमोजिम मुद्दा दायर भएपछि अदालतले मुद्दाको कारबाही प्रारम्भ गर्नु पर्नेछ ।

तर,

(क) अदालतको आदेशको अवज्ञा गरेको वा अरु कुनै किसिमले अदालतको अवहेलना गरेको कसूरमा अदालतले अभियुक्तको ठाडो वयान लिएर वा लिखित स्पष्टीकरण मागेर वा अन्य कुनै निवेदन वा प्रतिवेदनबाट पनि मुद्दाको कारबाई प्रारम्भ गर्न सक्नेछ ।

(ख) कुनै मुद्दामा अदालतले प्रमाण बुझ्दा कुनै पक्षले कुनै प्रमाणलाई जालसाँजी वा कीर्ते भनी वयान गरेकोमा सोही वयानको आधारमा लिखत कीर्ते वा जालसाजीको कसूरमा वा सो कसूर गर्न दुरुत्साहन दिएको, आपराधिक षडयन्त्र गरेको वा मतियार भएको कसूरमा सोही मिसिलबाट मुद्दाको कारबाई प्रारम्भ गर्न सकिनेछ ।

(२) अपराध संहिताको भाग २ को परिच्छेद ३ को दफा ७८, ७९, परिच्छेद ४ को ८७, ८८, ८९, ९०, ९१, ९५, ९६, ९८ मा उल्लिखित कुनै कसूर गरेको, त्यस्तो कुनै कसूर गर्न दुरुत्साहन दिएको, अपराधिक षडयन्त्र गरेको वा मतियार भएको अभियोगमा उपदफा (१) को प्रतिवन्धात्मक वाक्यांशको खण्ड (ख) बमोजिम मुद्दाको कारवाही प्रारम्भ भएकोमा बाहेक, अदालतले सम्बन्धित व्यक्तिको निवेदन, प्रतिवेदन, बयान वा कुनै छुट्टै उजुरीको आधारमा मुद्दा चलाउन न्यायोचित ठहराई कारण सहितको आदेश पर्चा खडा गरी मुद्दाको कारबाई प्रारम्भ गर्न सक्नेछ :-

(३) उपदफा (२) मा उल्लिखित मुद्दाको कारवाही र किनारा मूल कसूर सम्बन्धी मुद्दा साथै राखी गर्नु पर्नेछ ।

(४) यस परिच्छेदमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि नेपाल सरकार वा विभागीय प्रमुखको लिखित स्वीकृति भएकोमा बाहेक नेपाल सरकारको कुनै कर्मचारी उपर निजले आफ्नो ओहदाको कर्तव्य पालनाको सिलसिलामा गरेको कुनै कामको सम्बन्धमा निज उपर कुनै कसूरको अभियोग लगाई मुद्दा चल्ने छैन ।

तर कुनै कर्मचारीले आफ्नो ओहदाको कर्तव्य भन्दा बाहिरको कुनै काम गरी कुनै कसूर गरेमा निज उपर सो कसूरको अभियोग लगाई मुद्दा चलाउन नेपाल सरकारको वा विभागीय प्रमुखको स्वीकृति लिनु पर्ने छैन ।

(५) अनुसूची-१ र अनुसुची-२ अन्तर्गतका कसूरको सम्बन्धमा सरकारी वकीलबाट अभियोग पत्र पेश नगरी कुनै व्यक्ति उपर मुद्दा चल्ने छैन ।

(६) उपदफा (५) मा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै कसूरबाट हुन गएको क्षति पूर्तिका लागि देहायको व्यक्तिले छुट्टै उजुरी दिन सक्नेछ :-

(क) कसूरबाट क्षति पुगेको व्यक्ति,

(ख) आफ्नो नोकरीको सिलसिलामा अन्यत्र खटिएको वा विदेशमा रहेको राष्ट्रसेवकले उजुर गर्न पर्ने कुराको सम्बन्धमा निजको नजिकको कुनै हकवाला,

(ग) कुनै व्यक्तिले कुनै पद, ओहदा वा अन्य कुनै हैसियतले गर्नु पर्ने कुनै काम वा संरक्षण गर्नु पर्ने कुनै कुराको सम्बन्धमा त्यस्तो पद, ओहदा वा हैसियतमा रहेको व्यक्ति,

(घ) अपाङ्गता भएको व्यक्ति, बालबालिका वा पचहत्तर वर्ष उमेर नाघेको व्यक्ति वा शारीरिक वा मानसिक रोगले असमर्थ भएको व्यक्तिले उजुर गर्न पाउने कुराको सम्बन्धमा निजको एकाघरको हकवाला र त्यस्तो हकवाला नभए अन्य कुनै हकवाला वा संरक्षक,

(ङ) कुनै सँगठित संस्था संलग्न रहेको कसूरको सम्बन्धमा त्यस्तो संस्थाको मुख्य भई काम गर्ने अधिकार प्राप्त संचालक वा सदस्य, प्रशासक वा प्रमुख कार्यकारी अधिकृत ।

५३. **उजुरी गर्न सक्ने** : (१) यस संहितामा अन्यथा व्यवस्था भएकोमा बाहेक कुनै कसूरको सम्बन्धमा अदालतमा देहायको व्यक्तिले उजुरी दिन सक्नेछ :-

(क) कसूरबाट क्षति पुगेको व्यक्ति,

(ख) आफ्नो नोकरीको सिलसिलामा अन्यत्र खटिएको वा विदेशमा रहेको राष्ट्रसेवकले उजुर गर्न पर्ने कुराको सम्बन्धमा निजको नजिकको कुनै हकवाला,

(ग) कुनै व्यक्तिले कुनै पद, ओहदा वा अन्य कुनै हैसियतले गर्नु पर्ने कुनै काम वा संरक्षण गर्नु पर्ने कुनै कुराको सम्बन्धमा त्यस्तो पद, ओहदा वा हैसियतमा रहेको व्यक्ति,

(घ) लाटो, अन्धो, बालबालिका वा पचहत्तर वर्ष उमेर नाघेको व्यक्ति वा शारीरिक वा मानसिक रोगले असमर्थ भएको व्यक्तिले उजुर गर्न पाउने कुराको सम्बन्धमा निजको एकाघरको हकवाला र त्यस्तो हकवाला नभए अन्य कुनै हकवाला वा संरक्षक,

(ङ) कुनै सँगठित संस्था संलग्न रहेको कसूरको सम्बन्धमा त्यस्तो संस्थाको मुख्य भई काम गर्ने अधिकार प्राप्त संचालक वा सदस्य, प्रशासक वा प्रमुख कार्यकारी अधिकृत ।

(२) उपदफा (१) बमोजिमको उजुरी दिंदा देहायको विवरण खुलाई अनुसूची-२१ बमोजिमको ढाँचामा दिनु पर्नेछ :-

(क) अभियुक्तको नाम, थर, वतन (टोल समेत) हुलिया, उमेर, पेशा वा व्यवसाय, बाबु आमा वा पति वा पत्नीको नाम,

(ख) अभियुक्तको नागरिकता, राहदानी सवारी चालक इजाजतपत्र वा सजिलैसँग फेला पार्न सकिने अन्य परिचयात्मक विवरण,

(ग) अभियुक्त रहे बसेको गाउँ विकास समिति वा नगरपालिका, वडा नं., गाउँ, टोल, भएसम्म ब्लक नं.,

(घ) अरुको घरमा डेरा गरी वसेको भए थाहा भएसम्म घरधनीको नाम, थर र ठेगाना,

(ङ) अभियुक्तको स्थायी वासस्थान नभए निज वसेको घर धनीको नाम थर र वतन,

(च) कसूर सम्बन्धी विवरण,

(छ) एकैपटकमा एकभन्दा बढी कसूर भएको भए अभियुक्त उपर लगाइएको प्रत्येक अभियोग र तत्सम्बन्धी प्रमाण,

(ज) प्रयोग हुनु पर्ने सम्बन्धित कानून र सोको आधार,

(झ) अभियुक्तलाई हुनु पर्ने सजायको माग दावी र सोको आधार,

(ञ) कसूरबाट पुगेको क्षति र अभियुक्तबाट क्षतिपूर्ति भराउनु पर्ने भए क्षतिपूर्तिको रकम र सोको आधार,

(ट) अन्य आवश्यक कुरा ।

(३) उपदफा (१) बमोजिम उजुरी दिंदा त्यस्तो उजुरीको साथ अभियुक्तको संख्या वरावरको उजुरीको नक्कल र उजुरवालाले पेश गर्न चाहेको लिखत प्रमाणहरुको एक प्रति नक्कल पनि पेश गर्नु पर्छ ।

तर नेपाल सरकार वादी हुने मुद्दामा उजुरी तथा लिखत प्रमाणको नक्कल पेश गर्नु पर्ने छैन ।

५४. **संयुक्त रुपमा मुद्दा चलाउन सकिने** : (१) देहायका व्यक्तिहरु उपर एउटै अभियोगपत्र, प्रतिवेदन, उजुरी, फिरादपत्र वा आदेश पर्चाबाट मुद्दा चलाउन सकिनेछ :-

(क) एउटै कामको सिलसिलामा एउटै वा विभिन्न कसूर गर्ने व्यक्तिहरु,

(ख) एउटै कामको सिलसिलामा नभए पनि संयुक्त रुपमा वा मिलोमतोबाट एक वा एक भन्दा बढी कसूर गर्ने व्यक्तिहरु, वा

(ग) एक अर्कोसँग सम्बन्धित विभिन्न कसूर गर्ने व्यक्तिहरु ।

(२) देहायका कसूरहरुमा संलग्न व्यक्तिहरुको हकमा एउटै अभियोगपत्र, प्रतिवेदन, उजुरी, फिरादपत्र वा आदेश पर्चाबाट मुद्दा चलाउन सकिनेछ :-

(क) कसूरको उद्योग, दुरुत्साहन वा अपराधिक षडयन्त्र,

(ख) मतियार भएको कसूर,

(ग) कसूरबाट प्राप्त कुनै चीजवस्तु राखेको, किनेको, वेचेको, दिएको वा लिएको कसूर,

(घ) कसूर गर्ने मनसायले कुनै चीजवस्तु राखेको, बेचेको दिएको वा लिएको कसूर, वा

(ङ) कसूरसँग सम्बन्धित कुनै व्यक्तिलाई लुकाएको वा भगाएको कसूर ।

५५. **प्रत्येक कसूर वा अभियुक्तको सम्बन्धमा छुट्टा छुट्टै उजुरी दिनु पर्ने** : दफा ५३ र ५४ मा अन्यथा लेखिएकोमा बाहेक प्रत्येक कसूर वा अभियुक्तको सम्बन्धमा छुट्टा छुट्टै अभियोगपत्र वा उजुरी दिनु वा आदेश पर्चा खडा गर्नु पर्नेछ ।

५६. **नेपाल सरकारलाई वादी कायम गर्ने** : दफा ५२ को उपदफा (२) बमोजिमको उजुरीबाट चलेको मुद्दा बाहेक अनुसूची-१ र अनुसूची-२ अन्तर्गतका कसूर सम्बन्धी मुद्दामा नेपाल सरकारलाई वादी कायम गरी मुद्दाको कारबाही चलाइनेछ ।

परिच्छेद-६

पक्राउ पूर्जी र समाव्हान

५७. **पक्राउ गर्ने वा समाव्हान जारी गर्ने** : (१) यस संहिता बमोजिम उजुरी परेपछि अनुसूची-१ र अनुसूची-२ मा उल्लिखित कसूर सम्बन्धी मुद्दामा उजुरी साथ उपस्थित नभएका अभियुक्तलाई उपस्थित गराउन अदालतले यस परिच्छेदको अधीनमा रही आवश्यकता अनुसार पक्राउ पूर्जी वा समाव्हान जारी गर्नेछ ।

(२) देहायको कुनै कसूरको अभियोग लागेको मुद्दामा उपदफा (१) बमोजिम अभियुक्तलाई उपस्थित गराउन अदालतले पक्राउ पूर्जी जारी गर्नेछ :-

(क) जघन्य कसूर वा गम्भीर कसूरमा सजाय हुने व्यक्ति,

(ख) तीन वर्ष भन्दा बढी कैदको सजाय हुन सक्ने अनुसूची-१ वा अनुसूची-२ अन्तर्गतका कुनै कसूर, वा

(ग) खण्ड (क) वा (ख) मा उल्लिखित कुनै कसूरको उद्योग, दुरुत्साहन वा आपराधिक षडयन्त्र गरेको वा सो कसूरमा मतियार भएको कसूर वा त्यस्ता कसूरको अभियुक्तलाई लुकाएको वा भगाएको कसूर ।

(३) उपदफा (२) मा उल्लिखित कसूर बाहेक अन्य कसूरको अभियुक्तलाई अदालतमा उपस्थित गराउन अदालतले आवश्यकता अनुसार समाव्हान जारी गर्नेछ ।

तर अभियुक्त भागी पक्राउ हुन नसक्ने सम्भावना छ भन्ने विश्वास गर्नु पर्ने मनासिब कारण भएमा वा समाव्हानमा तोकिएको म्यादमा अभियुक्त अदालतमा उपस्थित नभएमा त्यस्तो अभियुक्तका हकमा अदालतले उपदफा (२) बमोजिम पक्राउ पूर्जी जारी गर्न सक्नेछ ।

(४) उपदफा (३) बमोजिम समाव्हान जारी गर्दा अदालतमा दाखिल गर्नु पर्ने लिखत वा अन्य कुनै दसी प्रमाण लुकाउने वा नास गर्ने समभावना छ भन्ने विश्वास गर्नु पर्ने मनासिब कारण भएमा वा समाव्हानमा तोकिएको म्याद भित्र समाव्हान बमोजिम कुनै लिखत वा दसी प्रमाण अदालतमा दाखिल नगरेमा अदालतले सो लिखत वा दसी प्रमाण दाखिल गर्नु पर्ने कर्तव्य भएको व्यक्तिलाई पक्राउ गरी उपस्थित गराउन पक्राउ पूर्जी जारी गर्न सक्नेछ ।

(५) उपदफा (४) बमोजिम पक्राउ पूर्जी जारी भएकोमा अदालतले सो दफामा उल्लिखित लिखत वा दसी प्रमाण रहेको ठाउँको तलासी लिई अदालतमा दाखिल गर्न कुनै कर्मचारी वा कुनै प्रहरी अधिकृतलाई आदेश दिन सक्नेछ ।

(६) उपदफा (५) बमोजिमको कर्मचारी वा प्रहरी अधिकृतले कुनै ठाउँको खानतलासी गर्दा दफा १८ बमोजिम गर्नु पर्नेछ ।

(७) अदालतले यस दफा बमोजिम कुनै अभियुक्तलाई उपस्थित गराउन पक्राउ पूर्जी वा समाव्हान जारी गर्दा उजुरीको व्यहोरा समेत खुल्ने गरी अनुसूची-२२ बमोजिमको ढाँचामा सूचना पठाउनु पर्नेछ ।

५८. **पक्राउ पूर्जी जारी गर्ने कार्यविधि** : (१) अदालतले यस परिच्छेद बमोजिम पक्राउ पूर्जी जारी गर्दा पक्राउ गर्नु पर्ने व्यक्तिको पूरा नाम र ठेगाना तथा पक्राउ गर्नु पर्ने कारण स्पष्ट रुपमा उल्लेख गरी अभियुक्तको सम्बन्धमा भए अनुसूची-२३ बमोजिमको ढाँचामा र साक्षी तथा अन्य व्यक्तिको सम्बन्धमा भए अनुसूची-२४ बमोजिमको ढाँचामा पक्राउ पूर्जी जारी गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम जारी भएको पक्राउ पूर्जीमा सम्बन्धित अधिकारीले सहिछाप गरी अदालतको छाप लगाउनु पर्नेछ ।

(३) उपदफा (१) बमोजिम पक्राउ पूर्जी जारी गर्दा पक्राउ गर्नु पर्ने व्यक्ति रहे वसेको वा रहन वस्न सक्ने इलाकाको प्रहरी कार्यालयको नाउंमा जारी गर्नु पर्नेछ ।

तर अदालतले आवश्यक सम्झेमा अदालतकै कर्मचारीबाट पनि पक्राउ पूर्जी जारी गर्न सक्नेछ ।

(४) यस दफा बमोजिम जारी भएको पक्राउ पूर्जी सो तामेल नभएसम्म वा अदालतबाट बदर नभए सम्म कायम रहनेछ ।

(५) पक्राउ पूर्जी जारी भएको व्यक्तिलाई सो पूर्जी बमोजिम पक्राउ गर्न सकिनेछ र सो बमोजिम कुनै व्यक्तिलाई पक्राउ गर्दा निजलाई पक्राउ पूर्जी देखाई दफा ५७ को उपदफा (७) बमोजिम पठाएको सूचना समेत निजलाई दिनु पर्नेछ ।

(६) पक्राउ पूर्जी बमोजिम पक्राउ गरिएको व्यक्तिलाई बाटोको म्याद बाहेक चौवीस घण्टामा नबढाई यथासम्भव चांडो सम्बन्धित अदालतमा उपस्थित गराउनु पर्नेछ ।

(७) प्रहरीले पक्राउ पूर्जी प्राप्त गरेको मितिले सात दिन भित्र पक्राउ गर्नु पर्ने व्यक्ति फेला परेन भने सम्बन्धित प्रहरी कार्यालयले निजको खोजी गर्दै रही त्यसपछि त्यस्तो व्यक्ति रहे बसेको घर ठेगानामा गई निजको नाउँमा जारी भएको अनुसूची-२५ बमोजिमको ढाँचामा पैंतीस दिने पक्राउ पूर्जी निजको एकाघरका उमेर पुगेका व्यक्तिलाई वुझाई सोको भर्पाइ मिसील सामेल राख्नु पर्नेछ ।

(८) उपदफा (७) बमोजिमका व्यक्तिले त्यस्तो पूर्जी वुझि नलिए वा फेला नपरे स्थानीय निकायका सदस्य उपलव्ध भए निज र निज पनि उपलव्ध नभए कम्तीमा दुई जना स्थानीय व्यक्ति राखी निजको घर दैलोमा टाँसी एक प्रति पूर्जी अदालतमा ल्याई बुझाउनु पर्नेछ ।

(९) उपदफा (८) बमोजिम सम्बन्धित व्यक्ति रहे बसेको घरमा सूचना टाँस गरेको पूर्जीको एक प्रति सम्बन्धित स्थानीय निकायमा समेत वुझाई सोको भर्पाइ मिसिल सामेल राख्नु पर्नेछ ।

(१०) उपदफा (९) बमोजिम पूर्जी बुझाएकोमा सम्बन्धित स्थानीय निकायले पनि त्यस्तो सूचना प्राप्त भएपछि सम्बन्धित व्यक्तिलाई सोको जानकारी गराई आफ्नो सूचना पाटीमा समेत टाँस गर्नु पर्नेछ ।

(११) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि पक्राउ पूर्जी जारी गरिएको व्यक्ति पक्राउ पर्नु भन्दा अगावै आफै अदालतमा उपस्थित भएमा अदालतको आदेश बमोजिम निजलाई पक्राउ गरी थुनामा राख्नु पर्नेछ । निजको नाममा पहिले जारी गरिएको पक्राउ पूर्जी बदर गरी सम्बन्धित अधिकारीलाई सोको जानकारी दिनु पर्नेछ ।

(१२) पक्राउ पूर्जी जारी भएको व्यक्ति निजको ठेगाना बाहेक अन्य कुनै जिल्लामा गई वसेको छ भन्ने पक्षको निवेदन वा अन्य कुनै माध्यमबाट अदालतलाई जानकारी भएमा अदालतले निज रहे वसेको जिल्लामा पनि पक्राउ पूर्जी पठाउन सक्नेछ ।

(१३) यस संहिता बमोजिम जारी भएको पक्राउ पूर्जीको म्याद भित्र अभियुक्त हाजिर नभई फरार रहेमा वा अभियुक्तको यकिन वतन खुल्न नसकेमा वा अभियुक्त रहे बसेको ठाउँ पत्ता नलागेमा अदालतले त्यस्तो अभियुक्तको हुलिया दिई कुनै राष्ट्रिय दैनिक समाचारपत्रमा सूचना प्रकाशित गरी सम्बन्धित अदालतको सूचना पाटीमा टास्न सक्नेछ ।

(१४) उपदफा (१३) बमोजिम सूचना प्रकाशित भएपछि अभियुक्तले रीतपूर्वक सूचना पाएको मानिनेछ र निजलाई जुनसुकै प्रहरी कार्यालय वा कर्मचारीले जुनसुकै वखत पक्राउ गरी दाखेल गर्न सक्नेछ ।

(१५) उपदफा (८) बमोजिम सूचना टाँसिए पछि जुनसुकै बखत अदालतले पक्राउ पूर्जी बमोजिम पक्राउ गर्नु पर्ने व्यक्तिको हकको सम्पत्ति रोक्का गर्न आदेश दिन सक्नेछ ।

(१६) उपदफा (१५) बमोजिम सम्पत्ति रोक्का गर्ने आदेश भएकोमा सोको जानकारी सम्बन्धित मालपोत कार्यालय वा संस्थालाई दिई त्यसको सूचना अदालतको सूचना पाटीमा टाँस्नु पर्नेछ ।

(१७) उपदफा (१६) बमोजिम सम्पत्ति रोक्का राख्न अदालतबाट लेखि आएकोमा सम्बन्धित मालपोत कार्यालय वा संस्थाले सो सम्पत्ति तुरुन्त रोक्का राखी सोको जानकारी रोक्का राख्ने अदालतलाई दिनु पर्नेछ ।

(१८) अदालतबाट उपदफा (१५) बमोजिम सम्पत्ति रोक्का राख्ने आदेश भएकोमा प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि सो सम्पत्ति त्यस्तो आदेश भएको मितिबाट नै रोक्का भएको मानिनेछ ।

(१९) यस परिच्छेद बमोजिम पक्राउ गर्नु पर्ने व्यक्ति अदालतमा उपस्थित भएपछि मुद्दाको कारवाही जुनसुकै अवस्थामा पुगेको भए तापनि अदालतले सम्बन्धित मालपोत कार्यालय वा संस्थालाई यस दफा बमोजिम रोक्का राखेको त्यस्तो व्यक्तिको सम्पत्ति तुरुन्त फुकुवा गर्ने आदेश दिनु पर्नेछ ।

५९. **समाव्हान जारी गर्ने कार्यविधि** : (१) अदालतले यस संहिता बमोजिम अभियुक्तको नाउंमा समाव्हान जारी गर्दा अदालतमा उपस्थित हुने मिति तोकी जारी गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको समाव्हान अनुसूची-४ मा उल्लिखित कसूर बाहेकको मुद्दा भए अभियुक्तलाई हाजीर हुन तोकिएको मिति भन्दा कम्तीमा पन्ध्र दिन अगावै अनुसूची-२६ बमोजिमको ढाँचामा र अनुसूची-४ मा उल्लिखित कसूर सम्बन्धी मुद्दा भए पन्ध्र दिनको म्याद दिई अनुसूची-२७ बमोजिमको ढाँचामा जारी गर्नु पर्नेछ ।

(३) उपदफा (२) बमोजिम हाजिर हुन तोकिएको म्याद भन्दा कम्तीमा पन्ध्र दिन अगावै समाव्हान तामेल नभएको तर हाजिर हुन तोकिएको म्याद भन्दा अगावै तामेल भएकोमा त्यसरी तोकिएको मितिमा हाजीर हुन नसक्ने भए हाजिर हुन नसक्नाको कारण खोली समाव्हान तामेल भएको मितिले पन्ध्र दिन भित्र अभियुक्तले उपस्थित हुने अर्को म्याद तोकिदिन अदालत समक्ष निवेदन दिन सक्नेछ ।

(४) उपदफा (३) बमोजिम निवेदन दिएमा अदालतले निजलाई त्यसरी निवेदन दिएको मितिबाट सात दिन भन्दा बढी नहुने गरी अर्को दिन उपस्थित हुने मिति तोकि दिन सक्नेछ

(५) यस दफा बमोजिम तामेल भएको समाव्हानमा तोकिएको म्याद भित्र उपस्थित नहुने अभियुक्तको हकमा निजलाई पक्राउ गरी उपस्थित गराउनु पर्ने भन्ने अदालतलाई लागेमा दफा ५७ को उपदफा (३) को प्रतिवन्धात्मक वाक्यांश बमोजिम पक्राउ पूर्जी जारी गर्न सक्नेछ ।

तर कावु बाहिरको परिस्थिति परी तोकिएको म्याद भित्र उपस्थित हुन नसकेको कारण देखाई अभियुक्तले निवेदन दिएमा र अदालतले निवेदनको व्यहोरा मनासिब ठहराएमा कावु बाहिरको परिस्थिति कायम रहेको अवधि व्यतीत भएको मितिले बाटोको म्याद बाहेक बढीमा पन्ध्र दिनसम्मको म्याद थामी दिने आदेश दिन सक्नेछ ।

स्पष्टीकरण : यस संहिताको प्रयोजनका लागि "कावू बाहिरको परिस्थिति कायम रहेको अवधि" भन्नाले देहायको अवधिलाई जनाउँछ :-

(क) अदालतमा उपस्थित हुनुपर्ने म्यादभित्र उपस्थित हुनुपर्ने व्यक्ति अदालतमा उपस्थित हुन नसक्ने गरी अशक्त विरामी भै नेपाल सरकारबाट स्वीकृत अस्पतालमा भर्ना भई उपचार गराएकोमा अस्पताल भर्ना भई डिस्चार्ज नभएसम्मको अवधि,

(ख) विरामी भै खण्ड (क) बमोजिम अस्पतालमा नवसी उपचार गराएकोमा बढीमा पन्ध्र दिन सम्मको अवधि,

(ग) अदालतमा उपस्थित हुनुपर्ने म्याद भित्र आफैं क्रिया वस्नु परेकोमा त्यस्तो व्यक्तिको कुल धर्म तथा परम्परा हेरी क्रिया वसेको बढीमा पन्ध्र दिनको अवधि,

(घ) अदालतमा उपस्थित हुनुपर्ने व्यक्ति महिला भए निज उपस्थित हुनुपर्ने म्याद भित्र वा सो म्याद प्रारम्भ हुनु अगावै सुत्केरी भएकोमा सुत्केरी भएको दिन देखी बढीमा पैतीस दिन सम्मको अवधि,

(ङ) अदालतमा उपस्थित हुनुपर्ने म्याद भित्र भूकम्प, बाढी पहिरो, हिउ, भारी बर्षा जस्ता प्राकृतिक विपत परी बाटो बन्द भएकोमा वा अन्य कुनै कारणले यातायात नचलेकोमा बाटो वा यातायात बन्द भई खुलेको अवधि ।

(६) उपदफा (५) को खण्ड (क) र (ङ) को अवस्थामा सम्भव भएसम्म सम्बन्धित व्यक्तिले अदालतलाई सोको सूचना तुरुन्त दिनु पर्नेछ ।

६०. **साक्षीको नाममा समाव्हान जारी गर्न सक्ने** : यस संहिता बमोजिम अदालतले साक्षीका नाममा समाव्हान जारी गर्दा आवश्यक विवरण उल्लेख गरी अनुसूची-२८ बमोजिमको ढाँचामा जारी गर्नु पर्नेछ ।

६१. **समाव्हानको तामेली** : (१) समाव्हान तामेल गर्न पठाउदा तीन प्रति समाव्हान पूर्जी दिई कुनै प्रहरी कर्मचारी, अदालतको कुनै कर्मचारी वा अदालतले तोकेको अन्य कुनै सरकारी वा गैर सरकारी संस्थाद्वारा तामेल गराउन पठाउनु पर्नेछ ।

(२) यस संहिता बमोजिम जारी भएको समाव्हान जुन व्यक्तिको नाममा जारी भएको हो यथासम्भव सोही व्यक्तिलाई बुझाउनु पर्नेछ ।

(३) उपदफा (२) बमोजिम समाव्हान बुझाउन जाँदा सम्बन्धित व्यक्ति फेला नपरेमा वा फेला परे पनि निजले वुझि नलिएमा निजको एकाघरको कम्तीमा अठार वर्ष उमेर पुगी सकेको कुनै व्यक्तिलाई वुझाउन सकिनेछ ।

(४) उपदफा (३) बमोजिम सम्बन्धित व्यक्ति वा एकाघरका व्यक्ति पनि फेला परेन वा फेला परेमा पनि निज वा निजको एकाघरका व्यक्तिले समेत वुझि नलिएमा स्थानीय निकायको सदस्य एक जना र कम्तीमा एकजना स्थानीय व्यक्ति समेत राखी आफ्नो तथा निजहरुको समेत सहिछाप गराई एक प्रति निजको घर दैलामा टाँसी एक प्रति म्याद सम्बन्धित स्थानीय निकायमा वुझाई एक प्रति तामेली समाव्हान अदालतमा दाखिला गर्नु पर्नेछ ।

(५) उपदफा (४) बमोजिम प्राप्त भएको समाव्हान बमोजिमको सूचना स्थानीय निकायले आफनो सूचना पाटीमा टाँस गर्नु पर्नेछ ।

(६) उपदफा (५) बमोजिम समाव्हान जारी गरिएको व्यक्तिको समाव्हानमा उल्लिखित ठेगानामा बसोबास नभएको भन्ने कुरा सो ठाउँमा वसोवास गर्ने कम्तीमा दुईजना व्यक्तिहरु र स्थानीय निकायको कम्तीमा एक जना सदस्यले प्रमाणित गरेमा निजको वसोबास भएको वतन खुल्न सक्ने भए खुलाई र खुल्न नसक्ने भए सोही व्यहोरा जनाई समाव्हान अदालतमा फिर्ता वुझाई दिनु पर्नेछ ।

(७) उपदफा (६) बमोजिम समाव्हान फिर्ता भएकोमा अदालतले निज वसोवास गरेको ठाउँमा वा ठाउँ नखुलेमा वादी पक्षलाई समेत वुझि आवश्यकता अनुसार ठेगाना खुलाई अर्को समाब्हान जारी गर्नेछ ।

(८) नेपाल सरकार वा कुनै सङ्गठित संस्थाको पदाधिकारी वा कर्मचारीका नाममा समाव्हान तामेल गर्नु परेमा त्यस्तो पदाधिकारी वा कर्मचारी वहाल रहेको कार्यालयमा समाब्हान तामेल गर्न सकिनेछ ।

(९) उपदफा (८) बमोजिम कुनै समाव्हन तामेल गर्न पठाएकोमा त्यस्तो कार्यालय वा संस्थाको तत्काल उपलब्ध भएको प्रमुखले एक प्रति समाव्हान सम्बन्धित पदाधिकारी वा कर्मचारीलाई वुझाई अर्को प्रतिमा तामेलीको व्यहोरा र मिति जनाई सम्भव भएमा सम्बन्धित पदाधिकारी वा कर्मचारीको सहीछाप गराई अदालतमा फिर्ता पठाउनु पर्नेछ ।

(१०) उपदफा (९) बमोजिम समाब्हान तामेल हुन नसकेमा सम्बन्धित कार्यालय वा संस्थाको सूचना पाटीमा त्यस्तो समाब्हान टाँसी दिनु पर्नेछ । यसरी सूचना पाटीमा टांसिएको प्रतिवेदन सम्बन्धित अदालतमा दिनु पर्नेछ ।

(११) कुनै सङ्गठित संस्थाको नाममा समाव्हान तामेल गर्नु परेमा त्यस्तो समाव्हानको एक प्रति सो संस्थाको प्रधान वा स्थानीय कार्यालयमा वुझाई सोको भरपाइ अदालतमा बुझाउनु पर्नेछ ।

(१२) उपदफा (११) बमोजिम स्थानीय कार्यालयमा समाब्हान तामेल भएकोमा सो समाब्हान सो संस्थाको प्रधान कार्यालयमा तामेल भएको मानिनेछ ।

(१३) यस दफा बमोजिम समाब्हान तामेल गर्दा तामेल भएको मिति र व्यहोरा उल्लेख गरी तामेल गर्ने कर्मचारीले अदालतमा प्रतिवेदन दिनु पर्नेछ ।

(१४) कुनै अदालतले आफ्नो क्षेत्र भन्दा बाहिरको अन्य कुनै क्षेत्रमा वसोवास गरी रहेको कुनै व्यक्तिलाई समाब्हान तामेल गर्नु पर्ने भएमा सो क्षेत्रको अदालतमा समाव्हान पठाई सो अदालत मार्फत तामेल गराउनु पर्नेछ र त्यस्तो अदालतले पनि यस परिच्छेद बमोजिम समाव्हान तामेल गराई त्यसको एक प्रति समाब्हान जारी गर्ने अदालतमा फिर्ता पठाई दिनु पर्नेछ ।

(१५) यस दफा बमोजिम समाब्हान तामेली गर्दा अभियुक्तलाई दफा ५७ को उपदफा (७) बमोजिम पठाईएको सूचना पनि समाब्हान साथै बुझाउन वा अवस्थाअनुसार घर दैलोमा टांस्नु पर्नेछ ।

६२. **छापा वा विद्युतीय सञ्चार माध्यमबाट समाब्हान तामेल गर्न सकिने** : (१) कुनै समाब्हान दफा ६१ बमोजिम तामेल गर्न नसकिएकोमा अदालतले सो समाब्हानको व्यहोरा राष्ट्रिय स्तरको कुनै दैनिक समाचारपत्रमा प्रकाशन गरी वा विद्युतीय सञ्चार माध्यमबाट प्रसारण गरी तामेली गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम समाब्हान प्रकाशन वा प्रसारण भएकोमा सो समाब्हान रीतपूर्वक तामेल भएको मानिनेछ ।

६३. **पक्राउ पूर्जीको तामेली** : (१) पक्राउ पूर्जी तामेल गर्न पठाउँदा तीन प्रति पक्राउ पूर्जी पठाई जुन व्यक्तिका नाममा जारी भएको हो भरसक निजलाई नै बुझाउनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम जारी गरिएको पक्राउ पूर्जी जसको नाममा जारी गरिएको हो सो व्यक्तिले बुझिलिनु पर्नेछ ।

(३) उपदफा (१) बमोजिम पक्राउ पूर्जी बुझाउन जाँदा सम्बन्धित व्यक्ति फेला नपरेमा निजको एकाघरको कम्तीमा अठार वर्ष उमेर पुगी सकेको कुनै व्यक्तिलाई वुझाउन सकिनेछ ।

(४) उपदफा (३) बमोजिम त्यस्तो एकाघरका व्यक्ति फेला परेन वा फेला परेमा पनि निजले वुझि नलिएमा स्थानीय निकायको सदस्य एक जना र कम्तीमा एकजना स्थानीय व्यक्ति समेत राखी आफ्नो तथा निजहरुको समेत सहिछाप गराई एक प्रति निजको घर दैलामा टाँसी एक प्रति पक्राउ पूर्जी सम्बन्धित स्थानीय निकायमा वुझाई एक प्रति तामेली पक्राउ पूर्जी अदालतमा दाखिला गर्नुपर्नेछ ।

(५) उपदफा (४) बमोजिम प्राप्त भएको पक्राउ पूर्जी बमोजिमको सूचना स्थानीय निकायले आफनो सूचना पाटीमा टाँस गर्नु पर्नेछ ।

(६) यस परिच्छेद बमोजिम जारी भएको पक्राउ पूर्जी बमोजिम पक्राउ गर्नु पर्ने व्यक्तिको उल्लिखित ठेगानामा वसोवास नभएको कुरा सो ठाउँमा वसोवास गर्ने कम्तीमा दुईजना व्यक्तिहरु र स्थानीय निकायको कम्तीमा एक जना सदस्यले प्रमाणित गरेमा निजको वसोवास भएको ठाउँ खुल्न सक्ने भए खुलाई र खुल्न नसक्ने भए सोही व्यहोरा जनाई पक्राउ पूर्जी अदालतमा फिर्ता वुझाई दिनु पर्नेछ ।

(७) उपदफा (६) बमोजिम पक्राउ पूर्जी फिर्ता भएकोमा अदालतले निज वसोवास गरेको ठेगानामा वा सो ठेगाना नखुले वादी पक्षलाई खुलाउन मौका दिई आवश्यकता अनुसार अर्को पक्राउ पूर्जी जारी गर्नु पर्नेछ ।

(८) यस दफा बमोजिम पक्राउ पूर्जी तामेल गर्दा तामेल भएको मिति र व्यहोरा उल्लेख गरी तामेल गर्ने कर्मचारीले अदालतमा प्रतिवेदन दिनु पर्नेछ ।

(९) कुनै अदालतले आफ्नो क्षेत्र भन्दा बाहिरको अन्य कुनै क्षेत्रमा वसोवास गरी रहेको कुनै व्यक्तिलाई पक्राउ पूर्जी तामेल गर्नु पर्ने भएमा सो क्षेत्रको अदालतमा पक्राउ पूर्जी पठाई सो अदालत मार्फत तामेल गराउनु पर्नेछ र त्यस्तो अदालतले पनि यस परिच्छेद बमोजिम पक्राउ पूर्जी तामेल गराई त्यसको एक प्रति पक्राउ पूर्जी जारी गर्ने अदालतमा फिर्ता पठाई दिनु पर्नेछ ।

(१०) उपदफा (८) बमोजिमको प्रतिवेदन दिने कर्मचारीले यस दफा बमोजिमको कार्यविधि अपनाउदा पक्राउ पूर्जी तामेल हुन नसकेको कारण खुलाई प्रतिवेदन दिएमा यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि सम्बन्धित व्यक्तिको नाममा जारी भएको पक्राउ पूर्जी राष्ट्रिय स्तरको दैनिक समाचारपत्रमा प्रकाशन गरी तामेल गर्न सकिनेछ र त्यसरी तामेल भएको पक्राउ पूर्जी रीतपूर्वक तामेल भएको मानिनेछ ।

(११) पक्राउ पूर्जी तामेली गर्दा अभियुक्तलाई दफा ५७ को उपदफा (७) बमोजिम पठाईएको सूचना पनि पक्राउ पूर्जी साथै बुझाउन वा अवस्था अनुसार निजको घर दैलोमा टांस्नु पर्नेछ ।

६४. **विदेशमा रहे बसेका अभियुक्तका नाममा पक्राउ पूर्जी जारी गर्न वा समाब्हान तामेल गर्न सकिने** : (१) यस परिच्छेदमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि कुनै अदालतमा विचाराधीन रहेको कुनै कसूरको अभियुक्त विदेशमा रहे बसेको भए त्यस्ता व्यक्तिको नाममा पक्राउ पूर्जी जारी गर्नु पर्दा वा समाब्हान तामेल गर्नु पर्दा पारस्परिक कानून सहायता सम्बन्धी प्रचलित कानून बमोजिम त्यस्तो व्यक्तिको नाममा पक्राउ पूर्जी जारी गर्न वा समाव्हान तामेल गर्न सकिनेछ ।

(२) उपदफा (१) बमोजिम जारी भएको पक्राउ पूर्जी वा समाब्हान तामेल भएको सूचना नेपाल सरकारलाई प्राप्त भएमा सोको जानकारी सम्बन्धित अदालतलाई दिनु पर्नेछ ।

(३) उपदफा (१) बमोजिम जारी भएको पक्राउ पूर्जी वा समाब्हान तामेल हुन नसकेमा त्यस्तो पक्राउ पूर्जी वा समाब्हान राष्ट्रिय दैनिक समाचारपत्रमा प्रकाशन गरी वा विद्युतीय सञ्चार माध्यममा प्रसारण गरी तामेल गर्न सकिनेछ ।

(४) उपदफा (१) बमोजिम पक्राउ पूर्जी जारी भएकोमा वा समाव्हान तामेल भएकोमा यसै संहिता बमोजिम जारी भएको वा तामेल भएको मानिनेछ ।

(५) उपदफा (१) बमोजिम पक्राउ पूर्जी जारी भई सम्बन्धित मुलुकको प्रहरीले अभियुक्तलाई पक्राउ गरी कुनै प्रहरी कार्यालयलाई हस्तान्तरण गरेमा निजलाई वाटोको म्याद बाहेक बढीमा चौवीस घण्टा भित्र यथाशिघ्र सम्बन्धित अदालतमा उपस्थित गराउनु पर्नेछ ।

(६) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि यस दफा बमोजिम विदेशमा रहे वसेको व्यक्तिको नाममा पक्राउ पूर्जी जारी हुन वा समाव्हान तामेल हुन नसकेकोमा सोही कारणले मात्र मुद्दाको कारबाही र किनारा गर्न बाधा पुगेको मानिनेछैन ।

६५. **फरार रहेको व्यक्तिको सम्बन्धमा विशेष व्यवस्था** : (१) यस परिच्छेद बमोजिम पक्राउ पूर्जी जारी भई फेला पर्न नसकी पक्राउ हुन नसकेको वा फरार रही अदालतमा उपस्थित नहुने व्यक्तिका हकमा पक्राउ पूर्जी जारी भएको तीस दिनको भोलिपल्ट देखि निज अदालतमा उपस्थित नभएसम्म देहायका कुरामा देहाय बमोजिम हुनेछ :

(क) त्यस्तो व्यक्ति नेपाल सरकार, संवैधानिक निकाय वा कुनै सरकारी कार्यालय, नेपाल सरकारको पूर्ण वा आंशिक स्वामित्व वा नियन्त्रणमा रहेको सङ्गठित संस्था, स्थानीय निकाय, शैक्षिक वा प्राज्ञिक संस्था वा अन्य कुनै सार्वजनिक संस्थाको बहालवाला पदाधिकारी वा कर्मचारी भए निज आफनो पदबाट स्वतः निलम्बन भएको मानिनेछ ,

(ख) त्यस्तो व्यक्तिको सम्पत्ति दफा ५८ को उपदफा (१५) बमोजिम रोक्का भएको रहेनछ भने निजको नाममा रहेको अचल सम्पत्ति सोही उपदफा बमोजिम रोक्का राखिनेछ ,

(ग) त्यस्तो व्यक्तिको नाममा वा एकल स्वामित्वमा रहेको उद्योग, व्यापार वा व्यवसाय वा आयकर दर्ता सम्बन्धी फर्म, उद्योग, इजाजत पत्र इत्यादि नवीकरण गर्नु पर्ने भएमा नवीकरण गर्ने कार्य स्वतः मुलतवी रहनेछ ,

(घ) त्यस्तो व्यक्तिको नाममा रहेको धितोपत्रको कारोबार स्वतः रोक्का हुनेछ ,

(ङ) त्यस्तो व्यक्तिले कानून बमोजिम प्राप्त गर्न सक्ने तलव, भत्ता, उपदान, निवृत्तिभरण जस्ता सुविधाहरु स्वतः रोक्का रहेको मानिनेछ ,

(च) त्यस्तो व्यक्तिले प्रचलित कानून बमोजिम पेटेण्ट, डिजाइन, ट्रेडमार्क, प्रतिलिपी अधिकार जस्ता बौद्धिक सम्पत्तिबाट प्राप्त गर्ने रोयल्टी लाभ वा सुविधा स्वतः रोक्का रहेको मानिनेछ,

(छ) त्यस्तो व्यक्तिको नाममा बैंक खाता रहेको जानकारी भए त्यस्तो खाताको संचालन रोक्का राख्न लेखि आएमा बैंक खाता रोक्का राख्नु पर्नेछ,

(ज) त्यस्तो व्यक्तिलाई प्रचलित कानून बमोजिम नागरिकताको प्रमाणपत्र, राहदानी वा जग्गाधनी प्रमाणपूर्जा उपलव्ध नगराउन लेखी आएमा सम्बन्धित निकायले नागरिकताको प्रमाणपत्र, राहदानी वा जग्गा धनी प्रमाण पूर्जा उपलव्ध गराउन हुदैन,

(झ) त्यस्तो व्यक्ति नेपाल बाहिर रहे बसेको जानकारी प्राप्त हुन आएमा वा नेपाल सरकार पक्ष रहेको सन्धि वा प्रचलित कानून बमोजिम सपुर्दगी गर्न सकिने अवस्था रहेछ भने सो सम्बन्धी कारबाही र त्यस्तो अवस्था नभएमा कसूरको गम्भीरता हेरी निजलाई पक्राउ गर्न कूटनैतिक माध्यम मार्फत सम्बन्धित मुलुक वा सम्वद्ध अन्तर्राष्ट्रिय संस्थालाई अनुरोध गर्न सकिनेछ ।

(२) उपदफा (१) बमोजिमको व्यवस्थालाई प्रभावकारी बनाउन अदालतले सम्बन्धित अधिकारी वा निकायलाई सोको सूचना दिनु पर्नेछ ।

६६. **अदालतमा नै म्याद तामेल गर्न सकिनेः** (१) यस परिच्छेदमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि कुनै अदालतबाट देहायका व्यक्तिका नाममा जारी भएको म्याद वा सूचना त्यस्तो व्यक्तिलाई देहायको अवस्थामा अदालतमा नै बुझाई तामेल गर्न सकिनेछ :-

(क) सम्बन्धित अदालतका कर्मचारी वा पदाधिकारी भए निज हाजिर हुँदा,

(ख) सम्बन्धित अदालतमा अर्को कुनै मुद्दामा तारिखमा रहेको पक्ष भए त्यस्तो तारिखमा उपस्थित हुँदा,

(ग) सम्बन्धित अदालतमा रहेको कुनै मुद्दामा कुनै पक्षलाई प्रतिनिधित्व गर्ने वारिस भए त्यसरी प्रतिनिधित्व गरी उपस्थित हुँदा,

(घ) सम्बन्धित अदालतमा कानून व्यवसायको सिलसिलामा उपस्थित हुने कानून व्यवसायी भए त्यस्तो व्यवसायको सिलसिलामा उपस्थित हुँदा, वा

(ङ) सम्बन्धित अदालतमा साक्षीको रुपमा उपस्थित भएको व्यक्ति भए सो हैसियतमा उपस्थित हुँदा ।

(२) उपदफा (१) बमोजिमका व्यक्तिका नाममा अदालतबाट जारी भएको म्याद वा सूचना निज सम्बन्धित अदालतमा उपस्थित हुँदाका बखत बुझाउन ल्याएमा निजले बुझि लिनु पर्नेछ ।

(३) उपदफा (२) बमोजिम बुझाउन ल्याउँदा त्यस्तो म्याद वा सूचना निजले बुझिलिन इन्कार गरेमा तामेलदारले सो कुराको प्रतिवेदन सम्बन्धित अदालतमा तुरुन्त गर्नु पर्नेछ ।

(४) उपदफा (३) बमोजिम परेको प्रतिवेदनको व्यहोरा मनासिब देखिएमा त्यस्ता व्यक्तिले निजको नाममा जारी भएको त्यस्तो म्याद वा सूचना नबुझेसम्म सम्बन्धित अदालतले निजलाई

वारिसको हैसियतमा प्रतिनिधित्व गर्न, तारिख लिन, कानून व्यवसाय गर्न वा साक्षीको हैसियतमा बकपत्र गर्न रोक लगाउने आदेश गर्नेछ ।

परिच्छेद -७

थुनछेक, धरौट तथा जमानत सम्बन्धी व्यवस्था

६७. **अभियुक्तलाई थुनामा राख्ने** : (१) देहायको कुनै कसूरको अभियोग लागेको अभियुक्त तत्काल प्राप्त प्रमाणबाट कसूरदार देखिने भएमा वा कसूरदार हो भन्ने विश्वास गर्ने कुनै मनासिब आधार भएमा अदालतले त्यस्तो अभियुक्तलाई कारण खुलाई पुर्पक्षको लागि थुनामा राख्नेछ :

(क) जन्म कैदको सजाय हुन सक्ने कसूर,

(ख) तीन बर्षभन्दा बढी कैदको सजाय हुन सक्ने अनुसूची -१ वा अनुसूची-२ अन्तर्गतका कसूर, वा

(ग) खण्ड (क) वा (ख) मा उल्लिखित कसूरको उद्योग, दुरुत्साहन वा अपराधिक षडयन्त्र गरेको वा त्यस्तो कसूरमा मतियार भएको कसूर ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि कानून बमोजिम कैदको सजाय हुन सक्ने अभियुक्तलाई देहायको अवस्थामा अदालतले पुर्पक्षको लागि थुनामा राख्न सक्नेछ :-

(क) अभियुक्तले आफू उपर लगाइएको अभियोग अदालत समक्ष स्वीकार गरेकोमा,

(ख) एक वर्ष वा सो भन्दा बढी सजाय हुन सक्ने कसूरको अभियोग लागेको अभियुक्तको नेपालमा स्थायी वसोवास नभएको र निजलाइ थुनामा नराखेको खण्डमा निज भाग्ने र पछि पक्राउ पर्ने सम्भावना नरहेकोमा,

(ग) दफा ५८ को उपदफा (१) बमोजिम जारी भएको पक्राउ पूर्जी बमोजिम अभियुक्त पक्राउ भई आएको र निजले उजुरी साथ अदालतमा उपस्थित हुन नआएको कुनै सन्तोषजनक कारण देखाउन नसकेकोमा,

(घ) अभियोग लाग्नु भन्दा तीन वर्ष अघिको अवधि भित्र अन्य कुनै कसूरको अभियोगमा निजले कैद सजाय पाउने ठहर भएकोमा ।

(३) उपदफा (१) वा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि दश वर्ष भन्दा बढी कैद सजाय हुन सक्ने कसूरमा बाहेक अभियुक्त बालबालिका वा शारीरिक वा मानसिक रोग लागि अशक्त भएको वा सात महिना भन्दा बढीकी गर्भवती महिला वा पचहत्तर बर्ष माथिको वृद्ध भएमा त्यस्तो अभियुक्तलाई अदालतले धरौट वा जमानतमा छोड्न सक्नेछ ।

६८. **अभियुक्तसँग धरौट वा जमानत वा बैंक जमानत लिने** : (१) दफा ६७ बमोजिम अन्यथा हुनेमा बाहेक कुनै अभियुक्त उपरको अभियोग प्रमाणित हुने मनासिब आधार भएमा अदालतले निजसँग धरौट, जमानत वा बैंक जमानत माग्न सक्नेछ ।

तर बैंक जमानत विना शर्तको र अदालतले तोके बमोजिमको अवधिसम्म अद्यावधिक हुन सक्ने हुनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम धरौट, जमानत वा बैंक जमानत नदिने अभियुक्तलाई अदालतले थुनामा राख्नेछ ।

६९. **तारिखमा राख्नु पर्ने** : दफा ६७ र दफा ६८ को अवस्थामा बाहेक अन्य अवस्थामा अभियुक्त अदालतमा हाजिर भएपछि निजलाई तारिखमा राखी मुद्दाको पुर्पक्ष गर्नु पर्नेछ ।

७०. **थप धरौट, जमानत वा बैंक जमानत माग्न सकिने** : (१) कुनै अभियुक्तबाट लिएको धरौट, जमानत वा बैंक जमानतको रकम पछि अपर्याप्त भएको देखिन आएमा अदालतले निजसँग थप धरौट, जमानत वा बैंक जमानत माग्न सक्नेछ ।

(२) उपदफा (१) बोजिमको थप धरौट, जमानत वा बैंक जमानत दिन नसकेमा त्यस्तो अभियुक्तलाई अदालतले थुनामा राख्न सक्नेछ ।

७१. **कारबाहीको जुनसुकै अवस्थामा पनि थुनामा वा जमानतमा राख्न सकिने** : (१) मुद्दाको कारबाही जुनसुकै अवस्थामा पुगेको भए तापनि अदालतले प्रमाण वुझ्दै जाँदा अभियुक्तलाई अवस्था अनुसार दफा ६७ बमोजिम थुनामा राख्न वा दफा ६८ बमोजिम निजसँग धरौट, जमानत वा वैंक जमानत माग्न सक्नेछ र शुरुमा पुपर्क्षको लागि अभियुक्तलाई थुनामा नराखेको वा निजसँग धरौट, जमानत वा बैंक जमानत नलिएको कारणले मात्र पछि निजलाई थुनामा राख्न वा निजसँग धरौट, जमानत वा बैंक जमानत माग्न अदालतलाई वाधा परेको मानिने छैन ।

(२) दफा ६७ वा दफा ६८ बमोजिम थुनामा परेको कुनै अभियुक्त कसूदार होइन भन्ने प्रमाणित हुन सक्ने कुनै मनासिब आधार प्राप्त हुन आएमा मुद्दाको कारबाही जुनसुकै अवस्थामा पुगेको भए पनि सो विषयमा सुनुवाई गरी अदालतले निजलाई थुनावाट छोड्ने आदेश दिन सक्नेछ ।

७२. **धरौट, जमानत वा बैंक जमानतको रकम तोक्ने आधार** : (१) यस परिच्छेद बमोजिम लिनु पर्ने धरौट, जमानत वा बैंक जमानतको रकम तोक्दा देहायको कुरा विचार गरी मनासिब किसिमले तोक्नु पर्छ :-

(क) कसूरको प्रकृति र गम्भीरता,

(ख) अभियुक्त वा कसूदारको आर्थिक अवस्था तथा पारिवारिक स्थिति,

(ग) अभियुक्त वा कसूरदारको उमेर र शारीरिक स्थिति,

(घ) निजले पहिले कुनै कसूरमा कसूरदार ठहरी सजाय पाएको वा नपाएको,

(ङ) निजले एकै वारदातमा विभिन्न कसूर गरे वा नगरेको,

(च) निजलाई भएको वा हुन सक्ने सजाय र निजले व्यहोर्नु पर्ने क्षतिपूर्ति,

(छ) कसूरबाट सृजित परिणाम,

(ज) कसूरमा साविती भए वा नभएको,

(झ) असहाय वा अशक्त वा गर्भवती वा दुधे बालबालिका भएकी महिला वा अन्य अभियुक्त रहेको ।

(२) यस संहिता अन्तर्गत कुनै व्यक्तिसँग मागिएको धरौट, जमानत वा बैंक जमानतको रकम घटी वा बढी भई मनासिब नभएको कारण देखाई मुद्दाको कुनै पक्षले निवेदन दिएमा पुनरावेदन सुन्ने अदालतले सो विषयमा सुनुवाई गरी त्यस्तो धरौट, जमानत वा बैंक जमानत रकम थप घट गर्ने वा परिवर्तन गर्ने आदेश दिन सक्नेछ ।

७३. **पुनरावेदन सुन्ने अदालतमा निवेदन गर्न सकिने** : यस परिच्छेद बमोजिम भएको थुनछेक वा तोकिएको धरौट, जमानत वा बैंक जमानतमा चित्त नवुझने व्यक्तिले एक तहसम्म पुनरावेदन सुन्ने अदालतमा निवेदन दिन सक्नेछ ।

तर जन्मकैद वा पांच बर्ष वा सो भन्दा बढी कैद सजाय हुन सक्ने कसूरमा भएको थुनछेकको आदेश वेरीत भएको प्रश्नमा एक तह भन्दा माथिको पुनरावेदन सुन्ने अदालतमा पनि निवेदन दिन सकिनेछ ।

७४. **धरौट, जमानत वा बैंक जमानत लिँदा कागज गराउनु पर्ने** : (१) यस परिच्छेद बमोजिम कुनै व्यक्तिबाट धरौट लिंदा अदालतबाट तोकिएको समय र स्थानमा त्यस्तो व्यक्ति उपस्थित नभएमा धरौट जफत हुने शर्त उल्लेख गरी अनुसूची-२९ बमोजिमको ढाँचामा कागज गराउनु पर्नेछ ।

(२) यस संहिता बमोजिम जमानत वा बैंक जमानत लिंदा जमानतको रकमको अंक तोकी सो बमोजिमको सम्पत्ति जमानत लिनु पर्नेछ ।

(३) जमानत दिनु पर्ने व्यक्तिले आफ्नो सम्पत्ति जमानत दिएको भए अदालतबाट तोकिएको समय र स्थानमा आफू उपस्थित नभएमा जमानतको रकम जमानत रहेको त्यस्तो सम्पत्ति वा निजको अरु कुनै सम्पत्तिबाट असूल गर्ने शर्त उल्लेख गरी निजबाट अनुसूची-३० बमोजिमको ढाँचामा कागज गराउनु पर्नेछ ।

स्पष्टिकरण : यस परिच्छेदको प्रयोजनको लागि "जमानत" भन्नाले बैंक जमानतलाई समेत सम्झनुपर्छ

(४) यस परिच्छेद बमोजिम जमानत दिनु पर्ने व्यक्तिको लागि अरु कसैले आफ्नो सम्पत्ति जमानत दिएको भए अदालतबाट तोकिएको समय र स्थानमा निजलाई उपस्थित नगराएमा जमानतको रकम सो जमानत रहेको सम्पत्ति वा आफ्नो अरु कुनै सम्पत्तिबाट असूल गर्न निजको मञ्जुरी रहेको व्यहोरा सहितको शर्त गराई त्यस्तो व्यक्तिसँग अनुसूची-३१ बमोजिमको ढाँचामा कागज गराउनु पर्नेछ ।

(५) यस दफा बमोजिम जमानत दिइएको सम्पत्तिको मूल्य पछि कुनै कारणवश घटन गएमा त्यस्तो जमानत दिने व्यक्तिले सो घटेको मूल्य बराबरको सम्पत्ति अदालत समक्ष पेश गर्नु पर्नेछ ।

७५. **धरौटी जफत हुने :** (१) यस परिच्छेद बमोजिम धरौट राख्ने व्यक्ति अदालत समक्ष उपस्थित नभएमा निजले राखेको धरौटी जफत हुनेछ ।

(२) यस परिच्छेद बमोजिम राखिएको धरौटी अचल सम्पत्ति रहेछ भने त्यस्तो व्यक्तिले बुझाउनु पर्ने रकम बराबरको सम्पत्ति बिक्री वा असूल गरी अरु सम्पत्ति निजलाई फिर्ता गर्नु पर्नेछ ।

७६. **धरौट फिर्ता र जमानत फुकुवा हुन सक्ने** : (१) अदालतमा दायर भएको मुद्दामा यस परिच्छेद बमोजिम अभियुक्तलाई थुनामा राख्ने आदेश भएमा थुनामा राख्नु अघि निजले राखेको धरौट वा जमानत फुकवा गरिदिनु पर्नेछ ।

(२) अदालतले कुनै मुद्दाको सिलसिलामा कुनै अभियुक्तबाट लिएको धरौटी वा जमानत त्यस्तो मुद्दाको अन्तिम निर्णय हुँदा अभियुक्तले सफाई पाएमा यस परिच्छेदमा अन्यथा व्यवस्था भएकोमा बाहेक निजलाई तुरुन्त फिर्ता वा फुकुवा गरी दिनु पर्नेछ ।

७७. **खास अवधि भित्र मुद्दा फैसला नभएमा थुनाबाट छोड्न सकिने** : (१) यस परिच्छेद बमोजिम पुर्पक्षको लागि थुनामा राखिएको कुनै अभियुक्तको सम्बन्धमा प्रमाण बुझ्न पहिलो पटक तारिख तोकिएको मितिले एक वर्ष भित्र मुद्दाको किनारा हुन नसकेमा त्यस्तो अभियुक्तलाई थुनामा राखिएको भए धरौटी वा जमानत लिई मुद्दाको कारबाही र किनारा गर्न सकिने छ :

तर-

(क) जन्मकैद वा दश बर्ष वा सो भन्दा बढी कैदको सजाय हुने कुनै कसूरको अभियोग लागेको कुनै अभियुक्त दफा ६७ बमोजिम थुनामा परेको रहेछ भने निजको सम्वन्धमा यो दफा लागू हुने छैन ।

(ख) पटके कसूरदारलाई अदालतले मनासिब सम्झेमा थुनामै राखी कारबाही गर्न सक्नेछ ।

(२) कुनै अदालतले उपदफा (१) बमोजिम कुनै अभियुक्तलाई छाडन आदेश दिएकोमा त्यसरी छाड्ने आदेश दिएको तीन दिन भित्र पुनरावेदन सुन्ने अदालतलाई सोको जानकारी गराउनु पर्नेछ ।

७८. **थुनामा राख्न सकिने अधिकतम अवधि** : यस परिच्छेदमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि अभियुक्तलाई निज उपर लगाइएको अभियोग प्रमाणित भएमा हुन सक्ने अधिकतम कैदको सजायको अवधि भन्दा बढी अवधिसम्म थुनामा राखिने छैन ।

७९. **आदेश पर्चा खडा गर्नु पर्ने** : यस परिच्छेद बमोजिम कुनै अभियुक्तलाई थुनामा राख्दा, थुनामा राखिएको अभियुक्तलाई छोड्दा वा कुनै अभियुक्तसँग धरौट वा जमानत लिंदा वा थपघट वा परिवर्तन गर्दा वा दफा ७७ बमोजिम थुनाबाट छाड्दा अदालतले कारण सहितको आदेश पर्चा खडा गर्नु पर्नेछ ।

८०. **थुनुवा पूर्जी दिनु पर्ने** : कुनै व्यक्तिलाई यस संहिता बमोजिम जुनसुकै व्यहोराले हिरासतमा राख्दा हिरासतमा राख्नु पर्ने कारण र त्यसरी हिरासतमा राख्न सकिने कानूनी आधार र कारण खुलाई अधिकार प्राप्त अधिकारीले यस परिच्छेद बमोजिम थुनछेकको आदेश गरी अनुसूची-३२ बमोजिमको ढाँचामा थुनुवा पूर्जी दिई थुनामा राख्नु पर्नेछ ।

परिच्छेद - ८

तारिख सम्बन्धी व्यवस्था

८१. **कारण खुलाई तारिख तोक्ने** : (१) अदालतले तारिख तोक्दा मुद्दाका पक्षहरुको उपस्थितिमा गर्नु पर्ने प्रत्येक काम खुलाई तोक्नु पर्नेछ र प्रत्येक तारिखका दिन सम्पादन हुने काम तारिख पर्चामा खुलाउनु पर्नेछ ।

(२) तारिख तोकिएको दिन उपदफा (१) बमोजिम तोकिएको काम सम्पादन हुनु पर्नेछ ।

तर तोकिएको तारिखमा कुनै कारणबस तोकिएको काम हुन नसकेमा सोको कारण खुलाई आदेश पर्चा खडा गरी अर्को तारिख तोक्न सकिनेछ ।

(३) नेपाल सरकार वादी वा प्रतिवादी भएको मुद्दामा अदालतले उपदफा (१) बमोजिम मुद्दाको सुनुवाई वा कारवाहीको लागि तारिख तोकिएको सूचना सम्बन्धित सरकारी वकीलको कार्यालयलाई दिनु पर्नेछ ।

८२. **तारिख किताव र तारिख भरपाइ** : (१) अदालतले अनुसूची-३३ बमोजिमको ढाँचामा एउटा वा आवश्यकता अनुसार मुद्दाको प्रत्येक फाँटको लागि छुट्टा छुट्टै तारिख किताव खडा गरी राख्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम खडा गरिएको तारिख किताबमा कुन प्रयोजनको लागि कहिलेको तारिख तोकिएको हो सो कुरा देखिने गरी व्यहोरा जनाई सम्बन्धित कर्मचारीले सहिछाप गर्नु पर्नेछ र मुद्दामा उपस्थित पक्षहरुको सहीछाप गराई तारिख भरपाई खडा गरी मिसिल सामेल राख्नु पर्छ ।

(३) उपदफा (२) बमोजिम तोकिएको तारिखका दिन कुनै पक्ष अदालतमा उपस्थित नभएमा सम्बन्धित कर्मचारीले सो कुरा सो किताबमा जनाई सहीछाप गर्नु पर्नेछ ।

(४) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि नेपाल सरकार वादी भएको मुद्दामा नेपाल सरकार तारिखमा बस्नु पर्ने छैन ।

८३. **तारिख पर्चा** : (१) अदालतले प्रत्येक मुद्दाको पक्षहरुलाई अनुसूची-३४ बमोजिमको ढाँचामा तारिख पर्चा दिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको तारिख पर्चामा कुन प्रयोजनको लागि कहिलेको तारिख तोकिएको हो सो कुरा जनाई सम्बन्धित कर्मचारीले सहीछाप गर्नु पर्नेछ ।

८४. **तारिख तोक्दा पक्षहरुलाई सुविधा हुने किसिमले तोक्नु पर्ने** : (१) मुद्दामा कुनै प्रयोजनको लागि तारिख तोक्दा यथासम्भव मुद्दाका पक्षहरुको सुविधा र तोकिएको काम हुन सक्ने वा नसक्ने कुरालाई विचार गरी तोक्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम तारिख तोक्दा मुद्दाको कारवाहीको सम्बन्धमा तोकिएको कार्यतालिका अनुसार तोक्नु पर्नेछ ।

८५. **तोकिएको तारिखका दिन उपस्थित हुनुपर्ने** : (१) अदालतबाट कुनै कामका लागि उपस्थित हुन तारिख तोकिएकोमा तोकिएको तरिखका दिन अभियुक्त वा प्रतिवादी अदालतमा उपस्थित हुनु पर्नेछ ।

तर तोकिएको तारिखका दिन उपस्थित हुन नसकेको कारण देखाई मुद्दाका कुनै पक्षले निवेदन दिएमा र सो व्यहोरा मनासिब भएको ठहर गरेमा अदालतले बाटोको म्याद बाहेक एकै पटक वा पटक पटक गरी दुई पटकसम्म बढीमा पन्ध्र दिन सम्मको गुञ्जेको तारिख थामिदिने आदेश दिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम तोकिएको तारिखको दिन उपस्थित हुनु पर्ने व्यक्ति कुनै व्यहोराले थुनिएको वा कैद परेको रहेछ भने आफू थुना वा कैदमा परेको कारागार मार्फत सो कुराको सूचना सम्बन्धित अदालतमा पठाउनु पर्नेछ ।

(३) उपदफा (२) बमोजिम सूचना दिएकोमा त्यसरी थुना वा कैदमा रहेको अवधिभर त्यस्तो व्यक्तिले तारिख गुजारेको मानिने छैन ।

(४) उपदफा (२) बमोजिम थुनिएको वा कैद परेको व्यक्तिले सोको सूचना अदालतलाई दिएमा अदालतले पुर्पक्षका वखत निजलाई उपस्थित गराउन सम्बन्धित कारागारलाई आदेश दिन सक्नेछ ।

८६. **तारिखको दिन उजुरवाला वा वादी अनुपस्थित भएमा त्यसको परिणाम** : (१) अनुसूची-४ अन्तर्गतका कसूर सम्बन्धी मुद्दामा तोकिएको तारिखको दिन वादी हाजीर नभएमा अदालतले निजले थमाउने म्यादको हिसाव गरी अर्को तारिख तोक्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम तारिख तोकिएको दिन अदालतले मिसील सामेल रहेका प्रमाणबाट प्रतिवादीले वादीको दावी पुरै वा आंशिक रुपमा स्वीकार गरेको देखिन आएमा वा ठहरेमा सो हदसम्म इन्साफ गर्ने गरी र स्वीकार नगरेको वा स्वीकार गरेको नठहरेकोमा सो हदसम्म खारेज गर्ने गरी मुद्दाको किनारा गर्नु पर्नेछ ।

तर वादी हाजिर रहेको र प्रतिवादी हाजिर नरहेको अवस्थामा वादी प्रतिवादीको जो बुझ्नु पर्ने प्रमाण बुझी ठहरे बमोजिम मुद्दाको फैसला गर्नु पर्नेछ ।

(३) उपदफा (१) बमोजिम तोकिएको अर्को तारिखको दिन मुद्दाका पक्ष उपस्थित भई आफ्नो कावु बाहिरको कुनै परिस्थितिले गर्दा अघिल्लो तारिखमा उपस्थित हुन नसकेको कुनै मनासिब कारण देखाई निवेदन दिएमा अदालतले निजको तारिख थामी कानून बमोजिम मुद्दाको किनारा गर्नु पर्नेछ ।

(४) यस संहिता बमोजिम अदालतमा वयान वा प्रतिउत्तरपत्र दिइसकेपछि तोकिएको तारिखमा अभियुक्त वा प्रतिवादी अदालतमा उपस्थित नभए पनि अदालतले कानून बमोजिम मुद्दाको कारबाही र किनारा गर्न सक्नेछ ।

८७. **पक्राउ पूर्जी जारी गर्न र सम्पत्ति रोक्का राख्न सकिने** : (१) दफा ८६ मा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै अभियुक्त पहिले तोकिएको तारिखमा अनुपस्थित रहेछ र निजलाई पक्राउ गरी अदालतमा उपस्थित गराउन पर्ने अदालतलाई लागेमा दफा ५८ बमोजिम पक्राउ पूर्जी जारी गरी त्यस्तो अभियुक्तलाई पक्राउ गर्न र त्यस्तो अभियुक्तको सम्पत्ति रोक्का गर्न समेत अदालतले आदेश दिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम आदेश दिएकोमा त्यस्तो आदेश बमोजिम सम्बन्धित प्रहरी कर्मचारीले अभियुक्तलाई पक्राउ गर्न र सम्बन्धित मालपोत कार्यालय वा अन्य सम्बद्ध निकायले अभियुक्तको सम्पत्ति रोक्का राख्नु पर्नेछ ।

८८. **प्रमाण बुझी सके पछि तारिखमा नबसे पनि हुने :** (१) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि प्रमाण बुझी सकेपछि कुनै पक्ष तारिखमा बस्न नचाहेमा निजले सोको अनुमतिको लागि अदालतमा निवेदन दिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम निवेदन परेमा अदालतले निजलाई तारिखमा राख्न आवश्यक नदेखिए निजको तारिख टुटाई दिन सक्नेछ ।

(३) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि पुनरावेदन सुन्ने अदालतमा मुद्दाको पक्ष तारिखमा बस्नु पर्ने छैन ।

परिच्छेद-९

वारिस सम्बन्धी व्यवस्था

८९. **वारिस नियुक्त हुन सक्ने** : (१) मुद्दाको कुनै पक्ष उजुरी, पुनरावेदनपत्र वा प्रतिउत्तरपत्र दिन, प्रमाण पेश गर्न, फैसला बमोजिम बिगो, क्षतिपूर्ति वा अन्य कुनै कुरा भराई लिन वा मुद्दा सम्बन्धी अन्य कुनै आवश्यक काम कारवाही गर्न आफू उपस्थित हुन नसक्ने भएमा सोको कारण खुलाई त्यस्तो पक्षले आफ्नो तर्फबाट वारिस नियुक्त गर्न सक्नेछ ।

(२) उपदफा (१) मा जनसुकै कुरा लेखिएको भए तापनि देहायको अवस्थामा वारिस नियुक्त गर्न सकिने छैन : -

(क) अनुसूची-१ र अनुसूची-२ अन्तर्गतको कसूर सम्बन्धी मुद्दा भएमा,

(ख) यस संहिता बमोजिम वयान दिनु पर्ने अवस्थाको अभियुक्त अदालतमा आफै उपस्थित भै वयान दिनु पर्ने भएमा,

(ग) यस संहिता बमोजिम पुर्पक्षका लागि थुनामा वस्नु पर्ने वा धरौटी वा जमानत माग भएको अवस्थामा त्यस्तो धरौटी वा जमानत दिन नसकी थुनामा वसेको व्यक्ति भएमा,

(घ) वारिस रहेको वा राख्न पाउने अवस्था भएपनि कुनै मनासिब कारण भई अदालतले मुद्दाको पक्षलाई आफैं अदालतमा उपस्थित हुन आदेश दिएमा,

(ङ) थुनामा रहेको वा पहिले नै धरौट वा जमानत दिई सकेकोमा बाहेक विदेशी नागरिक वा नागरिकताको ठेगाना नभएको व्यक्तिले मुद्दाको फैसला हुँदा कानून बमोजिम आफूलाई हुन सक्ने सजाय वरावरको रकम धरौटी नराखेमा वा सो वापत जमानत नदिएमा,

(च) त्यस्तो पक्षले कुनै अदालतको आदेश बमोजिम लागेको दण्ड, जरिबाना, दशौंद, बिसौंद नतिरी बाँकी रहेको भएमा, वा

(छ) अदालतले कुनै मनासिब कारण देखाई वारिस राख्न नपाउने भनी आदेश दिएकोमा ।

(३) कसैले उपदफा (२) प्रतिकूल हुने गरी वारिस दिएकोमा अदालतले त्यस्तो वारिस बदर गर्नेछ ।

(४) उपदफा (१) बमोजिम वारिस नियुक्ति हुन सक्ने मुद्दामा देहायको कुनै व्यक्तिलाई बाहेक अन्य जोसुकैलाई वारिस दिन सकिने छ :-

(क) जालसाजी, किर्ते वा भ्रष्टाचारको अभियोगमा सजाय पाएको व्यक्ति, वा

(ख) कानून बमोजिम करार गर्न अयोग्य व्यक्ति ।

तर मुद्दाको कुनै पक्षले आफ्नो एकाघरसँगको कुनै नातेदारलाई वारिस नियुक्त गर्न खण्ड (क) मा उल्लेख भएको कुनै कुराले वाधा पुऱ्याएको मानिने छैन ।

(५) उपदफा (१) बमोजिम वारिस नियुक्त गर्दा देहायको कुराहरु उल्लेख गरी अनुसूची-३५ बमोजिमको ढाँचामा वारेसनामा लेखी नियुक्त गर्नु पर्नेछ :-

(क) मुद्दाको विषय,

(ख) वारिस हुने व्यक्तिको पुरा नाम, थर, टोल सहितको ठेगाना र उमेर,

(ग) वारिस हुने व्यक्तिमा उपदफा (४) बमोजिमको कुनै अयोग्यता छैन भन्ने कुरा,

(घ) अदालतको आदेश बमोजिम कुनै दण्ड, जरिबाना, दशौद र बिसौंद बाँकी नरहेको कुरा,

(ङ) निजले अख्तियार पाएको काम ।

(६) वारेसनामाको लिखत तयार गर्दा कम्तीमा दुईजना साक्षी राख्नु पर्नेछ । .

(७) वारेसनामाको लिखतमा वारिस नियुक्ति गर्ने पक्ष र साक्षीहरुले सहीछाप गर्नु पर्नेछ ।

९०. **एकैसाथ एक भन्दा बढी व्यक्तिको वारिस हुन सक्ने** : एउटै व्यक्ति एकै साथ एक भन्दा बढी व्यक्तिहरुको वारिस हुन सक्नेछ ।

तर कुनै मुद्दामा एउटा पक्षको वारिस भएको व्यक्ति सोही मुद्दामा निजको विपक्षीको वारिस हुन सक्ने छैन ।

९१. **पक्ष वारिस हुन सक्ने** : कुनै मुद्दामा एक भन्दा बढी वादी वा प्रतिवादी भएकोमा त्यस्ता व्यक्तिहरु मध्ये कुनै व्यक्तिलाई वारिस नियुक्त गर्न सकिनेछ ।

तर एक पक्षको वारिस सोही मुद्दामा विपक्षीको वारिस हुन सक्ने छैन ।

९२. **वारिसको अधिकार र कर्तव्य** : (१) वारिसले आफूलाई नियुक्त गर्ने पक्षको तर्फबाट वारेसनामामा लेखिए बमोजिमको सबै काम गर्न सक्नेछ ।

(२) वारिस नियुक्त गर्ने व्यक्तिलाई नै उपस्थित गराउन अदालतबाट आदेश भएमा वारिसले त्यस्तो व्यक्तिलाई अदालतमा उपस्थित गराउनु पर्नेछ ।

(३) उपदफा (२) बमोजिम सम्बन्धित व्यक्ति उपस्थित नभएमा त्यस्तो व्यक्तिको वारिस अदालतले बदर गर्न सक्नेछ ।

९३. **वारिस बदर गर्न सकिने** : (१) वारिस नियुक्त गर्ने पक्षले चाहेमा जुनसुकै वखत आफूले दिएको वारेसनामा बदर गरी आफैले मुद्दा सकार गर्न वा अर्को व्यक्तिलाई वारिस नियुक्त गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम वारेसनामा बदर गरी आफ्नो मुद्दा आफैंले सकार गरेमा सम्बन्धित पक्षले सोको जानकारी अदालतलाई निवेदन मार्फत दिनु पर्नेछ ।

९४. **वारिसलाई पक्राउ गर्न नहुने** : वारिस नियुक्त गर्ने पक्षलाई मुद्दाको फैसला हुँदा भएको सजाय वा निजले व्यहोर्नु पर्ने दायित्वको सम्बन्धमा वारिसलाई पक्राउ गर्न सकिने छैन ।

९५. **वारिस नियुक्त गर्न अनुमति दिन सकिने विशेष व्यवस्था** : (१) दफा ८९ को उपदफा (२) को खण्ड (क) मा जुनसुकै कुरा लेखिएको भए तापनि देहायका अवस्थाको व्यक्तिले सोही व्यहोरा खुलाई वारिस नियुक्त गर्न अनुमतिको लागि अदालतमा निवेदन दिन सक्नेछ :-

(क) तीन वर्ष वा सो भन्दा घटीको कैद सजाय हुन सक्ने कसूरको अभियोग लागेको अभियुक्त थुनामा बसेको रहेनछ र काबु बाहिरको परिस्थितिले तोकिएको तारिखमा उपस्थित हुन नसक्ने अवस्था सृजना भएमा,

(ख) पाँच वर्षसम्म कैदको सजाय हुन सक्ने कसूरको अभियोग लागेको महिला सुत्केरी भएको वा अन्य कुनै कारणले गर्दा तोकिएको तारिखमा अदालतमा उपस्थित हुन नसक्ने भएमा ।

(२) उपदफा (१) बमोजिम निवेदन परेमा र त्यस्तो निवेदनको व्यहोरा मनासिब देखिएमा यस परिच्छेदका अन्य व्यवस्थाहरुको अधीनमा रही अदालतले कारण खुलाई निजलाई अवधी तोकी वा नतोकी वारिस राख्न अनुमति दिन सक्नेछ ।

परिच्छेद - १०

मुद्दाको स्थानान्तरण र मुलतवी सम्बन्धी व्यवस्था

९६. **मुद्दा स्थानान्तरण हुन सक्ने :** (१) कुनै अदालतमा दायर भई किनारा हुन वांकी रहेको कुनै मुद्दा देहायको अवस्थामा सम्बन्धित अदालतको प्रतिवेदनको आधारमा सर्वोच्च अदालतले कारण खुलाई समान तहको अर्को अदालतमा सार्ने आदेश दिन सक्नेछ :-

(क) मुद्दामा संलग्न प्रश्न वा विषयवस्तुको गम्भीरता वा मुद्दाको पक्ष वा स्थानीय स्तरको कुनै कारणले सो मुद्दा दायर रहेको अदालतमा निष्पक्ष कारवाही हुन नसक्ने भएमा,

(ख) कसूर भएको इलाकाको अदालतमा दायर नभई अन्यत्र दायर भएको मुद्दा कसूर भएकै इलाकाको अदालतबाट कारबाही र किनारा हुनु पर्ने कुनै मनासिब कारण भएमा ।

(२) कुनै मुद्दामा कुनै जटिल संवैधानिक वा सार्वजनिक महत्वको कानूनी प्रश्न समावेश भएकोले सो मुद्दाको फैसला वा त्यसमा समावेश भएको कुनै संवैधानिक वा कानूनी प्रश्नको निर्णय सर्वोच्च अदालतबाट हुनु उपयुक्त छ भन्ने कुरा सम्बन्धित पक्षको निवेदन वा मुद्दा दायर रहेको अदालतको प्रतिवेदन वा अन्य कुनै कारणबाट सर्वोच्च अदालतलाई लागेमा सर्वोच्च अदालतले सो मुद्दा झिकाई आफैले कारबाही र किनारा गर्न वा त्यसमा समावेश भएको कुनै संवैधानिक तथा कानूनी प्रश्न सम्मको निर्णय गरी बांकी कुराहरुको निर्णयको लागि मिसिल सम्बन्धित अदालतमा फिर्ता पठाउन सक्नेछ ।

(३) कुनै अदालतमा दायर रहेको कुनै मुद्दा यस संहिता बमोजिम सो अदालतको न्यायाधीशले हेर्न नहुने कुनै कारण भएमा सम्बन्धित अदालतले सो कुरा उल्लेख गरी पुनरावेदन सुन्ने अदालतमा प्रतिवेदन पठाउनु पर्नेछ र सो बमोजिम प्रतिवेदन प्राप्त भएमा पुनरावेदन सुन्ने अदालतले पक्षहरुको सुविधालाई समेत विचार गरी त्यस्तो मुद्दा आफ्नो प्रादेशिक अधिकार क्षेत्रको समान तहको अर्को अदालतमा सार्न सक्नेछ ।

९७. **मुद्दा मुलतवी राख्न सकिने** : (१) भिन्न भिन्न अदालतमा दायर रहेका भिन्न भिन्न मुद्दाहरु मध्ये एउटाको किनारा नभई अर्कोको किनारा हुन नसक्ने वा गर्न नहुने वा एउटा मुद्दाको निर्णयबाट अर्को मुद्दाको निर्णयमा तात्विक असर पर्ने कुनै मनासिब कारण देखाई त्यस्ता मुद्दाको कुनै पक्षले सम्बन्धित अदालतमा निवेदन दिएमा वा मुद्दाको कारबाहीको सिलसिलामा अदालतले स्वयं सो कुरा महसुस गरेमा अदालतले कारण खुलाई त्यस्तो मुद्दा मुलतवी राख्ने आदेश दिन सक्नेछ ।

(२) कुनै अदालतले सो अदालतमा दायर रहेको कुनै मुद्दा उपदफा (१) बमोजिम मुलतवी राख्ने आदेश दिएकोमा सो कुरा पक्षहरुलाई लिखित रुपमा सूचित गरी मुद्दाको सवै कारबाही स्थगित गर्नु पर्नेछ र अर्को मुद्दा दायर रहेको सम्बन्धित अदालतलाई समेत सो कुराको सूचना दिनु पर्नेछ ।

(३) उपदफा (२) बमोजिमको सूचना प्राप्त भएपछि सम्बन्धित अदालतले सो अदालतमा दायर रहेको सम्बन्धित मुद्दाको किनारा गरेपछि तीस दिनभित्र फैसलाको एक प्रति नक्कल संलग्न गरी मुद्दा मुलतवी रहेको अदालतलाई सो कुरा सूचित गर्नु पर्नेछ र सूचना पाएपछि मुद्दा मुलतवी रहेको अदालतले तारिख तोकी मुद्दाको पक्षहरुलाई लिखित सूचना दिई मुलतवी जगाई कारबाही र किनारा गर्नु पर्नेछ ।

(४) उपदफा (३) मा जुनसुकै कुरा लेखिएको भए तापनि त्यस्ता पक्षहरु उपदफा (३) बमोजिमको मुद्दाको पनि पक्ष भए निजहरुलाई मुलतवी रहेको मुद्दा भएको अदालतमा पन्ध्र दिन भित्र हाजिर हुन जानु भनी मुद्दामा निर्णय गर्ने अदालतले आदेश दिनु पर्नेछ ।

(५) दुई भिन्न भिन्न अदालतमा दायर रहेका मुद्दाहरु मध्ये कुन मुद्दा मुलतवी राख्ने भन्ने कुरामा दुई अदालतको राय फरक भएमा दुवै अदालतले पुनरावेदन सुन्ने अदालतमा आफ्नो प्रतिवेदन पठाउनु पर्नेछ ।

(६) उपदफा (५) बमोजिमको अवस्थामा मुद्दाका पक्षले पनि सम्बन्धित पुनरावेदन अदालतमा निवेदन दिन सक्नेछ ।

(७) उपदफा (५) बमोजिम प्रतिवेदन पठाएकोमा वा उपदफा (६) बमोजिम पक्षको निवेदन परेकोमा त्यस्तो मुद्दाका सम्बन्धमा पुनरावेदन सुन्ने अदालतको आदेश बमोजिम गर्नु पर्नेछ ।

(८) उपदफा (५) बमोजिम भिन्न राय भएका दुई अदालतको पुनरावेदन सुन्ने अदालत एउटै नभई भिन्न भिन्न भएमा सो विषय सर्वोच्च अदालतमा पेश गरी सर्वोच्च अदालतको आदेश बमोजिम गर्नु पर्नेछ ।

(९) यस दफा बमोजिम मुद्दा मुलतवी राख्ने वा राख्न लगाउने आदेश दिनु भन्दा अघि अदालतले मनासिब सम्झेमा सम्बन्धित पक्षलाई सूचना दिई सुनुवाई गराउन सक्नेछ ।

९८. **अभियुक्त उपस्थित नभएकोमा मुद्दा मुलतवी राख्ने** : (१) दफा ५७ बमोजिम पक्राउ पूर्जी जारी भएको अभियुक्त पक्राउ पूर्जी जारी भएको मितिले पैंतीस दिन भित्र पनि अदालतमा उपस्थित नभएमा वा निजलाई उपस्थित गराउन नसकिएमा अदालतले निजको हकमा मुद्दा मुलतवी राखी त्यस्तो मुद्दामा संलग्न अन्य अभियुक्तहरुको हकमा प्रमाण वुझी मुद्दाको किनारा गर्नु पर्नेछ ।

तर,

(क) अदालतमा वयान वा प्रतिउत्तर दिइ सकेपछि अनुपस्थित रहेको अभियुक्त वा प्रतिवादीको हकमा मुद्दा मुलतवी राखिने छैन र वादी प्रतिवादीले पेश गरेको सवुद प्रमाण र अदालतले मनासिब सम्झेको अन्य प्रमाण वुझी मुद्दाको किनारा गर्नु पर्नेछ,

(ख) तीन वर्ष वा सो भन्दा घटी कैदको सजाय हुने मुद्दामा अदालतमा हाजिर नभएको अभियुक्त वा प्रतिवादीहरुको हकमा समेत ठहरे बमोजिम फैसला गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम कुनै मुद्दा मुलतवी रहने भएमा अदालतले मुद्दाको सवै कारबाही स्थगन गर्नु पर्नेछ ।

(३) उपदफा (१) बमोजिम मुद्दा मुलतवी रहेकोमा मुद्दाको किनारा गर्नु भन्दा अगाडि अभियुक्त अदालतमा उपस्थित भएमा वा गराइएमा अदालतले मुलतवी जगाई उजुरवालालाई सो कुराको सूचना दिई मुद्दाको कारबाही र किनारा गर्नु पर्नेछ ।

(४) उपदफा (१) बमोजिम मुद्दा मुलतवी रहेको मितिले तीन वर्षको अवधि भित्र अभियुक्त अदालतमा उपस्थित भएन वा गराइएन भने अदालतले त्यस्तो अभियुक्तको सम्बन्धमा मुलतवी रहेको मुद्दा जगाई कारवाही र किनारा गर्नु पर्नेछ ।

(५) उपदफा (१) बमोजिम मुद्दा मुलतवी रहन सक्ने अवधिसम्म पनि अभियुक्त अदालतमा उपस्थित नभएमा दफा ५८ को उपदफा (१५) बमोजिम रोक्का भएको निजको हकको सम्पत्ति मुद्दा फैसला हुँदा निज कसूरदार ठहरेमा कानून बमोजिम लिलाम विक्री गरी प्राप्त भएको रकम नेपाल सरकारको संचित कोषमा दाखिल गर्नु पर्नेछ ।

(६) मुद्दाको किनारा हुनु भन्दा पहिले नै अभियुक्त अदालतमा उपस्थित भएको वा गराइएको र निजले आफ्नो विरुद्ध मुद्दा चलेको कुरा थाहै नपाएकोले उपस्थित हुन नसकेको भनी अदालतलाई विश्वास हुने कुनै प्रमाण पेश गरेमा अदालतले देहाय बमोजिमको खर्चहरु कटाई वा असुल गरी रोक्का रहेको सम्पत्ति निजलाई फुकुवा गर्ने आदेश दिनु पर्नेछ :-

(क) सम्पत्ति विक्री भई नसकेकोमा सो सम्पत्ति रोक्का राख्दा लागेको खर्च,

(ख) अदालतमा उपस्थित हुन निजका नाममा वा कुनै विषयमा सार्वजनिक सूचना प्रकाशन गर्न लागेको खर्च ।

(७) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि एउटा अदालतमा दायर भएको मुद्दा मुलतवी रहेकोमा सोही अदालत वा अन्य कुनै अदालतमा दायर भएको अर्को कुनै मुद्दामा अभियुक्त वादी वा प्रतिवादीको हैसियतमा उपस्थित भएको भन्ने प्रतिवेदन वा जानकारी प्राप्त भएमा त्यस्तो मुद्दा मुलतवी रहेको मानिने छैन र अदालतले त्यस्तो मुद्दाको कारवाही अगाडि बढाउनको लागि त्यस्तो अभियुक्तलाई अदालतमा उपस्थित हुने आदेश दिन सक्नेछ ।

(८) उपदफा (७) बमोजिमको आदेश बमोजिम अभियुक्त उपस्थित नभए तापनि त्यस्तो मुद्दा जगाई कारवाही र किनारा गर्न सकिनेछ ।

परिच्छेद - ११
प्रमाण परीक्षण सम्बन्धी व्यवस्था

९९. **प्रमाण पेश गर्नु पर्ने** : (१) वादीले उजुरीमा, अभियुक्तले वयानमा र प्रतिवादीले प्रतिउत्तरपत्रमा आफ्ना सबै साक्षी, लिखत र दसी प्रमाण खुलाउनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम खुलाएको लिखत वा दसी प्रमाणको प्रकृतिबाट आफूसँग रहनु पर्ने वा आफूले प्राप्त गर्न सक्ने लिखत वा दसी प्रमाण वादीले उजुरीका साथ, प्रतिवादीले प्रतिउत्तरपत्रका साथ र अभियुक्तले वयान गर्दाका बखत पेश गर्नु पर्नेछ ।

(३) उपदफा (१) वा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि देहायका कुरामा देहाय बमोजिम हुनेछ :

(क) अभियुक्तले वयान गर्दा वा प्रतिवादीले प्रतिउत्तरपत्र दिंदा तत्काल पेश गर्न नसकिने कुनै लिखत वा दसी प्रमाण पेश गर्ने अर्को तारिख तोकी पाउं भनी अनुरोध गरेमा अदालतले बढीमा एक महिनासम्मको अर्को तारिख तोक्न सक्नेछ,

(ख) दफा १०४ को उपदफा (३) बमोजिम कीर्ते वा जालसाजी सम्बन्धी प्रमाण वुझ्ने कुराको हकमा सोही दफा बमोजिम हुनेछ,

(ग) मुद्दाको पुर्पक्ष हुँदाका वखत कुनै नयां तथ्यको समर्थन वा खण्डन गर्न कुनै थप प्रमाण पेश गर्नु पर्ने अवस्था भएमा अदालतको अनुमति लिई सम्बन्धित पक्षले थप प्रमाण पेश गर्न सक्नेछ ।

(४) मुद्दाको कुनै पक्षले उपदफा (२) बमोजिम कुनै लिखत प्रमाण पेश गर्दा त्यस्तो लिखतको नक्कल विपक्षीको संख्या भन्दा एक प्रति बढी पेश गर्नु पर्नेछ ।

तर अनुसूची-१ र अनुसूची-२ अन्तर्गतका कसूर सम्बन्धी मुद्दामा भने त्यस्तो लिखतको नक्कल पेश गर्नु पर्ने छैन ।

स्पष्टीकरण : यस दफाको प्रयोजनको लागि "नक्कल" भन्नाले लिखतको फोटोकपी वा अन्य कुनै छायाँप्रति सम्झनु पर्छ ।

१००. **सक्कल लिखत फिर्ता दिनु पर्ने** : (१) दफा ९९ को उपदफा (२) बमोजिम कुनै लिखत अदालतमा पेश भएकोमा अदालतले आफ्नो कर्मचारीलाई सोही दफाको उपदफा (४) बमोजिम पेश भएको नक्कल प्रति सक्कल लिखत बमोजिमको भए वा नभएको रुजु गर्न लगाउनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम रुजु गर्ने कर्मचारीले रुजु गरी सकेपछि त्यस्तो नक्कलको प्रत्येक पानामा सक्कल बमोजिम नक्कल दुरुस्त छ भनी लेखी मिति खुलेको दस्तखत गरी सो लिखत पेश गर्ने पक्षको समेत सहीछाप गराई अदालतको छाप लगाइ प्रमाणित गर्नु पर्नेछ ।

(३) उपदफा (२) बमेजिम प्रमाणित भएपछि त्यस्तो कर्मचारीले त्यस्तो सक्कल लिखतको पीठमा अदालतको छाप लगाई मिति खुलेको दस्तखत गरी सो लिखत पेश गर्ने पक्षलाई फिर्ता दिनु पर्नेछ ।

(४) उपदफा (३) बमोजिम फिर्ता दिएको सक्कल लिखत अदालतले चाहेमा आवश्यकता अनुसार पुनः पेश गर्न सम्बन्धित पक्षलाई आदेश दिन सक्नेछ ।

१०१. **पक्षले साक्षी उपस्थित गराउनु गर्ने** : (१) अदालतमा दायर भएका मुद्दाका साक्षी अदालतले तोकेको दिन सम्बन्धित पक्षले उपस्थित गराउनु पर्नेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै खास मुद्दामा त्यस्तो मुद्दा दायर गर्दा कै वखत प्रतिवादीहरु उपस्थित भएमा वादी, प्रतिवादी वा दुवै पक्षले मुद्दा दायर गर्दा कै वखत आ-आफनो साक्षी प्रमाणहरु अदालतमा पेश गर्न सक्ने छन् ।

(३) उपदफा (१) वा (२) बमोजिम साक्षी पेश गर्दा अनुसूची-१ र अनुसूची-२ अर्न्तगतका कसूर सम्बन्धी मुद्दाका सरकारी पक्षको साक्षीलाई सम्बन्धित अनुसन्धान अधिकारी वा निजको कार्यालयले सरकारी वकील कार्यालय मार्फत उपस्थित गराउनु पर्नेछ ।

(४) उपदफा (१) बमोजिम साक्षी बुझ्न तोकेको तारिखका दिन उपस्थित नहुने साक्षीलाई वातेल गरिदिनु पर्छ ।

तर काबू बाहिरको परिस्थिति परी उपस्थित हुन नसकेकोमा पक्षले सोही व्यहोरा खुलाई निवेदन दिएमा अदालतले त्यस्तो साक्षी बुझ्ने अर्को तारिख तोक्न सक्नेछ ।

(५) यस संहिताको अनुसूची-१ वा अनुसूची-२ मा उल्लिखित कुनै कसूर सम्बन्धी मुद्दामा सबै प्रतिवादीहरु उपस्थित नभएको कारण साक्षी परीक्षणको प्रकृया शुरु नभएकोमा कुनै पक्षले आफूले दिएको साक्षी तत्काल उपस्थित नगराएमा पछि उपस्थित गराउन नसकिने कारण देखाई त्यस्ता साक्षीहरु तत्कालै उपस्थित गराई वकपत्र गराउन अनुरोध गर्न सक्नेछ ।

(६) उपदफा (५) बमोजिम अनुरोध भएकोमा र त्यस्तो कारण मनासिब भएमा अदालतले सोको कारण खुलाई त्यस्तो साक्षीको तत्कालै वकपत्र गराउन सक्नेछ ।

(७) उपदफा (६) बमोजिम साक्षीले गरेको वकपत्रमा उपस्थित भएसम्मका मुद्दाका पक्ष विपक्षलाई जिरह गर्न दिनु पर्नेछ र त्यस्तो अवस्था रहेनछ भने सो वकपत्रको व्यहोराको हकमासम्म पछि उपस्थित पक्षले खण्डन गर्न सक्नेछ ।

१०२. **विशेषज्ञ साक्षीलाई बुझ्न सकिने :** नेपाल सरकारवादी भएको जघन्य वा गम्भीर कसूर सम्बन्धी कुनै मुद्दामा विशेषज्ञ राय व्यक्त गर्ने विशेषज्ञको मृत्यु भएमा वा निज लामो अवधि विदेशमा बसी नेपाल आउन नसक्ने भएमा वा अन्य कारणले निजलाई बुझ्न असम्भव भएमा त्यस्तो विशेषज्ञ साक्षी सरहको वा सो भन्दा माथिको समान विषयको विशेषज्ञबाट विशेषज्ञ राय लिन सकिनेछ ।

स्पष्टीकरण : यस दफाको प्रयोजनको लागि "जघन्य कसूर " भन्नाले जन्मकैद वा दश वर्ष भन्दा बढी कैद हुने कसूर र "गम्भीर कसूर" भन्नाले तीन वर्ष देखि दश वर्षसम्म कैद हुने कसूर सम्झनु पर्छ ।

१०३ **सहअभियुक्तको जिरह गर्न सकिने** : यस परिच्छेद बमोजिम प्रमाण परीक्षण गर्दा कुनै अभियुक्तले कुनै सहअभियुक्तलाई पोल गरेमा त्यसरी पोलेको कुराको हदसम्म त्यस्तो सहअभियुक्तले जिरह गर्न सक्नेछ ।

१०४. **लिखत प्रमाण सम्बन्धी व्यवस्था** : (१) प्रमाण बुझ्न तोकिएको तारिखमा अदालतले मुद्दाको पक्षहरुबाट प्रमाणका लिखतहरु सक्कलै पेश गर्न लगाई एउटा पक्षले पेश गरेको लिखत अर्को पक्षलाई देखाउनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम देखाइएको लिखत अर्को पक्षले कीर्ते वा जालसाजी गरी तयार गरेको जिकिर लिएमा सो कुरा खुलाई त्यस्तो पक्षको वयान गराउनु पर्नेछ ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै पक्षलाई अर्को पक्षले पेश गरेको प्रमाणको कुनै लिखत देखाउंदा निजले सद्धे, कीर्ते, जालसाजी छुट्याउन तत्काल असमर्थता देखाई त्यसको निमित्त समय मागेमा अदालतले आवश्यकता अनुसार बढीमा सात दिनसम्मको तारिख तोकी अर्को पक्षलाई सोको जानकारी गराई सो तारिखमा निजको वयान गराउन र कीर्ते वा जालसाजी भनी वयान गरेमा निजले त्यस सम्बन्धमा पेश गरेको प्रमाण पनि बुझ्नु पर्नेछ ।

तर प्रमाण बुझ्न तोकिएको तारिखमा अनुपस्थित रहेको पक्ष वा प्रतिनिधित्व नभएको पक्षको हकमा सो पक्षलाई यो दफा बमोजिम लिखत देखाउन वा वयान गराउन आवश्यक हुने छैन ।

(४) उपदफा (३) मा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै लिखतको सद्दे किर्ते छुट्याउन तोकिएको तारिखमा कुनै पक्ष कावु वाहिरको परिस्थितिले गर्दा अनुपस्थित रहेमा त्यस्तो तारिख तोकिएको पन्ध्र दिन भित्र सम्बन्धित पक्ष वा निजको प्रतिनिधि उपस्थित भई सो लिखतको वारेमा कुनै कुरा व्यक्त गर्न चाहेमा निजलाई सो बमोजिम व्यक्त गर्न मौका दिनुपर्नेछ ।

१०५. **कीर्ते वा जालसाजी भनिएको लिखत मिसिल साथ राख्नु पर्ने** : दफा १०४ को उपदफा (१) बमोजिम एउटा पक्षले पेश गरेको लिखत अर्को पक्षलाई देखाउंदा त्यसलाई निजले कीर्ते वा जालसाजी लिखत नामाकरण गरेमा सो लिखतको पीठमा दुवै पक्षको सहीछाप गर्न लगाई सम्बन्धित कर्मचारीको हस्ताक्षर र अदालतको छाप समेत लगाई सिलवन्दी गरी मिसिल साथ सुरक्षित राख्नु पर्नेछ ।

१०६. **तोकिएको दिन साक्षी बुझ्नु पर्ने** : (१) अदालतले साक्षी बुझ्न तोकिएको तारिखको दिन उपस्थित भएसम्मको सवै साक्षीहरुको वकपत्र गराउनु पर्नेछ र सो दिन उपस्थित सवै साक्षीहरुको वकपत्र गराउन समय अभावको कारणले नभ्याएमा मात्र त्यसपछि अदालत खुल्ने अर्को दिन वकपत्र गराउनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम वकपत्र गर्न उपस्थित भएको साक्षीले बकपत्र गर्नु अघि निजले सत्य कुरा मात्र व्यक्त गर्ने उद्घोषण गरी अनुसूची-३६ बमोजिमको ढाँचामा अरुले सुन्ने गरी शपथ लिनु पर्नेछ र त्यस्तो शपथ सम्बन्धित मिसिलमा संलग्न गर्नु पर्नेछ ।

(३) साक्षीले गरेको वकपत्र अनुसूची-३७ बमोजिमको ढाँचामा अभिलेख गर्नु पर्नेछ ।

१०७. **वन्दसवालद्वारा साक्षी बुझ्न सकिने** : (१) यस परिच्छेदमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि मुद्दा दायर रहेको अदालतको क्षेत्राधिकार भएको इलाका भन्दा बाहिर रहे बसेको वा कुनै कारणले अदालतमा उपस्थित हुन नसक्ने तर नवुझी नहुने साक्षीलाई मुद्दाको गम्भीरता हेरी वन्दसवालद्वारा वुझ्नु पर्ने भएमा अदालतले त्यसको सूचना मुद्दाका पक्षहरुलाई दिनु पर्नेछ ।

(२) मुद्दाको कुनै पक्षले चाहेमा उपदफा (१) बमोजिमको वन्दसवालमा आफूले साक्षीसँग सोध्न चाहेको प्रश्नहरु समावेश गरियोस भनी कारण खुलाई अदालतमा निवेदन दिन सक्नेछ ।

(३) उपदफा (२) बमोजिमको कुनै निवेदन परेमा र अदालतले त्यस्तो प्रश्न त्यस्तो बन्दसवालमा समावेश हुनु मनासिब ठानेमा सो प्रश्न समेत त्यस्तो वन्दसवालमा समावेश गर्न आदेश दिनेछ र सोही बमोजिम बन्द सवालको प्रश्नहरु तयार गरिनेछ ।

(४) बन्द सवालको ढाँचा अनुसूची-३८ मा उल्लेख भए बमोजिम हुनेछ ।

(५) उपदफा (१) बमोजिम बन्दसवालद्वारा साक्षी बुझ्दा मुद्दाको कुनै पक्षले चाहेमा वन्दसवाल पठाइएको अदालतमा उपस्थित भै प्रमाण सम्बन्धी प्रचलित कानून बमोजिम साक्षी परीक्षण, जिरह वा पुनः सोधपुछ गर्न सक्नेछ ।

१०८. **वकपत्र इजलासमा गराउनु पर्ने** : (१) यस संहिता बमोजिम साक्षीको वकपत्र गराउदा न्यायाधीशको इजलासमा गर्नु पर्नेछ ।

तर शारीरिक असमर्थताले गर्दा अदालतमा उपस्थित हुन नसक्ने साक्षीको वकपत्र गराउनु पर्दा त्यस्तो साक्षी रहे वसेको ठाउँमा न्यायाधीश आफैं गई वा आफ्नो मातहतको अधिकृत कर्मचारी खटाई वकपत्र गराउन लगाउन सकिनेछ ।

(२) उपदफा (१) बमोजिम वकपत्र गराउँदा मुद्दाका सम्बन्धित पक्षहरुलाई सो कुराको सूचना दिई दफा १०७ को उपदफा (५) बमोजिम परीक्षण गर्ने मौका समेत दिनु पर्नेछ ।

१०९. **श्रव्य-दृश्य संवाद (भिडियो कन्फरेन्स) मार्फत साक्षी बुझ्न सकिने** : (१) यस परिच्छेद बमोजिम बुझनु पर्ने साक्षी शारीरिक रुपमा अशक्त वा बालबालिका भएको वा सुरक्षाको कारणले गर्दा निजलाई अदालतमा उपस्थित गराउन नसकिने भएमा सम्बन्धित पक्षले सोही व्यहोरा खोली श्रव्य-दृश्य संवाद (भिडियो कन्फरेन्स) मार्फत त्यस्तो साक्षी बुझनको लागि अदालतमा निवेदन दिन सक्नेछ ।

(२) कुनै खास प्रकृतिको साक्षीको परीक्षण श्रव्य दृश्य सम्वाद (भिडियो कन्फरेन्स) मार्फत गराउन अदालतले आदेश गरेमा सोही बमोजिम साक्षी परीक्षण गर्नु पर्नेछ ।

(३) उपदफा (१) बमोजिमको निबेदन परेमा र निबेदनमा उल्लिखित कारण मनासिब देखिएमा वा उपदफा (२) बमोजिम अदालतले आदेश दिएमा यस संहितामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि अदालतले त्यस्तो साक्षी श्रव्य-दृश्य संवाद (भिडियो कन्फरेन्स) मार्फत बुझ्न सक्नेछ ।

(४) उपदफा (३) बमोजिम श्रव्य-दृश्य संवाद (भिडियो कन्फरेन्स) गर्दा अदालतको अनुमति लिई मुद्दाको सम्बन्धित पक्ष त्यस्तो सम्वाद स्थलमा उपस्थित भई सोधपुछ, जिरह वा पुनः सोधपुछ गर्न सक्नेछ ।

(५) उपदफा (३) बमोजिम साक्षी बुझ्दा त्यस्तो साक्षीले व्यक्त गरेको कुरा अभिलेख हुने व्यवस्था गर्नु पर्नेछ र अदालतले श्रव्य-दृश्य संवाद (भिडियो कन्फरेन्स) को अभिलेख राख्नु पर्नेछ ।

(६) श्रव्य-दृश्य संवाद (भिडियो कन्फरेन्स) मार्फत साक्षी बुझेको अभिलेख अनुसूची-३९ बमोजिमको ढाँचामा राख्नु पर्नेछ ।

११०. **साक्षीको व्यवहार, मुखाकृति इत्यादि टिपोट गर्न सकिने** : (१) न्यायाधीशले कुनै साक्षीलाई वकपत्र गराउँदा निजको व्यवहार र मुखाकृति कस्तो थियो, निजसँग सोधिएको प्रश्नहरुको जवाफ दिंदा निज उत्तेजित भएको, हडवडाएको वा डराएको थियो वा थिएन, निजको मुखाकृतिबाट निजले दिएको जवाफ सांचो वा झुट्ठो के कस्तो झल्कन्थ्यो जस्ता कुरा र अन्य आवश्यक कुराको सम्बन्धमा आफूलाई लागेको कुराहरुको टिपोट बनाउन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम बनाइएको टिपोटमा न्यायाधीशले सहीछाप गरी मिसिल संलग्न राख्नु पर्नेछ ।

(३) साक्षीको वकपत्रलाई प्रमाणको रुपमा मूल्यांकन गर्दा उपदफा (१) बमोजिमको टिपोटलाई आधार लिन सकिनेछ ।

१११. **एक पटक वुझिसकेको साक्षी फेरी बुझ्न नहुने** : एक पटक वकपत्र गरी सकेको साक्षीबाट पुनः कुनै कुरा वुझ्न सकिने छैन ।

तर त्यस्तो साक्षीबाट नवुझी नहुने कुनै कुरा छुट्न गई न्यायाधीशले कारण खुलाई आदेश गरेमा पुनः समाव्हान जारी गरी निजलाई वुझ्न सकिनेछ ।

११२. **नवुझी नहुने साक्षीलाई समाव्हान वा पक्राउ पूर्जी जारी गर्न सकिने** : (१) यस परिच्छेद बमोजिम प्रमाण परीक्षणको लागि अदालतले तोकेको दिन उपस्थित नभएको तर मुद्दाको गम्भीरता हेरी नवुझी नहुने नेपाल सरकार वादी हुने फौजदारी मुद्दासँग सम्बन्धित साक्षीलाई उपस्थित गराउन वा कुनै लिखत वा दसी प्रमाण दाखिला गराउन समाव्हान जारी होस भनी कारण खुलाई मुद्दाको पक्षले निवेदन दिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिमको निबेदन परेमा र त्यस्तो निवेदनको व्यहोरा मनासिब भई त्यस्तो साक्षी वुझ्नु पर्ने देखेमा अदालतले त्यस्तो साक्षीलाई बढीमा पन्ध्र दिनको म्याद दिई समाव्हान जारी गरी वुझन सक्नेछ ।

(३) उपदफा (२) बमोजिम समाव्हान जारी भएकोमा मनासिब कारण भएकोमा बाहेक त्यस्तो साक्षी तोकिएको म्याद भित्र उपस्थित हुनु पर्नेछ ।

(४) उपदफा (३) बमोजिम तोकिएको म्यादभित्र उपस्थित नहुने साक्षीलाई अदालतले दुई हजार रुपैयाँसम्म जरिबाना गरी पक्राउ पूर्जी जारी गरी पक्राउ गरी वकपत्र गराउन सक्नेछ ।

(५) उपदफा (४) बमोजिम जुन साक्षीका बिरुद्ध पक्राउ पूर्जी जारी भएको हो सो साक्षी फेला परेन वा पक्राउ हुन सकेन भने त्यस्तो साक्षी पक्राउ परेका वा फेला परेका वखत सजाय कार्यान्वयन गर्ने गरी तीन महिनासम्म कैद गरी वुझिएको प्रमाणवाट मुद्दा फैसला गर्नुपर्नेछ ।

(६) यस दफा बमोजिम जारी भएको समाव्हान वा पक्राउ पूर्जी परिच्छेद -६ बमोजिम तामेली गरिनेछ ।

११३. **साक्षीलाई दैनिक तथा भ्रमण भत्ता तथा सुरक्षा दिनु पर्ने** : (१) अनुसूची-१ वा अनुसूची-२ अन्तर्गतका कसूर सम्बन्धी मुद्दामा नेपाल सरकारका तर्फबाट अदालतमा उपस्थित भएका साक्षीलाई राजपत्र अर्नकित प्रथम श्रेणीका सरकारी कर्मचारीले कानून बमोजिम पाए सरहको दैनिक तथा भ्रमण भत्ता सम्बन्धित प्रहरी कार्यालयले उपलव्ध गराउनु पर्नेछ ।

(२) कुनै सरकारी कर्मचारी साक्षी वा विशेषज्ञको हैसियतले अदालतमा उपस्थित भएमा निजलाई प्रचलित कानून बमोजिम निजले पाउने दैनिक तथा भ्रमण भत्ता निज बहाल रहेको कार्यालयले उपलव्ध गराउनु पर्नेछ ।

(३) उपदफा (१) बमोजिमको साक्षीको आवश्यक सुरक्षाको व्यवस्था नेपाल सरकारले गर्नुपर्नेछ ।

११४. **साक्षीको संरक्षण गर्न आदेश दिन सक्ने** : (१) अनुसूची-१ वा अनुसूची-२ अन्तर्गतको कसूर सम्बन्धी कुनै मुद्दामा साक्षी रहेको कुनै व्यक्तिलाई अदालत समक्ष उपस्थित हुन वा अदालतमा वकपत्र गरिसकेपछि आफ्नो सुरक्षामा खतरा रहेको छ भन्ने लागेमा निजले सोको कारण खुलाई सुरक्षाको प्रबन्ध गरिदिन अदालत समक्ष निवेदन दिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिमको अनुरोध भएमा अदालतले त्यस्तो साक्षीको सुरक्षाको प्रवन्ध गर्न सम्बन्धित निकायलाई आदेश दिन सक्नेछ ।

(३) उपदफा (२) बमोजिम अदालतले आदेश दिएमा त्यस्तो सुरक्षाको प्रबन्ध गर्ने कर्तव्य त्यस्तो निकायको हुनेछ ।

(४) यस दफा बमोजिम साक्षी संरक्षण गर्न अदालतले गरेको आदेश बमोजिम अपनाइएको कुनै विषयका सम्बन्धमा कुनै अदालतमा प्रश्न उठाउन पाइने छैन ।

११५. **नेपाल राज्य बाहिर पनि साक्षी प्रमाण बुझ्न सकिने** : (१) कुनै अदालतमा विचाराधीन रहेको कुनै मुद्दाका सम्वन्धमा नेपाल राज्य बाहिर रहे बसेको कुनै साक्षी वा प्रमाण बुझ्नु परेमा वा वन्दसवाल गर्नु परेमा त्यस्तो विषयमा पारस्परिक कानूनी सहायता सम्बन्धी प्रचलित कानून बमोजिम साक्षी वा प्रमाण बुझ्न सकिनेछ ।

(२) उपदफा (१) बमोजिम प्रयोग हुने बन्द सवालको ढाँचा अनुसूची-४० मा उल्लेख भए बमोजिम हुनेछ ।

(३) उपदफा (१) बमोजिम बुझिएको साक्षी वा प्रमाणलाई यसै संहिता बमोजिम बुझिएको मानिनेछ ।

तर त्यसरी वुझिएको साक्षी वा प्रमाण विवरण सम्बन्धित मुलुकको कानून बमोजिम प्रमाणित भएको हुनु पर्नेछ ।

(४) यस दफा बमोजिम वुझ्नु पर्ने वा वुझिएको साक्षी वा प्रमाण नेपाली भाषा बाहेक अन्य भाषामा बुझ्नु पर्ने वा वुझिएको रहेछ भने सोको नेपाली भाषामा प्रमाणिक अनुवाद गरी अदालतमा पेश गर्नु पर्नेछ ।

(५) यस परिच्छेदमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि यस दफा बमोजिम प्रमाण बुझन नसकिएको कारणले मात्र मुद्दाको कारवाही र किनारा गर्न बाधा पुगेको मानिने छैन ।

परिच्छेद - १२

मुद्दा फिर्ता लिने, मिलापत्र र मेलमिलाप सम्बन्धी व्यवस्था

११६. **मुद्दा फिर्ता लिन नहुने** : (१) अनुसूची-१ वा अनुसूची-२ अन्तर्गतका कसूरमा अदालतमा एकपटक दायर भइसकेको मुद्दा फिर्ता लिन सकिने छैन ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि देहायको मुद्दा बाहेक अन्य मुद्दा फिर्ता लिन सकिनेछ :

(क) झुट्टा राहदानी वा नागरिकता, अध्यागमन, भष्ट्राचार, मानव बेचबिखन तथा ओसार पसार, लागू औषध, वन्यजन्तुको अवैध शिकार तथा व्यापार, सार्वजनिक उपभोगका वस्तुमा विष मिसाएको, विष प्रयोग गरी ज्यान मारेको, प्राचीन स्मारक संरक्षण ऐन सम्बन्धी र सार्वजनिक सम्पत्ति वा सार्वजनिक नैतिकता सम्बन्धी मुद्दा,

(ख) अपराध संहिताको भाग दुईको परिच्छेद ६, ७, ८, परिच्छेद १० को दफा १६५, परिच्छेद ११, १२, १६, १७, १८ परिच्छेद १९ को दफा २२६, परिच्छेद २२, २३ अन्तर्गतको कसूर सम्बन्धी मुद्दा,

(ग) मुद्दा फिर्ता लिदा कुनै व्यक्तिको सम्पत्ति सम्बन्धी अधिकारमा प्रतिकूल असर पर्ने भएमा सो हदसम्मको कुरामा त्यस्तो व्यक्तिको स्वीकृति नभएको मुद्दा ।

(३) उपदफा (२) बमोजिम मुद्दा फिर्ता गर्नु पर्ने भएमा नेपाल सरकारले महान्यायाधिवक्तासँग परामर्श गरी उपदफा (४) बमोजिम बनाएको निर्देशिका बमोजिम फिर्ता लिने निर्णय गर्न सक्नेछ ।

(४) नेपाल सरकारले उपदफा (२) बमोजिम फिर्ता लिने मुद्दाका सम्बन्धमा पालना गर्नु पर्ने आवश्यक मापदण्डको निर्देशिका बनाउनु पर्नेछ ।

(५) उपदफा (३) बमोजिम नेपाल सरकारले कुनै मुद्दा फिर्ता लिने निर्णय गरेमा महान्यायाधिवक्ता वा निजले अख्तियारी दिएको सरकारी वकील मार्फत सम्बन्धित अदालतमा मुद्दा फिर्ता लिनु पर्ने कारण सहितको निवेदन दिनु पर्नेछ ।

(६) उपदफा (५) बमोजिम निवेदन पर्न आएमा अदालतले मुद्दा फिर्ता लिने आदेश दिनु अघि सुनुवाई गराउनु पर्नेछ ।

(७) उपदफा (६) बमोजिम सुनुवाई भएपछि मुद्दा फिर्ता लिने आदेश गर्न मनासिब हुने देखिएमा कारण खुलाई सम्बन्धित अदालतले मुद्दा फिर्ता लिन सक्ने आदेश गर्न सक्नेछ ।

(८) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि पुनरावेदन, साधक जाँच वा पुनरालोकनको रोहमा वा मुद्दा दोहोऱ्याउने अवस्थामा विचाराधीन रहेको मुद्दा फिर्ता लिन सकिने छैन ।

११७. **मिलापत्र हुन सक्ने** : अनुसूची-३ र अनुसूची-४ अन्तर्गतका कसूर सम्बन्धी कुनै मुद्दामा मुद्दाका पक्षहरुको मञ्जुरीले जुनसुकै अवस्थामा मिलापत्र गर्न सकिनेछ ।

तर सर्वसाधारणको ठगी वा सर्वसाधारणको सम्पतिको हानी नोक्सानी वा वैदेशिक रोजगारी सम्बन्धी मुद्दामा प्रतिवादी र पीडित दुवैले मिलापत्र गराई पाऊ भनी नेपाल सरकार समक्ष निवेदन

दिएमा र सो व्यहोरा नेपाल सरकारलाई मनासिब लागेमा नेपाल सरकारले त्यस्तो मुद्दामा सरकारी वकील मार्फत मिलापत्र गराउन आदेश दिन सक्नेछ ।

११८. **मिलापत्र गर्दाको कार्यविधि** : (१) दफा ११७ बमोजिम मुद्दामा मिलापत्र गर्न चाहेमा पक्षहरुले वादी दावी भित्र सिमीत रही मिल्न खोजेको व्यहोरा खुलाई दुवै पक्षले सहीछाप गरी अदालतमा संयुक्त निवेदन पेश गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम मिलापत्र गर्ने व्यहोराको निवेदन अदालतमा पर्न आएमा अदालतले सो निवेदन पढेर सुनाई सो बमोजिम राजिखुशीले मिलापत्र गर्न चाहेको हो वा होइन भनी सो निवेदन पेश गर्ने पक्षहरुलाई सोध्नु पर्नेछ ।

(३) उपदफा (२) बमोजिम सोध्दा राजिखुशीले मिलापत्र गर्न चाहेको हो भन्ने जवाफ पक्षहरुले दिएमा संयुक्त निवेदन पत्रमा उल्लेख भए बमोजिमका शर्तहरुको अधीनमा रही मिलापत्रको लिखत तयार गरी पक्षहरुको सहीछाप गराई मुद्दा हेर्ने न्यायाधीशले आफ्नो समेत सहीछाप गर्नु पर्नेछ ।

(४) यस परिच्छेद बमोजिम मिलापत्र गर्दा वारेसनामा दिई मिलापत्र गर्ने अधिकार प्रदान भएकोमा बाहेक वारिस मार्फत मिलापत्र गर्दा सो व्यहोरा उल्लेख भएको पक्षको छुट्टै वारेसनामा पेश गर्नु पर्नेछ ।

११९. **मुद्दा फिर्ता वा मिलापत्र भएमा त्यसको परिणाम** : (१) दफा ११६ बमोजिम नेपाल सरकारले कुनै मुद्दा फिर्ता लिएमा सो मुद्दाको अभियुक्त उपर सोही कसूरमा पुनः मुद्दा चल्ने छैन ।

(२) दफा ११७ बमोजिम मिलापत्र भएकोमा सोही विषयमा सोही पक्षहरुका वीचमा पछि कुनै कारबाही वा मुद्दा चल्ने छैन ।

तर मिलापत्रमा उल्लेख भएको शर्त बमोजिम कुनै पक्षले कुनै काम नगरेमा त्यस्तो कुराको उजुरी दिन यस उपदफाले वाधा पुऱ्याउने छैन ।

१२०. **मेलमिलाप हुन सक्ने** : (१) अनुसूची-४ अन्तर्गतको कसूर सम्बन्धी कुनै मुद्दामा पक्षहरुको मञ्जुरी भएमा वा अदालतले त्यस्तो मुद्दा मेलमिलापको लागि पठाउन उपयुक्त ठानेमा पक्षलाई मेलमिलापकर्ता रोज्न लगाई र नरोजेमा अदालतले मेलमिलापकर्ता तोकी दिई त्यस्तो मुद्दा मेलमिलापको लागि जुनसुकै बखत र अवस्थामा पठाउने आदेश दिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम आदेश भएकोमा मुद्दाका पक्षहरु त्यस्तो मेलमिलापकर्ता समक्ष उपस्थित हुनु पर्नेछ ।

(३) उपदफा (२) बमोजिम पक्षहरु उपस्थित भएपछि मेलमिलापकर्ताले मेलमिलापको कारबाही सञ्चालन गरी पक्षहरु मिलापत्र गर्न मञ्जुर भए मिलापत्रको कागज तयार गरी अदालत समक्ष पेश गर्नु पर्नेछ ।

(४) उपदफा (३) बमोजिमको कागज प्राप्त भएपछि अदालतले त्यस्तो मिलापत्रको कागज प्रमाणित गरिदिनु पर्नेछ ।

(५) उपदफा (४) बमोजिम मिलापत्र भएमा अदालतले त्यस्तो मुद्दाका सम्बन्धमा तल्लो अदालतबाट भएको दण्ड, जरिबाना वा शुल्क पक्षहरुको मिलापत्र बमोजिम छुट दिन सक्नेछ ।

परिच्छेद - १३

मुद्दाको कारवाही, सुनुवाई र फैसला सम्बन्धी व्यवस्था

१२१. **अभियुक्तलाई अभियोग सुनाउनु पर्ने** : (१) अभियुक्त अदालतमा उपस्थित भएपछि अदालतले अभियुक्त उपर लगाइएको अभियोग, तत्सम्बन्धी तथ्य सहितको विवरण र अभियोग प्रमाणित गर्न उजुरवालाले पेश गरेको प्रमाण तथा अभियोग प्रमाणित भएमा हुन सक्ने सजाय स्पष्ट रुपमा सम्झाई बुझाई अभियोगपत्रमा लिएको माग दावी पढेर सुनाउनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम अभियोग तथा सो अभियोगमा हुन सक्ने सजायका सम्बन्धमा सम्झाउंदा र बुझाउंदा कुन आरोप कुन कुन सवुद, प्रमाण वा लिखतमा आधारित छ सो समेत खुलाई अभियुक्तले त्यस्ता सवुद, प्रमाण वा लिखत हेर्न वा त्यसको प्रतिलिपी लिन चाहेमा निजलाई सोको मौका दिनु पर्नेछ ।

१२२. **अभियुक्तको वयान गराउनु पर्ने** : (१) अभियुक्तलाई दफा १२१ बमोजिम अभियोग तथा सो अभियोगमा हुन सक्ने सजाय सुनाई सकेपछि अदालतले सो अभियोग उपर निजको के भनाई छ सो सोधी निजको वयान अभिलेख गर्नु पर्नेछ ।

(२) अदालतमा उपस्थित भई सकेको अभियुक्तसँग वयान लिनु अगाडि नै निजले कुनै कानून व्यवसायीसँग सल्लाह लिन चाहेमा निजलाई सो कुराको मौका दिनु पर्नेछ ।

(३) उपदफा (१) बमोजिम वयान अभिलेख गर्नु भन्दा अगाडि नै अदालतले अभियुक्तलाई निजले आफ्नो विरुद्ध वयान दिन कर नलाग्ने कुरा जानकारी गराई निजले दिएको बयान निजको विरुद्ध प्रमाण लाग्न सक्छ भनी सम्झाउनु पर्नेछ ।

(४) उपदफा (३) बमोजिमको व्यहोरा सम्झाउदा सरकारी वकीलबाट निज बिरुद्धको सजायमा छुट हुन कुनै प्रस्ताव गरिएको रहेछ भने सो कुरा र सो सम्बन्धी प्रचलित कानूनको व्यवस्था समेत सम्झाउनु पर्नेछ ।

(५) यस दफा बमोजिम अभियुक्तको वयान अभिलेख गर्दा प्रत्येक प्रश्न र त्यसको जवाफ दुवै लेखवद्ध गर्नु पर्नेछ र श्रव्य-दृश्य सम्वाद (भिडियो कन्फरेन्स) मार्फत बयान लिएको भए सोको अभिलेख समेत राख्नु पर्नेछ ।

(६) उपदफा (५) बमोजिमको बयान अभिलेख भै सकेपछि त्यस्तो अभिलेखमा अभियुक्तको सहीछाप गराई न्यायाधीशले पनि आफ्नो सहीछाप गर्नु पर्नेछ ।

तर श्रव्य-दृश्य सम्वाद (भिडियो कन्फरेन्स) मार्फत वयान लिएकोमा न्यायाधीशले सो कुरा प्रमाणित गरी राख्नु पर्नेछ ।

(७) यस दफा बमोजिम बयान गराउँदा अभियुक्तसँग बुझ्नु पर्ने कुनै कुरा छुट हुन गएमा अदालतले त्यस्तो अभियुक्तलाई उपस्थित गराउन लगाई निजसँग छुट कुराको ततिम्बा बयान लिन सक्नेछ ।

(८) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि अनुसूची-४ अन्तर्गतको कसूर सम्बन्धी मुद्दामा प्रतिवादी रहेको व्यक्तिले अदालतबाट जारी भएको म्याद भित्र अनुसूची-४१ बमोजिमको ढाँचामा प्रतिउत्तर पत्र दाखिला गर्नु पर्नेछ ।

१२३. **अभियुक्तले कसूर स्वीकार गरे मुद्दाको फैसला तत्काल गर्नु पर्ने** : (१) कुनै अभियुक्तले निज उपर लागेको कसूरको आरोप स्वीकार गरी अदालतमा साविती बयान गरेमा अदालतले सो वयानको सत्यता र विश्वसनीयतालाई समेत विचार गरी तत्काल उक्त मुद्दाको फैसला गर्न सक्नेछ ।

तर, -

(क) अभियुक्तले त्यस्तो साविती बयान गरे तापनि मिसिल संलग्न प्रमाण, कसूर गर्दाको परिस्थिति वा अन्य कुनै कुराले निजको साविती सांचो होइन भन्ने विश्वास हुने कुनै कारण भएमा अदालतले यस दफा बमोजिम मुद्दा फैसला नगरी कारण सहितको आदेश पर्चा खडा गरी मुद्दामा थप प्रमाण वुझ्न आदेश दिनु पर्नेछ,

(ख) आरोपित कसूरमा साविती भएको अभियुक्तले सजायमा छुट वा कमी हुनु पर्ने जिकीर लिएमा सो सम्बन्धी सवै कुरा खुलाई निजको वयान लिई तत् सम्बन्धी प्रमाण बुझ्न पर्छ ।

(२) कुनै अभियुक्तले अदालतमा वयान गर्दा अनुसन्धान अधिकारी समक्ष गरेको भन्दा फरक जिकिर लिएमा निजले पेश गरेको प्रमाण वा जिकिरको विषयमा वादी पक्षले पुनः अनुसन्धान गरी वा गराई अदालतमा थप सवुद प्रमाण पेश गर्न माग गरेमा अदालतले त्यस्तो थप सवूद प्रमाण पेश गर्ने अनुमति दिन सक्नेछ ।

(३) उपदफा (२) बमोजिम आदेश भएकोमा त्यस्तो थप सबूद पेश नभई अदालतले उक्त मुद्दा फैसला गर्न हुदैन ।

तर त्यस्तो थप सवुद पेश गर्नु पर्दा प्रमाण मुकरर आदेश हुन अघि नै पेश गर्नु पर्नेछ ।

(४) कुनै अभियुक्त आरोपित कसूरमा पूर्ण रुपमा सावित नभई आंशिक रुपमा सावित भएमा अदालतले निज सावित नभएको हदसम्मको विषयमा थप प्रमाण वुझ्ने आदेश गर्नुपर्नेछ ।

१२४. **पुर्पक्ष अघि वादी प्रतिवादीको बैठक गराउन सक्ने** : (१) अभियुक्तले दफा १२३ बमोजिम कसूर स्वीकार नगरेको अवस्थामा अदालतले मुद्दामा ठहर गर्नु पर्ने कुरा यकिन गर्नको लागि वादी तथा प्रतिवादीको बैठक गराउने आदेश दिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम बैठक गराउन आदेश भएकोमा त्यसरी बैठक गर्ने भनी निर्धारण गरिएको दिन वादी, प्रतिवादी र नेपाल सरकार वादी हुने मुद्दाको हकमा अभियुक्त समेत अदालतमा उपस्थित हुनु पर्नेछ र त्यस्तो अभियुक्तले चाहेमा निजको कानून व्यवसायी समेत उपस्थित हुन सक्नेछ ।

(३) उपदफा (१) बमोजिमको बैठकमा वादीले दावी र प्रतिवादीले प्रतिवाद र तत्सम्बन्धी प्रमाण प्रस्तुत गर्न सक्नेछन् ।

(४) उपदफा (३) बमोजिम वादी प्रतिवादीले पेश गरेको दावी, प्रतिवाद तथा प्रमाणबाट अदालतले मुद्दामा ठहर गर्नु पर्ने कुरा यकिन गर्न सक्नेछ ।

१२५. **प्रमाण बुझ्न तारिख तोक्ने** : (१) देहायको अवस्थामा अदालतले दफा १२४ बमोजिम यकिन भएको ठहर गर्नु पर्ने कुराहरु समेत खुलाई आदेश पर्चा खडा गरी प्रमाण बुझ्ने तारिख तोक्नु पर्नेछ :-

(क) अभियुक्तले दफा १२२ बमोजिम वयान गर्न इन्कार गरेमा,

(ख) प्रतिबादीले प्रतिउत्तरपत्र दाखिल नगरेमा,

(ग) अभियुक्तले आफू उपरको अभियोग पूरै वा आंशिक रुपमा इन्कार गरी बयान वा प्रतिउत्तर दिएमा,

(घ) अदालतले दफा १२३ को उपदफा (१) को प्रतिबन्धात्मक वाक्यांशको खण्ड (क) वा (ख) बमोजिम प्रमाण वुझ्ने आदेश पर्चा खडा गरेमा,

(ङ) अदालतले उपयुक्त ठहऱ्याएको अन्य अवस्थामा ।

(२) उपदफा (१) बमोजिम प्रमाण बुझने तारिख तोक्दा अदालतले साक्षीहरु उपस्थित हुन र प्रमाणका लिखत तथा वस्तुहरु पेश हुन सक्ने समयको अनुमान गरी सम्भव भएसम्म चाडो प्रमाण सङ्कलन हुन सक्ने गरी तोक्नु पर्नेछ ।

(३) कुनै मुद्दाको वादी पक्षले दफा १२३ को उपदफा (२) बमोजिम थप सबूद प्रमाण पेश गर्नको लागि समय माग गरेमा अदालतले उपदफा (१) बमोजिम तारिख तोक्दा सामान्यतया मुद्दा दायर भएको दुई महिना भित्र प्रमाण वुझ्ने तारिख तोक्नु पर्नेछ ।

(४) उपदफा (२) वा (३) बमोजिम प्रमाण बुझ्नको लागि तारिख तोक्ने आदेश गर्दा मुद्दामा बुझ्नु पर्ने सवै प्रमाणहरु सम्भव भएसम्म एकै पटक वुझ्ने आदेश गरी तारिख तोक्नु पर्नेछ ।

(५) उपदफा (१) वा (२) बमोजिम तारिख तोक्ने आदेश गरेपछि मुद्दाका सम्बन्धित पक्षले आफूले पेश गर्नु पर्ने प्रमाण वा उपस्थित गराउनु पर्ने साक्षी अदालतमा तोकिएको तारिखका दिन पेश वा उपस्थित गराउनु पर्नेछ ।

१२६. **कैद वा थुनामा परेको पक्ष वा साक्षीलाई उपस्थित गराउनु पर्ने** : (१) मुद्दाको कुनै पक्ष वा साक्षी कैद वा थुनामा रहेको भए निजको बयान वा वकपत्र गराउनको लागि वा निजसँग सम्बद्ध भएको अन्य मुद्दामा निजलाई उपस्थित गराउनु पर्ने भए सोको लागि तोकिएको तारिखको दिन निजलाई उपस्थित गराउन कारण खोली अदालतले सम्बन्धित कार्यालयलाई आदेश दिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको आदेश प्राप्त भएपछि सम्बन्धित कार्यालयले सुरक्षाकर्मीको साथ लगाई त्यस्तो पक्ष वा साक्षीलाई अदालतमा उपस्थित गराउनु पर्नेछ ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि त्यस्तो पक्ष वा साक्षीलाई सुरक्षाको कारणले वा शारीरिक अशक्तताको कारणले अदालत समक्ष उपस्थित गराउन नसकिने मनासिब कारण भए त्यस्तो कार्यालयले अदालतको अनुमति लिई श्रव्य दृष्य सम्वाद (भिडियो कन्फरेन्स) मार्फत निजलाई अदालत समक्ष उपस्थित गराउने व्यवस्था गर्न सक्नेछ ।

(४) मुद्दाको कुनै पक्ष वा साक्षीलाई उपदफा (३) बमोजिम श्रव्य दृष्य सम्वाद (भिडियो कन्फरेन्स) मार्फत अदालतमा उपस्थित गराइएकोमा निजले भनेको कुरा अभिलेख हुने व्यवस्था गर्नु पर्नेछ ।

१२७. **प्रमाण बुझने क्रम** : (१) प्रमाण वुझन तोकिएको तारिखको दिन अदालतले अन्यथा आदेश दिएकोमा बाहेक प्रमाण सम्बन्धी कानूनको अधीनमा रही पहिले वादीको र त्यसपछि प्रतिवादीको साक्षी प्रमाण वुझनु पर्नेछ ।

(२) कुनै पक्षद्वारा प्रस्तुत गरिएको कुनै प्रमाण वा कुनै साक्षीले वकेको कुनै कुरा प्रमाणमा नलाग्ने वा प्रमाणको रुपमा लिन नहुने वा असान्दर्भिक विषय भनी अर्को पक्षले तत्काल कुनै आपत्ति जनाएमा त्यस्तो आपत्ति मनासिब हो वा होइन भनी न्यायाधीशले तत्काल निर्णय दिनु पर्नेछ ।

(३) अदालतले मुद्दासँग असम्वद्ध प्रमाण पेश गर्न कुनै पक्षलाई अनुमति दिने छैन ।

१२८. **होस ठेगानमा नरहेका व्यक्तिको कारवाही सम्बन्धी व्यवस्था** : (१) कुनै अभियुक्त होस ठेगानामा नरहेको कारणले आफ्नो प्रतिरक्षा गर्न असमर्थ छ भन्ने विश्वास गर्नुपर्ने कुनै मनासिब कारण भएमा अदालतले इजाजतप्राप्त चिकित्सकद्वारा निजको जाँच गराई उपचार गराउन समेत आदेश गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम जाँच गराउंदा अभियुक्त मानसिक अस्वस्थताको कारणले आफ्नो प्रतिरक्षा गर्न असमर्थ देखिएमा सोको आदेश पर्चा खडा गरी निजको हकमा मुद्दा मुलतवी राख्नु पर्नेछ ।

(३) यस संहितामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि त्यस्तो अभियुक्त थुनामा रहेको भए उपदफा (१) बमोजिम कारबाही हुँदाका वखत वा सो कारबाही भै उपदफा (२) बमोजिमको आदेश पर्चा खडा भएपछि अदालतले मनासिब सम्झेमा निजलाई थुनाबाट छोड्न आदेश दिन सक्नेछ ।

(४) उपदफा (३) बमोजिम अभियुक्तलाई छाडदा अदालतले निजको संरक्षकबाट त्यस्तो अभियुक्तले कसैलाई कुनै प्रकारको हानि, नोक्सानी पुऱ्याउन नपाउने गरी निजको हेरचाह गर्ने र अदालतले आदेश दिएका वखत निजलाई अदालतमा उपस्थित गराउने शर्त गराई परिच्छेद-७ बमोजिम धरौट वा जमानत लिनु पर्नेछ ।

(५) पुर्पक्षका लागि थुनामा रहेको होस ठेगानामा नरहेको अभियुक्तलाई उपदफा (३) बमोजिम थुनावाट छोडिएको अवस्थामा बाहेक अन्य अवस्थामा विशेष हेरविचार गर्न सम्बन्धित कारागारलाई अदालतले आदेश दिनु पर्नेछ ।

(६) होस ठेगानामा नरहेको अभियुक्तको मुद्दा उपदफा (२) बमोजिम मुलतवी रहेकोमा त्यस्तो अभियुक्त स्वस्थ भएपछि अदालतले मुलतवी जगाई निजलाई अदालतमा उपस्थित गराई मुद्दाको पुर्पक्ष शुरु गर्नु पर्नेछ ।

तर त्यसरी मुलतवी जगाउनु भन्दा पहिले अदालतले त्यस्तो अभियुक्तलाई पुनः इजाजत प्राप्त चिकित्सकद्वारा जाँचन लगाई त्यस्तो चिकित्सकले अभियुक्त स्वस्थ भै सकेको छ भन्ने व्यहोरा प्रमाणित गरेको हुनु पर्नेछ ।

(६) उपदफा (१) वा (६) बमोजिम स्वस्थता प्रमाणित गर्ने चिकित्सकलाई अदालतले चाहेमा साक्षीको रुपमा उपस्थित हुन आदेश दिन सक्नेछ ।

(७) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि होस ठेगानामा नरहेको व्यक्तिसँग अरु व्यक्ति हरु पनि प्रतिबादी रहेछन भने त्यस्ता प्रतिबादीको हकमा मुद्दाको सुनुवाइ गर्न बाधा पुगेको मानिने छैन ।

१२९. **मुद्दाको पुर्पक्ष खुला इजलासमा गर्नु पर्ने** : अदालतले मुद्दाको पुर्पक्ष गर्दा खुला इजलासमा गर्नु पर्नेछ ।

तर जासुसी, मानव बेचबिखन, यौनजन्य कसूर, बालबालिका अभियुक्त वा पीडित भएको मुद्दा, महिला बिरुद्धको हिंसा, जवर्जस्ती करणी, हाडनाता करणी वा पती पत्नी वीच चलेको मुद्दा वा अदालतले बन्द इजलासमा सुनुवाई गर्न उचित देखी आदेश गरेको अन्य मुद्दाको पुर्पक्ष वा वन्द इजलासमा हुन सक्नेछ र त्यस्तो इजलासमा अदालतले त्यस्तो मुद्दासँग सम्बन्धित पक्ष, सम्बन्धित कानून व्यवसायी अदालतका कर्मचारी र अदालतले आवश्यक देखेका अन्य व्यक्ति बाहेक अरुलाई प्रवेश निषेध गर्न सक्नेछ ।

१३०. **अभियुक्तले आफ्नो प्रतिरक्षाको लागि कानून व्यवसायी नियुक्त गर्न सक्ने** : (१) कुनै कसूरको अभियोग लागेको अभियुक्तले आफू उपर लागेको आरोप खण्डन गर्न वा आफ्नो प्रतिरक्षाको लागि आफूले रोजेको कानून व्यवसायी नियुक्त गरी वहस पैरवी गराउन सक्नेछ ।

(२) जन्म कैदको सजाय वा दश वर्ष वा सो भन्दा बढी कैदको सजाय हुन सक्ने कसूरको आरोप लागेको अभियुक्तले आफ्नो कानून व्यवसायी नियुक्त नगरेमा अदालतले त्यस्तो अभियुक्तको हकमा अदालतको तर्फबाट कानून व्यवसायी नियुक्त गरी निजको प्रतिरक्षा गर्न आदेश दिन सक्नेछ ।

(३) नेपाल सरकारले उपदफा (२) बमोजिमका अभियुक्तको पुर्पक्षमा प्रतिनिधित्व गराउन प्रत्येक अदालतमा मुद्दाको कार्यबोझको आधारमा आवश्यक संख्यामा वैतनिक वकीलको व्यवस्था गर्नु पर्नेछ ।

(४) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि कुनै अभियुक्तले उपदफा (१) बमोजिम कानून व्यवसायी राख्न नचाहेमा वा उपदफा (२) बमोजिम अदालतले नियुक्त गरेको कानून व्यवसायीबाट प्रतिरक्षा गराउन इन्कार गरेमा पनि मुद्दाको कारवाही अगाडि बढाउन बाधा पुगेको मानिने छैन ।

१३१. **फैसला गर्नु पर्ने** : (१) मुद्दामा प्रमाण बुझने कार्य समाप्त भएको सामान्यतया एक महिनाभित्र न्यायाधीशले मुद्दाको फैसला गर्नु पर्नेछ ।

(२) उपदफा (१) बोजिमको अवधिभित्र फैसला गर्न नसकिएमा सोको कारण खुलाई पुनरावेदन सुन्ने अदालतमा जाहेर गरी सो अदालतबाट भएको निकासा बमोजिम गर्नु पर्नेछ ।

(३) यस दफा बमोजिम फैसला गर्दा देहायका कुरा समेत उल्लेख गरी अनुसूची-४२ बमोजिमको ढाँचामा गर्नु पर्नेछ :-

(क) मुद्दाको संक्षिप्त विवरण तथा सोसँग सम्बन्धित आवश्यक कुरा,

(ख) मुद्दामा कुनै कानून व्यवसायीले वहस गरेको भए सो वहसको मुख्य मुख्य वुंदा,

(ग) मुद्दाका पक्षहरुले पेश गरेको प्रमाण, ती प्रमाणको विश्वसनियता वा खण्डनीय, त्यसको आधार, प्रमाणको पर्याप्तता वा अपर्याप्तता,

(घ) मुद्दामा कुनै पक्षले कुनै कानूनी प्रश्न उठाएको भए सो सम्बन्धी कुरा,

(ङ) कसूर ठहर हुने वा नहुने आधार तथा सोको कारण,

(च) पुनरावेदन लाग्ने वा नलाग्ने र पुनरावेदन गर्नु पर्ने अदालत,

(छ) अन्य आवश्यक कुराहरु ।

(४) यस दफा बमोजिम फैसला गर्दा न्यायाधीशले आफ्नो फैसलाको पूर्ण लेख नसुनाई आफ्नो निर्णयसम्म मात्र सुनाउन सक्नेछ ।

(५) उपदफा (४) बमोजिम निर्णय मात्र सुनाइएकोमा न्यायाधीशले सो निर्णयको छोटकरी विवरण राय कितावमा लेखी सहीछाप गरी मुद्दाका उपस्थित पक्षलाई समेत सहीछाप गराई राख्नु पर्नेछ ।

तर नेपाल सरकार वादी हुने मुद्दामा सरकारी वकीललाई सहीछाप गराउनु पर्ने छैन ।

(६) उपदफा (५) बमोजिम निर्णय सुनाएकोमा न्यायाधीशले एक महिना भित्र फैसला लेखी मिसिल संलग्न राख्नु पर्नेछ ।

(७) उपदफा (६) बमोजिमको अवधिभित्र फैसला नलेखिएमा त्यस्तो म्याद समाप्त भएको तीन दिनभित्र सम्बन्धित पक्षले पुनरावेदन अदालत र मातहत अदालतको फैसलाको हकमा सम्बन्धित पुनरावेदन अदालतका मुख्य न्यायाधीश समक्ष र सर्वोच्च अदालतको फैसलाको हकमा प्रधान न्यायाधीश समक्ष उजुर गर्न सक्नेछ ।

(८) उपदफा (७) बमोजिम उजुर पर्न आएकोमा सम्बन्धित मुख्य न्यायाधीश वा प्रधान न्यायाधीशले एक हप्ता भित्र फैसला तयार गरी सक्न सम्बन्धित न्यायाधीशलाई निर्देशन दिनु पर्नेछ ।

(९) उपदफा (५) बमोजिमको निर्णय अदालतले सम्भव भएसम्म आफ्नो वेवसाइटमा तत्काल राख्नु पर्नेछ ।

१३२. **फैसलाको सूचना तथा नक्कल दिने** : (१) मुद्दाको कारबाहीमा शुरुदेखि नै संलग्न नरहेको अभियुक्त, थुना वा कैदमा रहेको अभियुक्त वा एउटा मात्र पक्ष भई एकतर्फि कारबाही भएको मुद्दाको अभियुक्तलाई अदालतले अनुसूची-४३ बमोजिमको ढाँचामा फैसलाको सूचना दिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको सूचना समाव्हान सरह तामेल गरिनेछ ।

१३३. **मृत्यु भएमा मुद्दा खारेज हुने** : (१) यस संहितामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि कुनै मुद्दाको अभियुक्त वा प्रतिवादीको मृत्यु भएमा अदालतले त्यस्तो मुद्दा खारेज गरी दिनु पर्नेछ ।

तर एक भन्दा बढी अभियुक्त भएकोमा कुनै एक अभियुक्तको मृत्यु हुदैमा मुद्दा खारेज गर्न सकिने छैन ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि बिगो समावेश भएको मुद्दामा अभियुक्तको मृत्यु भएपनि अदालतले मिसिल संलग्न प्रमाण र वुझ्न आवश्यक देखिएको अन्य प्रमाणहरु समेत वुझी बिगो कायम गर्ने निर्णय गर्न सक्नेछ ।

(३) उपदफा (२) बमोजिमको कारबाहीमा सम्बन्धित उजुरवालाको हकवालाले चाहेमा अदालतले निजलाई मुद्दा सकार गराई कारबाही गर्न र निजले कुनै प्रमाण पेश गरेमा सो समेत वुझनु पर्नेछ ।

(४) कुनै उजुरवालाको मृत्यु भए तापनि उपदफा (२) बमोजिमको मुद्दामा निजको हकवालाले मुद्दा सकार गर्न आएमा अदालतले सकार गराई मिसिल सामेल रहेको प्रमाण र वुझन आवश्यक देखिएको अन्य प्रमाणहरु समेत वुझी बिगो वा क्षतिपूर्ति भराई दिनु पर्ने वा नपर्ने कुराको निर्णय गर्नु पर्नेछ ।

(५) पुनरावेदन, पुनरावलोकन वा मुद्दा दोहोऱ्याउन निवेदन दिने पक्षको वा सो मुद्दामा पहिले कसूरदार ठहरिएको व्यक्तिको मृत्यु भएमा त्यस्तो पुनरावेदन, पुनरावलोकन वा दोहऱ्याई हेरिएको मुद्दा तामेलीमा राखी दिनु पर्नेछ ।

तर -

(क) एकै पक्षको कुनै एउटा व्यक्तिको मृत्यु भएकोमा अन्य व्यक्तिको हकमा मुद्दाको कारबाही नगरी तामेलीमा राख्न सकिने छैन ।

(ख) बिगो समावेश भएको मुद्दामा हकवालाले चाहेमा सकार गर्न पाउनेछ ।

परिच्छेद - १४

पुनरावेदन र साधक सम्बन्धी व्यवस्था

१३४. **पुनरावेदन लाग्ने** : (१) अदालतले गरेको फैसला वा अन्तिम आदेश उपर चित्त नवुझ्ने पक्षले फैसला भएको मितिले तीस दिन भित्र पुनरावेदन गर्न सक्नेछ ।

तर सो अवधिभित्र पुनरावेदन गर्न नसकेको कारण देखाई पुनरावेदन गर्न चाहने पक्षले निवेदन दिएमा र निवेदनको व्यहोरा मनासिब ठहराएमा पुनरावेदन सुन्ने अदालतले बढीमा तीस दिनसम्मको म्याद थामी दिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम पुनरावेदन गर्न चाहने व्यक्तिले फैसला गर्ने अदालतको पुनरावेदन सुन्ने अदालतमा पुनरावेदन दर्ता गराउनु पर्नेछ ।

(३) यस संहितामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि अदालतबाट सुनुवाई हुँदाका बखत मुद्दाको पक्ष, निजको वारिस, अभियुक्त वा निजको कानून व्यवसायी अदालतमा उपस्थित भएको रहेछ र सोही दिन फैसला भएको रहेछ भने मुद्दाको पक्षले त्यस्तो फैसला भएको थाहा पाएको मानिनेछ ।

स्पष्टीकरण : यस दफाको प्रयोजनका लागि "कानून व्यवसायी" भन्नाले सरकारी वकील समेतलाई जनाउँछ ।

(४) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि फैसला भएको मितिले एक बर्षको अवधि नाघे पछि पक्षले फैसलाको जानकारी स्वतः प्राप्त गरेको मानिनेछ ।

१३५. **पुनरावेदन दिंदा रीत पुऱ्याउनु पर्ने** : (१) पुनरावेदन दिंदा अनुसूची-४४ बमोजिमको ढाँचामा दिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम दिने पुनरावेदनमा अन्य कुराको अतिरिक्त पुनरावेदक र प्रत्यर्थीको पुरा नाम र ठेगाना, मुद्दाको संक्षिप्त विवरण, तल्लो अदालतको निर्णयमा चित्त नवुझेको कुरा र सोको आधार, पुनरावेदन सुन्ने अदालतबाट निर्णय हुनु पर्ने कुराहरु र सम्बन्धित कानून स्पष्ट रुपमा उल्लेख गरी पुनरावेदकले सहीछाप गर्नु पर्नेछ ।

(३) उपदफा (१) बमोजिम पुनरावेदन दिंदा देहायका लिखतहरु पुनरावेदन साथ संलग्न गर्नु पर्नेछ :-

(क) जुन फैसला उपर पुनरावेदन दिन खोजेको हो सो फैसलाको प्रतिलिपि,

(ख) सो फैसलाबाट पुनरावेदकलाई कुनै सजाय भएको रहेछ भने निजले सो सजाय भोगेको वा वुझाएको वा सो वापत कैद परेको वा जमानत दिएको वा धरौट राखेको निस्सा ।

१३६. **पुनरावेदन दिंदा कैदमा वस्नु पर्ने** : (१) देहायको कुनै व्यक्तिले पुनरावेदन दिंदा कैदमा बसेर दिनु पर्नेछ :-

(क) जन्मकैदको सजाय भएको व्यक्ति,

(ख) दश वर्ष भन्दा बढी कैद सजाय भएको व्यक्ति,

(ग) अनुसूची-१ वा अनुसूची-२ अन्तर्गतको कसूरमा कसूरदार ठहरी तीन वर्ष भन्दा बढी कैदको सजाय पाएको व्यक्ति,

(घ) पुर्पक्षको लागि थुनामा वसेकोमा कसूरदार ठहरी कैद सजाय पाएको व्यक्ति,

(ङ) कैदको सजाय पाएको स्थायी बसोबास नेपालभित्र नभएको व्यक्ति ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि पचहत्तर वर्ष माथिको व्यक्ति वा निको नहुने वा अत्यन्त कडा रोग लागी थुनामा बस्न नसक्ने भनी नेपाल सरकारले गठन गरेको मेडिकल बोर्डबाट सिफारिस भएको व्यक्ति वा अदालतबाट पुर्पक्षको लागि थुनामा राख्न नपर्ने आदेश भई थुनामा नबसेको अवस्थामा दश वर्षसम्म कैद सजाय भएको कसूरदारले थुनामा नबसी पुनरावेदन दिने अनुमतिको लागि कारण खुलाई निवेदन गरेमा र त्यस्तो कारण मनासिब देखिएमा पुनरावेदन सुन्ने अदालतले निजसँग धरौट वा जमानत लिई पुनरावेदन गर्ने अनुमति दिन सक्नेछ ।

(३) उपदफा (२) बमोजिम अनुमति दिएकोमा त्यस्तो अदालतले थुनामा नवसी पुनरावेदन गर्न सक्ने कारण खुलाई आदेश पर्चा खडा गरी मिसिल संलग्न राख्नु पर्नेछ ।

(४) उपदफा (१) र (२) मा लेखिएको व्यक्ति बाहेक अन्य व्यक्तिले फैसला बमोजिम आफूलाई भएको सजाय वापत फैसला गर्ने वा पुनरावेदन सुन्ने अदालतमा धरौट वा जमानत दिई पुनरावेदन गर्न सक्नेछ ।

(५) उपदफा (४) बमोजिम धरौट वा जमानत नदिने व्यक्तिलाई कैद सजाय भएको रहेछ भने निजले त्यस्तो सजाय वापत कैदमा बसेर मात्र पुनरावेदन गर्न सक्नेछ ।

(६) उपदफा (३) वा (४) बमोजिम धरौट वा जमानत दिन नसकी कैदमा बसी पुनरावेदन दिने व्यक्तिको पुनरावेदन उपर त्यस्तो पुनरावेदन दर्ता भएको मितिले छ महिनाभित्र निर्णय हुन नसकेमा सम्बन्धित पुनरावेदन अदालतले निजलाई सो अवधि पछि कैदबाट छाडी पुर्पक्ष गर्नु पर्नेछ ।

(७) उपदफा (६) बमोजिम फैसला गर्न नसकिएमा त्यस्तो अदालतले कारण खुलाई पुनरावेदन सुन्ने अदालतलाई सोको जानकारी गराउनु पर्नेछ ।

(८) उपदफा (७) बमोजिम बमोजिम जानकारी प्राप्त भएपछि पुनरावेदन सुन्ने अदालतले समयभित्र निर्णय हुन नसकेको कारण खुलाइ कैदमा रहेको व्यक्तिलाई कैदबाट तत्काल छाडी तारिखमा राख्न आदेश दिनु पर्नेछ ।

(९) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि, -

(क) मुद्दाको कारबाहीको सिलसिलामा थुनामा वा कैदमा परी फैसला बमोजिमको सजाय भुक्तान गरी सकेको व्यक्ति भए पुनरावेदन गर्नको लागि निजले कैदमा वस्न वा धरौट वा जमानत दिन पर्ने छैन,

(ख) पुनरावेदन गरेको कारणले मात्र कुनै व्यक्तिलाई फैसला बमोजिम भएको सजाय भन्दा बढी हुने गरी कैदमा राखिने छैन ।

(१०) यस संहिताको परिच्छेद-७ बमोजिम धरौट वा जमानत दिने व्यक्तिको हकमा सो धरौट वा जमानतबाट पुगेसम्म सोही धरौट वा जमानतलाई यस दफाको प्रयोजनका लागि धरौट वा जमानत कायम गर्न सकिने छ ।

(११) यस दफा बमोजिम अदालतले धरौट वा जमानत माग गर्दा फैसला बमोजिम लाग्ने ठहरेको सरकारी वा सार्वजनिक संस्थाको बिगोलाई समेत आधार लिइ धरौट वा जमानत माग गरि लिन सक्नेछ ।

(१२) मुद्दाको कारवाहीको सिलसिलामा पुनरावेदन गर्ने व्यक्ति बाहेक अरु कसैको सम्पत्ति धरौट वा जमानत रहेकोमा त्यस्तो व्यक्तिको मञ्जुरी विना त्यस्तो सम्पत्तिलाई यस दफाको प्रयोजनको लागि धरौट वा जमानत कायम गर्न सकिने छैन ।

१३७. **पुनरावेदन सुन्ने अदालत बाहेक अन्यत्र पनि पुनरावेदन दर्ता गर्न सकिने** : (१) दफा १३४ को उपदफा (१) बमोजिम पुनरावेदन गर्न चाहने व्यक्तिले फैसला गर्ने अदालत मार्फत वा सो फैसलाबाट कसूरदार ठहरिएको व्यक्ति थुनामा रहेको भए थुनामा रहेको कारागार मार्फत पनि पुनरावेदन गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम पुनरावेदन दर्ता भएकोमा सो अदालत वा कार्यालयले पुनरावेदकले निजलाई भएको सजाय भोगेको वा वुझाएको वा सो वापत धरौट वा जमानत दिएको भए सो व्यहोरा खोली पुनरावेदन सुन्ने अदालतमा यथासम्भव चाँडो पुनरावेदन पठाई पुनरावेदकलाई सो कुराको सूचना दिनु पर्नेछ ।

(३) फैसला गर्ने अदालतले उपदफा (२) बमोजिम पुनरावेदन पठाउँदा सम्बन्धित मिसिल समेत साथै राखी पठाउनु पर्नेछ ।

१३८. **मिसिल झिकाउने** : (१) दफा १३७ को उपदफा (३) बमोजिम मिसिल प्राप्त भएकोमा बाहेक पुनरावेदन दर्ता भएपछि पुनरावेदन सुन्ने अदालतले यथासम्भव चांडो सम्बन्धित अदालतलाई सो मुद्दाको मिसिल पठाउन आदेश दिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम आदेश प्राप्त भएको मितिले तीन दिन भित्र सम्बन्धित अदालतले मिसिल पुनरावेदन सुन्ने अदालतमा पठाई दिनु पर्नेछ ।

१३९. **पुनरावेदनको सुनुवाईको तारिख तोक्ने** : दफा १३७ को उपदफा (३) वा दफा १३८ बमोजिम मिसिल प्राप्त भए पछि पुनरावेदन सुन्ने अदालतले पुनरावेदनमा सुनुवाई हुने तारिख तोक्नुपर्नेछ ।

१४०. **पुनरावेदनको सुनुवाई** : (१) सामान्यतया तल्लो अदालतबाट मिसिल प्राप्त भएको मितिले छ महिना भित्र पुनरावेदन सुन्ने अदालतले पुनरावेदनको सुनुवाई गरिसक्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम पुनरावेदन सुनुवाई गर्दा तल्लो अदालतले गरेको निर्णय मनासिब भई तात्विक फरक पर्ने नदेखिएमा पुनरावेदन सुन्ने अदालतले सोको कारण खुलाई पुनरावेदन जिकिर अस्वीकृत गर्न सक्नेछ ।

(३) उपदफा (२) बमोजिम पुनरावेदन जिकिर अस्वीकृत भएकोमा बाहेक पुनरावेदनमा लिइएका जिकीर उपर सुनुवाई गर्नु पर्ने अवस्था देखिएमा सोको कारण खुलाई पुनरावेदन सुन्ने अदालतले सुनुवाई हुने तारिख तोकी पुनरावेदन जिकीरको खण्डन गर्नको लागि उपस्थित हुन प्रत्यर्थीलाई सूचना दिनु पर्नेछ ।

(४) उपदफा (३) बमोजिमको सूचना दिंदा पन्ध्र दिने सूचनाको साथमा पुनरावेदन पत्रको प्रतिलिपि पनि साथै पठाउनु पर्नेछ ।

(५) उपदफा (३) बमोजिम सूचना पाएको व्यक्तिले अदालतले तोकेको अवधिभित्र पुनरावेदनको जिकिर खण्डन गरी प्रतिरक्षा गर्न लिखित प्रतिवाद पेश गर्न सक्नेछ ।

(६) उपदफा (५) बमोजिम अदालतमा पेश गर्ने लिखत प्रतिवाद अनुसूची-४५ मा उल्लिखित ढाँचा बमोजिम हुनेछ ।

(७) उपदफा (३) बमोजिम सुनुवाई गरेपछि पुनरावेदन उपर अदालतले निर्णय गर्नु पर्नेछ ।

१४१. **प्रत्यर्थी अनुपस्थित भएमा पुनरावेदनको एकतर्फी सुनुवाई हुने** : (१) दफा १४० को उपदफा (३) बमोजिम दिइएको सूचनाको म्याद भित्र प्रत्यर्थी उपस्थित नभएमा पुनरावेदन सुन्ने अदालतले पुनरावेदनको निर्णयको लागि कम्तीमा पन्ध्र दिन पछिको तारिख तोकी त्यस्तो तारिखको दिन पुनरावेदनको एकतर्फी सुनवाई गरी निर्णय गर्न सक्नेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि प्रत्यर्थीले दफा १४० को उपदफा (३) बमोजिम दिइएको सूचनाको म्याद भित्र उपस्थित हुन नसकेको कुनै मनासिब कारण देखाई उपदफा (१) बमोजिम तोकिएको तारिख अगावै निवेदनपत्र दिएमा र त्यस्तो कारण मनासिब देखिएमा अदालतले निजको म्याद थामी उपदफा (१) बमोजिम तोकिएको तारिखको दिन निजलाई उपस्थित हुने आदेश दिई पुनरावेदन उपरको सुनुवाई गरी मुद्दाको निर्णय गर्न सक्नेछ ।

१४२. **तारिखमा बस्न नपर्ने** : (१) पुनरावेदनको सुनुवाईको समयमा पुनरावेदक वा प्रत्यर्थीलाई तारिखमा वस्न नचाहेमा निजले सोही व्यहोराको निबेदन अदालतमा दिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम निबेदन परेकोमा पुनरावेदक वा प्रत्यर्थी खोजेको बेलामा उपस्थित हुने कागज गराई अदालतले निजको तारिख टुटाई दिन सक्नेछ ।

तर तारिखमा नरहेको पुनरावेदक वा प्रत्यर्थीले चाहेमा पुनरावेदनको सुनुवाईको लागि तोकिएको तारिखका दिन उपस्थित हुन सक्नेछ ।

(३) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि पुनरावेदन सुनुवाई हुँदाका बखत पुनरावेदन उपर केही कुरा बुझ्नु पर्ने वा कुनै प्रमाण दाखेल गराउनु पर्ने भन्ने अदालतलाई लागेमा त्यस्तो अवस्थामा पुनरावेदक वा प्रत्यर्थीलाई झिकाई तारिखमा राख्न सकिनेछ ।

१४३. **पुनरावेदक वा प्रत्यर्थीलाई दिइने सूचना वा आदेश समाव्हान सरह तामेल गरिने** : दफा १४०, १४१ वा १४२ बमोजिम पुनरावेदक वा प्रत्यर्थीलाई अदालतले दिने सूचना वा आदेश यस संहिताको परिच्छेद-६ बमोजिम समाव्हान सरह तामेल गरिनेछ ।

१४४. **पुनरावेदन सुन्ने अदालतको अधिकार** : (१) यस परिच्छेद बमोजिम पुनरावेदन उपर सुनुवाई गर्दा पुनरावेदन सुन्ने अदालतलाई देहाय बमोजिमको अधिकार हुनेछ :

(क) तल्लो अदालतको फैसला सदर वा बदर गर्ने वा उल्टी वा केही उल्टी गर्ने,

(ख) तल्लो अदालतले कसूरदारलाई तोकेको सजायको मात्रा घटाउने वा बढाउने वा सजायमा परिवर्तन गर्ने,

(ग) बुझ्नु पर्ने प्रमाण नबुझी फैसला भएको रहेछ भने त्यस्तो प्रमाण आफैले बुझ्ने वा बुझ्न तल्लो अदालतलाई आदेश दिने,

(घ) मुद्दामा ठहर गर्नु पर्ने विषयमा ठहर नभएको भए त्यस्तो विषयमा आफैले ठहर गर्ने वा ठहर गर्न तल्लो अदालतलाई आदेश दिने,

(ङ) तल्लो अदालतको फैसलामा आनुषांगिक वा प्रासंगिक संशोधन गर्ने ।

(२) तल्लो अदालतले गरेको फैसला उपर कुनै खास कसूरदारको वा उजुरवालाको मात्र पुनरावेदन परेको रहेछ र त्यस्तो पुनरावेदनको निर्णय गर्दा पुनरावेदन नगर्ने कसूरदार वा उजुरवालाको हकमा तल्लो अदालतको फैसला फरक पर्ने देखिएमा पुनरावेदन सुन्ने अदालतले सोको कारण खुलाई त्यस्तो कसूरदार वा उजुरवालाको हकमा पनि उपदफा (१) मा उल्लिखित अधिकारको प्रयोग गरी कानून बमोजिम फैसला गर्न सक्नेछ ।

(३) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि पुनरावेदन सुन्ने अदालतले तल्लो अदालतलाई भएको अधिकार आवश्यकता अनुसार प्रयोग गर्न सक्नेछ ।

१४५. **साधक जाहेरी** : (१) कुनै अदालतबाट कुनै अभियुक्तलाई बीस वर्ष वा सो भन्दा बढी वा जन्मकैदको सजाय हुने गरी फैसला भएकोमा त्यसरी फैसला भएको मितिले पैंतीस दिनभित्र त्यस्तो अदालतले मिसिल सहित पुनरावेदन सुन्ने अदालतमा साधक जाहेर गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम साधक जाहेर भएकोमा पुनरावेदन सुन्ने अदालतले पनि त्यस्तो अभियुक्तलाई बीस वर्ष वा सो भन्दा बढी वा जन्मकैदको सजाय गर्ने ठहराई फैसला गरेमा सर्वोच्च अदालतमा साधक जाहेर गर्नु पर्नेछ ।

१४६. **साधक फैसला उपर पुनरावेदन लाग्ने** : दफा १४५ बमोजिम साधक जाहेर हुने गरी भएको फैसलामा चित्त नबुझ्ने पक्षले सो फैसला उपर पुनरावेदन गर्न सक्नेछ ।

१४७. **पुनरावेदन लाग्ने म्यादसम्म साधक फैसला गर्न नहुने** : दफा १४५ बमोजिम साधक जाहेर भएको मुद्दामा पुनरावेदन लाग्ने म्यादसम्म साधकको फैसला गर्न हुँदैन ।

(२) उपदफा (१) बमोजिमको म्याद भित्र पुनरावेदन परेमा साधकको लगत कट्टा गरी पुनरावेदनको रोहबाट मुद्दाको सुनुवाई गर्नु पर्नेछ ।

तर सजाय पाउने व्यक्तिहरु मध्ये कुनै व्यक्तिको मात्र पुनरावेदन परेकोमा पुनरावेदन नगर्ने व्यक्तिका हकमा पनि सोही पुनरावेदन कै रोहबाट निर्णय गर्नु पर्नेछ ।

१४८ **साधक जाहेर गर्दाको कार्यविधि** : (१) दफा १४५ बमोजिम कुनै अदालतले कुनै मुद्दामा साधक जाहेर गर्दा सो मुद्दाको मिसिल समेत साथै पठाउनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम साधक जाहेर गरेको मुद्दामा अभियुक्त थुनामा रहेको भए निज थुनामा रहेको मिति निज रहेको कारागारको नाम तथा अभियुक्त फरार रहेको वा थुनाबाट भागेको भए सो समेत खुलाई जाहेर गर्नु पर्नेछ ।

(३) साधक सुनुवाई सम्बन्धी अन्य कार्यविधि पुनरावेदनको सुनुवाई सरह हुनेछ ।

१४९. **साधक हेर्ने अदालतको अधिकार** : (१) साधक हेर्ने अदालतले पुनरावेदन सुन्ने अदालतलाई भए सरहको अधिकार प्रयोग गर्न सक्नेछ ।

(२) साधक जाँच गर्दा तल्लो अदालतको फैसलाको इन्साफ नमिली कुनै परिवर्तन हुन सक्ने देखिएमा पन्ध्र दिनको म्याद दिई सम्बन्धित पक्षहरुलाई झिकाउनु पर्नेछ ।

१५०. **पुनरावेदन र साधक फैसला** : पुनरावेदन फैसला गर्दा अनुसूची-४६ बमोजिमको ढाँचामा र साधक फैसला गर्दा अनुसूची-४७ बमोजिमको ढाँचामा गर्नु पर्नेछ ।

तर पुनरावेदन र साधकको एउटै फैसला गर्नुपर्ने अवस्थामा अनुसूची-४६ बमोजिमको ढाँचामा गर्नु पर्नेछ ।

परिच्छेद - १५

फैसला कार्यान्वयन सम्बन्धी व्यवस्था

१५१. **सजायको लगत खडा गर्नु पर्ने** : (१) अदालतबाट कुनै मुद्दाको फैसला भए पछि सम्बन्धित अदालतले सो फैसला बमोजिम लागेको दण्ड, जरिवाना वा ठहरेको विगो वा क्षतिपूर्तिको लगत तयार गर्नु पर्नेछ ।

(२) पुनरावदेन सुन्ने अदालतबाट कुनै व्यक्ति कसूरदार ठहरी वा तल्लो अदालतको फैसला उल्टी भई वा बदर भई कसूरदार ठहरेकोमा सोको लगत खडा गरी कार्यान्वयन गर्न सम्बन्धित जिल्ला अदालतमा फैसलाको प्रतिलिपि पठाउनु पर्नेछ ।

(३) उपदफा (१) वा (२) बमोजिम लगत खडा गरेपछि सम्बन्धित अदालतले फैसला कार्यान्वयन गर्नेछ र सो प्रयोजनका लागि अन्य सम्बद्ध निकायलाई आदेश गर्नेछ ।

(४) उपदफा (३) बमोजिम आदेश गर्दा कैद सजाय पाउने व्यक्ति अदालतमा उपस्थित रहेको भए निजलाई समेत अदालतले कारागारमा चलान गरी पठाउनु पर्नेछ र उपस्थित भएको रहेनछ वा थुना वा कैदमा पनि वसेको रहेनछ भने निजलाई पक्राउ गरी कारागारमा वुझाउने गरी सम्बन्धित प्रहरी कार्यालयलाई अनुसूची-४७ बमोजिमको ढाँचामा आदेश पठाउनु पर्नेछ ।

(५) एकै कसूरदारलाई एक भन्दा बढी सजाय भएकोमा कुन ठूलो सजाय हो भन्ने सम्बन्धमा कुनै द्विविधा भएमा कारागार कार्यालयले सम्बन्धित जिल्ला अदालतमा लेखी पठाउनु पर्नेछ र जिल्ला अदालतबाट निकासा भए बमोजिम गर्नु पर्नेछ ।

१५२. **सम्बन्धित जिल्ला अदालतले फैसला कार्यान्वयन गर्ने** : (१) मुद्दाको फैसला जुनसुकै तहको अदालतबाट भएको भए पनि त्यस्तो मुद्दामा भएको फैसलाको कार्यान्वयन अभियोगपत्र वा उजुरी दायर भएको जिल्ला अदालतले गर्नेछ ।

(२) पुनरावेदन सुन्ने अदालतले शुरु कारवाही र किनारा गरेको मुद्दाको फैसला कार्यान्वयन समेत सम्बन्धित जिल्ला अदालतले गर्नेछ ।

(३) यस दफामा अन्यन्त्र जुनसुकै कुरा लेखिएको भए तापनि प्रतिवादीको संख्या निजहरुको वसोवास वा निजको सम्पत्तिको अवस्थितिको कारण फैसला कार्यान्वयन गर्ने जिल्ला अदालत यकिन हुन नसकेमा पुनरावेदन सुन्ने अदालतले तोकेको अदालतले मुद्दाको फैसला कार्यान्वयन गर्नेछ ।

(४) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि नियमित अदालत वाहेक अन्य न्यायिक निकायबाट भएको फैसलाको कार्यान्वयन सम्बन्धित निकायले गर्नेछ ।

(५) उपदफा (४) मा जुनसुकै कुरा लेखिएको भए तापनि फैसला कार्यान्वयन गर्ने सम्बन्धमा कानूनमा अन्यथा व्यवस्था नभएकोमा सम्बन्धित जिल्ला अदालतले यसै संहिता बमोजिम फैसला कार्यान्वयन गर्नेछ ।

१५३. **फैसला कार्यान्वयन स्थगित हुने** : (१) दफा १५२ मा जुनसुकै कुरा लेखिएको भए तापनि देहायको अवस्थामा अदालतले फैसला कार्यान्वयन स्थगन गर्नु पर्नेछ :-

(क) कानून बमोजिम पुनरावेदन लाग्न सक्ने मुद्दामा पुनरावेदन परेको भए पुनरावेदनको रोहबाट मुद्दाको अन्तिम किनारा नभएसम्म वा पुनरावेदन नपरेकोमा पुनरावेदन लाग्न सक्ने म्याद भुक्तान नभएसम्म,

(ख) कानून बमोजिम साधक जाहेर हुने मुद्दा भए जाहेर भएको साधकको निकासा नभएसम्म ।

(२) उपदफा (१) को खण्ड (क) बमोजिम पुनरावेदन परेकोमा पुनरावेदन गर्ने पक्षले पुनरावेदन गरेको व्यहोराको निवेदन सम्बन्धित अदालतमा दिनु पर्नेछ ।

१५४. **कैदमा राख्नु पर्ने :** दफा १५१ बमोजिमको आदेश प्राप्त भएपछि वा कसूरदार ठहरिएको व्यक्ति प्रहरी कार्यालयबाट पक्राउ भई आएपछि सम्बन्धित कारागार कार्यालयले कसूरदारलाई कानून बमोजिम कैदमा राख्नु पर्नेछ ।

तर अठार बर्ष उमेर नपुगेको बालबालिका कसूरदार ठहरिएकोमा निजलाइ नेपाल सरकारले व्यवस्था गरेको छुट्टै बाल सुधार गृह वा यस्तै अन्य गृहमा राख्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम कैदमा राख्दा कसूरदार कहिले देखि थुनामा रहेको वा पक्राउ परेको हो निजको कैद अवधि कहिले भुक्तान हुने हो भन्ने कुरा समेतको अभिलेख कारागार कार्यालयले तयार गरी अद्यावधिक रुपमा राख्नु पर्नेछ ।

१५५. **कैद वापत रकम तिर्न सकिने** : (१) एक बर्ष वा सो भन्दा कम कैदको सजाय हुने कुनै कसूरमा पहिलो पटक कसूरदार ठहरिएको कसूरदारलाई निजको उमेर, कसूरको गम्भीरता, कसूर गरेको तरिका, आचरण समेतलाई विचार गर्दा कारागारमा राख्नु उपयुक्त नदेखिएमा तथा निजलाई छोड्दा समाज वा समुदायको सुरक्षामा खतरा पुग्ने समेत नदेखिएमा सो को कारण खोली अदालतले निजलाई कैदमा राख्नुको सट्टा सो वापत रकम लिई कैंदबाट मुक्त गरी दिन उपयुक्त ठहऱ्याएमा कैद वापतको रकम तिरी कैद बस्नु नपर्ने गरी आदेश दिन सक्नेछ ।

(२) उपदफा (२) बमोजिमको आदेश दिनु अघि त्यस्तो व्यक्तिलाई कुनै प्रकारको कसूर नगरी राम्रो आचरण पालन गर्नेछु भन्ने व्यहोराको कागज गराउनु पर्नेछ ।

(३) उपदफा (१) बमोजिम रकम तिरी कैद बस्नु नपर्ने गरी आदेश भएको कसूरदारले कैद वापत रकम बुझाउँदा एक दिन कैदको तीन सय रुपँयाका दरले रकम बुझाउनु पर्नेछ ।

(४) उपदफा (१) बमोजिम कैद बस्न छुट भएको व्यक्तिले त्यसरी छुटेको मितिले तीन वर्ष भित्र कैदको सजाय हुने कुनै कसूर गरेमा निजलाई पहिले भएको फैसला बमोजिमको कैद समेत थपी सजाय कार्यान्वयन गर्नु पर्नेछ ।

(५) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि एक बर्ष वा सो भन्दा कम कैदको सजाय पाई थुना वा कैदमा रहे वसेको विदेशी नागरिकले कैदको सट्टा रकम तिरी कैदबाट छुटकारा पाउन निवेदन दिएमा अदालतले दफा १५९ को उपदफा (४) मा उल्लेख भएका कसूर बाहेक अन्य कसूरका कसूरदारलाई कैद सजाय वापत प्रति दिन पांचसय रुपैयाका दरले हुन आउने रकम एकमुष्ट तोकी सो रकम बुझाएमा बाकी अवधि कैदमा वस्नु नपर्ने गरी आदेश दिन सक्नेछ ।

(६) उपदफा (५) बमोजिम आदेश भएको व्यक्तिलाई सात दिनभित्र नेपालबाट बाहिर पठाउनु पर्नेछ ।

(७) उपदफा (५) बमोजिमको विवरण अदालतले अध्यागमन कार्यालयमा पठाउनु पर्नेछ ।

(८) उपदफा (३) र (५) बमोजिम प्राप्त भएको रकमको पचास प्रतिशत रकम कानून बमोजिम खडा भएको पीडित राहत कोषमा जम्मा गर्नु पर्नेछ ।

(९) यस दफा बमोजिम रकम तिरेमा कसूरदारले कैद भुक्तान गरेको मानिनेछ ।

(१०) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि यस दफा बमोजिम कैदबाट छुटेको व्यक्तिको कैदको लगत कैद भुक्तान हुने अवधि सम्मका लागि कायम रहने छ र निजले उपदफा (२) र (४) प्रतिकूलको आचरण वा कसूर गरेमा अदालतले जुनसुकै बखत यस दफा बमोजिमको आदेश रद्द गर्न सक्नेछ ।

(११) उपदफा (१०) बमोजिम आदेश रद्द भएकोमा त्यस्तो कसूरदारले निजलाई भएको पुरै सजाय कैदमा वसी भुक्तान गर्नु पर्नेछ ।

१५६. **सम्पति रोक्का राख्नु पर्ने** : (१) दफा १५१ को उपदफा (४) बमोजिम पक्राउ पूर्जी जारी गरिएको व्यक्तिको सम्पत्ति पहिले नै रोक्का नरहेको भएमा वा निज पक्राउ हुन नसकेमा सम्बन्धित प्रहरी कार्यालयले निजको हकको चल अचल सम्पत्ति रोक्का राख्नको लागि निजको सम्पत्तिको विवरण खुलाई अदालत समक्ष प्रतिवेदन पेश गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम प्रतिवेदन पेश भएमा सम्बन्धित अदालतले त्यस्तो व्यक्तिको हकको सम्पत्ति रोक्का गर्न सम्बन्धित मालपोत कार्यालय वा त्यस्तो सम्पत्ति रहेको संस्थालाई आदेश दिनेछ ।

(३) उपदफा (२) बमोजिम सम्पत्ति रोक्का राख्दा रोक्का राख्नु पर्ने भन्दा बढी सम्पत्ति रोक्का भएमा त्यस्तो व्यक्तिले बढी रोक्का भएको सम्पत्ति फुकुवा गर्न सम्बन्धित अदालतमा निवेदन दिन सक्नेछ ।

(४) उपदफा (३) बमोजिम निवेदन परेमा र त्यस्तो निवेदन जाँचबुझ गर्दा त्यसरी बढी सम्पत्ति रोक्का रहेको देखिन आएमा त्यसरी बढी रोक्का रहेको हदसम्मको सम्पत्ति अदालतले फुकुवा गर्न सम्बन्धित मालपोत कार्यालय वा संस्थालाई आदेश दिन सक्नेछ र त्यसरी आदेश दिएकोमा त्यस्तो कार्यालय वा संस्थाले त्यस्तो सम्पत्ति फुकुवा गर्नु पर्नेछ ।

(५) कसूरदारले अदालतको फैसला बमोजिम बिगो, क्षतिपूर्ति वा अन्य कुनै रकम तिर्नु पर्ने रहेछ भने उपदफा (१) बमोजिम रोक्का रहेको सम्पत्तिबाट यस परिच्छेद बमोजिम सो रकम भराई दिई वांकी रहेको सम्पत्तिमात्र सजाय वापत रोक्का गर्नु पर्नेछ ।

१५७. **सम्पत्ति लिलाम गर्न सकिने** : (१) दफा १५१ को उपदफा (४) बमोजिम पक्राउ गर्ने आदेश भएको मितिले छ महिना सम्ममा पनि कसूरदार पक्राउ हुन नसकेमा फैसला बमोजिम बुझाउनु पर्ने दण्ड जरिबाना वा क्षतिपूर्तिको रकम दफा १५६ बमोजिम रोक्का रहेको सम्पत्ति नगद भए सम्बन्धित संस्थाबाट प्राप्त गरी र अन्य चल वा अचल भए लिलाम विक्री गरी जरिबाना वा सरकारी बिगो वापतको क्षतिपूर्ति रकम संचित कोषमा दाखिल गरी वांकी रहेको रकम फिर्ता गर्नु पर्नेछ ।

(२) यस संहिता बमोजिम लगत कट्टा हुनु भन्दा पहिले कसूरदार पक्राउ भएमा र निजले आफुलाई लागेको जरिवाना विगो वा क्षतिपूर्ति वापतको रकम नगदै वुझाउन चाहेमा दफा १५६ बमोजिम रोक्का रहेको सम्पत्ति लिलाम विक्री भई नसकेको भए सो रोक्का राख्दा भएको खर्च असूल गरी र लिलाम विक्री भै सकेकोमा रोक्का राख्दा र लिलाम विक्री गर्दा भएको खर्चहरु कटाई लिलाम विक्रीबाट प्राप्त भएको रुपैया निजलाई फिर्ता दिई कैद सजाय कार्यान्वयन गर्नु पर्नेछ ।

१५८. **सजाय पाएको व्यक्तिको मृत्यु भएमा सजाय मिनाहा हुने** : (१) अदालतबाट कसूरदार ठहरी सजाय पाएको व्यक्तिको मृत्यु भएमा मृत्यु हुँदाका वखतसम्म कार्यान्वयन हुन वाँकी रहेको सम्पूर्ण कैद सजाय वा जरिबाना स्वतः मिनाहा हुनेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि सरकारी वा निजी बिगो, क्षतिपूर्ति वा अन्य कुनै रकम भर्नु पर्ने व्यक्तिको त्यस्तो बिगो, क्षतिपूर्ति वा रकम भराउनु अगावै मृत्यु भएमा निजको हकको सम्पत्तिबाट असुल उपर हुनेसम्म यस संहिता बमोजिम असुल उपर गरी भराई दिनु पर्नेछ ।

(३) उपदफा (२) बमोजिम बिगो, क्षतिपूर्ति वा रकम भराउंदा त्यस्तो व्यक्तिको सम्पत्तिले खामेसम्म क्रमशः सरकारी बिगो, क्षतिपूर्ति, निजी क्षतिपूर्ति र बिगोलाई प्राथमिकता दिई क्रमशः भराउनु पर्नेछ ।

१५९. **सजाय माफी दिन सकिने** : (१) अदालतको फैसला बमोजिम ठेकिएको सजाय पाएको व्यक्तिले सो सजाय माफी पाउन, त्यसलाई मुलतवी राख्न, परिवर्तन गर्न वा कम गर्न गृह मन्त्रालय मार्फत राष्ट्रपति समक्ष निवेदन दिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम निवेदन दिंदा जुन अदालतको फैसलाबाट निवेदकले सजाय पाएको हो सो अदालतको फैसलाको प्रतिलिपि संलग्न गर्नु पर्नेछ ।

(३) उपदफा (१) बमोजिमको निवेदन आवश्यक कारवाहीको लागि राष्ट्रपतिले गृह मन्त्रालयमा पठाएमा सो मन्त्रालयले देहायका कुराहरु विचार गरी निजलाई भएको सजाय माफी गर्ने, मुलतवी राख्ने, परिवर्तन गर्ने वा कम गर्ने सम्बन्धमा निर्णयको लागि नेपाल सरकार समक्ष पेश गर्न सक्नेछ :-

(क) कसूरको प्रकृति र कसूर गर्दाको अवस्था,

(ख) कसूरदारको उमेर तथा शारीरिक अवस्था,

(ग) कसूरदारलाई तोकिएको सजायको हद,

(घ) कसूरदारले सो सजाय पाउनु अघि कुनै कसूर गरी कैदको सजाय पाएको वा नपाएको वा पाएको भए त्यस्तो कसूरको प्रकृति र निजले भोगेको सजाय,

(ङ) कसूरदार थुनामा रहेको वा नरहेको ।

(४) उपदफा (३) मा जुनसुकै कुरा लेखिएको भए तापनि देहायका कसूरका कसूरदारलाई भएको सजाय माफी गर्ने, मुलतबी राख्ने, परिवर्तन गर्ने वा कम गर्ने कारबाही गर्न सकिने छैन :-

(क) भ्रष्टाचार,

(ख) जर्वजस्ती करणी वा सोको उद्योग,

(ग) कर्तव्य ज्यान वा सोको उद्योग,

(घ) हातहतियार तथा खरखजाना,

(ङ) विष्फोटक पदार्थ,

(च) अपहरण वा शरीर बन्धक,

(छ) राष्ट्रिय तथा सार्वजनिक सम्पदा सम्बन्धी,

(ज) वन तथा वन्यजन्तु सम्बन्धी, र

(झ) लागु पदार्थको ओसारपसार वा कारोबार ।

(५) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि कुनै अदालतमा पुनरावेदन, साधक जाँच वा पुनरावलोकन वा मुद्दा दोहोऱ्याउने अवस्थाको रोहमा विचाराधीन रहेको वा जुन अदालतको फैसलाबाट सजाय तोकिएको हो सो सजाय अन्तिम भई नसकेको अवस्थामा गृह मन्त्रालयले उपदफा (३) बमोजिमको कारबाई गर्न सक्ने छैन ।

(६) उपदफा (३) बमोजिम निर्णय गर्नु अघि नेपाल सरकारले कानून बमोजिम स्थापित प्यारोल तथा प्रोवेशन बोर्डको परामर्श लिनु पर्नेछ ।

(७) उपदफा (३) बमोजिम निर्णय गर्दा निवेदकलाई भएको सजाय पूरै वा आंशिक रुपमा माफी हुनु पर्ने, त्यसलाई मुलतवी राख्नु पर्ने, परिवर्तन गर्नु पर्ने वा कम गर्नु पर्ने मनासिब कारण देखेमा नेपाल सरकारले सोको आधार खुलाई आफ्नो राय सहित राष्ट्रपति समक्ष सिफारिस गर्नेछ ।

(८) उपदफा (७) बमोजिम नेपाल सरकारबाट भएको सिफारिस बमोजिम कुनै कसूरदारलाई ठेकिएको सजाय राष्ट्रपतिबाट माफी भएमा, त्यसलाई मुलतवी राखिएमा, परिवर्तन भएमा वा कम गरिएमा नेपाल सरकारले सोको सूचना सम्बन्धित अदालतलाई दिनु पर्नेछ ।

(९) उपदफा (८) बमोजिमको सूचना प्राप्त गरेपछि सम्बन्धित अदालतले सोही बमोजिम सजायको लगत कट्टा वा अद्यावधिक गर्नु पर्नेछ ।

(१०) यस दफा बमोजिम राष्ट्रपतिबाट कुनै व्यक्तिलाई ठेकिएको सजाय माफी भएको, सजाय परिवर्तन वा कम भएको कारणले सम्बन्धित अदालतको फैसला बदर हुने छैन र त्यस्तो व्यक्तिले भोगी सकेको सजाय वा भुक्तानी गरिसकेको जरिबाना वा बिगोलाई कुनै असर पर्ने छैन ।

(११) उपदफा (३) र (७) बमोजिम प्रस्ताव वा सिफारिस गर्ने प्रयोजनको लागि नेपाल सरकारले आवश्यक मापदण्ड बनाउन सक्नेछ ।

१६०. **लगत कट्टा गर्नु पर्ने** : (१) अदालतले दफा १५१ को उपदफा (१) वा (२) बमोजिम खडा भएको लगत देहायको अवस्थामा कारण खुलाई कट्टा गर्नु पर्नेछ :-

(क) कसूरदारले यस परिच्छेद बमोजिम कैद भुक्तान गरेमा,

(ख) कसूरदारले प्रचलित कानून बमोजिम श्रम गरी कैद भुक्तान गरेमा,

(ग) कसूरदारको मृत्यु भई दफा १५८ बमोजिम कैद वा सजाय मिनाहा भएमा,

(घ) कसूरदारले प्रचलित कानून बमोजिम सुधार गृह वा सामुदायिक केन्द्रमा कैद भुक्तान गरेमा वा सामुदायिक सेवा गरी कैद भुक्तान गरेमा,

(ङ) कसूरदारले दफा १५९ बमोजिम पुरै सजाय माफी पाएमा,

(च) कसूरदारले यस परिच्छेद बमोजिम जरिवाना वा विगो वा क्षतिपूर्ति वापतको पुरै रकम वुझाएमा, वा

(छ) कसूरदारलाई लागेको कैद वा सजाय वा विगो वा क्षतिपूर्ति वापतको रकम यस परिच्छेद बमोजिम असुल गरिएमा ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि कैदको सजाय तोकिएको वा प्रचलित कानून बमोजिम जरिबाना वा सरकारी बिगो वा अन्य कुनै रकम वापत कैद वस्नु पर्ने व्यक्ति देहायको अवधिसम्म अदालतमा उपस्थित नभएमा, कारागारमा कैद वस्न नआएमा वा पक्राउ हुन नसकेमा अदालतले निजको हकमा खडा भएको कैदको लगत कट्टा गरि दिनु पर्नेछ :

(क) जन्मकैदको सजाय भएकोमा पचास बर्ष,

(ख) दश बर्ष वा सो भन्दा बढी कैद सजाय भएकोमा चालीस बर्ष,

(ग) पाँच वर्ष वा पांच बर्षदेखि दश बर्षसम्म कैद सजाय भएकोमा तीस बर्ष,

(घ) एक वर्ष वा एक बर्षदेखि पांच बर्षसम्म कैद सजाय भएकोमा बीस बर्ष ।

(ङ) एक बर्षसम्मको कैद सजाय भएकोमा बाह्र बर्ष ।

(३) उपदफा (२) बमोजिम लगत कट्टा भएको व्यक्ति सो अवधि भुक्तान भएपछि फेला परेमा अदालतले निजको हकमा लगत कट्टा नभए सरह यस परिच्छेद बमोजिम फैसला कार्यान्वयन गर्नु पर्नेछ ।

(४) उपदफा (२) बमोजिम लगत कट्टा गर्दा यस संहिता बमोजिम निजको सम्पत्ति रोक्का गरिएको रहेछ भने त्यस्तो सम्पत्ति जफत गरी लिलाम विक्री गरी प्राप्त रकम संचित कोषमा दाखिला गर्नु पर्नेछ ।

(५) यस दफा बमोजिम सजाय भुक्तान नभएको कारणले लगत कट्टा भएको व्यक्तिले त्यस्तो लगत ठेकिने गरी भएको फैसला बमोजिमको सजाय भुक्तान नगरेसम्म प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि निज कुनै पनि सार्वजनिक जवाफदेहीको पदमा नियुक्ति वा मनोनयन हुन, तोकिन वा निर्वाचित हुन अयोग्य भएको मानिनेछ ।

१६१. **थुनामा बसेको अवधि कैदमा कट्टा हुने** : (१) अदालतबाट फैसला हुँदा कसूरदार ठहरी कैदको सजाय पाएको व्यक्ति अनुसन्धानको सिलसिलामा हिरासत वा थुनामा बसेको भए निजलाई त्यसरी थुनामा बसेको अवधि फैसला बमोजिमको कैदमा कटाई बाँकी अवधिको लागि मात्र कैद गर्नु पर्नेछ ।

(२) कुनै कसूरदार अनुसन्धानको सिलसिलामा थुनामा बसेकोमा निजलाई कैदको सजाय नभई जरिवाना मात्र हुने ठहरेको भए निज थुनामा बसेको अवधिको एक दिनको तीन सय रुपैंयाको दरले हिसाव गरी हुन आउने जम्मा रकम त्यस्तो कसूरदारले बुझाउनु पर्ने जरिवानाको रकममा कट्टा गर्नु पर्नेछ ।

१६२. **जरिबानाको सजायको कार्यान्वयन** : (१) दफा १५१ खडा भएको लगत बमोजिम जरिबाना तिर्नु पर्ने व्यक्तिले जरिवानाको रकम तत्काल बुझाउनु पर्नेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि त्यस्तो व्यक्तिले त्यस्तो जरिबाना तत्काल बुझाउन नसकी सो वापत कुनै सम्पत्ति जमानत दिएमा अदालतले एक वर्ष भित्र सो रकम चुक्ता हुने गरी बढीमा तीन किस्तामा जरिबाना वुझाउने आदेश दिन सक्नेछ

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि त्यसरी जरिबाना सजाय भएको व्यक्तिले परिच्छेद-७ वा दफा १३६ बमोजिम कुनै धरौट वा जमानत राखेको भए जरिबानाको रकम त्यस्तो धरौट वा जमानतबाट असूल गरी नपुग भए जतिको सम्वन्धमा मात्र किस्तावन्दी रुपमा बुझाउने आदेश दिनु पर्नेछ ।

(४) उपदफा (२) बमोजिम किस्तावन्दीमा जरिबाना रकम बुझाउने व्यवस्था भएकोमा वा मुद्दाको कारवाहीको सिलसिलामा कैद वा थुनामा परी सजाय भुक्तान गरीसकेकोमा वा परिच्छेद ७ वा दफा १३६ बमोजिम राखिएको धरौट वा जमानतबाट जरिबानाको रकम असुल हुने भएमा बाहेक कसूरदारले जरिबानाको रकम तत्काल नवुझाएमा अदालतले जरिबाना वापत कैद गर्न सम्बन्धित कारागारको प्रमुखको नाउंमा आदेश पठाउनु पर्नेछ ।

(५) उपदफा (४) बमोजिम आदेश भएकोमा जरिबाना नवुझाउने कसूरदारले जरिबानाको रकम केही वुझाई केही वांकी राखेकोमा वा मुद्दाको सिलसिलामा कैद वा थुनामा परी त्यसरी कैद वा थुनामा परेको अवधि जति सजाय मिन्हा हुने अवस्था भएमा सो समेत कट्टा गरी जरिबाना नवुझाए वापत हुने कैदको अवधि र जरिबानाको कूल रकमको अनुपातमा मात्र वांकी जरिबाना वापत कैद गर्नु पर्नेछ ।

१६३. **सरकारी बिगो वा अन्य रकम सम्बन्धी व्यवस्था** : (१) बिगो भराउने गरी फैसला भएकोमा सरकारी बिगोलाई निजी बिगो भन्दा प्राथमिकता दिई भराई दिनु पर्नेछ ।

तर सरकारी बिगो भराई दिने गरी फैसला हुनु भन्दा पहिले नै निजी बिगो भराई दिने गरी कुनै फैसला भएको रहेछ भने सरकारी बिगोलाई प्राथमिकता दिइने छैन ।

(२) फैसला बमोजिम भराउनु पर्ने सरकारी बिगो वा अन्य कुनै रकम असूल नभएमा वा असूल हुने अवस्था नभएमा त्यस्तो बिगो वा रकम भर्नु पर्ने कसूरदारको सम्पत्ति पहिले नै रोक्का भएको रहेनछ भने फैसला भएपछि यथासंभव चाडो रोक्का गर्नु पर्नेछ ।

(३) उपदफा (१) बमोजिमको बिगो वा अन्य रकम फैसला अन्तिम भएको मितिले तीस दिनभित्र कसूरदारले नबुझाएमा निजको उपदफा (२) बमोजिम रोक्का भएको चल सम्पत्तिको हकमा त्यस्तो सम्पत्ति रहेको संस्थाबाट प्राप्त गरी र अचलको हकमा लिलाम विक्री गरी भराई दिनु पर्नेछ ।

(४) उपदफा (३) बमोजिम सम्पत्ति लिलाम विक्री गर्दा पनि असूल नभएको सरकारी बिगो वापत त्यस्तो व्यक्तिलाई कैद गर्नु पर्नेछ ।

१६४. **सरकारी बिगो वापत कैद गर्न सकिने** : (१) अदालतबाट फैसला हुँदा असूल उपर हुनु पर्ने गरी ठहर भएको सरकारी बिगो वा अन्य कुनै रकम वापतको रकम सम्बन्धित व्यक्तिले बुझाउनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको सरकारी बिगो वा त्यस्तो रकम त्यस्तो व्यक्तिले नवुझाएमा निजको सम्पत्ति जायजात गरी असूल उपर गर्नु पर्नेछ ।

(३) उपदफा (२) बमोजिमको जायजात गर्दा पनि सरकारी बिगो वा त्यस्तो रकम असूल उपर हुन नसकेमा त्यस्तो व्यक्तिलाई देहायको सरकारी बिगो वा त्यस्तो रकम वापत देहायको अवधिसम्म कैद सजाय निर्धारण गर्नु पर्नेछ :-

(क) पाँच हजार देखि दश हजार रुपैयासम्मको विगो वापत एक महिना,

(ख) दशहजार रुपैयादेखि पच्चीसहजार रुपैयासम्मको विगो वापत तीन महिना,

(ग) पच्चीसहजार रुपैयादेखि पचासहजार रुपैयासम्मको विगो वापत छ महिना,

(घ) पचासहजार रुपैयादेखि एक लाख रुपैयासम्मको विगो वापत एक वर्ष,

(ङ) एकलाख रुपैयाभन्दा बढी प्रत्येक पचासहजार रुपैयासम्मको विगो वापत छ महिना ।

(४) उपदफा (३) को खण्ड (क) मा उल्लिखित रकम भन्दा कम रकम वापत कैद गर्नु पर्दा प्रति दिनको तीनसय रुपैया कट्टी हुने गरी गर्नु पर्नेछ ।

(५) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि सरकारी बिगो वापत कैद गर्नु पर्दा सात बर्ष भन्दा बढी हुने गरी कैद ठेक्न सकिने छैन ।

१६५. **निजी बिगो वा क्षतिपूर्ति भराउने कार्यविधि** : (१) अदालतको फैसला बमोजिम कुनै व्यक्तिले तिर्नु पर्ने ठहरेको निजी बिगो, पीडित वा निजको हकवालाले पाउने क्षतिपूर्ति वा अन्य कुनै रकम त्यसरी फैसला बमोजिम तिर्नु पर्ने व्यक्तिलाई फैसला भएको छ महिनाभित्र बुझाउनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको अवधिभित्र त्यस्तो व्यक्तिले त्यस्तो बिगो, क्षतिपूर्ति वा रकम नबुझाएमा निजलाई दश हजार रुपैंयासम्म जरिबाना हुनेछ ।

(३) उपदफा (१) बमोजिमको अवधिभित्र बिगो, क्षतिपूर्ति वा त्यस्तो रकम बुझाउनु पर्ने व्यक्तिले नबुझाएमा त्यस्तो बिगो क्षतिपूर्ति वा रकम भरी पाउने व्यक्तिले अन्तिम फैसला भएको मितिले तीन वर्ष भित्र सो बिगो, क्षतिपूर्ति वा रकम भर्नु पर्ने व्यक्तिको हकको सम्पत्ति देखाई निवेदन दिन सक्नेछ ।

(४) उपदफा (३) बमोजिम निवेदन परेमा अदालतले त्यस्तो सम्पत्ति रोक्का र लिलाम विक्री गरी क्रमशः बिगो, क्षतिपूर्ति वा त्यस्तो रकम भराई दिनु पर्नेछ ।

(५) उपदफा (१) बमोजिम बिगो, क्षतिपूर्ति वा रकम तिर्नु पर्ने व्यक्तिले अदालतमा सो रकम वुझाएमा वा दफा ६८ को उपदफा (१) बमोजिम कुनै रकम धरौट वा जमानत राखेको भए त्यसबाट क्षतिपुर्ति, बिगो वा त्यस्तो रकम असूल हुने भएमा सोही बमोजिम भराई दिनु पर्नेछ ।

(६) उपदफा (३) बमोजिमको अवधिभित्र बिगो, क्षतिपूर्ति वा अन्य रकम भराई पाउने व्यक्तिले सम्पत्ति पत्ता लगाउन नसकेमा त्यस्तो सम्पत्ति फेला परेको बखत निजले जनाउ दिएमा भराइ दिने गरी अदालतले सो निवेदन तामेलीमा राख्नु पर्नेछ ।

(७) उपदफा (४) बमोजिम बिगो, क्षतिपूर्ति वा अन्य कुनै रकम असुल उपर हुन नसकेमा असूल उपर नभएको वांकी बिगो, क्षतिपूर्ति वा अन्य रकम भराई पाउने व्यक्तिले कसूरदारको सम्पत्ति लिलाम विक्री भएको मितिले वा उपदफा (६) बमोजिम निबेदन तामेलीमा रहेको तीस दिन भित्र निजलाई कैद गराउन निवेदनपत्र दिन सक्नेछ ।

(८) उपदफा (७) बमोजिमको निवेदन परेमा अदालतले एक दिनको तीनसय रुपैयाको दरले त्यसरी वांकी हुन आएको बिगो वा रकमलाई कैदमा परिणत गरी सो बरावर बिगो वा रकम भर्नु पर्ने व्यक्तिलाई कैद गर्नु पर्नेछ ।

(९) उपदफा (८) बमोजिम कुनै व्यक्तिलाई कैद गर्दा व्यक्ति विशेषको बिगोको हकमा दुई वर्ष र नेपाल सरकारको पूर्ण वा अधिकांश स्वामित्व वा नियन्त्रण भएको सार्वजनिक संस्थाको बिगोको हकमा चार वर्ष भन्दा बढी कैद गर्न सकिने छैन ।

तर क्षतिपूर्ति असूल उपर नभए वापत कैद गराउन पर्दा चार बर्षसम्म कैद गर्न सकिनेछ ।

(१०) उपदफा (८) बमोजिम निजी बिगो, क्षतिपूर्ति वा अन्य रकम वापत कैद गर्नु पर्दा तीन सय रुपैया भन्दा कम रकम भएमा वा वांकी रहन गएमा सो वापत एक दिन कैद गनु पर्नेछ ।

(११) उपदफा (८) बमोजिम कैद गर्दा कानून बमोजिम लाग्ने सिधा खर्च नेपाल सरकारले व्यहोर्नु पर्नेछ ।

(१२) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि निजी बिगो, क्षतिपूर्ति वा अन्य रकम तिर्नु पर्ने व्यक्तिले उपदफा (१) वा (३) बमोजिमको अवधिभित्र आफ्नो कुनै सम्पत्ति लुकाएको वा कुनै प्रकारले रुपान्तरण गरेको ठहरेमा प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि त्यस्तो सम्पत्ति पत्ता लगाउनेको हुनेछ ।

१६६. **फैसला बमोजिमको रकम धरौटबाट असूल गर्ने** : (१) यस परिच्छेदमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि कुनै कसूरदारले यस संहिता बमोजिम कुनै रकम धरौट राखेको भए सो धरौटबाट पुगेसम्म फैसला बमोजिम निजले बुझाउनु पर्ने जरिबाना, बिगो, क्षतिपूर्ति वा अन्य रकम असूल गर्न र भराई दिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम भराउंदा देहाय बमोजिमको प्राथमिकताक्रमको आधारमा भराई दिनु पर्नेछ :-

(क) जरिबाना,

(ख) बिगो,

(ग) क्षतिपूर्ति,

(घ) अन्य कुनै रकम भए त्यस्तो रकम ।

(३) उपदफा (१) बमोजिमको रकमबाट जरिबाना, बिगो क्षतिपूर्ति वा अन्य रकम असुल नभएमा वा भराइ दिन नसकिएमा त्यसरी नपुग भए जतिको लागि मात्र यस परिच्छेद बमोजिम कारबाही गरी असुल उपर गर्नु वा भराई दिनु पर्नेछ ।

(४) यस परिच्छेदमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि कुनै कसूरदारले फैसला बमोजिम बुझाउनु पर्ने जरिबाना, बिगो, क्षतिपूर्ति वा अन्य कुनै रकम निजले तत्काल वुझाएकोमा वा उपदफा (१) मा उल्लेख भए बमोजिम असूल हुने भएमा बाहेक यो संहिता बमोजिम निजले वा निजको तर्फबाट अरु कसैले कुनै सम्पत्ति जमानत दिएको रहेछ भने सोही सम्पत्ति लिलाम विक्री गरी भराई दिनु पर्नेछ ।

(५) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि कुनै कसूरदारको हकमा कुनै व्यक्तिले आफ्नो सम्पत्ति धरौट वा जमानत दिएको रहेछ भने अदालतले त्यस्तो व्यक्तिको सम्पत्ति लिलाम विक्री गर्नु अघि निजलाई निजले धरौट वा जमानत दिएको रकम वुझाउन पैतालीस दिनको सूचना दिनु पर्नेछ र सो समय भित्र निजले त्यस्तो रकम बुझाएमा निजले धरौट वा जमानत दिएको हद सम्मको सम्पत्ति फुकुवा गरि दिनु पर्नेछ ।

(६) उपदफा (३) बमोजिमको सम्पत्तिवाट भराउन नपुग भएको वाँकी रकमको हकमा कसूरदारको अंश लगायतको अरु सम्पत्ति लिलाम विक्री गरी भराई दिनु पर्नेछ र त्यसरी भराउंदा देहायको प्राथमिकता दिई भराई दिनु पर्नेछ :–

(क) जरिबाना,

(ख) बिगो,

(ग) क्षतिपूर्ति,

(घ) अन्य कुनै रकम भए त्यस्तो रकम ।

(७) उपदफा (६) बमोजिम लिलाम गर्ने प्रयोजनका लागि कसूरदारको अंश छुट्टिएको रहेनछ भने निजको हकमा कानून बमोजिम अंश भाग छुट्याई लिलाम गर्नु पर्नेछ ।

१६७. **सम्पत्ति रोक्का राख्ने कार्यविधि** : (१) यस संहिता बमोजिम कुनै कसूरदारको सम्पत्ति रोक्का राख्दा, कब्जा वा नियन्त्रणमा लिदा सम्बन्धित अदालतले देहाय बमोजिम गर्नु पर्नेछ :-

(क) दर्ता वा छुट्टै अनुमति प्राप्त भएको सम्पत्ति भए दर्ता नामसारी गर्ने वा लाइसेन्स दिने वा नवीकरण गर्ने कार्यालयलाई रोक्काको जनाउं दिने,

(ख) नगद सम्पत्ति भए त्यस्तो नगद राख्ने संस्थालाई रोक्काको जनाउ दिने,

(ग) वाली वा वहाल आउने सम्पत्ति भए वाली वा वहाल असूल गर्ने व्यक्ति नियुक्त गरी निजले असूल गरेको रकम धरौटी खातामा जम्मा गर्न लगाउने,

(घ) चाडै नासिने वा विग्रने सम्पत्ति वा चौपाया भए त्यस्तो सम्पत्ति लिलाम विक्री गरी सो बाट प्राप्त रकम धरौटी खातामा जम्मा गर्न लगाउने ।

(२) यस संहिता बमोजिम कुनै व्यक्तिको सम्पत्ति रोक्का राख्दा निजले अरु कसैलाई कुनै ऋण दिएको वा लगानी गरेको भए त्यस्तो ऋण वा लगानीको सांवा व्याज समेत निजले असूल उपर गर्न नपाउने गरी ऋणीलाई अदालतले आदेश दिनु पर्नेछ ।

(३) उपदफा (२) बमोजिमको ऋण वा लगानीको सांवा, व्याज, प्रतिफल र अन्य यस्तै रकम ऋणीलाई नै अदालतमा दाखिल गर्न लगाउन वा सो असूल उपर गरी लिनको लागि अदालतले कुनै व्यक्तिलाई नियुक्त गर्न सक्नेछ ।

(४) उपदफा (३) बमोजिम नियुक्त भएको व्यक्तिले त्यस्तो सांवा, व्याज, प्रतिफल र अन्य यस्तै रकम ऋणीबाट असुल उपर गरी धरौटी खातामा जम्मा गर्नुपर्नेछ ।

(५) यस दफा बमोजिम रोक्का भएको सम्पत्ति उपर अरु कसैको हक भए त्यस्तो व्यक्तिले आफ्नो हक देखाई त्यसरी रोक्का भएको तीन महिना भित्र रोक्का गर्ने अदालतमा उजुर गर्न सक्नेछ ।

(६) उपदफा (५) बमोजिम उजुर परेमा सो अदालतलाई कानून बमोजिम सम्पत्तिको हक वेहकको निर्णय गर्ने अधिकार भए सोही अदालतले तत्सम्बन्धी निर्णय गर्न र त्यस्तो अधिकार नभए अधिकार प्राप्त अदालतमा सो उजुरी पठाई दिनु पर्नेछ ।

(७) उपदफा (६) बमोजिम अदालतले कुनै निर्णय गरेकोमा त्यस्तो निर्णयमा चित्त नवुझने व्यक्तिले कानून बमोजिम पुनरावेदन गर्न सक्नेछ ।

१६८. **विगो, क्षतिपूर्ति वा अन्य रकम भराइदिन तारिख तोक्नु पर्ने** : (१) फैसला बमोजिम बिगो, क्षतिपूर्ति वा अन्य कुनै रकम भराई दिनु पर्ने सम्बन्धमा तारिख तोक्दा कुन प्रयोजनको लागि कहिलेको तारिख तोकिएको हो सोको कारण खुलाई तोक्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम तोकिएको तारिखमा भराई पाउने व्यक्ति अनुपस्थित भएमा भराइदिने सम्बन्धी कारवाही सो दिन स्थगित हुनेछ ।

तर सो बमोजिम तोकिएको तारिखमा आफू उपस्थित हुन नसकेको कुनै मनासिब कारण देखाई निजले पन्ध्र दिन भित्र अदालत निवेदन दिएमा फैसला बमोजिम भराई दिनु पर्नेछ ।

परिच्छेद -१६

विविध

१६९. **जिल्ला अदालतबाट मुद्दा हेरिने** : अपराध संहिताका देहायका परिच्छेदमा उल्लिखित देहायका कसूर सम्बन्धी मुद्दा नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी मुद्दा हेर्ने अधिकारी तोकिदिएकोमा सोही अधिकारीले र नतोकिएकोमा जिल्ला अदालतले हेर्नेछ :-

(१) भाग -२ को,

(क) परिच्छेद २ अन्तर्गतको कसूर

(ख) परिच्छेद ५ को दफा १०२ र १०३ बाहेक अन्य दफा अन्तर्गतको कसूर,

(ग) परिच्छेद ६ र ७ अन्तर्गतका कसूर,

(घ) परिच्छेद ८ को दफा १४९ र १५० अन्तर्गतका कसूर,

(ङ) परिच्छेद १० को कसूर,

(च) परिच्छेद १९ को दफा २३० र २३३ अन्तर्गतको कसूर,

(छ) परिच्छेद २४ अन्तर्गतको कसूर,

(ज) परिच्छेद २७ को दफा २८७ बाहेक अन्य दफा अन्तर्गतको कसूर,

(२) भाग-३ को परिच्छेद -१ मा उल्लिखित काम सम्बन्धी मुद्दा ।

१७०. **मुद्दा हेर्दाको प्राथमिकता क्रम** : (१) अदालतले मुद्दाको कारबाही, सुनुवाई र किनारा गर्दा देहायको प्राथमिकता क्रम अनुसार गर्नु पर्नेछ :

(क) अनुसन्धानको सिलसिलामा हिरासतमा रहेको व्यक्ति पक्ष रहेको मुद्दा,

(ख) पुर्पक्षको लागि थुनामा रहेको व्यक्ति पक्ष रहेको मुद्दा,

(ग) कैदमा रहेको पक्षको मुद्दा,

(घ) अपाङ्गता भएका व्यक्ति तथा बालबालिका पक्ष रहेको मुद्दा,

(ङ) शारीरिक अशक्तता भएका वा पचहत्तर बर्ष भन्दा बढी उमेरका व्यक्ति पक्ष रहेका मुद्दा,

(च) महिला बिरुद्धको हिंसा सम्बन्धी मुद्दा,

(छ) कानून बमोजिम कारवाही वा सुनुवाईमा प्राथमिकता पाउने मुद्दा,

(ज) मुद्दा दर्ताको क्रमबाट पहिले दर्ता भएको मुद्दा ।

(२) कुनै मुद्दामा उपदफा (१) को खण्ड (क), (ख) वा (ग) मा उल्लेख भएका व्यक्तिका अतिरिक्त अन्य व्यक्तिहरु पनि पक्ष रहेछन भने त्यस्तो मुद्दाको कारवाही गर्दा त्यस्ता व्यक्तिहरुको हकमा समेत कारबाही र किनारा गर्नु पर्नेछ ।

(३) एक भन्दा बढी हिरासत वा थुनामा परेको व्यक्ति पक्ष भएको मुद्दाहरु मध्ये जुन व्यक्ति पहिले हिरासत वा थुनामा परेको हो सोही व्यक्तिको मुद्दाको पहिले कारबाही र किनारा गर्नु पर्नेछ,।

(४) उपदफा (१), (२) र (३) मा जुनसुकै कुरा लेखिएको भए तापनि अदालतले मुद्दाको गम्भीरता र औचित्य हेरी कुनै मुद्दालाई प्राथमिकता दिई कारबाही र किनारा गर्न सक्नेछ ।

१७१. **लिखतहरुको पंजिका** : प्रत्येक मुद्दामा अनुसूची-४९ बमोजिमको ढाँचामा पंजिका खडा गरी दर्ता मितिको क्रमले लिखतहरुको क्रमसंख्या र विवरण जनाई पंजिका खडा गरी राख्नुपर्नेछ ।

१७२. **लिखत धुल्याउनु पर्ने** : अदालतले मुद्दाको अन्तिम निर्णय भएको पाँच वर्ष पछि सो मुद्दाको मिसिलमा रहेका देहायका लिखतहरु बाहेक अरु लिखतहरु धुल्याउनु पर्नेछ :-

(क) उजुरी, अभियोगपत्र वा फिरादपत्र,

(ख) अभियुक्तको वयान वा प्रतिउत्तरपत्र,

(ग) प्रतिउत्तरपत्र सरहको बयान,

(घ) प्रमाणका सक्कल लिखतहरु,

(ङ) पुनरावेदन परेको भए पुनरावेदनपत्र,

(च) मुद्दा दोहोऱ्याउने वा पुनरावलोकनको लागि दिइएको निवेदनपत्र

(छ) अदालतबाट भएको फैसला वा अन्तिम निर्णय,

(ज) नक्सा, तायदाती फाराम, सम्पत्ति विवरण,

(झ) कानून बमोजिम संरक्षण गर्न आवश्यक देखिएका अन्य कुनै लिखत

स्पष्टीकरण : यस दफाको प्रयोजनको लागि "अन्तिम निर्णय भएको" भन्नाले पुनरावेदन परेको फैसलाको सम्बन्धमा पुनरावेदन सुन्ने अदालतबाट भएको निर्णय र साधक जाहेर भएको फैसलाको सम्बन्धमा साधकको निकासा गर्न अधिकार प्राप्त अदालतबाट भएको निर्णय सम्झनु पर्छ ।

१७३. **लिखत अनुवाद गर्नु पर्ने** : (१) नेपाली भाषा बाहेक अन्य कुनै भाषामा लेखिएको कुनै लिखत अदालतमा प्रमाणको रुपमा पेश भएमा र त्यस्तो लिखत नेपाली भाषमा अनुवाद गर्नु पर्ने देखिएमा अदालतले त्यस्तो लिखत पेश गर्ने पक्षलाई सो लिखतको नेपाली भाषामा आधिकारिक अनुवाद गरी पेश गर्ने आदेश दिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम अदालतबाट आदेश भएका सम्बन्धित पक्षले सो लिखत नेपाली भाषमा अनुवाद गराई सो को प्रमाणित प्रति अदालतमा पेश गर्नु पर्नेछ ।

१७४. **अनुवादकको सहयोग लिन सक्ने :** (१) अनुसन्धान अधिकारी वा अदालतले नेपाली भाषा नवुझ्ने कुनै अभियुक्त वा साक्षीको वयान वा बकपत्र लिनु परेमा वा अन्य कुनै प्रयोजनको लागि आवश्यक भएमा सम्बन्धित भाषाको अनुवादकको सहयोग लिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम अनुवादकको सहयोग लिंदा लाग्ने खर्च नेपाल सरकारले व्यहोर्नेछ ।

१७५. **नक्कल दिनु पर्ने** : (१) मुद्दाको सरोकारवाला पक्ष वा निजको कानून व्यवसायीले कुनै मुद्दाको मिसिलमा रहेको कुनै लिखतको नक्कल कानूनमा व्यवस्था भए बमोजिमको दस्तुर तिरी लिन सक्नेछ ।

तर फैसलाको नक्कल जुनसुकै कानून व्यवसायीले लिन पाउने छ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि कानून बमोजिम गोप्य राख्नु पर्ने लिखतको नक्कल दिइने छैन ।

१७६. **स्वार्थ वाझिने मुद्दा हेर्न नहुने** : (१) न्यायाधीशले देहायका मुद्दाको कारवाही, सुनुवाइ र किनारा गर्न हुदैन :-

(क) आफ्नो वा आफ्नो नजिकको नातेदारको हक हित वा सरोकार भएको मुद्दा,

स्पष्टीकरण : यस दफाको प्रयोजनको लागि "नजिकको नातेदार" भन्नाले अपुताली परे खान पाउने नाताको व्यक्ति वा मामा, माइज्यू, सानी आमा, ठुली आमा, सानु बाबु, ठुला बाबु, सासु, ससुरा, फुपु, फुपाजु, जेठान, साला, साली, दिदी, वहिनी, भिनाजु, वहिनी ज्वाई, छोरी ज्वाई, भाञ्जा, भाञ्जी, भाञ्जी ज्वाइ, भाञ्जी वुहारी, आमाका बाबु, आमाकी आमा वा त्यस्तो नाता पर्ने व्यक्तिको एकाघरसँग बसेको कुनै व्यक्ति सम्झनु पर्छ ।

(ख) कुनै बखत आफु वारिस, कानून व्यवसायी वा साक्षी भएको मुद्दा ,

(ग) आफुले न्यायाधीशको हैसियतमा कुनै अदालतमा निर्णय गरेको वा अन्तिम आदेश गरेको मुद्दा,

(घ) कुनै बखत आफुले मुद्दा चल्ने वा नचल्ने विषयमा राय दिएको मुद्दा,

(ङ) अन्य कुनै कारणले आधारभुत रुपमा आफ्नो र आफ्नो एका सगोलका परिवारका सदस्यको स्वार्थ गाँसिएको मुद्दा ।

(२) उपदफा (१) बमोजिमको कुनै अवस्था देखिएकोमा न्यायाधीशले मुद्दा हेर्न नहुने कारण खुलाई आदेश गर्नु पर्नेछ ।

(३) उपदफा (१) को प्रतिकुल हुने गरी कुनै न्यायाधीशले कुनै मुद्दाको कारवाही, सुनुवाइ वा किनारा गर्न लागेमा मुद्दाको कुनै पक्षले आवश्यक प्रमाण सहित कारवाही, सुनुवाई वा किनारा नगर्न निवेदन दिन सक्नेछ ।

(४) उपदफा (३) बमोजिम निवेदन पर्न आएमा न्यायाधीशले मुद्दाको कारबाही, सुनुवाइ वा किनारा गर्नु अघि त्यस्तो निवेदन दावी मनासिब भएको वा नभएको सम्बन्धमा निर्णय गर्नु पर्नेछ ।

(५) उपदफा (४) बमोजिम निर्णय गर्दा निवेदन दावी मनासिब देखिएकोमा वा उपदफा (२) बमोजिम न्यायाधीश आफैले मुद्दाको कारबाही, सुनुवाइ वा किनारा गर्न नहुने आदेश गरेकोमा त्यस्तो मुद्दा सोही अदालतमा अर्को न्यायाधीश भए निज समक्ष र त्यस्तो न्यायाधीश नभएमा यस संहिताको दफा ९६ को उपदफा (३) बमोजिम मुद्दा स्थानान्तरणको लागि सम्बन्धित पुनरावेदन अदालत समक्ष लेखी पठाउनु पर्नेछ ।

१७७. **न्यायाधीश आफैंले नै गर्नु पर्ने कामहरु** : (१) यस संहिता बमोजिम अदालतले गर्ने कामहरु मध्ये देहायका कामहरु न्यायाधीश आफैंले गर्नु पर्नेछ :-

(क) अभियुक्त वा साक्षीको वयान लिने वा वकपत्र गराउने,

(ख) साक्षीलाई शपथ गराउने,

(ग) पुर्पक्षका लागि थुनामा राख्ने वा धरौट वा जमानतमा राख्न आदेश दिने,

(घ) मुद्दामा निर्णय दिनु पर्ने कुराहरुको आदेश पर्चा खडा गर्ने,

(ङ) प्रमाण वुझ्ने सम्बन्धी आदेश दिने,

(च) अन्तरिम वा अन्तरकालीन आदेश दिने,

(छ) मुद्दाको सुनुवाई गर्ने,

(ज) मुद्दाको प्रारम्भिक र पूर्व सुनुवाई छलफल गराउने,

(झ) आवश्यक अन्य कुनै किसिमको आदेश गर्ने, र

(ञ) फैसला गर्ने, वा अन्तिम आदेश दिने ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि देहायका कुराहरु देहाय बमोजिम गर्न सकिनेछ :-

(क) साक्षीको वकपत्र न्यायाधीशको निर्देशनमा अदालतको कम्तीमा राजपत्र अनंकित प्रथम श्रेणीसम्मको कर्मचारीले अभिलेख गर्ने,

(ख) न्यायाधीशको अनुपस्थितिमा अदालतमा उपस्थित भएका मध्ये सबैभन्दा वरिष्टतम कर्मचारीले अभियुक्तको वयान गराउने वा निजलाई थुनामा राख्ने वा निजसँग धरौट वा जमानत लिने सम्बन्धमा परिच्छेद ६ बमोजिम आदेश दिने ।

तर यस खण्ड बमोजिम भएको आदेश न्यायाधीश अदालतमा हाजिर हुनासाथ निज समक्ष पेश गर्नु पर्नेछ र निजले सो आदेश जाँची सदर, बदर वा संशोधन गर्न सक्नेछ ।

(३) उपदफा (१) वा (२) मा लेखिए देखि बाहेक अरु कामहरु न्यायाधीशको निर्देशन वा आदेश बमोजिम निज मातहतको कर्मचारीले गर्न सक्नेछ ।

१७८. **थुनुवा वा कैदीलाई रिहाई गर्दा अपनाउनु पर्ने कार्यविधि** : (१) अदालतको फैसला वा आदेश बमोजिम कुनै थुनुवा वा कैदीलाई रिहाई गर्नुपर्ने भएमा निजलाई रिहाई गर्नु पर्ने कारण, कैदी वा थुनुवाको पुरा नाम र ठेगाना तथा मुद्दाको विवरण खोली सम्बन्धित कारागारलाई सोको आदेश पठाउनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको आदेश प्राप्त भए पछि सम्बन्धित कारागारले सो आदेश बमोजिम थुनुवा वा कैदीलाई तुरुन्त रिहाई गर्नु पर्नेछ ।

(३) उपदफा (१) र (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि फैसला वा आदेश बमोजिम रिहा गर्नु पर्ने थुनुवा वा कैदी अदालतमा उपस्थित रहेकोमा फैसला भएपछि तत्काल निजलाई रिहाई गरी सो कुराको सूचना सम्बन्धित कारागारलाई दिनु पर्नेछ ।

१७९. **रोक्का रहेको सम्पत्ति फुकुवा गर्दा सूचना दिने** : यस संहिता बमोजिम रोक्का रहेको सम्पत्ति अदालतको फैसला वा आदेश बमोजिम फुकुवा गर्नु पर्दा अदालतले रोक्का राख्ने सम्बन्धित कार्यालय र व्यक्तिलाई सोको सूचना दिनु पर्नेछ ।

१८०. **सरकारी वकीलले बहस पैरबी तथा पुनरावेदन गर्नु पर्ने** : (१) अनुसूची-१ र अनुसूची-२ अन्तर्गतका कसूर सम्बन्धी मुद्दामा नेपाल सरकारको तर्फबाट सरकारी वकीलले बहस पैरबी तथा प्रतिरक्षा गर्नेछ ।

(२) अनुसूची-३ मा उल्लिखित कसूर सम्बन्धी मुद्दामा सम्बन्धित अधिकारीबाट मुद्दाको दायरी वा पुनरावेदन हुनेछ र प्रतिरक्षाको लागि सम्बन्धित सरकारी वकीललाई लेखि पठाएमा सरकारी वकीलले प्रतिरक्षा गरी दिनु पर्नेछ ।

(३) सरकारी वकीलले मुद्दाहरुमा बहस पैरबी गर्दा व्यावसायिक आचरण सम्बन्धी प्रचलित मान्यता अनुसार बहस पैरबी गर्नु पर्नेछ ।

(४) उपदफा (१) बमोजिमको मुद्दामा अदालतबाट ठहर भएको फैसला वा आदेश उपर चित्त नवुझेमा पुनरावेदन गर्ने, पुनरावलोकन गराउने, मुद्दा दोहोऱ्याउने निवेदन गर्ने अधिकार प्रचलित कानूनमा अन्यथा व्यवस्था भएकोमा बाहेक सरकारी वकीललाई हुनेछ ।

(५) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि नेपाल सरकार बादी हुने कुनै खास मुद्दामा सरकारी वकीलका अतिरिक्त अन्य कुनै कानून व्यावसायीवाट समेत बहस पैरबी गराउनु पर्ने भएमा सोको कारण खुलाई सम्बन्धित निकायले महान्यायाधिवक्ता वा निजले अख्तियारी दिएको सरकारी वकीलको अनुमति लिनु पर्नेछ ।

(६) उपदफा (५) बमोजिम अनुमति प्राप्त भएपछि त्यस्तो निकायले अन्य कानून व्यवसायी मुकरर गर्न सक्नेछ ।

(७) उपदफा (६) बमोजिम मुकरर भएको कानून व्यावसायीले महान्यायाधिवक्ता वा निजले अख्तियारी दिएको सरकारी वकीलको सामान्य निर्देशनमा रही बहस पैरबी गर्नु पर्नेछ ।

१८१. **सरकारी वकीलले उजुर गर्न सक्ने** : कुनै न्यायिक वा अर्ध न्यायिक निकायबाट भएको निर्णय वा आदेशवाट नेपाल सरकारको हक, हित वा सरोकारमा असर पर्ने रहेछ र त्यस्तो आदेश वा निर्णय विरुद्ध मुद्दा दायर गर्न, पुनरावेदन गर्न, पुनरावलोकन गर्न वा अन्य कुनै किसिमले उजुरी वा निवेदन गर्न कानूनले कुनै अधिकारी तोकेको रहेनछ भने त्यस्तो विषयमा महान्यायाधिवक्ता आफैले वा निजले तोकेको सरकारी वकीलले त्यस्तो निर्णय वा आदेश विरुद्ध कानूनको अधीनमा रही सम्बन्धित निकायमा उजुर गर्न, पुनरावेदन गर्न, पुनरावलोकन गर्न वा अन्य कुनै निवेदन दिन सक्नेछ ।

१८२. **अदालतमा दर्ता गराउन ल्याएको लिखत दर्ता गर्नु पर्ने** : (१) अदालतमा दर्ता गराउन ल्याएको लिखत कानून बमोजिम रीत पुगेको रहेछ भने तुरुन्त दर्ता गरी भरपाइ दिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम दर्ता गराउन ल्याएको लिखत कानून बमोजिम रीत नपुगेको भए रीत नपुगेको कुरा खोली दरपीठ गरी फिर्ता गरी दिनु पर्नेछ ।

(३) उपदफा (२) बमोजिम रीत नपुगेको भनी दरपीठ भएको कुरामा रीत पुऱ्याई हदम्याद वा म्याद भित्र ल्याएमा वा दरपीठ भएको मिति लिखत दर्ता गराउने आखिरी दिन भए दरपीठ भएको मितिले सात दिन भित्र रीत पुऱ्याई ल्याएमा दर्ता गरी कानून बमोजिम कारबाही गरी दिनु पर्छ ।

१८३. **पीडित वा साक्षीको परिचय गोप्य राख्न सकिने** : (१) यस संहितामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि कुनै खास कसूरबाट पीडित व्यक्ति वा साक्षीको परिचय सार्वजनिक गर्दा त्यस्तो व्यक्ति वा साक्षीको सामाजिक प्रतिष्ठा वा इज्जत उपर प्रतिकूल प्रभाव पर्न सक्ने वा निज उपर अभियुक्त वा अन्य कुनै पक्षबाट अनुचित डर, त्रास वा भय हुन सक्ने वा निजको जीउ, ज्यानको सुरक्षामा प्रतिकूल असर सक्ने देखिएमा त्यस्तो व्यक्ति वा साक्षीको नाम, थर, वतन वा निजको वावुको नाम वा निजको परिचय हुन सक्ने अन्य कुनै हुलिया गोप्य राख्न अनुसन्धान अधिकारीले सरकारी वकील मार्फत अदालतलाई अनुरोध गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम अनुरोध भएकोमा अदालतले त्यस्तो पीडित व्यक्ति वा साक्षीको नाम, थर, वतन, निजको वावुको नाम वा निजको परिचय गोप्य राख्ने गरी आदेश दिन सक्नेछ ।

(३) कुनै खास कसूरबाट पिडीत व्यक्ति वा कुनै मुद्दाको साक्षीको रुपमा रहेका व्यक्तिले साक्षीका रुपमा रहेको कारणले आफूलाई पक्षबाट अनुचित डर त्रास वा भय हुन सक्ने वा आफ्नो जिउ ज्यानको सुरक्षामा प्रतिकूल असर पर्न सक्ने भनि प्रहरी एवं अदालतमा सूचना दिएमा प्रहरीले त्यस्ता साक्षीको संरक्षण गरि दिनु पर्नेछ ।

(४) उपदफा (२) बमोजिम गोप्य राखिएको व्यक्तिको नाम, थर, वतन वा वावुको नाम सम्बन्धित मुद्दाको सुनुवाईका वखत वा सो सम्बन्धी विवरण प्रकाशन गर्दाका वखत अदालतको आदेश बमोजिम काल्पनिक नाम, थर, वतन वा वावुको काल्पनिक नाम राखी प्रकाशन गर्नु पर्नेछ ।

१८४. **अनुसन्धान अधिकारी समक्ष भएको वयान, कागज वा लिखतलाई श्रव्य दृश्यका साधनमा अभिलेख गर्न सकिने** : (१) यस संहितामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि देहायको अवस्थामा अनुसन्धान अधिकारीले कसूरबाट पीडित व्यक्ति, जाहेरवाला वा साक्षीको बयान, कागज वा कुनै लिखत सरकारी वकीलको रोहवरमा श्रव्य दृष्यका साधन मार्फत अभिलेख गर्न वा गराउन सक्नेछ :

(क) कसूरबाट पीडित व्यक्ति, जाहेरवाला वा कुनै साक्षीलाई अभियुक्तले अनुचित प्रभावमा पारी वा निज उपर डर, त्रास, धम्की देखाई निजलाई अदालतमा उपस्थित हुन नदिने वा अदालतमा उपस्थित भएपनि अनुसन्धान अधिकारी समक्ष गरेको वयान वा कागज भन्दा प्रतिकूल हुने गरी वयान वा वकपत्र गराउन वाध्य गराउनेछ भन्ने विश्वास गर्नु पर्ने मनासिब कारण भएमा,

(ख) शारीरिक अशक्तता वा नावालक भएको कारणले त्यस्तो व्यक्ति, जाहेरवाला वा साक्षी प्रहरी कार्यालय वा सरकारी वकीलको कार्यालयमा उपस्थित हुन नसक्ने भएमा,

(ग) प्रमाणको रुपमा अदालतमा पेश गरिने वस्तु सो वस्तु रहेको ठांउवाट उठाएर अदालतमा ल्याउन नसकिने भएमा ।

(२) उपदफा (१) बमोजिम अभिलेख गरिएको श्रव्य दृश्यका साधनलाई अदालतले प्रमाणको रुपमा स्वीकार गर्न सक्नेछ ।

१८५. **विदेशमा रहेको साक्षीलाइ श्रव्य दृष्य संवाद (भिडियो कन्फरेन्स) मार्फत बुझन सकिने :** (१) कुनै कसूरको अनुसन्धान वा पुर्पक्षको सिलसिलामा विदेशमा रहेको साक्षीलाई बुझनु परेमा वा निजको बकपत्र गराउन परेमा त्यस्तो साक्षीलाई सो प्रयोजनका लागि तोकिए बमोजिम श्रव्य दृष्य संवाद (भिडियो कन्फरेन्स) वा अन्य यस्तै प्रविधि मार्फत बुझन वा निजको बकपत्र गराउन सकिनेछ ।

(२) उपदफा (१) बमोजिम बुझ्दा वा बकपत्र गरांउदा त्यस्तो साक्षीले भनेको कुरा वा गरेको बकपत्रको अभिलेख श्रव्य दृष्यका साधन मार्फत हुने व्यवस्था गर्नु पर्नेछ ।

१८६. **माथिल्लो तहको कर्मचारीले काम कारबाही गर्न सक्ने** : (१) यस संहिता बमोजिम कुनै सरकारी वकील, प्रहरी कर्मचारी वा अन्य कुनै अधिकारीले गर्नु पर्ने वा गर्न सक्ने कुनै काम वा कर्तव्य महान्यायाधिवक्ताले तोके बमोजिम सो भन्दा माथिल्लो वा समान तहको सरकारी वकीलले वा प्रहरी महानिरीक्षकले तोके बमोजिम सो भन्दा माथिल्लो वा समान तहको प्रहरी कर्मचारीले वा सम्बन्धित कार्यालयको माथिल्लो वा समान तहको अन्य कुनै अधिकृतले पनि गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम गरिएको काम कारबाही अधिकार प्राप्त अधिकारीबाट भए गरेको मानिनेछ ।

१८७. **भरपाइ लिनु वा दिनु पर्ने** : (१) अदालतमा दर्ता भएको कुनै लिखत कुनै व्यक्तिलाई फिर्ता दिंदा वा अदालतबाट कुनै लिखत कुनै व्यक्तिलाई वुझाउंदा सो लिखत फिर्ता लिएको वा वुझाएको व्यहोराको भरपाइ वा निस्सा लिई मिसिल सामेल राख्नु पर्नेछ ।

(२) अदालतमा कुनै व्यक्तिले पेश गरेको कुनै लिखत अदालतले वुझी लिंदा सो व्यक्तिलाई त्यस्को भरपाइ दिनु पर्नेछ ।

१८८. **रोहवरमा बस्न तथा सहीछाप गर्न सहयोग गर्नु पर्ने** : (१) यस संहिता बमोजिम कुनै काम कारवाहीको सिलसिलामा रोहवरमा बस्नु पर्ने व्यक्तिले रोहवरमा वसी तथा अदालतबाट तयार गरिएको लिखतमा सहिछाप गर्नु पर्ने व्यक्तिले सहिछाप गरी अदालतलाई सहयोग गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम रोहवरमा बस्न वा कुनै लिखतमा सहिछाप गर्न कुनै व्यक्तिले इन्कार गरेमा सो काम वा लिखत गराउने कर्मचारीले सो व्यहोरा उल्लेख गरी सम्बन्धित लिखतमा रोहवरमा नवसेको वा सहीछाप नगरेको कारण खुलाई कैफियत जनाई उपस्थित भएका अन्य दुई व्यक्तिको सहीछाप गराई आफूले पनि त्यसमा सहीछाप गरी लिखत तयार गर्नु पर्नेछ ।

(३) उपदफा (२) बमोजिम तयार गरिएको लिखतलाई कानून बमोजिम रीत पुगेको मानिनेछ ।

(४) अदालतमा भएको कुनै लिखतमा सहीछाप गर्नु पर्ने कुनै व्यक्तिले सहीछाप गर्न इन्कार गरेमा न्यायाधीशले सोही व्यहोरा उल्लेख गरी सम्बन्धित लिखतमा कैफियत जनाई आफ्नो सहीछाप गरी राख्नु पर्नेछ ।

(५) यस दफा बमोजिम रोहवरमा नवसी वा सहिछाप नगरी अदालतको काममा असहयोग गर्ने व्यक्तिलाई अदालतले पाँच हजार रुपैयासम्म जरिवाना गर्न सक्नेछ ।

(६) यस संहिता बमोजिम कुनै व्यक्तिले कुनै लिखतमा सहीछाप गर्दा सो लिखतमा उल्लेख भएको कुनै व्यहोरामा आफ्नो सहमति नभएमा आफ्नो राय छुट्टै लेखि सहिछाप गर्न सक्नेछ ।

१८९. **असल नियतले गरेको कामको बचाउ** : (१) यस संहिता बमोजिम सरकारी वकीलले कुनै मुद्दाको सन्दर्भमा असल नियतले गरेको निर्णय, अभियोजन, बहस पैरबी एवं प्रतिरक्षा सम्बन्धमा प्रश्न उठाइने र कुनै अदालतमा मुद्दा चलाईने छैन ।

(२) अनुसूची-१ र अनुसूची-२ अन्तर्गतका कसूर सम्बन्धी मुद्दाको अनुसन्धानको सम्बन्धमा अनुसन्धान अधिकारीले असल नियतले गरेको काम कारबाही उपर कुनै कारबाही हुन सक्ने छैन ।

१९०. **अनुसन्धान समितिको व्यवस्थाः** यस संहितामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि अपराध संहिताको दफा ९७ बमोजिमको बदनियतपूर्वक अनुसन्धान वा अभियोजन गरेको कसूरको सम्बन्धमा परेको उजुरीको अनुसन्धान देहाय बमोजिमको समितिले गर्नेछ :-

(क) महान्यायाधिवक्ताले तोकेको कम्तीमा राजपत्रांकित प्रथम श्रेणीको सहन्यायाधिवक्ता ---------- अध्यक्ष

(ख) नेपाल सरकारले तोकेको नेपाल सरकारको कम्तीमा राजपत्रांकित प्रथम श्रेणीको अधिकृत ---------- सदस्य

(ग) नेपाल सरकारले तोकेको नेपाल प्रहरीको कम्तीमा राजपत्रांकित प्रथम श्रेणीको अधिकृत ---------- सदस्य

(२) उपदफा (१) बमोजिमको समितिले अनुसन्धान गर्दा त्यसरी बदनियतपूर्वक अनुसन्धान वा अभियोजन गरेको देखिएमा सो सम्बन्धमा मुद्दा चलाउन सम्बन्धित सरकारी वकीलको कार्यालयलाई लेखी पठाउनेछ ।

१९१. **मुद्दा सकार गर्न अनुमति दिन सक्ने** : कैद वा जरिबानाको सजाय हुने बाहेक बिगो भराउनु पर्ने वा कुनै किसिमको चल अचल भराउनु पर्ने अनुसूची -४ अन्तर्गतको कसूर सम्बन्धी मुद्दामा उजुरवाला मरेमा, निजको होस ठेगानमा नरहेमा वा निज वेपत्ता भई अदालतबाट तोकिएको म्याद तारिख गुज्रेमा उजुरवाला मरेको, निजको होस ठेगानमा नरहेको वा निज वेपत्ता भएको मितिले बाटोको म्याद बाहेक पैतीस दिन भित्र मुद्दा सकार गरी म्याद तारिख थमाउन प्रमाण कागज सहित निजको हकदारले निवेदन दिएमा अदालतले व्यहोरा मनासिब भएको देखेमा मुद्दा सकार गरी गुज्रिएको म्याद तारिख थामी दिन अनुमति दिन सक्नेछ ।

१९२. **पारस्परिक कानूनी सहायता आदान प्रदान गर्न सकिने** : यस संहिता बमोजिम कारवाही, सुनुवाइ र किनारा हुने कसूर सम्बन्धी मुद्दाको कुनै अभियुक्त विदेशमा रहेकोमा निजका नाउँमा समाब्हान वा पक्राउ पूर्जि गर्नु पर्ने वा कुनै प्रमाण बुझ्नु पर्ने भएमा वा विदेशी अदालतमा विचारधिन मुद्दाको कुनै अभियुक्त नेपालमा रहेकोमा निजको नाउँमा समाब्हान वा पक्राउ पूर्जी तामेल गर्ने वा प्रमाण बुझ्न सहयोग गर्नु पर्ने भएमा पारस्परिक कानुनी सहायता सम्बन्धी कानून बमोजिम गर्नु पर्नेछ ।

१९३. **मुद्रण वा गणितीय त्रुटीले असर नगर्ने** : यस संहिता अन्तर्गत मुद्दाको तहकिकात, अभियोजन तथा अन्य काम कारबाही गर्दा यस संहिता बमोजिमको कार्यविधिका सम्बन्धमा कुनै किसिमका साना तिना त्रुटी वा छुट भएकोमा वा लेखाई, छपाई वा मुद्रणमा भएको गणितीय वा अन्य कुनै साना तिना त्रुटी वा छुट भएकोमा सोही कारणले मात्र सो सँग सम्बन्धित सम्पूर्ण काम, कारबाही गैर कानूनी भएको मानिने छैन ।

१९४. **समन्वय समिति** : (१) अनुसूची-१ वा अनुसूची-२ अन्तर्गतका कसूर सम्बन्धी मुद्दाको अनुसन्धान तथा अभियोजनसँग संलग्न निकायका बीचमा आवश्यकता अनुसार समन्वय कायम गरी अनुसन्धान तथा अभियोजन सम्बन्धी कार्यमा प्रभावकारिता ल्याउन देहाय बमोजिमको समन्वय समिति रहनेछ :-

(क) महान्यायाधिवक्ता - अध्यक्ष

(ख) सचिव, कानून, न्याय, संविधानसभा तथा संसदीय मामिला मन्त्रालय- सदस्य

(ग) सचिव, गृह मन्त्रालय - सदस्य

(घ) प्रहरी महानिरीक्षक, नेपाल प्रहरी सदस्य

(ङ) महान्यायाधिवक्ताले तोकेको महान्यायाधिवक्ताको कार्यालयको राजपत्राङ्कित प्रथम श्रेणी वा सो भन्दा माथिल्लो दर्जाको सरकारी वकील -सदस्य सचिव

(२) समन्वय समितिको कार्यविधि समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

१९५. **विभागीय कारवाही हुने** : यस संहिता बमोजिम गर्नु पर्ने कुनै काम कारबाही गर्न यस संहितामा अवधि तोकिएकोमा त्यस्तो अवधिभित्र त्यस्तो काम कारबाही नगर्ने राष्ट्रसेवकलाई कानून बमोजिम विभागीय कारबाही हुनेछ ।

१९६. **नियम बनाउने अधिकार** : (१) यस संहिताको कार्यान्वयनको लागि अनुसन्धानको विषयमा महान्यायाधिवक्ताको परामर्श लिई नेपाल सरकारले र अदालती कामकारवाहीको विषयमा सर्वोच्च अदालतले नियम बनाउन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम नियमहरु बनाउँदा न्याय प्रशासन सम्बन्धी विषयमा न्याय परिषद्को परामर्श लिनु पर्नेछ ।

१९७. **निर्देशिका बनाउन सकिने** : (१) यस संहिता बमोजिम सम्पादन हुने कामकारबाहीलार्य सरल, स्पष्ट, र सुव्यवस्थित गर्न देहायको विषयमा देहायको अधिकारीले आवश्यकता अनुसार निर्देशिका बनाई लागू गर्न सक्नेछ :-

(क) अनुसूची-१ वा अनुसूची-२ अन्तर्गतका कसूर सम्बन्धी मुद्दाको अनुसन्धान एवं अभियोजन सम्बन्धमा महान्यायाधिवक्ताको राय लिई नेपाल सरकारले,

(ख) अनुसूची-१ वा अनुसूची-२ अन्तर्गतका कसूर सम्बन्धी मुद्दाको वहस पैरबी प्रतिरक्षा, कानूनी राय सम्बन्धमा महान्यायाधिवक्ताले,

(ग) परिच्छेद ६ अन्तर्गत समाब्हान तामेलीका सम्बन्धमा सर्वोच्च अदालतले,

(घ) अदालत वा इजलासको व्यवस्थापनका सम्बन्धमा सर्वोच्च अदालतले,

(ङ) परिच्छेद १५ अन्तर्गतका फैसला कार्यान्वयनका सम्बन्धमा सर्वोच्च अदालतले,

(च) दफा ११६ बमोजिम मुद्दा फिर्ता लिने सम्बन्धमा महान्यायाधिवक्ताको परामर्श लिई नेपाल सरकारले,

(छ) दफा १५९ बमोजिम माफीका सम्वन्धमा महान्यायाधिवक्तासँग परामर्श लिई नेपाल सरकारले,

(ज) अन्य अदालती कामकारवाहीका सम्वन्धमा सर्वोच्च अदालतले ।

(२) उपदफा (१) बमोजिमको निर्देशिका यसै संहिता अन्तर्गत जारी भएको मानिनेछ ।

१९८. **अनुसूचीमा थपघट गर्न सकिने** : नेपाल सरकारले आवश्यकता अनुसार नेपाल राजपत्रमा सूचना प्रकाशन गरी अनुसूची-१ वा अनुसूची-२ मा लेखिएको कसूरहरुमा थपघट वा हेरफेर गर्न सक्नेछ ।

अनुसूची - १

दफा २ को खण्ड (घ) र (ञ) सँग सम्बन्धित

१. अपराध संहिताको देहायका परिच्छेद वा देहायका परिच्छेदका देहाय दफा अन्तर्गतका कसूर -

(क) भाग २ को :

(१) परिच्छेद -१

(२) परिच्छेद -२

(३) परिच्छेद -४ को दफा ९०, ९१, ९२ र १००

(४) परिच्छेद -५ को दफा १०२, १०३, १०४, १०८, ११२, ११६, ११७, ११८, ११९, १२०, १२१, १२२, १२३, १२४

(५) परिच्छेद - ६

(६) परिच्छेद -७

(७) परिच्छेद -८ को दफा १४९, १५०

(८) परिच्छेद ९

(९) परिच्छेद -१०

(१०) परिच्छेद -११

(११) परिच्छेद -१२

(१२) परिच्छेद -१३

(१३) परिच्छेद -१४ को दफा १९०

(१४) परिच्छेद -१५

(१५) परिच्छेद -१६

(१६) परिच्छेद –१७,

(१७) परिच्छेद -१८ को २१६, २१८, २१९, २२०, २२२, २२३ को उपदफा (३),

(१८) परिच्छेद -१९

(१९) परिच्छेद -२०

(२०) परिच्छेद -२१ को दफा २४५ को उपदिफा (३) को खण्ड (क) र (ख), र दफा २४६, २४७, २४८, २४९

(२१) परिच्छेद-२२ र २३

(२२) परिच्छेद -२५ को दफा २७३ को उपदफा (२) को खण्ड (क), (ख), (ग) र दफा २७५

(२३) परिच्छेद -२६ को दफा २८३ (निजी सम्पत्ति बाहेक) २८५

(२४) परिच्छेद -२७

२. प्रकरण १ अन्तर्गतको कसूरको उद्योग, दुरुत्साहन, षडयन्त्रको कसूर ।

३ मानव बेच बिखन तथा ओसार पसार सम्बन्धी कसूर,

४ हुलाक ऐन, २०१९ अन्तर्गतको कसूर,

५ नागरिकता सम्बन्धी कसूर,

६. प्राचीन स्मारक सम्बन्धी कसूर,

७. लागू औषध सम्बन्धी कसूर,

८ आवश्यक सेवा संचालन ऐन, २०१४ अन्तर्गतको कसूर,

९. अपांग संरक्षण तथा कल्याण ऐन, २०३९ अन्तर्गतको कसूर,

१२. लिखतहरुको गोप्यता सम्बन्धी २०३९ अन्तर्गतको कसूर,

१३. राहदानी सम्बन्धी कसूर,

१४. आवश्यक वस्तु संरक्षण सम्बन्धी कसूर,

१५. कारागार ऐन, २०१९ अन्तर्गतका कसूर,

१६. चन्दा ऐन, २०२५ अन्तर्गतको कसूर,

१७. चिट्ठा ऐन, २०२५ अन्तर्गतको कसूर,

१८. सवारी साधनले किची, ठक्कर वा धक्का दिइ वा दुर्घटना गराई कसैको ज्यान मरेको वा भङ्गभङ्ग वा घाइते भएको कसूर,

१९. गैर सैनिक हवाई उडान ऐन, २०१५ दफा ९क अन्तर्गतको कसूर,

२०. छापाखाना तथा प्रकाशन सम्बन्धी ऐन, २०४८ को दफा १५ अन्तर्गतको कसूर,

२१. यस अनुसूचीमा समावेश भएका कसूरको कारणबाट उठेको कीर्ते वा जालसाजी सम्बन्धी कसूर,

२२. प्रचलित कानून बमोजिम यस अनुसूचीमा समावेश हुने भनी तोकिएको कुनै कसूर,

२३. नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी यस अनुसूचीमा समावेश गरेको कसूर ।

अनुसूची - २

(दफा २ को खण्ड (घ) र (ञ) सँग सम्बन्धित)

१. अपराध संहिताको देहायको परिच्छेदको देहाय दफा अन्तर्गतका कसूर -

(क) भाग -२ को परिच्छेद -५ को दफा १०५, १०६, १०७, १०९, ११०, १११

२. अनुसूची -१ मा उल्लेख भए बाहेक नेपाल सरकार बादी भै चलाइने फौजदारी मुद्दा वा नेपाल सरकारको निहित हक, हित वा सरोकार रहेको फौजदारी प्रकृतिको कसूर,

३. कानून बमोजिम यस अनुसूचीमा समावेश भएको कसूर,

४. नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी यस अनुसूची अन्तर्गत कारबाही र किनारा हुने भनी तोकेको कसूर,

५. प्रकरण १, २, ३ र ४ अन्तर्गतको कसूरको षडयन्त्र, उद्योग, दुरुत्साहन तथा सो सँग सम्बन्धित परिच्छेद ११ अन्तर्गतका कसूर ।

अनुसूची - ३

(दफा २ को खण्ड (ञ) सँग सम्बन्धित)

१. अपराध संहिताको भाग २ को परिच्छेद ३ अन्तर्गतको कसूर,

२. अनुसूची-१ वा अनुसूची-२ मा उल्लेख भएकोमा बाहेक नेपाल सरकार सम्बन्धित रहेको वा सम्वैधानिक निकाय, अदालत वा सार्वजनिक अधिकारीको हक, हित वा सरोकार निहित रहेको फौजदारी कसूर ।

अनुसूची - ४

(दफा २ को खण्ड (ञ) सँग सम्बन्धित)

१. अपराध संहिताका देहायका परिच्छेद वा देहायका परिच्छेदका देहायका दफा अन्तर्गतका कसूर :

(क) भाग २ को :

(१) दफा १९० बाहेक परिच्छेद -१४

(२) परिच्छेद -१५

(३) परिच्छेद -१८ को दफा २१७, २२१ र २२३ (१८ वर्ष र सो भन्दा बढी उमेर की महिला भएमा)

(४) परिच्छेद-२१ को दफा २४५ को उपदफा (३) को खण्ड (ग), दफा २४६ र २४८ (व्यक्ति वा नेपाल सरकार बाहेक अन्य संस्था वादी भएमा)

(५) दफा २७३ को उपदफा (२) को खण्ड (क), (ख) र (ग) र दफा २७४ बाहेक परिच्छेद-२५

(६) परिच्छेद -२६ को दफा २८२, २८४ र २८५ (व्यक्ति वादी भएमा)

(ख) भाग ३ को परिच्छेद १ र २

२. अनुसूची १, २ वा ३ मा उल्लेख भएदेखि बाहेकका फौजदारी कसूर,

३. प्रचलित कानून बमोजिम व्यक्तिवादी भै दायर हुनु पर्ने फौजदारी प्रकृतिका कसूर ।

४. हाडनाता करणीको कसूर ।

५. प्रकरण १, २ र ३ अन्तर्गतका कसूरको उद्योग, षडयन्त्र, दुरुत्साहन तथा सो सँग सम्बन्धित परिच्छेद ११ अन्तर्गतका कसूर ।

अनुसूची - ५

(दफा ४ को उपदफा (१) र (७) सँग सम्बन्धित)

जाहेरी दरखास्तको ढाँचा

श्री .....मा चढाएको प्रहरी कार्यालयले भर्ने

(प्रहरी कार्यालयको नाम र ठेगाना) दर्ता नं. :-

दर्ता मिति :-

१. जाहेरी दरखास्त वा सूचना दिने व्यक्तिको नाम, थर र ठेगाना (टोल सहित) :-

२. कुन कानून वा मुद्दावारे दरखास्त वा सूचना गरेको हो :-

३. कसूर गर्ने व्यक्तिको नाम, थर ठेगाना (टोल सहित) :

४. कसूर गर्ने व्यक्तिको बाबु/आमाको नाम :-

५. कसूर गर्ने व्यक्तिको हुलिया र परिचय खुल्ने अन्य विवरण :-

६. कसूर सम्बन्धी विवरण :

(क) कसूर भएको वा भईरहेको वा हुन लागेको स्थान, ठाउँ मिति र समय,

(ख) कसूरसँग सम्बन्धित घटनाको विवरण,

(ग) कसूरको प्रकृति र कसूरसँग सम्बन्धित अन्य विवरण,

(घ) कसूरसँग सम्बन्धित सवुद प्रमाण,

(ङ) कसूरसँग सम्बन्धित अन्य विवरण ।

७. यो दरखास्तको व्यहोरा ठिक सांचो छ, झुट्टा व्यहोरा लेखेको ठहरे कानून बमोजिम सहुंला बुझाउँला ।

प्रहरीद्वारा अनुसन्धान हुँदा वा अदालतमा मुद्दा चल्दाको वखत उपस्थित हुनुपर्ने जनाउ पाए सो बमोजिम उपस्थित हुनेछु ।

जाहेरी वा सूचना दिने व्यक्तिको :

सही :-

अनुसूची - ६

(दफा ४ को उपदफा (३) सँग सम्बन्धित)

<u>जाहेरी दरखास्त वा सूचनाको भरपाइ</u>

विषय ..... सम्बन्धी कसूर वारे ।

..... को मिति .....को दरखास्त वा सूचना प्राप्त भई यस प्रहरी कार्यालयको दर्ता कितावमा मिति ..... मा दर्ता भयो ।

कार्यालयको छाप :-

दर्ता नं. :-

दरखास्त/सूचना दर्ता गर्ने प्रहरी कर्मचारी :-

सही :-

नाम :-

पद :-

कार्यालय :-

मिति :-

अनुसूची - ७

(दफा ४ को उपदफा (५) सँग सम्बन्धित)

कसूर दर्ता किताव

नेपाल सरकार

गृह मन्त्रालय

.....प्रहरी कार्यालय

द.नं	अपराधको किसिम	तोकिएको अनुसन्धान अधिकारी	घटनाको मिति समय र स्थान	जाहेरी दर्ता मिति र समय	घटना स्थल मा प्रहरी प्रस्थान गरेको र पुगेको मिति तथा समय	जाहेर वालाको नामथर वतन	घटनाको छोटकरी विवरण	क्षतिको विवरण			पिडितको नामथर, वतन उमेर लिङ्ग पेशा	अभियुक्त वा संकास्पद व्यक्तिको वावुको नाम थर	अभियुक्त वा संकास्पद व्यक्तिको नामथर हुलीया	पक्राउ परेको अभियुक्त को विवरण	कसूर गर्दाको तरीका	कसूर गर्दा प्रयोग भएका साधन हरु	साक्षी एवं वस्तु स्थिति मुचुल्काका व्यक्ति हरु	भौतिक सवुद प्रमाण	अनुसन्धान पश्चातको कारवाही				साक्षी परिक्षण भएको मिति	अदालत बाट भएको फैसला	पुनरावेदन गरे वा नगरे को गरेको भए मिति	पुनरावेदन गरे नगरे को गरेको भए मिति	कैफियत
								मृत्यु	घाते	अन्य क्षति									अनुसन्धान प्रतिवेन पेश गरेको मिति	अनुसन्धान अधिकारी को प्रस्तावित राय	सरकारी वकील बाट लगाईएको अभियोग र सो सँग सम्बन्धित कानून	हदम्याद						

तयार गर्नेको नाम दस्तखत

अनुसूची - ८

(दफा ९ को उपदफा (४) सँग सम्बन्धित)

अदालतको अनुमतिवाट जारी गरिने पक्राउ पूर्जीको ढाँचा

श्री .....

ठेगाना (टोल सहित) .....

तपाईलाई .....कसूरको अनुसन्धानको सिलसिलामा पक्राउ गर्नुपर्ने भएकोले .....अदालतको मिति.....को अनुमति बमोजिम यो पक्राउ पूर्जी जारी गरिएको छ । यो पक्राउ पूर्जी लिई आउने प्रहरी कर्मचारीको साथ लागि तुरुन्तै ...कार्यालयबाट आउनु होला । अन्यथा प्रहरीले पक्राउ गरी ल्याउनेछ ।

अनुसन्धान अधिकारीको :-

सही :-

नाम :-

दर्जा :-

कार्यालय :-

मिति :-

अनुसूची - ९

(दफा ९ को उपदफा (६) सँग सम्बन्धित)

जरुरी पक्राउ पूर्जीको ढाँचा

श्री .....

ठेगाना (टोल सहित)

तपाईलाई .....कसूरको अनुसन्धानको सिलसिलामा तत्काल पक्राउ गर्नु परेकोले यो पक्राउ पूर्जी जारी गरिएको छ ।

प्रहरी कर्मचारीको:-

नाम, थर :-

दर्जा :-

मिति :-

अनुसूची - १०

(दफा १३ को उपदफा (२) सँग सम्बन्धित)

हिरासतमा राख्ने थुनुवा पूर्जीको ढाँचा

श्री .....

ठेगाना .....

तपाईलाई .....जाहेरी /प्रतिबेदनले .....कसूरको सिलसिलामा प्रहरी हिरासतमा राखी अनुसन्धान गर्नु पर्ने भएकोले आजैका मिति देखि प्रहरी हिरासतमा राखी यो थुनुवा पूर्जी दिइएको छ ।

अनुसन्धान अधिकारी :-

सही :-

नाम :-

दर्जा :-

कार्यालय :-

मिति :-

अनुसूची - ११

(दफा १६ को उपदफा (४) सँग सम्बन्धित)

घटना देख्ने, जान्ने वा थाहा पाउने व्यक्तिले गरेको कागजको ढाँचा

श्री प्रहरी कार्यालय (फलाना ठाउँ) मा अनुसन्धान अधिकारी .....फलाना समक्ष, (फलाना).....ठाउँ बस्ने, (फलाना) पेशा गर्ने, (फलानाको) छोरा .....वर्ष .....को -फलानाले) गरेको कागज

१. जाहेरी दर्खास्त वा सूचनाको छोटकरी विवरण :-

.....
.....
.....
.....

२. घटनासँग सम्बन्धित प्रश्नहरु

.....
.....

.....
.....

.....
.....

३. कागज गर्नेले खुलाई लेखाई दिएका कुराहरु :-

.....
.....

.....
.....

.....
.....

४. रोहवर : कागज गर्नेको सही :-

....

इति सम्वत् .....साल .....महिना.....गते...रोज.....शुभम्----------

अनुसूची - १२

(दफा १८ को उपदफा (२) सँग सम्बन्धित)

<u>खानतलासी गर्ने सूचना</u>

श्री .....

.....को जाहेरीले वादी नेपाल सरकार प्रतिवादी ..... समेत भएको .....कसूर सम्बन्धी मुद्दामा निज अभियुक्त वसेको वा निजले प्रयोग गरेको वा निजले कसूर गर्दा कसूरसँग सम्बन्धित कुनै चिज वा वस्तु .....ठाउँमा राखेको हुन सक्ने हुँदा उक्त घर जग्गा खानतलासी गर्न तपाईलाई यो सूचना प्रदान गरेको छु ।

उक्त कार्यमा सहयोग पुराई दिनु हुन अनुरोध गर्दछु ।

अनुसन्धान अधिकारी

मिति :

अनुसूची - १३

(दफा १८ को उपदफा (३) सँग सम्बन्धित)

बरामदी/खानतलासी मुचुल्काको ढाँचा

श्री .....प्रहरी कार्यालय .....बाट .....
(फलाना ठाउँ) मा खडा गरेको चिज, वस्तु, ठाउँ वा मानिसको शरीरको बरामदी । खानतलासी मुचुल्का ।

१ दर्खास्त वा सूचनाको छोटकरी विवरण :-

.....
.....
.....
.....

२. खानतलासी गर्ने अधिकारी वा कर्मचारीको अग्रीम तलासी लिनु पर्ने भए सो लिएको विवरण

.....
.....
.....

३. चार किल्ला सहित बराम । खानतलासी गरिएको चिज वस्तु वा ठाउँको विवरण :

.....
.....
.....

४. बरामद भएको सामान र दसीको विवरण :-

.....
.....
.....

५. देखे बमोजिम सही छाप गर्ने साक्षीहरुको नाम, थर, उमेर वतन र सही :-

.....
.....

६. रोहवरमा बस्नेहरुको नाम, थर, उमेर, वतन र सही :

(क) प्रहरीले मेरो घर, चिज वस्तु खानतलासी लिंदा आफ्नो तलासी दिई इज्जत साथ तलासी लिएको र घरको कुनै सामान हिनामिना भएको छैन भनी सही गर्ने .....ठाउँ बस्ने घर वा चिज वस्तुको धनी । जिम्मेवार व्यक्ति .....

(ख) अभियुक्तहरुकमो नाम, थर उमेर, वतन र सही :-

(ग) जाहेरवालाको नाम, थर, उमेर वतन र सही :-

७. काम तामेल गर्न, खानतलासी वा बरामदी गर्नखटिएको अधिकृत :-
अन्य प्रहरी कर्मचारीहरु :-

८. मिति :-
समय :-

अनुसूची - १४

(दफा २० को उपदफा (२) सँग सम्बन्धित)

घटनास्थल/लाश जाँच मुचुल्काको ढाँचा

श्री .....प्रहरी कार्यालय .....बाट .....(फलाना ठाउँ) मा खडा गरेको घटनास्थल, लाश जाँच मुचुल्का ।

१. मृतकको नाम, थर हुलिया :-
वतन :-
उमेर :-
लिङ्गः :-

२. दरखास्त वा सूचनाको छोटकरी विवरण :
.....
.....
.....

३. घटनास्थलको चार किल्ला सहितको विवरण :-
.....
.....
.....

४. लाशको विवरण :-
लाशको शारीरिक अवस्था :- (व्यहोरा खुलाउने)
लाशको विवरण :-

कपडा -शरीरमा भएका अन्य भौतिक सामग्रीहरु समेत)	हात खुम्चिएको
उचाई	सोझो
कपालको रङ्ग	मुठ्ठी
कलापको अवस्था	नङको अवस्था
अनुहारको अवस्था	खुट्टाको अवस्था
आँखा : खुल्ला । बन्द	अन्य अवस्था
	नीलडामहरु
	(ठाउँ, आकार तथा नाप)
नाम	.....
कान	खोस्रिएको दागी
	(ठाउँ र आकार तथा नाम)
मुख	.....
दाँत र जिब्रो	काटिएको घाउहरु
घाँटीको अवस्था	(ठाउँ, आकार)
घाँटीको डामहरु	अन्य ठाउँहरु
छाति	(ठाउँ, आकार तथा नाप)
	.....

पेटको अन्य भागको अवस्था
मलद्वार .....
लिङ्ग । योनी परिचयात्मक चिन्ह (कुनै भए)
.....
अन्यकुनै विकृति । अस्वाभाविक लक्षणभए (सो समेत उल्लेख गर्ने)

५. घटनास्थल र लाशको रेखा चित्रण । (गर्न सकिन्छ भने) :-

६. देखे बमोजिम सही छाप गर्ने साक्षीहरुको नम, थर, उमेर वतन र सही-
.....
.....
.....

७. रोहवरमा बस्नेहरुको नाम, थर, उमेर, वतन र सही-
.....
.....
.....

दरखास्त वा सूचना दिने व्यक्तिको नाम, थर, उमेर वतन र सहीः-
अभियुक्तहरुको नाम, थर, उमेर, वतन र सही :-
काम तामेल गर्ने :-
अनुसन्धान अधिकारी :-
अन्य प्रहरी कर्मचारीहरु :-
.....
.....
.....
मिति :-

अनुसूची - १५

(दफा २० को उपदफा (५) सँग सम्बन्धित)

शव परीक्षण प्रतिवेदन

AUTOPSY REPORT

प्रहरी कार्यालयले भर्ने :-

मिति :-

प्रहरी कार्यालयको नाम :-

मृतकको नाम, थर, ठेगाना, उमेर र लिङ्ग :-

लास सनाखत गरिदिने व्यक्तिको नाम, थर, वतनः-

सम्बन्धित प्रहरी कार्यालयको छाप र कर्मचारीको दस्तखत :-

Relevant Details:

External Examination:

Internal Examination:

Special Examination:

Viscera/another samples:

Cause of Death:

(मृत्युको कारण)

(Seal of the Hospital)

Full name of m.o.:

Signature of m.o. :

Date:

Hospital :

अनुसूची- १६
(दफा २२ को उपदफा (१) सँग सम्बन्धित)
घाउं जाँच केश फाराम

मिति र दर्ता नं :
Date and Police case No:
घाइतको नाम, थर, उमेर र लिङ्ग :
Name, Age and Sex of Injured person:
घाइतेको वतनः
Address of Injured Person:
कार्यालयको ठेगाना :
Name and Address of the Office (Sender):
घाउं जाँच गराउन लिई जाने प्रहरी कर्मचारीको नाम, दर्जा :
Name and Rank of the Police Personnel:
accompanying the injured to Mo.O.)
Date, Time and Place of Examination
Consent;
Nature of Injury Size and Site:
1
2.
3.
Type of Injury:
अङ्गभङ्ग.....
अङ्ग फोरिएको वा छिनालिएको वा फुकालिएको.....
पुरानो घाउखत.....
अन्य .....
Type of Weapon/ Object used:
Conditon of the Patient:
Whether fatal or not ? (मर्ने वा नमर्ने)
Remarks (कैफियत)

घाउ जाँच अधिकारी :
दस्तखतः
नम, थर :
दर्जाः
कार्यालय :
मिति :

अनुसूची - १७

(दफा २४ को उपदफा (३) सँग सम्बन्धित)

मानिस सनाखत गरेको ढाँचा

प्रहरी कार्यालय.....बाट भएको सनाखत मुचुल्का

.....को छोरा.....जिल्ला .....गाउँ विकास समिति । नगरपालिका .....वार्ड नं. .....बस्ने ले जिल्ला .....गाउं विास समिति । नगरपालिका .....वार्ड नं. .....मा मिति .....मा गरेको .....कसूर घटदा सो स्थानमा म रहेको । मैले देखेको र कसूर गर्ने व्यक्तिलाई सनाखत गर्न प्रहरी कार्यालय .....बाट अनुरोध भई आएकोले म.....आज यस कार्यालयमा उपस्थित भएको छु । सो घटना घटदा देहायका व्यक्तिलाई मेले देखेकोले निजको रुप, रङ्ग चिनेकोले निज सोही व्यक्ति हो भनी सनाखत गर्दछु । निजलाई नदेखेको वा निजको रुप रङ्ग फरक भएकोले निज सो व्यक्ति नभएको व्यहोरा अनुरोध गर्दछु ।

सनाखत गर्ने व्यक्तिको नाम,थर वतन :

सनाखत गराइएको स्थान :

सनाखत गराउने अधिकारीको नाम, थर, वतन, दर्जा :

सनाखत गरेको मिति :

अनुसूची-१८

(दफा २५ को उपदफा (१) सँग सम्बन्धित)

प्रहरी डायरी

१. अनुसन्धान अधिकारीको नाम :

२. अनुसन्धान गर्न तोकिएको मिति :

३. मुद्दाको नाम :

४. वादी । प्रतिवादीको नाम :

५. अनुसन्धान सम्बन्धी विवरण :

(क) कसूरको सूचना पाएको मिति, समय र सोको संक्षिप्त विवरण :

(ख) अनुसन्धानको सिलसिला निजले गरेको भ्रमणको विवरण :

मिति	स्थान	निजले गरेका कामहरु	प्राप्त दसी प्रमाण र सबूदहरु	कोही कसैलाई पक्राउ गरेको भए सोको विवरण	आफूले सोधपुछ गरेका मानिसको नाम, ठेगाना र निजले कसूरका सम्बन्धमा व्यक्त गरेका कुराहरु	दस्तखत	कैफियत

अनुसूची - १९

(दफा ३१ को उपदफा (१) सँग सम्बन्धित)

अनुसन्धान प्रतिवेदन

मुद्दा नं. .....दायरी मिति .....सम्म

१. कसूरको सूचना प्राप्त भएको वा उजुरी परेको मिति र समय.....

२. अनुसन्धान अधिकारीको नाम र दर्जा.....

३. सूचना दिने व्यक्तिको नाम र ठेगाना.....

४. जाहेरी दरखास्त वा सूचनाको छोटकरी विवरण .....

५. कसूर घटेको मिति, समय र ठाउँ .....

६. कसूरबाट पीडित व्यक्तिको सनाखत भएको मिति र समय.....

७. कसूरदार पक्राउ भएको मिति, समय र स्थान.....

८. कसूरदारको नाम, थर, उमेर, वतन (टोल समेत) (एक भन्दा बढी कसूरदार भए क्रमैसँग सबैको नाम लेख्ने.....

९. कसूरदारको बाबु आमाको नाम र वतन.....

१०. अभियुक्तले अधिकार प्राप्त अधिकारी समक्ष गरेको बयानको छोटकरी विवरण.....

११. कसूरसँग सम्बन्धित मालसामान फेला परेको ठाउँ .....

१२. कसूरबाट पीडित व्यक्तिको नाम, थर, उमेर तथा ठेगाना.....

१३. घटनास्थलको स्पष्ट विवरण तथा चित्रण.....

१४. कसूर गर्दा प्रयोग गरिएको साधन वा हातहतियार .....

१५. घटनाको कारण र कसूरदारको मनसाय.....

१६. अनुसन्धान अधिकारीको प्रस्तावित राय र सजाय माग दावी.....

१७. क्षतिपूर्ति भराउने भए को कसलाई कति क्षतिपूर्ति भराउनु पर्ने हो सोको विवरण.....

१८. कसूरको वारेमा थाहा पाउने साक्षीहरुको नाम, थर वतन र निजहरुले अनुसन्धान अधिकारी समक्ष गरेको कागजको संक्षिप्त विवरण.....

१९. कसूरसँग सम्बन्धित भौतिक सबूद प्रमाण .....

२०. अन्य केही कुरा उल्लेख गर्नु पर्ने भए सोको विवरण.....

२१. प्रस्तुत कागजातहरुको सिलसिलेवार विवरण.....

अनुसूची-२०
(दफा ३२ को उपदफा (१) सँग सम्बन्धित)
अभियोगपत्रको ढाँचा

अदालतले भर्ने : .....
दर्ता नं. : .....
दर्ता मिति : .....

श्री .....अदालतमा फौजदारी कार्यविधि संहिताको परिच्छेद-३ को दफा २० अन्तर्गत दायर गरेको ।

अभियोग पत्र
.....सालको नम्बर

.....को जाहेरीले नेपाल सरकार .....वादी

बिरुद्ध

(१) .....
(२)
.....
.....प्रतिवादी
(३) .....

मुद्दा

केशको व्यहोरा :
(१)
(२)
(३)
अभियुक्त उपर लगाएको अभियोग :
आरोपसँग सम्बन्धित कानूनी व्यवस्थाको विवरण :
अभियुक्तलाई हुन पर्ने सजाय :
अभियुक्तले कसूर स्वीकार गरेको भए सो सम्बन्धी विवरण र सो वापत पाउने प्रस्तावित सजाय छुट :
सबूद प्रमाण :
दसी प्रमाण तथा कसूरसँग सम्बन्धित चिज वस्तु :
गवाह :
देख्ने :-
(१)
(२)
(३)
(४)
कसूरबाट क्षति पुगेको व्यक्तिलाई क्षतिपूर्ति भराई दिनु पर्ने भए क्षतिपूर्तिको माग दावी ।
दसीको सामान वा कसूरसँग प्रमाण लाग्ने अरु चिज वस्तु :

(१)
(२)
(३)

प्रस्तुत कागजपत्रहरु :
(१)
(२)
(३)
यो अभियोगपत्रबाट कारवाही शुरु गर्न अदालत सँग सादर अनुरोध गरिन्छ ।

कार्यालयको छाप :

सरकारी वकीलको :
दस्तखत:
नाम :
दर्जा :
कार्यालय :
मिति :

द्रष्टव्य :

(१) अभियोगपत्र तयार गर्दा यस संहिताको परिच्छेद ३ को दफा ३२ बमोजिम खुलाउनु पर्ने कुराहरु समेत खुलाई लेख्नु पर्छ ।
(२) कसूरदार सबैको नाम, थर, वतन बिरुद्ध खण्डमा सिलसिला नम्बर मिलाई लेख्नु पर्छ ।
(३) उपलब्ध सबूद प्रमाण कागज माथिको ढाँचामा मिलाई लेख्नु पर्छ ।

अनुसूची - २१
(दफा ५३ को उपदफा (२) सँग सम्बन्धित)
उजुरीको ढाँचा

अदालतले भर्ने.....
दर्ता नं. .....
दर्ता मिति .....

.....मा फौजदारी कार्यविधि संहिताको परिच्छेद.....को दफा .....अन्तर्गत दायर गरेको

उजुरीपत्र

.....सालको फौ.मि. नं. .....बस्ने वर्ष.....को.....उजुरवाला ।

बिरुद्ध

.....बस्ने वर्ष.....को .....कसूरदार

मुद्दा.....

उपर्युक्त कसूरदारले गरेको कसूरको व्यहोरा निम्न लिखित छ । निज उपर मुद्दाको कारबाही गर्न सादर अनुरोध गर्छु ।

१. कसूरको विवरण .....
२. कसूरदार उपर लगाएको अभियोग.....
३. सम्बन्धित कानून .....
४. कसूरदारलाई हुनु पर्ने सजाय .....
५. कसूरबाट हुन गएको क्षति र कसूदारबाट भराउनु पर्ने रकम .....
६. अभियुक्तले कसूर स्वीकार गरेको भए सो सम्बन्धी विवरण र सो वापत पाउने सजाय छुट.....
७. अन्य आवश्यक कुराहरु .....

प्रमाण

साक्षी

(१) .....
(२) .....
.....(साक्षीहरुको पूरा नाम, उमेर र ठेगाना)

लिखत

१. .....
२. .....

दसी

१. .....
२. .....

उजुरवाला
.....जन्म भै ..... बस्ने
छोरा । छोरी । पत्नी .....वर्षको
.....
मिति .....

अनुसूची - २२

(दफा ५७ को उपदफा (७) सँग सम्बन्धित)

पक्राउ पूर्जी बमोजिम उपस्थित हुन आउने सूचना

श्री .....अदालतबाट जारी भएको सूचना

श्री .....को जाहेरी । प्रतिवेदनले वादी नेपाल सरकार प्रतिवादी तपाई । तपाई समेत भएको .....मुद्दामा तपाई । तपाई समेत भई .....को .....भएको भनी अभियोग पत्र पेश भएको हुँदा तपाईको नाउंको पक्राउ पूर्जी यसैसाथ पठाइएको छ । पक्राउ पूर्जी बमोजिम उपस्थित हुन सूचित गरिएको छ ।

अदालतको छाप

सम्बन्धित अधिकारीको

सहिछाप

अनुसूची - २३

(दफा ५८ को उपदफा (१) सँग सम्बन्धित

अदालतवाट अभियुक्तको नाममा जारी हुने पक्राउ पूर्जीको ढाँचा

श्री ..... अदालतबाट जारी भएको सूचना

श्री .....को जाहेरी । प्रतिवेदनले वादी नेपाल सरकार प्रतिवादी तपाई । तपाई समेत भएको .....मुद्दामा तपाई । तपाई समेत भई ..... को ..... भएको भनी अभियोग पत्र पेश भएको हुँदा तपाईका नाउमा यो पक्राउ पूर्जी जारी गरिएको छ । पक्राउ पुर्जि बमोजिम उपस्थित हुन सूचित गरिएको छ ।

अदालतको छाप

सम्बन्धित अधिकारीको

सहिछाप

अनुसूची - २४

(दफा ५८ को उपदफा (१) सँग सम्बन्धित)

अदालतबाट साक्षी तथा अन्य व्यक्तिको नाममा जारी हुने पक्राउ पूर्जीको ढाँचा

कसूरदारका नाउमा .....अदालतबाट जारी भएको

पक्राउ पूर्जी

.....

(अधिकृत वा कार्यालयको नाम)

..... कसूरको अभियोगमा

..... उपर

(पक्राउ गर्नु पर्ने व्यक्तिको नाम र ठेगाना)

यो अदालतमा मुद्दाको कारबाही चलेकोले निजलाई पक्राउ गरी बाटाका म्याद बाहेक सात दिन भित्र यो अदालतमा उपस्थित गराउनु होला । सो अवधि भित्र उपस्थित गराउन नसकेमा आंठौं दिनका दिन यो पक्राउ पूर्जी र यसै साथ पठाइएको सूचना तामेल गरी सोको जानकारी यस अदालतलाई गराई पक्राउ गर्नु पर्ने व्यक्तिको खोज तलास गरी जाहां फेला परेपनि पक्राउ गरी यस अदालतमा दाखिल गराउनु होला ।

सम्बन्धित अधिकारीको

मिति :सहीछाप

अदालतको छाप

अनुसूची २५

दफा ५८ को उपदफा (७) सँग सम्बन्धित

अदालतबाट जारी भएको पैंतीस दिने पक्राउ पूर्जी

श्री ..... को जाहेरीले वादी नेपाल सरकार प्रतिवादी तपाई ..... समेत भएको ..... मुद्दामा तपाईलाई गिरफ्तार गर्न पक्राउ पूर्जी जारी भएकोमा उक्त पूर्जी बमोजिम तपाई पक्राउ भै नआएको हुनाले यो पैंतीस दिने पक्राउ पूर्जी समेत टांसिएको छ । वाटाको म्याद बाहेक पैंतीस दिन भित्र आफैं वा पक्राउ पूर्जी बमोजिम पक्राउमा परी यस अदालतमा हाजिर हुन आउनु भएमा तपाईको व्यहोरा समेत वुझि कानून बमोजिम कारवाहि हुनेछ । नआई म्याद गुजारी फरार रहे कानून बमोजिम हुनेछ । पछि तपाईले उजुर गर्न पाउनु हुने छैन ।

मिति

सम्बन्धित अधिकारीको

अदालतको छाप

सहिछाप

अनुसूची - २६

(दफा ५९ को उपदफा (२) सँग सम्बन्धित)

अभियुक्तको नाममा जारी भएको समाव्हानको ढाँचा

.....बाट जारी भएको .....बस्ने.....नामको समाव्हान ।

तपाई उपर ..... कसूरको अभियोगमा यो अदालतमा अभियोग पत्र परेकोले सम्वत् .....साल .....महिना .....गते .....का दिन सो विषयमा सुनवाई हुने हुँदा यस अदालतमा उपस्थित हुनु होला । सो दिन उपस्थित हुनु भएन भने तपाईलाई पक्राउ गर्न पुर्जि जारी गरी कानून बमोजिम कारबाही गरिनेछ । तपाई उपरको उजुरी यसै साथ संलग्न छ ।

सम्बन्धित अधिकारीको

सहिछाप :

१. ..... (संलग्न लिखतको नक्कल)

२. .....

३. .....

४. .....

अदालतको छाप

मिति : .....

अनुसूची - २७

(दफा ५९ को उपदफा (२) सँग सम्बन्धित)

व्यक्तिवादी फौजदारी मुद्दामा जारी हुने समाव्हानको ढाँचा

.....बाट जारी भएको .....बस्ने.....नामको समाव्हान ।

तपाई उपर ..... कसूरमा उजुर परेको हुनाले यो समाव्हान जारी गरिएको छ । यो समाव्हान जारी भएको मितिले तीस दिन भित्र यस अदालतमा उपस्थित हुनु होला । सो अवधि भित्र उपस्थित नभएमा कानून बमोजिम भै जाने व्यहोरा सूचित गरिन्छ ।

सम्बन्धित अधिकारीको

सहिछाप :

१. ..... (नक्कल पठाइएका लिखतहरु)

२. .....

३. .....

४. .....

अदालतको छाप

मिति : .....

अनुसूची-२८

(दफा ६० सँग सम्बन्धित)

साक्षीका नाममा जारी भएको समाव्हानको ढाँचा

.....बाट जारी भएको .....बस्ने.....नामको समाव्हान ।

.....वादी ..... प्रतिवादी .....भएको .....मुद्दामा तपाईसँग केही कुरा वुझ्नु पर्ने भएको हुनाले सम्वत् ..... साल ..... महिना .....गते .....का दिन विहान .. बजे यस अदालतमा उपस्थित हुन आउनु होला । उपस्थित हुन नआए कानून बमोजिम हुनेछ ।

सम्बन्धित अधिकारीको

सहीछाप :

अदालतको छाप

मिति : .....

अनुसूची २९

(दफा ७४ को उपदफा (१) सँग सम्बन्धित)

धरौट दिने व्यक्तिलाई गराइने कागजको ढाँचा

---------- को जाहेरीले बादी नेपाल सरकार र प्रतिबादी ---------- भएको सम्वत ---------- को मुद्दा ---------- मा ---------- अदालतको मिति ---------- को आदेशले ---------- धरौट माग भएकोले सो धरौट बापत नगद ---------- रुपैंया वा देहायबमोजिमको सम्पत्ति धरौट राख्ने अनुमतिको लागि निवेदन गरेको छु। अदालतले तोकेको समयमा सदैव उपस्थित हुनेछु र नभएमा मैले तीर्नु व्यहोर्नु पर्ने रकमसम्म सो धरौट जफत हुन मेरो मञ्जुरी छ।

धरौट दिनेको नाम, थर वतन,

वावु वाजेको नाम ,थर वतन ।

सम्पत्तिको विवरण :

अनुसूची ३०

(दफा ७४ को उपदफा (३) सँग सम्बन्धित)

सम्पत्ति जमानत दिने व्यक्तिलाई गराइने कागजको ढाँचा

---------- को जाहेरीले बादी नेपाल सरकार र प्रतिबादी ---------- भएको सम्वत ---------- को मुद्दा ---------- मा ---------- ---------- अदालतको मिति ---------- को आदेशले ---------- जमानत दिनु पर्ने भएकोले सो जमानत बापत नगद ---------- रुपैंया वा देहायबमोजिमको सम्पत्ति जमानत दिनको लागि म---------- मञ्जुर भएकोले सो जमानत दिन आएको छु । अदालतले तोकेको समयमा सदैव उपस्थित हुनेछु र नभएमा मलाई हुने सजाय वा मैले तिर्नु व्यहोर्नु पर्ने कुनै रकम सो जमानत वा मेरो अन्य कुनै सम्पत्तिबाट असूल उपर हुन मेरो मञ्जुरी छ ।

जमानत दिनेको नाम, थर वतन,

वावु वाजेको नाम ,थर वतन ।

सम्पत्तिको विवरण :

अनुसूची ३१

(दफा ७४ को उपदफा (४) सँग सम्बन्धित)

अभियुक्त/प्रतिबादी बाहेक अन्य व्यक्तिले दिने जमानत दिएकोमा निजलाई गराइने कागजको ढाँचा

---------- को जाहेरीले बादी नेपाल सरकार र प्रतिबादी ----------
भएको सम्वत ---------- को मुद्दा ---------- मा ----------
---------- अदालतको मिति ---------- को आदेशले ----------
निजवाट ------ जमानत माग भएको र नीजको हकमा सो जमानत बापत नगद ----------
---------- रुपैंया वा देहाय बमोजिमको सम्पत्ति जमानत दिनको लागि म----------
मञ्जुर भएकोले सो जमानत दिन आएको छु। अदालतले तोकेको समयमा निज अभियुक्त / प्रतिबादीलाई उपस्थित गराउनेछु र गराउन नसकेमा निजलाई हुने सजाय वा निजले तिर्नु पर्ने कुनै रकम सो जमानत वा अन्य कुनै सम्पत्तिबाट असूल उपर हुन मेरो मञ्जुरी छ।

जमानत दिनेको नाम, थर वतन,

वावु वाजेको नाम ,थर वतन।

सम्पत्तिका विवरण :

.....

दस्तखत

मिति

अनुसूची - ३२

(दफा ८० सँग सम्बन्धित)

<u>थुनुवा पूर्जीको ढाँचा</u>

थुनुवा पूर्जी

श्री .....

ठेगाना .....

तपाईलाई .....जाहेरीले वादी नेपाल सरकार प्रतिवादी तपाई समेत भएको .....कसूरको सिलसिलामा तपाईलाई प्रहरी हिरासतमा राखी मुद्दाको कारबाही गर्नु पर्ने भएकोले आजैका मिति देखि प्रहरी हिरासतमा राखी यो थुनुवा पूर्जी दिइएको छ ।

सम्बन्धित अधिकारीको :-

सही :-

नाम :-

दर्जा :-

कार्यालय :-

मिति :-

अनुसूची - ३३

(दफा ८२ को उपदफा (१) सँग सम्बन्धित)

तारिख किताबको ढाँचा

..... बाट खडा गरिएको तारिख किताव

सम्बत् .....

महिना,गते बार	सि.नं.	मुद्दा	उजुरवाला, पुनरावेदक वा निवेदकको नाम	अभियुक्त वा प्रत्यर्थीको नाम	कुन कामको लागि तारिख तोकिएको	कैफियत

सहीछाप

अनुसूची - ३४

(दफा ८३ को उपदफा (१) सँग सम्बन्धित)

तारिख पर्चाको ढाँचा

.....बाट जारी भएको .....नाउको

तारिख पर्चा

..... मुद्दा .....साल .....नम्बर .....विरुद्ध .....

..... को निमित्त .....

को तारिख तोकिएकोले सो दिन ..... बजे .....मा उपस्थित हुनु होला ।

तारिख तोक्ने कर्मचारीको सहीछाप

..... को निमित्त ..... को तारिख तोकिएकोले सो दिन ..... बजे ..... उपस्थित हुनु होला ।

तारिख तोक्ने कर्मचारीको सहीछाप

अनुसूची - ३५

(दफा ८९ को उपदफा (५) सँग सम्बन्धित)

वारेसनामाको ढाँचा

.....वस्ने..... सँगको .....मुद्दामा

मेरो तर्फबाट ....

.....काम गर्नलाई .....बस्ने .....

.....लाई वारिस नियुक्त गरेको छु । निजमा वारिस हुन कुनै अयोग्यता छैन । मैले कानून बमोजिम लागेको दण्ड , जरिबाना ,दशौद विसौंद, दस्तुर तीर्न बांकी रहेको छैन । माथि लेखिएको व्यहोरा सांचो छ झुठा ठहरेमा यो वारेसनामा बदर गरिदिनमा मेरो मञ्जुरी छ ।

मिति ....

दा. बा. (सही)

औठाको छाप .....(पुरा नाम)

..... (पुरा ठेगाना)

माथि उल्लेख भए बमोजिम .....बस्ने ..... को वारिस भै काम गर्न मेरो मञ्जुरी छ । सो कामहरु म इमान्दारी पूर्वक गर्नेछु । म वारिस हुन कुनै प्रकारले अयोग्य छैन ।

मिति .....

.....

दा. बा. (सही)

औलाको छाप .....(पुरा नाम)

..... (पुरा ठेगाना)

यो वारेसनामा हाम्रो रोहबरमा लेखि सहीछाप भएको साचो हो ।

साक्षीहरु

दा. वा . (१) .....बस्ने.....बर्ष....को .... लेखक साक्षी

औठाको छाप

(२).....बस्ने.....बर्ष....को .... लेखक साक्षी

अनुसूची - ३६

(दफा १०६ को उपदफा (२) सँग सम्बन्धित)

साक्षीले लिने शपथको ढाँचा

इश्वरको नाममा शपथ लिन्छु

म .....---------- कि

सत्यनिष्ठा सहित प्रतिज्ञा गर्दछु ।

..... विरुद्ध .....को ..... मुद्दामा मैले देखे, जाने र सुनेको व्यहोरा सबै सांचो वयान गर्नेछु, कुनै कुरा लुकाउने वा ढाट्ने छैन र अदालत तथा मुद्दाका पक्षहरुको तर्फबाट सोधिएको सबै प्रश्नहरुको देखे, जाने र सुने सम्मको सहि उत्तर दिनेछु । झुट्टा ठहरे कानून बमोजिम सजाय होस ।

(शपथ लिनेको सहिछाप)

शपथ गराउनेको सहिछाप :

अनुसूची - ३७

(दफा १०६ को उपदफा (३) सँग सम्बन्धित)

साक्षी वकपत्रको ढाँचा

मुद्दा .....

साल.....नम्बर

.....विरुद्ध .....

साक्षी ..... को बयान

प्रश्न र तिनको जवाफहरु

प्रश्न :- तपाईको र तपाईको बाबु आमाको नाम के हो ? जवाफ - .....

हो / तपाईको उमेर कति ? पेशा के हो ? घर .....

कहां छ ? .....

बकपत्र गर्ने व्यक्तिको सहीछाप

वयान गराउने कर्मचारी /न्यायाधीशको सहीछाप

द्रष्टव्य : मुद्दाका पक्षहरुले जुन क्रमले सोधपुछ, जिरह वा पुनः सोधपुछ गरेको हो सो क्रमले प्रश्नहरु र तिनको जवाफ लेख्नु पर्छ र साथै अदालतले शुरुमा, बीचमा वा अन्तमा साक्षीसँग कुनै प्रश्न सोधेको भए सो प्रश्न र त्यसको जवाफ पनि क्रम मिलाई लेख्नु पर्छ ।

अनुसूची - ३८

(दफा १०७ को उपदफा (४) सँग सम्बन्धित)

<u>वन्दसवालको ढाँचा</u>

.....बाट पठाइएको बन्दसवाल

मुद्दा.....

.....सालको..... मिति .....

..... उजुरवाला

विरुद्ध

..... अभियुक्त

साक्षीको .....को बयान

प्रश्न :- तपाईको र तपाईको बाबु आमाको नाम के हो ? जवाफ - .....

तपाईको उमेर कति हो ? पेशा के हो ? घर .....

कहां छ ? .....

पक्षहरुको सहीछाप वयान गर्ने व्यक्तिको सहीछाप बयान गराउने कर्मचारी/ न्यायाधीशको सहीछाप

<u>द्रष्टव्य</u> : मुद्दाका पक्षहरुले जुन क्रमले सोधपुछ, जिरह वा पुनः सोधपुछ गरेको हो सो क्रमले प्रश्नहरु र तिनको जवाफ लेख्नु पर्छ र साथै अदालतले शुरुमा, बीचमा वा अन्तमा साक्षीसँग कुनै प्रश्न सोधेको भए सो प्रश्न र त्यसको जवाफ पनि क्रम मिलाई लेख्नु पर्छ ।

अनुसूची-३९

(दफा १०९ को उपदफा (५) सँग सम्बन्धित)

<u>श्रव्य दृश्य संवाद (भिडियो कन्फरेन्स) मार्फत साक्षी बुझेको अभिलेखको मुचुल्काको ढाँचा</u>

बादी ---------- प्रतिबादी ----------

भएको ---------- मुद्दामा बादी/प्रतिबादीको साक्षी अदालतमा उपस्थित हुन नसकी

अदालतको ---------- आदेशले ---------- वस्ने साक्षी ---------- लाई हामी तपसीलका व्यक्तिका रोहवरमा श्रव्य दृश्य संवाद (भिडियो कन्फरेन्स) मार्फत बुझिएको ठीक सांचो हो ।

रोहवरः स्थानिय निकायका सदस्य वा प्रतिनिधिको नाम, थर र हस्ताक्षर,

स्थानिय व्यक्तिको नाम, थर र हस्ताक्षर,

साक्षीको नाम, थर र हस्ताक्षर,

अदालतवाट खटीइ आएका कर्मचारीको नाम, थर र हस्ताक्षर,

प्राविधिक कर्मचारीको नाम, थर र हस्ताक्षर,

बादी, प्रतिबादी वा निजको वारेशनामा नाम, थर र हस्ताक्षर,

बादी, प्रतिबादीको कानून व्यवसायी भए नाम, थर र हस्ताक्षर,

स्थान,

मिति

अनुसूची-४०

(दफा ११५ उपदफा (३) सँग सम्बन्धित)

नेपाल बाहिर रहेको साक्षी बुझ्नको लागि प्रयोग हुने बन्दसवालको ढाँचा

.....बाट. बादी

.....प्रतिवादी.....भएको

.....मुद्दामा ..... मुलुकमा रहेका

.....नाममा पठाइएको बन्दसवाल

मुद्दा.....

.....सालको..... मिति .....

..... उजुरवाला

विरुद्ध

..... अभियुक्त

साक्षीको .....को बयान

प्रश्न :- तपाईको र तपाईको बाबु आमाको नाम के हो ? जवाफ - .....

तपाईको उमेर कति छ ? पेशा के हो ? घर .....

कहां छ ? .....

बन्दसवाल भएको मुलुकको नाम :

वयान गर्ने व्यक्तिको सहीछाप बयान गराउने अधिकारी

सहीछाप

द्रष्टव्य : मुद्दाका पक्षहरुले जुन क्रमले सोधपुछ, जिरह वा पुनः सोधपुछ गरेको हो सो क्रमले प्रश्नहरु र तिनको जवाफ लेख्नु पर्छ र साथै अदालतले शुरुमा, बीचमा वा अन्तमा साक्षीसँग कुनै प्रश्न सोधेको भए सो प्रश्न र त्यसको जवाफ पनि क्रम मिलाई लेख्नु पर्छ ।

अनुसूची-४१

(दफा १२२ को उपदफा (८) सँग सम्बन्धित)

प्रतिउत्तरपत्रको ढाँचा

अदालतले भर्ने
दर्ता नं. .....
दर्ता मिति : .....

..... मा दाखिल गरेको

प्रतिउत्तरपत्रको ढाँचा

.....साल को फौ.मि.नं. ..... बस्ने बर्ष ..... को ..... अभियुक्त ।

विरुद्ध

..... बस्ने वर्ष .....को .....उजुरवाला

मुद्दा .....

उपर्युक्त उजुरवालाले मलाई लगाएको अभियोगका सम्बन्धमा मेरो व्यहोरा निम्नलिखित छ ।

१.....
२.....
३.....

प्रमाण

साक्षी

१..... साक्षीहरुको पूरा नाम, उमेर र ठेगाना
२.....
३.....

लिखत

१.....
२.....

..... जन्म भै .....
वस्ने .....को छोरा । छोरी । पत्नी .....
वर्षको .....
मिति ..... अभियुक्तको सहीछाप

अनुसूची-४२

(दफा १३१ को उपदफा (३) सँग सम्बन्धित)

फैसलाको ढाँचा

..... अदालत

.....को इजलास

फैसला

.....मुद्दा ..... साल .....नम्बर

.... विरुद्ध .....

१. ....

....

.....

(उजुरीको मुख्य व्यहोरा)

२. ....

....

....

(अभियुक्तको वयान वा प्रतिउत्तरपत्रको मुख्य व्यहोरा)

३. ....

....

....

(अदालतले निर्णय दिनु पर्ने कुराहरु)

४. ....

....

....

(कारण सहितको अदालतको निर्णय)

५. ....

....

....

६. ..... (कानून बमोजिम प्यारोल वा प्रोवेशनमा छोड्न मिल्ने नमिल्ने कुरा)

.....

.....

(अन्य आवश्यक कुराहरु)

मिति .....

.....

न्यायाधीशको सहिछाप

अनुसूची - ४३

(दफा १३२ को उपदफा (१) सँग सम्बन्धित)

फैसलाको सूचनाको ढाँचा

..... बाट

.....लाई दिईएको फैसलाको सूचना

(पक्षको पूरा नाम र ठेगाना)

.....मुद्दा .....साल

.....नम्बर .....विरुद्ध

.....

उपर्युक्त मुद्दामा ..... मितिमा यस .....

बाट .....

(निर्णयको मुख्य व्यहोरा)

.....फैसला भएकोले तपाईलाई सूचित गरिएकोछ ।

.....

(अदालतको छाप) (सूचना पठाउने अधिकारीको सहीछाप)

मिति : .....

अनुसूची-४४

(दफा १३५ को उपदफा (१) सँग सम्बन्धित)

पुनरावेदनपत्रको ढाँचा

अदालतले भर्ने
दर्ता नं. .....
दर्ता मिति : .....
..... मा दिएको

पुनरावेदनपत्र

पहिला
.....सालको --------- पुनराबेदन नं.
दाश्रो
.....बस्ने .....पुनरावेदक उजुरवाला । अभियुक्त
विरुद्ध
.....बस्ने ..... प्रत्यर्थी । उजुरवाला । अभियुक्त
मुद्दा .....

..... ले .....उपरोक्त मुद्दामा म । हामीहरुलाई ..... सजाय गरी बिगो वा क्षतिपूर्ति भराउने गरी फैसला गरेकोले फैसला बमोजिम भएको सजाय भोगी । सो वापत धरौट । जमानत दीई चित्त नबुझेको कुरामा पुनरावेदन दिन आएको छु । छौं । मेरो । हाम्रो व्यहोरा निम्नलिखित छ ।
१.....
२.....
३.....
४.....

.....

मिति .....

पुनरावेदकको सहीछाप
नाम :
ठेगाना :

अनुसूची - ४५

(दफा १४० को उपदफा (६) सँग सम्बन्धित)

प्रतिवादको ढाँचा

अदालतले भर्ने
दर्ता नं. .....
दर्ता मिति : .....
..... मा दिएको

प्रतिवाद

पहिला
.....सालको --------- पुनराबेदन नं.
दाश्रो
.....बस्ने .....प्रत्यर्थी
उजुरवाला । अभियुक्त
विरुद्ध
.....बस्ने.....
उजुरवाला । अभियुक्त..... पुनरावेदक
मुद्दा .....

उपरोक्त मुद्दामा .....अदालतबाट प्रतिवाद पेश गर्न सूचना पाएकोले यो प्रतिबाद पेश गरेको छु । छौं । मेरो । हाम्रो व्यहोरा निम्नलिखित छ ।
१.....
२.....
३.....
४.....

.....

मिति ..... प्रत्यर्थीको
नाम :
ठेगाना :
सहीछाप

अनुसूची-४६

(दफा १५० सँग सम्बन्धित)

पुनरावेदन फैसलाको ढाँचा

..... अदालत

.....को इजलास

पुनरावेदन फैसला

.....मुद्दा ..... साल .....नम्बर

....विरुद्ध.....

(पुनरावेदकको पुरा नाम र ठेगाना) (पत्यर्थीको नाम र ठेगाना)

१.....

(पुनराबेदकको मुख्य व्यहोरा)

२. .....

(प्रत्यर्थीको मुख्य व्यहोरा)

३. .....

(जुन फैसला उपर पुनराबेदन गरिएको हो सो फैसलाको मुख्य व्यहोरा)

४. .....

(अदालतले निर्णय दिनु पर्ने कुराहरु)

५. .....

(कारण सहित अदालतको निर्णय)

मिति ....

न्यायाधीशको सहीछाप

अनुसूची -४७

(दफा १५० सँग सम्बन्धित)

साधक फैसलाको ढाँचा

..... अदालत

.....को इजलास

साधक फैसला

.....मुद्दा ..... साल .....नम्बर

.... विरुद्ध .....

१.....

(उजुरीको मुख्य व्यहोरा)

२. .....

(अभियुक्तको वयान । प्रतिउत्तरपत्रको मुख्य व्यहोरा)

३. .....

(अदालतले निर्णय दिनु पर्ने कुराहरु)

४. .....

(साधक जाहेर गर्ने अदालतको फैसला)

५. .....

(कारण सहित अदालतको निर्णय)

मिति ....

न्यायाधीशको सहीछाप

अनुसूची -४८

(दफा १५३ को उपदफा (४) सँग सम्बन्धित)

फैसला बमोजिम पक्राउ गर्ने आदेशको ढाँचा

..... बाट जारी भएको

आदेश

.....प्रहरी कार्यालय

.... वस्ने .....लाई

..... मा यस अदालतको फैसला बमोजिम

.....भएकोमा निज फरार रहेको हुँदा निजलाई यथाशक्य चाडो पक्राउ गरी ..... कारागारको कार्यालयमा बुझाई दिन आदेश दिइएको छ ।

मिति .....

.....

न्यायाधीशको सहीछाप

अदालतको छाप

अनुसूची - ४९

(दफा १७१ सँग सम्बन्धित)

लिखत पन्जिकाको ढाँचा

.....विरुद्ध .....

मुद्दा..... ..साल.....को मि.नं.

.....

लिखतहरुको क्रमसंख्या	लिखतहरुको छोटकरी विवरण	लिखत दाखिल गर्ने पक्षको नाम	लिखत दाखिल भएको मिति	कर्मचारीको सहीछाप

तयार गर्नेको सहीछाप प्रमाणित गर्नेको सहीछाप